लोकसंस्कृति

(अनुसन्धानात्मक पत्रिका)

२०७९ चैत्र, वर्ष १७, पूर्णाङ्क २१

वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशी विशेषाङ्क

संरक्षक
सन्तोष शर्मा

सल्लाहकार
तीर्थमान शाक्य
प्रा.डा. चूडामणि बन्धु
प्रा.डा. अभि सुवेदी
प्रा.डा. माधव प्रसाद पोखरेल
प्रा.डा. प्रेम खत्री
डा. रामदयाल राकेश

प्रधान सम्पादक
डा. गोविन्द आचार्य

कार्यकारी सम्पादक
सन्ध्या पहाडी

सम्पादक मण्डल
अनिल पौडेल
बमकुमारी बुढामगर
डा. कान्छी महर्जन
गीता कार्की
दुर्गा रायमाझी

प्रदेश प्रतिनिधि
बुलु मुकारुङ (कोसी प्रदेश)
उपेन्द्रभगत राजवंशी (मधेस प्रदेश)
डा. बेनी जङ्गम (वाग्मती प्रदेश)
डा. तुलसीराम खनाल (गण्डकी प्रदेश)
अशोक थारू (लुम्बिनी प्रदेश)
के. बी. सिम्पल (कर्णाली प्रदेश)
पद्मराज जोशी (सुदूर पश्चिम प्रदेश)

समन्वयकर्ता
मनु गुरुङ

लोकसंस्कृति

(अनुसन्धानात्मक पत्रिका)

२०७९ चैत्र, वर्ष १७, पूर्णाङ्क २१

प्रकाशक
नेपाल म्युजिक सेन्टर (म्युजिक नेपालद्वारा स्थापित)
अनामनगर, काठमाडौँ

सर्वाधिकार
नेपाल म्युजिक सेन्टर

आवरण सज्जा /सेटिङ
वसन्तराज अज्ञात

मुद्रक
उपलब्धि प्रकाशन सेवा प्रा.लि.
गैरीधारा, काठमाडौँ

मूल्य : रु. १५०।-

लोकसंस्कृति म्युजिक नेपाल (प्रा.) लि., काठमाडौँ
फोन नं. ०१-४२४२०४९, २००३६६७०
इमेल : loksanskriti2018@gmail.com

सम्पादकीय

नेपाल भौगोलिक तथा सांस्कृतिक विविधताले सुशोभित देश हो । यहाँ भौगोलिक विविधतासँगै जातीय विविधता निर्माण भएको छ । जातीय विविधताभित्र भाषिक तथा सांस्कृतिक विविधता उपलब्ध हुन्छ । एउटै जातिभित्र पनि भाषिक तथा सांस्कृतिक विविधता भेटिनु यहाँको विशिष्ट पक्ष हो । अतः हाम्रो देश सांस्कृतिक सम्पदाहरूको भण्डार हो । संस्कृति जसरी परम्परागत विषय हो त्यसै गरी परिवर्तनशील पनि छ । पछिल्लो समयमा अनेक कारणहरूले परम्परागत सांस्कृतिक सम्पदाहरू लोप हुँदै गएका छन् । कुनै सम्पदाहरूले भिन्न रूप लिएका छन् भने कैयौँ नवीन संस्कृतिहरूले लोकजीवनमा स्थान लिँदै पनि छन् । अतः यो समय परम्परागत संस्कृति संरक्षणका दृष्टिले चुनौतीपूर्ण कालखण्ड प्रतीत हुन्छ ।

यसै विषयलाई मध्यनजर गरी नेपाल म्युजिक सेन्टर काठमाडौँले नेपाली संस्कृतिको संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले वि.सं. २०६३ सालदेखि 'लोकसंस्कृति' पत्रिका प्रकाशनकार्य सुरु गरेको हो । वि.सं. २०७१ सालसम्म अर्धवार्षिक रूपमा प्रकाशित प्रस्तुत पत्रिका विभिन्न कारणले वि.सं. २०७२ सालदेखि वार्षिक रूपमा प्रकाशित हुँदै आएको छ । यस पत्रिकामा आफ्नो स्रोत–साधनको सीमाभित्र रही नेपालका सबै जातजाति र भाषाभाषी समुदायमा प्रचलित भाषिक–सांस्कृतिक सम्पदाहरूलाई स्थान दिने प्रयास गरिँदै आएको छ ।

प्रस्तुत 'लोकसंस्कृति'को वर्ष १७, पूर्णाङ्क २१ अङ्क 'वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशी' विशेषाङ्कका रूपमा प्रकाशन गरिएको छ । 'सत्यमोहन जोशी' नेपालको भाषा, साहित्य, इतिहास, पुरातत्त्व र संस्कृति क्षेत्रमा विशिष्ट योगदान गर्ने कर्मनायकको नाम हो । नेपालको भाषा, साहित्य, इतिहास, पुरातत्त्व र संस्कृतिको उन्नयनमा आज पङ्क्तिबद्ध प्रतिभाहरू सत्यमोहन जोशीका तिनै कर्महरूको आलोकमा यात्रारत छन् भन्नु अत्युक्ति हुँदैन । नेपाली संस्कृतिको संरक्षण–संवर्द्धन गर्ने उद्देश्यले वि.सं. २०६२ सालमा स्थापित नेपाल म्युजिक सेन्टरले स्थापनाकालदेखि नै अध्यक्षका रूपमा श्री सत्यमोहन जोशीको अभिभाकत्व प्राप्त गर्दै आयो । त्यसै गरी प्रकाशनको आरम्भिक अङ्कदेखि नै 'लोकसंस्कृति' पत्रिकाले पनि विशिष्ट सल्लाहकारका रूपमा श्री सत्यमोहन जोशीको अभिभावकत्व प्राप्त गर्दै आयो । वि.सं. २०७९असोज ३० गते वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशी दैहिक रूपमा यस लोकबाट अस्ताएको दुःखद घटनापछि नेपाल म्युजिक सेन्टर र 'लोकसंस्कृति' प्रकाशन दुवै अभिभावकविहीन हुनुपर्दा गम्भीर रूपले दुःखी बन्न पुगेका छन् । त्यसैले दुःखको यस घडीमा शब्दश्रद्धास्वरूप प्रस्तुत अङ्कलाई वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशी विशेषाङ्कका रूपमा प्रकाशन गरी उनै युगपुरुषप्रति समर्पण गरिएको छ । ■

................विषय सूची...............

शताब्दी पुरुषको जीवनकथा
– नरेन्द्रराज प्रसाई/७

शताब्दी पुरुष सत्यमोहन जोशी : नेपाली लोकसाहित्यका अग्रणी अनुसन्धाता
– प्रा.डा. चूडामणि बन्धु/१६

सत्यमोहन जोशी : नेपालमा समाजविज्ञान अन्वेषणका युगनायक
– विहारीकृष्ण श्रेष्ठ/३५

नेपाली लोकसंस्कृतिमा सत्यमोहन जोशीको अनुसन्धान
– प्रा.डा. माधव प्रसाद पोखरेल/३९

नेपालको सम्पदाक्षेत्रमा शताब्दी पुरुष सत्यमोहन जोशीको योगदान समीक्षा
– प्रा.डा. प्रेमकुमार खत्री/४४

इतिहास र संस्कृतिको क्षेत्रमा सत्यमोहन जोशीको योगदान
– प्रा.डा. डिल्लीराज शर्मा/५२

सत्यमोहन जोशी र नेपाल म्युजिक सेन्टर
– सन्तोष शर्मा/५७

नेपालभाषा–साहित्यको क्षेत्रमा सत्यमोहन जोशीको योगदान
– डा. कान्छी महर्जन/६१

नाट्यतत्वका आधारमा 'महर्षि याज्ञवल्क्य' नाटकको अध्ययन
– डा. शोभा ढुङ्गाना/७१

बहुआयामिक व्यक्तित्व : वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशी
– डा. गोविन्द आचार्य/८७

नेपाल, चीन र भारतलाई जोड्ने सत्यमोहन जोशीको ऐतिहासिक अनुसन्धान ...
– डा. अपर्णा पोखरेल/९७

सत्यमोहन जोशी : नाम एक, योगदान अनेक
– रमेशराज पौडेल/१०४

अन्तर्वार्ता

हाम्रा केही जाति डायनोसर हुने अवस्थामा छन् – सत्यमोहन जोशी
– प्रस्तुति : अनिल पौडेल/१०८

वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीबारे तुलसी दिवससँग वार्ता
– प्रस्तुति : गीता कार्की/११२

शताब्दी पुरुषको जीवनकथा

नरेन्द्रराज प्रसाई

सत्यमोहन जोशीका पुर्खा

सत्यमोहन जोशीका पुर्खा काठमाडौंका आदिवासी थिए । जयस्थिति मल्लले नेवारलाई शैव धर्म र बौद्ध धर्म मान्ने गरी दुई भागमा छुट्ट्याएका थिए । सत्यमोहन जोशीका पुर्खाचाहिँ शैव धर्म मान्थे । जोशी आफूलाई परम्परावादी नेवार मान्थे । उनका बाबुबाजेले आफूहरूलाई सबल रूपमा जातीय बाहुनमा नै उभ्याउँदै ल्याए । जोशी पनि छडोर जनै लगाउँथे ।

जोशीका बुबा शङ्करराज जोशी धर्म, संस्कृति र जातीयताका पक्षपाती थिए । उनी राणाका घरेलु कामदार थिए । त्यति बेला उनी लेखनदासको पनि काम गर्थे ।

जोशीको जन्म

जोशीको जन्म १९७७ साल वैशाख ३० गते ललितपुरको बखुम्बहालमा भएको थियो । यी शङ्करराज जोशी र राजकुमारीका जेठा छोरा थिए । उनी बाल्यकालमा लाटा, लठेब्रा र एकोहोरा थिए । यिनका कुरा र भाषा अरूहरूले बुझ्दैनथे । यिनका बुबाआमाले पनि इसारामा मात्रै यिनका कुरा बुझ्नुपर्थ्यो । पाँच वर्षसम्म यिनको बोली फुटेको थिएन ।

जोशीको बिहे र सन्तान

जोशीकालीन समयमा सानैमा बिहे गर्ने चलन थियो । तर घरको कमजोर आर्थिक अवस्थाका कारण जोशीले ढिलो बिहे गरे । उन्नाइस वर्षको हुँदा मात्र उनले बिहे गरेका थिए । आफ्नै छिमेकी गणेशबहादुर श्रेष्ठ पात्रवंश तथा मोतीलक्ष्मीकी चौध वर्षकी छोरी राधादेवीसँग यिनको बिहे भएको थियो ।

बिहे गरेको तीन वर्षपछि जोशी र राधादेवीका कोखबाट छोरी जन्मिन् तर उनको आठ वर्षकै उमेरमा मृत्यु भयो । पछि उनीहरूका तीन जना छोरी कावेरी, गङ्गा र खड्गलक्ष्मी पनि जन्मे । उनीहरूका छोरा चार जना– अणुराज, हेमन्तराज, खड्गेन्द्रराज र पूर्णराज जन्मे । खड्गेन्द्रराजको दुई वर्षकै उमेरमा मृत्यु भयो ।

जोशीको शिक्षा

जोशीको पढाइ पनि ढिलै सुरु भएको थियो । उनले सात वर्षको उमेरमा मात्र नेवारी भाषाको प्रथम अक्षर लेखेका थिए । दस वर्ष पुगेपछि यिनले मरीतरी नेपाली भाषा बोल्न थालेका थिए । त्यस

बखत उनले गैरनेवारी भाषीसँग कुरा गर्नुपर्‍यो भने नेवारी भाषामा नै मात्र बोल्ने गर्थे । लाटा, लठेब्रा र सोझा भएकाले उनको पढाइ सुस्तरी नै अगाडि बढेको थियो । वास्तवमा सानो हुँदा उनलाई पढ्नै मन लाग्दैनथ्यो । जोशी स्कुल गए पनि पाठ बुझाउन सक्तैनथे । अनेक दुक्ख, कष्ट र पीडा खेपेर जोशी दरबार स्कुल पुगे । त्यस बेला त्यहाँ रुद्रराज पाण्डे हेडमास्टर थिए । त्यस बेला उनलाई पढाउने प्रमुख गुरु पं.वासुदेव भट्टराई थिए । त्यहाँ पनि उनको कान पड्काइने, कन्सिरी तानिने र उनले मुड्की खाने काम भइरह्यो । त्यस बेलाको मास्टरी पिटाइ खाएर उनी स्कुलप्रतिको वितृष्णामा थिए । उनले मानसिक र शारीरिक दुक्ख खेपेर नै भए पनि दरबार स्कुलबाट नै म्याट्रिक पास गरे । अनि उनले त्रिचन्द्र कलेजबाट १९९८ सालमा आइए पास गरे । त्यसपछि उनी बिएको कक्षामा सरिक भए; तर उनले त्यस कक्षालाई पार लाउन भने सकेनन् । उनी त्यसैमा थन्किरहे ।

जोशीको साहित्यप्रवेश

म्याट्रिक पास हुनुअघिसम्म जोशीले कुनै स्रष्टा देखेका थिएनन् । उनले पहिलोपल्ट देखेको साहित्यकार भीमनिधि तिवारी थिए । साथै पहिलोपल्ट चिनेका साहित्यकारहरू बालकृष्णशमशेर र पुष्करशमशेर थिए । यी दुवै राणाले यिनलाई माया गर्थे । साथै महाकवि लक्ष्मीप्रसाद देवकोटाले पनि यिनलाई स्नेह गर्थे ।

जोशीले विद्यार्थी जीवनमै लेखेका दुईवटा पद्यात्मक कथाहरू 'लामा' र 'पाचुके' कालिम्पोङ दार्जिलिङबाट पारसमणि प्रधानद्वारा सम्पादित 'भारती' मा धारावाहिक रूपमा प्रकाशित भएको थियो । नेपालमा चाहिँ १९९८ सालको 'गोरखापत्र'मा 'परिचय' शीर्षक कविता र १९९९ सालमा 'कर्तव्य' शीर्षक निबन्ध प्रकाशित भएको थियो ।

जोशीको जागिर

घरको दयनीय आर्थिक अवस्थाका कारण जोशीले स्नातक पूरा गर्न पाएनन् । उनले २००१ सालमा 'औद्योगिक व्यापारिक समाचार सङ्ग्रह अड्डा'मा अधिकृत स्तरको खरदारको जागिर पाएका थिए । त्यस ठाउँमा उनी २००६ सालसम्म बसे । २००७ सालमा उनी सङ्ख्य विभागमा सुपरिवेक्षक भए र त्यहाँ उनी २०१३ सालसम्म सेवारत भए । त्यसको लगत्तै अर्को वर्ष अथवा भनौं, २०१४ सालमा उनले राष्ट्रिय योजना परिषद्को कार्यक्रम अधिकृतको पदमा नियुक्ति पाए । उनले अमेरिकन सांस्कृतिक केन्द्रमा पनि जागिर खाए । उनले महेन्द्र राजमार्गको प्रचारप्रसार प्रमुख भएर पनि काम गरे । मन्त्री परशुरामभक्त माथेमाका उनी निजी सचिव पनि भए ।

जोशीले चीनको महाविद्यालयमा पनि जागिर खाए । उनले त्यहाँ चिनियाँहरूलाई नेपाली पढाए । उनले पढाएका चिनियाँहरूले पेकिङ रेडियोबाट क्रमशः नेपाली कार्यक्रम पनि चलाउन थाले ।

जोशी २०१६ सालमा 'पुरातत्त्व र संस्कृति विभाग' को निर्देशकमा नियुक्त भएका थिए । त्यहाँबाट उनले २०१७ सालमा हात धुनुपरेको थियो । पछि उनले नेपालका कलेजहरूमा पनि प्राध्यापन गरे ।

जोशीको भ्रमण

जोशीले नेपालका प्रायः धेरै भूभाग टेके । उनले भारत, चीन, बङ्गलादेश, श्रीलङ्का, म्यान्मार, थाइल्यान्ड, सोभियत रूस, न्युजील्यान्ड, अस्ट्रेलिया, बेलायत, क्यानाडा र अमेरिकाको भ्रमण गरे । यात्रासन्दर्भमा जोशीको सबैभन्दा उल्लेखनीय भ्रमण न्युजील्यान्डको थियो । किनभने न्युजील्यान्ड पुग्ने उनी प्रथम नेपाली थिए । उनी त्यस राष्ट्रमा दौरा, सुरुवाल, कोट र टोपी लगाएर प्रवेश गरेका थिए ।

उनले जुन दिन न्युजील्यान्डको भूमि टेकेका थिए त्यसै दिन अर्थात् २०१० साल जेठ १६ गते न्युजील्यान्डका एड्मन्ड हिलारी नेपालका तेन्जिङ शेर्पाका साथ सगरमाथाको टुप्पोमा पुगेका थिए ।

जोशीको विदेशयात्राको सन्दर्भमा उनी सबैभन्दा धेरै चीन बसे । उनी लगातार चार वर्षसम्म चीनको पेकिङमा बसेका थिए । उनले पेकिङ रेडियोअन्तर्गत महाविद्यालयमा चिनियाँ विद्यार्थीहरूलाई नेपाली भाषासाहित्य र संस्कृतिको पठनपाठनमा प्रशिक्षक भएर काम गरे । उनी चीन बस्ता उनले माओत्से तुङ र चाउ एनलाईसँग हात मिलाएका थिए । उनले माओका कवितालाई 'माओ च तुङका कविताहरू' नाउँ राखेर नेपाली भाषामा अनुवाद पनि गरे ।

जोशीको कर्णाली मोह

नेपाली भाषाको व्युत्पत्ति थलो मानिएको जुम्लास्थित सिञ्जाखोला उपत्यकामा गएर जोशीले काम गर्न खोजेका थिए । उनले नेपाली भाषाको व्युत्पत्ति थलो जुम्लाको सिञ्जा जाने योजना सफल बनाएका थिए । त्यति बेला जोशीहरूले सिञ्जाखोलामा बसेर नेपाली भाषाको विषयमा थुप्रै कुरा थाहा पाएका थिए । उनीहरूले खास गरेर लोकसंस्कृतिकै विषयमा केन्द्रित रहेर नै कामकाज गरेका थिए ।

जोशी र प्रज्ञाप्रतिष्ठान

जोशी २०२६ सालमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको सहसदस्यमा मनोनीत भएका थिए । २०३१ सालबाट २०३५ सालसम्म उनी सदस्यसचिव भएका थिए । उनले नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा सदस्यसचिव भएकै बेला 'महेन्द्र स्मृतिग्रन्थ' को सम्पादन गरेका थिए । त्यस ग्रन्थले नेपाली शैलीमा आफ्नै ऐतिहासिक महिमा बढाएको थियो । वास्तवमा त्यो बृहत् स्मृतिग्रन्थमा राजा महेन्द्रलाई सम्पूर्ण रूपमा प्रस्तुत गरिएको छ । उनैको सदस्यसचिवको कार्यकालदेखि नै प्रज्ञाप्रतिष्ठानको भौतिक र सांस्कृतिक विकास हुन थालेको थियो । साथै त्यसै बेलादेखि त्यहाँ अनवरत र प्रबल रूपमा नाटकहरू देखाइन थालिएको थियो । उनकै कार्यकालदेखि त्यहाँ गाईजात्रा महोत्सवको पनि सुरुवात भएको थियो ।

जोशीबाट अरनिकोको खोज

तेह्रौं शताब्दीमा नेपालबाट चीन पुगेका अरनिकोबारे जोशी अध्ययनमा लागे । चीनमा रहँदा उनले अरनिकोको अस्तित्व भएका ठाउँको खोज गरिरहे । यथेष्ट जानकारी लिएपछि उनी अरनिकोबारे प्रचारमा लागे । उनले अरनिकोको श्वेत चैत्यमा आधारित कथा र महाकाव्य पनि लेखे । अन्ततः जोशीकै समेत कारण जोडिएर अरनिको नेपालका राष्ट्रिय विभूति बने । जोशीले 'कलाकार अरनिको' नामक भव्य ग्रन्थ लेखे । साथै उनले तिब्बत गएर राजकुमारी भृकुटीबारे पनि धेरै जानकारी बटुले । त्यहाँ भृकुटीलाई देवी मानेर पूजा गरिएको पनि उनले देखे । भृकुटीलाई तिब्बतीहरूले हरिततारा भन्ने गरेको बेहोरा पनि जोशीले नेपालमा आएर प्रचार गरे ।

जोशीद्वारा नेपाली मुद्राको अन्वेषण

जोशीले 'नेपाली राष्ट्रिय मुद्राहरू' नामक ग्रन्थ लेखे । उनले महेन्द्र मल्लको चाँदीको मुद्रासमेत पत्ता लगाए । महेन्द्र मल्लका पालादेखि नेपालमा चाँदीको पैसाको सुरुवात भएको पनि उनैले प्रमाण प्रस्तुत गरेका थिए । प्राचीन कालदेखि तत्कालीन बेलासम्मका सबै मुद्राहरूको सङ्कलन, अन्वेषण र अध्ययन गरी उनैले 'नेपाली राष्ट्रिय मुद्राहरू' नामक आधिकारिक ग्रन्थ तयार पारेका थिए ।

जोशीको भाषाप्रेम

जोशीले आइए पढेदेखि नै साहित्यसेवामा सिर्जनात्मक र सङ्गठनात्मक रूपमा आफूलाई जोडिरहे । २०११ सालमा कविशिरोमणि लेखनाथ पौडयालको रथ बनाउने जिम्मा पनि जोशीले नै पाएका थिए ।

जोशीकै संयोजकत्वमा २०६६ सालमा नेपालको राजधानी काठमाडौँमा प्रथमपल्ट अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन भयो । नइको परिकल्पना, प्रस्तावना र सौजन्यमा त्रिमूर्ति निकेतनबाट आयोजित तेह्र राष्ट्रको सहभागितामा उक्त सम्मेलन पाँच दिनसम्म सञ्चालित थियो । जोशीसमेतको संलग्नता, सक्रियता र समर्पणमा २०५० सालमा नेपालभाषा अकादमीको स्थापना भएको थियो । त्यस संस्थाले नेपाल भाषाकै श्रीवृद्धिका लागि आफ्नो हैसियत रोप्तै आयो । साथै उनी नेपालभाषा अकादमीका चान्सलर पनि भए ।

जोशीलाई शताब्दी पुरुषको उपाधि

डा.सत्यमोहन जोशीले पचासी वर्ष टेकेपछि नरेन्द्रराज प्रसाईबाट 'शताब्दी पुरुष' को परिकल्पना भएको थियो । त्यसको दस वर्षपछि त्रिमूर्ति निकेतनले डा.जोशीलाई 'शताब्दी पुरुष' घोषणा गर्दै प्रा.डा.उषा ठाकुरको संयोजकत्वमा 'सत्यमोहन जोशी शताब्दी महोत्सव' गठन गरेको थियो । नइ प्रकाशनको सौजन्यमा त्रिमूर्ति निकेतनद्वारा २०७१ साल मङ्सिर १५ गते उपप्रधानमन्त्री वामदेव गौतममार्फत जोशीलाई पाँच लाख रुपियाँ राशिसहित 'शताब्दी पुरुष'को उपाधि समर्पण गरिएको थियो । चाँदीको सप्तनागजडित उनकै उचाइको कलात्मक काठको फ्रेममा उनलाई ताम्रपत्र समर्पित गरिएको थियो ।

•

नइ प्रकाशन र त्रिमूर्ति निकेतनको अनुरोधमा नेपाल सरकारले जोशीलाई २०७४ साल वैशाख २१ गते 'वाङ्मय शताब्दी पुरुष' को उपाधिद्वारा विभूषित गऱ्यो । त्यसपछि उनले भनेका थिए– 'मलाई यो जीवनमा अरू केही चाहिँदैन, अब मलाई पुग्यो ।'

जोशी : विभूषण, रथारोहण, पुरस्कार, सिक्का र टिकट

जोशीलाई राज्यले विख्यात त्रिशक्ति पट्ट, सुप्रबल गोरखा दक्षिणबाहु र उज्ज्वल कीर्तिमय राष्ट्रदीपबाट विभूषित गऱ्यो । अनि यी सबै विभूषणभन्दा उनले उच्च कोटीको अर्को विभूषण पाए र त्यस गरिमामय विभूषणको नाउँ हो– प्रथम श्रेणीको 'महाउज्ज्वल राष्ट्रदीप' । उनलाई रथारोहण पनि गराइएको थियो र सोही बेला राष्ट्रप्रमुख विद्यादेवी भण्डारीबाट जोशीलाई 'समग्र राष्ट्रकै अमूल्य निधि' र 'राष्ट्रको गौरव अभिवृद्धि गर्ने' सम्बोधनका साथ अभिनन्दन प्रदान गरिएको थियो ।

जोशीलाई पृथ्वी प्रज्ञापुरस्कार, आदिकवि भानुभक्त पुरस्कार, भानुभक्त प्रज्ञापुरस्कार, भानुभक्त स्वर्णपदक, त्रिभुवन प्रज्ञापुरस्कार, मदन पुरस्कार, डिल्लीरमण रेग्मी राष्ट्रिय पुरस्कार, भूपालमानसिंह कार्की पुरस्कार, नइ सुकीर्ति पुरस्कार, यात्री वाङ्मय पुरस्कार, राष्ट्रिय प्रतिभा पुरस्कार, गोपाल कमला राजभण्डारी रोटरी अवार्ड, श्रेष्ठ सिरपाः, लाकौल सिरपाः, त्रिमूर्ति पदक, भद्रघले पदक, नइ रजत महोत्सव पदक, नइ कीर्ति रत्न, इतिहास शिरोमणि बाबुराम आचार्य शोध सम्मान, महाकवि देवकोटा शताब्दी सम्मान, पद्मश्री सम्मान, मिथिलाश्री सम्मान, राष्ट्रिय कलाश्री सम्मानलगायत झन्डै दुई सयओटा संस्थाले सम्मान र अभिनन्दनपत्र समर्पण गरे । साथै जोशीलाई काठमाडौं विश्वविद्यालयबाट २०६८ सालमा महाविद्यावारिधिको उपाधि समर्पण गरिएको थियो ।

त्रिमूर्ति निकेतनबाट जोशीको सम्मानमा 'सत्यमोहन जोशी शताब्दी पदक' को पनि स्थापना भयो । उनको व्यक्तित्व र कृतित्वको उचाइ देखाउन लागिपरेका देशदेशान्तरका झन्नै दुई सय पचासी जना नेपालीलाई सो पदक उनीद्वारै अर्पित गरिएको थियो । सुरबहादुर श्रेष्ठको पहलमा न्ह्युजः गुठीले जोशीको मुहारअङ्कित २० ग्रामको चाँदीको सिक्का पनि प्रकाशनमा ल्याएको थियो ।

जोशीको व्यक्तित्वको थप उचाइका लागि नेपाल राष्ट्र बैङ्कले पनि विशिष्ट कोटीको कदम चालेको थियो । परिणामस्वरूप राष्ट्र बैङ्कले जोशीको नाउँ र मुहारअङ्कित एक सय रुपियाँको धातुको सिक्का, एक हजार रुपियाँ र पच्चीस सय रुपियाँका चाँदीको सिक्का प्रकाशनमा ल्याएको थियो । साथै हुलाक सेवा विभागबाट उनको मुहार अङ्कित दस रुपियाँको हुलाक टिकट पनि प्रकाशनमा ल्याइएको थियो । नेपाली वाङ्मयको इतिहासमा नेपाल राष्ट्रबाट जिउँदो साहित्यकारमाथि गरिएको यस प्रकारको कृत्य त्यो नै पहिलो थियो ।

जोशीबाट शरीर दान

jfªdo ztfAbL k?if 8f=;Todf]g hf]zL / pgsL kTgL /fwfb]jL hf]zLn]@)&& ;fn df3 #) ut] g0 k|sfzgåf/f आयोजित 'शरीर दानघोषणा सभा'मार्फत चिकित्सा विज्ञानको प्रयोगात्मक अध्ययनका लागि किस्ट मेडिकल कलेजलाई मरणोपरान्त आआफ्नो शरीर दानको घोषणा गरेका थिए । यसबारे उनले आफ्नो निबन्ध कृति 'नइ र मेरो शताब्दी' (२०७९) मा लेखेका छन्– 'नइले मेरो व्यक्तिगत जीवनका लागि थप अरू पनि काम गरेको छ । मेरो शरीरको अङ्ग अरूलाई काम लाग्न सक्छ र मेरो दीर्घ जीवनका बारे विद्यार्थीहरूले अध्ययन गरून् भन्ने लागेर मैले मेरो भौतिक चोला दान दिने मनसाय राखेको थिएँ । मेरो र मेरी पत्नीको चोला सकिएपछि किस्ट मेडिकल कलेजलाई शरीर दानको घोषणा गर्न नइ प्रकाशनले एउटा समारोहको आयोजना गरिदियो । मेरो शरीर जलाएर, डढाएर या माटो बनाएर फाल्नुभन्दा स्वास्थ्य विज्ञानप्रविधिका क्षेत्रमा मेरो र मेरी पत्नीको शरीर अध्ययनका लागि काम लागोस् भन्ने मनसायले नइलाई अगाडि राखेर मैले किस्ट मेडिकल कलेजलाई शरीर दानको औपचारिक घोषणा गरिदिएको छु । चिकित्साशास्त्रमा यो मेरो शरीर काम लाग्छ भन्ने मैले आशा राखेको छु ।

जोशीको सय तीन वर्ष

नेपाली वाङ्मयका क्षेत्रमा सबैभन्दा भाग्यमानी स्रष्टाको नाउँ के हो भन्दा 'वाङ्मय शताब्दी पुरुष डा.सत्यमोहन जोशी'को नाउँ नै भन्नुपर्ने हुन्छ । उनी नेपाली समाजमा श्रद्धेय स्रष्टाका रूपमा विराजमान भए । उनी सादा जीवनशैलीमा रहे । उनी आफ्नो हैसियतभन्दा माथि कहिल्यै चढेनन्, कहिल्यै बढेनन् र कहिल्यै सर्केनन् । एक-डेढ घन्टासम्मको पैदल बाटोमा उनले सकेसम्म यातायातका साधन प्रयोग गरेनन् । त्यसै गरेर उनले १०३ वर्षको जीवन सदुपयोग गरे र आफ्नो सम्पूर्ण जीवनलाई नै गौरवमय बनाए ।

•

साँझ छिट्टै सुत्ने र बिहान सबेरै उठ्ने जोशीको जीवनचर्या रह्यो । बिहान उठेर स्वच्छ हावा पान गर्ने र सामान्य व्यायाम, प्राणायाम र आफ्ना कुलपितृ र इष्टदेवताको पूजापाठ जस्तो नित्यकर्म उनले सधैँ पालना गरिरहे । नियमित शाकाहारी खाना र आफ्नो परम्परागत नेवारी खानपिनमा पनि उनले छेकबार गरेनन् ।

जोशीले आफ्नो देशको राष्ट्रिय पहिरनमाथि सधैँ गौरव गरे । उनी घरबाहिर जाँदा दौरा, सुरुवाल, कोट, टोपीमा मात्र देखिए । उनले कहिले ठूलो स्वरमा पनि बोलेनन् । नरम बोलीचाली उनको जीवनको नैसर्गिक गुण मानियो । समयको सही पालना गर्ने उनको जीवनको सबैभन्दा ठूलो विशेषता देखियो । भनौँ, उनी घडीको सुईजत्तिकै विश्वासिलो नै देखिए । उनको जविनभरिको साहित्यिक मूल्यका कारण उनी 'वाङ्मय शताब्दी पुरुष' को उपाधिबाट सुशोभित भए । साथै यस उपाधिबाट सहस्राब्दिऔँसम्म पनि उनी सुशोभित भएको जानकारी जनजीवनले पाइरहनेछ ।

जोशीको स्वर्गारोहण

जोशी केही वर्षअघिदेखि विविध रोगले ग्रस्त थिए । उनको उपचार किस्ट मेडिकल कलेजले गर्न थालेको थियो । सोही कलेजको अस्पतालबाट जोशीकै घरमा घरीघरी डाक्टर जाने र नर्सको चौबीसै घन्टाको सेवा हुन थालेको थियो । सारोगारो हुँदा मात्र उनलाई अस्पताल भर्ना गरिन्थ्यो । पछिल्ला दिनमा उनलाई पोस्टेड, मुटुको समस्या, निमोनिया आदिले आक्रान्त पारेको थियो । साथै डेङ्गु सङ्क्रमण भएपछि उनी झन्सारो शिथिल हुन थालेका थिए । अन्ततः २४ दिनसम्म सोही अस्पताल बसेपछि उनी २०७९ साल असोज ३० गते स्वर्गीय भए ।

जोशीको निधनपछि उनीप्रति अन्तिम श्रद्धाञ्जलिका लागि उनलाई उनको घरक्षेत्र साँघुरो भएका कारण त्यहाँ राख्न अव्यावहारिक देखिन गयो । निक्कै ठूलो जनसमुदाय जमघट हुने सम्भावनाका कारण ललितपुर महानगरपालिकाको प्राङ्गणमा उनको पार्थिव शरीर राखिएको थियो । उनलाई त्यहाँ पुऱ्याउँदा अपार भीड जम्मा भइसकेको थियो । त्यहाँ प्रधानमन्त्रीले उनको भौतिक चोलामा नेपालको राष्ट्रिय झन्डा ओडाएका थिए । जोशी दम्पतीले नै किस्ट मेडिकल कलेजलाई मरणोपरान्त शरीर दान दिने निर्णय गरेका थिए । त्यसैले सोही दिनको बेलुकीपख उनका परिवारले उनको भौतिक चोला किस्ट मेडिकल कलेजलाई नै जिम्मा लगाएका थिए ।

जोशीका कृति

वाङ्मय शताब्दी पुरुष डा.सत्यमोहन जोशीकृत ८० वटा पुस्तक प्रकाशित भए । उनका कृतिहरू ३६ वटा नेपाली भाषा, ४३ वटा नेपाल (नेवारी) भाषा र एउटा अङ्ग्रेजी भाषामा प्रकाशित छन् ।

राष्ट्रभाषा (नेपाली)

वर्णमाला

१. नेपाली सजिलो वर्णमाला (२०१९)

प्रबन्ध र निबन्ध

२. गुलाफ र गुराँस (प्रबन्ध : २०२८)

३. राजमुकुट र राज्याभिषेक (प्रबन्ध : २०३१)

४. न्युजील्यान्डमा पहिलो नेपाली (नियात्रा : २०४९)

५. नइ र मेरो शताब्दी (निबन्ध : २०७९)

लोकसंस्कृति

६. नेपाली लोकगीत एक अध्ययन (२०१२)

७. हाम्रो लोकसंस्कृति (२०१४)

८. कर्णाली लोकसंस्कृति (२०२८)

संस्कृति

९. नेपाली चाडपर्व (२०३९)

१०. नेपाल र चीनको सांस्कृतिक सम्बन्ध (ने.सं.११०८)

११. सांस्कृतिक नीति : एक अध्ययन (२०६०)

१२. नेवारहरूको महान् चाड 'म्हपूजा' (२०६६)

१३. केही धार्मिक तथा सांस्कृतिक सम्पदाहरू (२०७५)

कला

१४. नेपाली प्रस्तर मूर्तिको विकासक्रम (२०३२)

१५. नेपाली धातुमूर्तिको विकासक्रम (२०३५)

१६. कलाकार अरनिको (२०४४)

१७. नेपाली चित्रकला (२०६९)

१८. नेपाली कलाको रूपरेखा (शोधग्रन्थ : २०७३)

पुरातत्त्व

१९. नेपाली राष्ट्रिय मुद्रा (२०१७)

२०. पुरातत्त्व : एक रोचक कथा (२०१९)

कविता

२१. लामा र पाचुके (खण्डकाव्यका रूपमा दुई पद्यात्मक कथा : २०२०)

२२. क्रान्तिका लहरहरू (कवितासङ्ग्रह : २०३०)

२३. अरनिकोकृत श्वेत चैत्य (महाकाव्य : २०७२; अनुवादक : अणुराज जोशी)

२४. कीर्तिबाबुका स्मृतिमा : श्रद्धाञ्जलिका दुई थुँगा फूल (२०७५)

पूर्णाङ्की नाटक

२५. सिपाही र रैती (२०२७)

२६. दैलाको बत्ती (२०२८)

२७. फर्केर हेर्दा (२०३३)

२८. जब घाम लाग्छ (२०३५)

२९. मृत्यु : एक प्रश्न (२०४२)

३०. बाघ भैरव (२०६२)

३१. मजिपालाखे (२०७१)

३२. सुनकेशरी मैयाँ (२०७५)

अनुवाद

३३. माओ त्सेतुङका कविता (अनुवाद : सन् १९६७)

३४. महर्षि याज्ञवल्क्य (पूर्णाङ्की नाटक : २०७६) रोहिणीराज तिमिल्सिनाबाट संस्कृत भाषामा अनुवाद

सम्पादन

३५. श्री ५ महेन्द्र अभिनन्दन ग्रन्थ (२०२१)

३६. महेन्द्र स्मृति ग्रन्थ (२०२९)

मातृभाषा (नेवारी : नेपालभाषा)

बालसाहित्य

१. साहित्यया मूलुखा (ने.सं.१०७८)

२. मचा भूगोल (ने.सं.१०७८)

३. चखुंचां हा:गु म्ये (ने.सं.११०३)

४. सत्य वर्णमाला (ने.सं.११२१)

५. नेवा: वर्णमाला (ने.सं.११३१)

कविता

६. शुभराज्याभिषेकया म्ये (गीतिकविता : वि.सं.२०१३)

७. जयप्रकाश (महाकाव्य : ने.सं.१०७५)

८. कलाकार अरनिकोया श्वेत चैत्य (महाकाव्य : ने.सं.११०४)

कथासङ्ग्रह

९. निम्ह मचाया माँ (ने.सं.१०७०)

नाटक

१०. सिद्धार्थ गौतम (एकाङ्की नाटक : ने.सं.१०२८)

११. सिद्धिदास (पूर्णाङ्की नाटक : ने.सं.१०७५)

१२. वैद्यबा: (पूर्णाङ्की नाटक : ने.सं.१०९१)

१३. न्हयुदँ लीपा (पूर्णाङ्की नाटक : ने.सं.१०९१)

१४. म्हगसयू नापला:म्ह (पूर्णाङ्की नाटक : ने.सं.१११९)

१५. आजुद्य: (पूर्णाङ्की नाटक : ने.सं.१११९)

१६. चारुमती (पूर्णाङ्की नाटक : ने.सं.११२८)

१७. बुद्धिमती धौंच्वलेचा (पूर्णाङ्की नाटक : ने.सं.११२९)

१८. लाखे क्व:थैगु (पूर्णाङ्की नाटक : ने.सं.११३९)

निबन्ध र प्रबन्ध

१९. सुखया किचलय् (ने.सं.१०७३)

२०. स्वां व सिन्ह: (निबन्धसङ्ग्रह : ने.सं.११०४)

२१. खँल्हाप्याखंया मुनाखँ (ने.सं.१११९)

२२. म्हपूजा (ने.सं.१११९)

२३. बखुंबाहा:या छत्वा:चा खँ (ने.सं.११३३)

जीवनी

२४. क्यांछ्या लामा व डोन्डुलुमंति मुना (ने.सं.११००)

२५. पं.वैद्य आशाकाजी वज्राचार्य (ने.सं.११११)

व्याकरण

२६. खँत्वा: खँभाय् (वाक्यांश पद्धति : ने.सं.१०७३)

२७. शुद्धं च्वयेगु सूत्र (ने.सं.१०७८)

२८. छुनाखँ **उखान** मुना (उखानसङ्ग्रह : ने.सं.१०७८)

कोश

२९. सत्यकोश (ने.सं.१०९९)

३०. ब:चाधंगु नेवा: खँग्व: धुकू (नेपालभाषाको सङ्क्षिप्त कोश ने.सं.११०७)

३१. सच्छिग्व: खँग्व: (ने.सं.११३२)

धार्मिक ग्रन्थ

३२. नेपा:या बौद्ध कला (वि.सं.२०१३)

३३. अष्टसाहस्रिका प्रज्ञापारमिता (धारणीसङ्ग्रह : ने.सं.११२५)

३४. अष्टसाहस्रिका प्रज्ञापारमिता म्हसीकेगु लिधंसा (ने.सं.११२५)

लिपि

३५. हेमराज हस्तलिपिकला (ने.सं.११२१)

अनुवाद

३६. वैत हे हानं वैत हे (मवीवि शाहको 'उसैका लागि' र 'फेरि उसैका लागि' : ने.सं.१०९३)

३७. धम्मपद (श्लोकानुवाद : ने.सं.११०३)

सम्पादन

३८. विक्रम चरित (पं.हेमराज शाक्यसँगको सहसम्पादन : ने.सं.१०९०)

३९. किलं नयेमफुगु पौ (ने.सं.१०९४)

४०. अन्तर्राष्ट्रिय बौद्ध विद्यापीठ (ने.सं.११०८)

४१. कान्छा लामा व ङोन्दु (ने.सं. १११०)

४२. कुनसांलामे स्यालु ङोदु (लामा बौद्धग्रन्थ : ने.सं.१११०)

४३. हेमराज भिन्तुनादेछा (ने.सं.१११३)

अङ्ग्रेजी भाषा

$$= Legends of Lalitpur & Related Tales -;g\@))#_

नेपाली र अङ्ग्रेजी भाषाका पत्रिका सम्पादन

१. कलाकार त्रैमासिक (१–२ अङ्क : २००९)

२. सचित्रकला (२००९)

३. ललितपुर रक्षामण्डल आदर्श कलाप्रदर्शनी (स्मारिका : २००९)

४. विकास सचित्र मासिक (१–८ अङ्क : २०१५–२०१६)

५. पूर्वपश्चिम राजमार्ग मासिक (१–५ अङ्क : २०२१)

६. निर्माण पाक्षिक (१–२ अङ्क : २०२१)

७. नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको पञ्चवर्षीय योजना (प्रतिवेदन : २०२८)

८. सांस्कृतिक सम्पदा संरक्षण (२०४३)

(= NACC Bulletin (Nepal–America Cultural Center; (१–१७ अङ्क : १९६१–१९६३)

■

शताब्दी पुरुष सत्यमोहन जोशी : नेपाली लोकसाहित्यका अग्रणी अनुसन्धाता

प्रा.डा. चूडामणि बन्धु

परिचय

सत्यमोहन जोशीको जन्म १९७७ साल वैशाख ३० गते ललितपुरको इटुम्बहालका जोशी परिवारमा भयो। यिनका पिताको नाम शङ्करराज जोशी र माताको नाम राजकुमारी थियो। जोशीले दरबार हाईस्कुलबाट एस्.एल्.सी. र त्रिचन्द्र कलेजबाट आइ.ए. गरे पछि काम गर्न लागे। कामकै सिलसिलामा भारत र अस्ट्रेलियामा प्रशिक्षण पनि प्राप्त गरे। उनले औपचारिक अध्ययनलाई निरन्तरता दिन नसके पनि स्वाध्ययनबाटै आफूलाई नेपाली र नेपालभाषाका लेखक, लोकसंस्कृतिविद् तथा अनुसन्धाता बनाए। उनले नेपाली र नेपालभाषामा कविता, काव्य र नाटकहरू लेखे, साहित्य, लोकसंस्कृति, पुरातत्त्व तथा मुद्रा जस्ता विषयमा ग्रन्थहरू लेखे अनि सम्पादन र अनुवादकार्य पनि गरे। सत्यमोहन जोशीले पुरातत्त्व र संस्कृति विभागमा निर्देशक, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव र नेपालभाषा एकेडेमीका कुलपतिका रूपमा योगदान गरे, नेपाली, नेपालभाषा तथा लोकसाहित्यको अध्यापन पनि गरे। उनले आफ्ना अनुसन्धानात्मक कृतिहरूमा तीन पटकसम्म मदन पुरस्कार पाए। लोकसाहित्य र खास गरी लोकगीतको अनुसन्धानले उनलाई जीवनदर्शन दियो। उनको निधन १०३ बर्षको उमेरमा २०७९ साल असोज ३० गते भयो। यस लेखमा यस्ता बहुमुखी प्रतिभाका धनी नेपाली शताब्दी पुरुष सत्यमोहन जोशीले लोकसंस्कृति र विशेष रूपमा लोकसाहित्यका क्षेत्रमा गरेका कार्य र योगदानबारे चर्चा गरिनेछ।

सत्यमोहन जोशीका लोकसाहित्य एवं लोकसंस्कृतिसम्बन्धी कृतिहरू

वि.सं. २००२ मा सत्यमोहन जोशी गोरखा, लमजुङ र तनहुँको औद्योगिक सर्वेक्षण गर्न गएका बेलामा गाउँघरका पुरुष र महिलाले चाडपर्व, मेलापात र फुर्सदका समयमा पनि गीत गाएको सुने, नाचेको देखे। त्यस समयमा २५ वर्ष पुगेका युवक जोशीलाई नेपाली लोकगीतले मोहनी लगायो। २००३ सालमा नेपालका प्रसिद्ध कवि तथा नाटककार गोपालप्रसाद रिमालको प्रेरणाले उनले लोकगीतको

सङ्कलनका साथै तिनको विश्लेषण गरी प्रकाशित गर्न थाले । जोशीका लोकगीत, लोकसाहित्य तथा लोकसंस्कृतिसम्बन्धी लेखहरू २००३ देखि 'शारदा'मा प्रकाशित हुन थाले । त्यस किसिमको लोकगीत-सङ्कलनको प्रशंसा गर्दै 'शारदा'ले सम्पादकीय नै लेख्यो । २००६ मा उनले नेपालभाषाको उखानबारे लेखे । पछि उनका लोकसाहित्यबारेका रचना 'शारदा', 'प्रगति' र अन्य पत्रिकाहरूमा प्रकाशित भए र रेडियो नेपालबाट पनि प्रसारित भए । उनको 'नेपाली लोकगीत : एक अध्ययन' २०१२ मा साहित्य सदन ललितपुरको लोकगीत अन्वेषण विभागले प्रकाशित गऱ्यो ।

वि.सं. २०१३ सालको मदन पुरस्कारद्वारा पुरस्कृत उनको 'हाम्रो लोकसंस्कृति' पाण्डुलिपिकै रूपमा थियो र यसको प्रकाशन रत्न पुस्तक भण्डारबाट २०१४ सालमा भयो । यसमा नेपाली र नेपालका केही अन्य भाषाका गीतबारे लेखिएका सामग्री छन् । यसमा परेका १७ शीर्षकका लेखहरूमध्ये धेरैजसोमा लोकगीतकै विषयमा चर्चा गरिएको छ । यसमा परेका अन्य लेखहरूमा साङ्गीतिक प्रदर्शन, गाउँखाने कथा र उखानबारे पनि लेखेका छन् । एउटा निबन्ध डोको जस्तो लोकसंस्कृतिको विषयमा केन्द्रित छ भने दुईओटा लेख भ्रमण निबन्ध जस्ता भए पनि तिनले गोरखा र नुवाकोटको भौतिक संस्कृतिलाई नै प्रस्तुत गरेका छन् ।

सत्यमोहन जोशीको आफ्नै मूल्याङ्कनमा पनि उनको सबभन्दा महत्त्वपूर्ण अनुसन्धान कार्य 'कर्णाली लोकसंस्कृति' हो । यस परियोजनाको रूपरेखा तयार गरी उनले २०२७ मा कर्णाली अञ्चलको सिञ्जा उपत्यकामा अनुसन्धान गर्ने टोली तयार गरे जसमा उनीसमेत विहारीकृष्ण श्रेष्ठ, स्थिरजङ्गबहादुर सिंह, प्रदीप रिमाल र चूडामणि बन्धु गरी पाँच जना थिए । त्यसमा कर्णाली अञ्चलको इतिहास, भूगोल, जनजीवन, भाषा र लोकसाहित्यलाई समेटिएको थियो । यसको प्रकाशनपछि यस ग्रन्थले २०२८ सालको मदन पुरस्कार पनि पायो । यसरी उनी आफैँले तेस्रो पटक मदन पुरस्कार पाए र पछिल्लो पटकमा आफ्ना सबै सहकर्मी अनुसन्धाताहरूलाई समेत पुरस्कृत गराए । यस अध्ययनमा लोकसंस्कृतिको क्षेत्रलाई फैलाएर उनले ऐतिहासिक, भौगोलिक र सामाजिक पक्षलाई पनि समेटेका छन् । यस परियोजनाको सफलतालाई उनी आफ्नो प्राज्ञिक यात्राको सफलतम उपलब्धि मान्दछन् ।

सत्यमोहन जोशीको अर्को महत्त्वपूर्ण ग्रन्थ 'नेपालका चाडपर्व' हो । वि.स. २०३९ मा प्रकाशित यो ग्रन्थ पछि साझा प्रकाशनबाट २०६७ मा पुनर्मुद्रित भयो । यसमा नेपालमा प्रचलित विविध चाडपर्वको वर्णन गरिएको छ । यस ग्रन्थको समीक्षा गर्दै जयराज पन्त (२०६९) ले यसमा ३५८ चाडपर्वहरूको वर्णन भएको चर्चा गरेका छन् । तर यति गर्दा पनि पश्चिम नेपालमा प्रचलित कतिपय जात्रामेला तथा चाडपर्वको चर्चा हुन नसकेको तथ्य पनि उनले स्पष्ट गरेका छन् ।

वि. सं.२०४१ मा जोशीकै प्रेरणाले ललितपुरमा 'लोकसाहित्य परिषद्'को स्थापना भयो । यसले लोकसाहित्यका पुरस्कारहरूको स्थापना गरेर विभिन्न व्यक्तिहरूलाई पुरस्कृत र सम्मानित पनि गऱ्यो । यसले नेवार भाषामा कतिपय महत्त्वपूर्ण कृतिहरूको प्रकाशन पनि गऱ्यो । यसै संस्थाले २०६२ मा सत्यमोहन जोशीको अङ्ग्रेजी भाषामा लेखिएको 'लिजेन्ड्स अफ ललितपुर एन्ड रिलेटेड टेल्स' को पनि प्रकाशन गऱ्यो । यस ग्रन्थमा ललितपुरका किंवदन्तीहरू, धार्मिक गतिविधि, भजन र जात्राहरूका विषयमा लेखिएको छ । अङ्ग्रेजी भाषामा लेखिएको यो ग्रन्थ विदेशीहरूका लागि ललितपुरको लोकसंस्कृतिबारे जानकारी दिनका निम्ति तयार गरिएको देखिन्छ । यो नेपालका मिथक र अनुश्रुतिहरू, दुई महिनासम्म चल्ने मच्छिन्द्रनाथको जात्रा, आठ दिन चल्ने कार्तिक नाच, ललितपुरको लोकसंस्कृति र चाडपर्वहरूबारेको

महत्वपूर्ण ग्रन्थ हो । मच्छिन्द्रनाथको जात्राका अवसरमा नेपालभाषामा गाउने भजनको अनुवाद पनि यसमा रहेको छ ।

लोकगीत र नाचको अध्ययन

नेपाली लोकसाहित्यका क्षेत्रमा सत्यमोहान जोशीको महत्त्वपूर्ण कृति हो 'हाम्रो लोकसंस्कृति ।' यस ग्रन्थको 'हाम्रो लोकगीत र लोकनृत्य' शीर्षक लेखमा २०१३ सालमा भएको राजा महेन्द्रको राज्याभिषेकका अवसरमा आयोजित लोकगीत र नृत्य कार्यक्रममा प्रस्तुत गीत र नृत्यहरूको सर्वेक्षण गरिएको छ । जोशीले यसमा मेचीदेखि महाकालीसम्मका विभिन्न जिल्लाहरू (हेलम्बु, सप्तरी, दैलेख, पाल्पा, दाङ, नेपालगन्ज, डोटी, कैलाली, मोरङ, काठमाडौँ उपत्यका, गोरखा आदि) बाट आएका कलाकारहरूको नामसमेत लिँदै तिनका प्रस्तुतिगत विशेषताको चर्चा गरेका छन् । नेपाली लोकगीत र नृत्यको यो ऐतिहासिक कार्यक्रम राजा महेन्द्रको शुभराज्याभिषेकका समयमा निम्त्याइएका विशिष्ट विदेशी पाहुनालाई देखाएको हुँदा यो नेपाली लोकसंस्कृतिको पहिचान अन्तरराष्ट्रिय जगत्ले पाएको अपूर्व अवसर पनि थियो । यस घटनाको महत्त्वलाई स्पष्ट गर्दै उनी आशा गर्छन्- 'नेपालको उत्तरोत्तर उन्नति हुँदै गइरहेको खण्डमा एकचोटि अवश्य पनि त्यो दिन आउनेछ जुन बेला नेपालभित्रका समस्त विविध लोकनाच र लोकगीतहरूको जमघट भई सय गुणा बढी मात्रामा नेपालको चोखो साझा लोकसंस्कृतिले अन्तरराष्ट्रिय क्षेत्रमा आफ्नो विशेष प्रकाश फैलाउनेछ, साथै प्रभाव पनि जमाउनेछ' (जोशी, २०१४,पृ. १२) । कार्यक्रमको सफलताका लागि उनी 'शुभराज्याभिषेक लोकनाच र गीत उपसमिति'लाई धन्यवाद दिन्छन् । यस घटनाबाट प्रभावित भएर जोशीले 'गुन्जिरहेको यादगारमा'(२०१४,पृ.९६-१००) मा लेख्छन्- '...त्यो दिनको (२०१३ वैशाख २ राति) त्यस ठाउँको सजीव यादगार हिमाल, पर्वत र तराई एक ढिक्का भएर साझा संस्कृतिमा देखा परेको र गुन्जेको म अझै झलझली सम्झन्छु र मृत्युपछि पनि मलाई कहिल्यै नबिर्सिने हुनेछ भैँ लाग्छ' (उही, पृ.९८) । लोकसंस्कृतिले नेपालको राष्ट्रिय एकताको संवर्धनमा योगदान गर्छ भन्ने कुरा जोशीका मनमा त्यस घटनाले गहिरो छाप पारेको र त्यो उनको जीवनपर्यन्त रहिरहेको उनका भावना र कार्यहरूबाट स्पष्ट हुन्छ । यस लेखमा जोशीले हिमाल, पहाड र तराईबाट नमुनास्वरूप १-१ गीत प्रस्तुत गरेका छन् ।

दोहोरी गीत

'दोहोरी गीत' यस सङ्कलनको अर्को महत्त्वपूर्ण लेख हो । यसमा उनले नेपाली लोकसंस्कृतिका क्षेत्रमा प्रचलित दोहोरी वा जुहारीका बारेमा चर्चा गरेका छन् । ठाउँअनुसारका दोहोरीहरूमा ठिटाठिटीको गीतैमा प्रश्नोत्तर हुने, कतै नाच पनि नाचिने, कतै बाजा पनि बजाइने र कतै पुरुष-पुरुष र कतै महिला-महिलाबीच पनि प्रश्नोत्तर हुने कुरा उनले गरेका छन् । उनले दिएको वाग्मती क्षेत्रको दोहोरीको नमुना सन्दर्भसहित यस्तो छ :

'हरियाली पहाडको पृष्ठभूमिमा चोखो प्रेमको खोजी गर्दै मधुरो स्वरको झङ्कारमा हृदयका उद्‌गारहरू पोख्दै हिँड्ने दोहोरीको भोको ठिटो हरियो वनको बाँसबारीमा कसैलाई आफ्नै सामुन्ने देखेझैँ गरेर यसरी पाखा कन्दरा घन्काउँदै गर्छ :

ठिटोः-	तीनै त सहर उही नेपालैमा
मैनाले खाने दूधको तर
दौडेर आको, भारी दर्शन पाको
मैनाले खाने दूधको तर
यस्तो जङ्गलमा बसिरहेको किन
कहाँ हो माइती कहाँ हो घर
यो माया सानु कति सोधिरहनु
कहाँ हो माइती कहाँ हो घर ?' (जोशी, २०१४, पृ.१०८)।

'घाँसमा लुकामारी खेलाइराखेको हँसियालाई एकछिन कम्मरमा घुसारी सुरिलो ध्वनिमा प्रकृतिकी छोरीभैँ नै देखा पर्ने घँसिनी अनि रनवन उज्यालो पार्ने गरी निकालेको तन्नेरीको त्यो प्रश्नपूर्ण स्वरलाई तलतल मेट्ने मनको सुरिलो उत्तरपूर्ण ध्वनिमा यसरी फेरि प्रतिध्वनित गर्दै पाखा कन्दरा घन्काउँछिन् -

सालको पातको पन्चान्नब्बे हातको नजर्माथि एक्लो बर
आँखा मिच्दै मिच्दै आखिरीमा रित्तै, नजर्माथि एक्लो बर
घर सोध्छौ भने फिर्केप मूलाबारी, माइती मेरो एक नम्बर
ए, मामा सलाम ! भेट भएमा बोलाम्, माइती मेरो एक नम्बर !' (जोशी, उही) ।

पश्चिम ३ नं. को कर्पुटारको जात्रामा र धूलेपुलको बजारमा पञ्चे सुब्बा र हाँडीखोलाकी दुरैनीसँग १२ वर्षसम्म दोहोरी खेलेको र हारजित नहुँदै दुरैनीको मृत्यु भएको उल्लेख गर्दै यो दोहोरी उद्धृत गर्छन् -

तीनै सहर यो नेपालैमा
चटक्कै छेड्यो सिसाको गोलीले
बाह्र गोरु दायो म फर्की आयो
हजुरको बोलीले
देउबहादुर दुरा, पञ्चे सुब्बा टुहुरा,
कपाल काट्ने छुरा, द्वादशको कुरा,
कर्पुटार घम्साना !
रासशाली धानको हजुरै ज्यानको
धरती धसी धसी रामखालैमा बसी
सिसा काटी गोली हजुरको बोली
गर्दै रहुँला सम्भना ।
ए, होलादे रामलीलाको माया गर्दै रहुँला सम्भना !
स्वास्नीमानिसतर्फ :-
नेपालको तौलीको धान सबैले काट्यो
यो पातलो आँसीले
पैला गोरखा सेकिन आयो छेलाङ देखिन्
मायाको फाँसीले

भातै र खाने चरेसै थाल बाँडाले कमाएको
बाह्र गोरु दाउँदा, म हजुरको दर्शन पाउँदा
म क्यारी रमाको !
खोलाको भनूँ दरशन ढुङ्गा,
भगवान् जस्तो छ।
हातमा औँठी छ, न भन्नु के छ ?
मुखले भने ललितै पार्ने, हृदय कस्तो छ ?
ए, होला दे अभिमायो जालो हृदय कस्तो ंछ ?' (उही, पृ.११४)।

केही सामयिक नेपाली लोकगीतहरू

'केही सामयिक नेपाली लोकगीतहरू' शीर्षक लेखमा जोशीले नेपाली लोकगीतलाई सामान्य लोकगीत र सामयिक लोकगीतमा वर्गीकरण गरेका छन्। यो वर्गीकरण अहिले पनि प्रकारान्तरले स्वीकार्य र व्यवहारमा छ। यस लेखमा जोशीले विशेष गरी तीज गीत, देउसिरे गीत र दाइँ गीतका बारेमा चर्चा गरेका छन्। उनका समयको तीज गीतमा नेपाली समाजमा नारीले भोग्नुपरेका पीडा र विद्रोहलाई यसरी व्यक्त गरेका छन् -

झमझम तीज आयो भन्छन् कमाइदेउ राजै शिरफूला
तिमी ता नारी कालीमा छौ र, सुवाउँदैन शिरफूला !
वेदका अक्षर कालामा हुन्छन् नहेर राजै पुस्तक
तेत्तिका वचन जानी नलाउ नारी, दोसरी बिहा घनिकाउँला
दोसरी बिहे घनिकाए पनि खाने त राजै करमले हो ! - (जोशी, २०१४, पृ. १४)। (यसको अघिल्लो पङ्क्तिमा रहेको मूल पाठको 'जानी नलाउ' होइन, 'जनि लाउ' अर्थात् 'नलाउ' हो।)

तिहारमा गाउने देउसी र भैलोका गीतहरूलाई पनि जोशीले उतारेका छन्। 'देउसिरे' भन्दै गाइने गीतको एउटा टुक्रा यस्तो छ -

ए भनभन भाइहो द्यौसिरे !
वर्ष दिनको --- द्यौसिरे
चाड ठूलो --- द्यौसिरे
झिलिमिली बत्ती --- द्यौसिरे
गाईबस्तु बढून् --- द्यौसिरे
घरभरि अन्न --- द्यौसिरे
भरिपूर्ण होउन् --- द्यौसिरे, इ० । (उही,पृ. १७)।

दाइँ गीतमा जोशी चोखो लोकको साहित्यिक सिर्जना पाउँछन् र लेख्छन्- 'यो गीतमा कृषकले गोरु जोत्न जानेदेखिको इतिहास उसले बोल्न जानेका बेलादेखिको भाषा-साहित्य सत्यं सुन्दरम्का आदर्शमा मात्र होइन, बहुजन हिताय बहुजन सुखायको सिद्धान्तमा पनि सजीवतुल्य भइरहेको हामी देख्छौँ।' उनी यस गीतलाई अन्य गीतभन्दा बेग्लै किसिमको पनि देख्छन्। दाइँ गीतको एउटा टुक्रा यस्तो छ :

आजका गोरुका मेरा भाइ बरदो हो
तिखा मोटा सिँग
आजका खला वरिपरि मेरा भाइ बरादो हो
सिमल चरी रिँग
अ ह ह ह ... ... (उही, पृ.२२) ।

जोशीले दाइँ गीतका विशेषताहरूको उल्लेख गर्दै यसको महत्त्व स्पष्ट गरेका छन् । निश्चय नै यस गीतमा पशुप्रतिको मानवीय संवेदना मायालु भाषामा अभिव्यक्त भएको छ। तर आजसम्म पनि यसको पूर्ण पाठ प्रस्तुत गरेर यस गीतको गहन विश्लेषण कमैले गरेका छन् ।

चुड्का, चरित्र र घाटु

जोशीले 'लोकनाच गीतमा एक फन्को'मा गण्डकी प्रान्तको गुरुङ गाउँमा प्रचलित चुट्का, चरित्र र घाटु नाच अनि ती नाचमा गाइने गीतहरूको चर्चा गरेका छन् । उनले नाच्ने र गाउने अवसर र सहभागिताबारे पनि चर्चा गरेका छन् । चुट्का नाचबारे उनी भन्छन्- 'अक्सर गरेर चुट्का नाचगीत जुनसुकै बेला पनि झिक्ने र गाउने चलन छ, यसमा लोग्नेमानिस स्वास्नीमानिस दुवैले बराबरी भाग लिन्छन् । बाहुन-छेत्रीको गाउँमा यसलाई भजनकै रूप दिन्छन् र खैंजरीको तालमा चुट्के नाच र गीतले पहरा घन्काई भक्तिरसको भाव फुटाउँछन् । यसमा एक थरी गीत छोप्ने हुन्छ, एक थरी नाच्ने हुन्छ अथवा एक जनाले गीत झिक्दै अरूले छोप्दै जम्मैका जम्मै नाच्ने पनि हुन्छ' (जोशी २०१४,पृ.१३६) । जोशीले दिएको चुट्काको चुट्किलो लोकगीतको नमुना यस्तो छः-

हेर कृष्ण बाला गोल्यानीको यो चाला
कहाँ हो तिम्रो घर कहाँ हो माइती मावली ?
बोलाऊँ भने पनि नचिनेको नजानेको
सम्झनाले आएको माया तिमीलाई नभयाको ।...(जोशी, उही)।

यसै लेखमा मगर गाउँमा नचाउने चुट्का नाचमा २,४,६ का जोडी बनाएर अनेक शृङ्गारले सजाएर मादलका तालमा भावनृत्य प्रदर्शन गर्दै नाच्नेहरूलाई अरूले नै गीत झिक्दै नचाउने गरेको वर्णन पनि जोशीले गरेका छन् ।

जोशी भन्छन्- 'चुट्काकै अर्को विकसित नाच हो चरित्रको ।' यसलाई उनले घनपोखराका नरजङ्ग गुरुङले निकालेको नाच भनेका छन् । यसको विषयवस्तु कृष्णलीला भएकाले यसलाई 'कृष्णचरित्र' वा चरित्र नाच पनि भन्न सकिन्छ । उनले यस नाचमा नाच्ने चार जनामा दुई जना पुर्सुङ्गे र २ जना मारुनी हुने र मादल बजाउने चार जना हुने, मारुनी पनि पुरुष नै हुने कुरा गरेका छन् । यो नाच नाच्नेहरूले विशेष लुगा र गहना लगाउँछन् । उनका भनाइमा 'मादलको ताल र गीतको अर्थअनुसार नाच फेरिँदै-फेरिँदै जान्छ । ज्यादा उठबस गर्ने र घुम्नेमा चरित्र नाचको विशेष कला शान्त र शृङ्गाररसले ओतप्रोत भएको हुन्छ' (जोशी, उही) । मारुनी र पुर्सुङ्गेहरूलाई उठाएर नचाउँदा गाउने गीतको एउटा टुक्रा :

हाहा, यो चौकी उठी बन्दुक फायर छुट्यो यहाँ
राक्षस दौडी उही खबर दिएको तहाँ
देवकीजीको उही आठौं गर्भ पैदा भएको जान आज

आज बालक जन्म्यो कंश महाराजा
नचाई नचाई बसाउने (चरण)
हाहा चौकीदारको खबर सुनी
मूर्च्छा भयो दुष्ट कंश
तरबार लिई दौडी गयो
देवकीजीको आठौँ गर्भ
बालक मारन ! (जोशी, उही, पृ.१३८)।

यस लेखमा जोशीले चरित्र नाचको गतिशीलतालाई सोदाहरण प्रस्तुत गरेका छन् । चरित्र नाचका बीचमा चुट्का झिक्ने चलनको चर्चा गर्दै यसरी झिक्ने चुट्कालाई साधक भन्ने गरेको भन्दै सानो टुक्रा प्रस्तुत गरेका छन् ।

हा, राधा कृष्ण सेवा लाउँछ !
धूपबत्ती चढाउँला
मङ्गलको आरती गरुँला (उही, पृ. १४०)।

जोशीले भनेको तेस्रो नाच हो घाटु । यसको मङ्गलाचरण गरेको उनी यसरी देखाउँछन् -

पूरवीय सरस्वती तुमारे शरण !
उत्तरे सरस्वती तुमारे शरण !
पश्चिमे सरस्वती तुमारे शरण !
दक्षिणे सरस्वती तुमारे शरण ! (पृ.१४१) ।

जोशीका विचारमा घाटु साधन-सिद्ध नाच हो । यो नाच १० वर्षदेखि २०-२५ उमेरसम्मका कन्या केटीहरूले मात्र नाच्छन् । यस नाचमा पुरुषहरूको हक हुँदैन । उनले यो नाच राजा परशुराम र रानी अम्बावतीको कथासँग सम्बद्ध रहेको कुरा गरेका छन् । यस नाचमा ताल-सुरको विचार राख्नुपर्छ र गीत झिक्ने, गीत छोप्ने, मादल बनाउने र नाच्ने सबै अत्यन्त होसियार हुनुपर्छ भन्दै गुरुङहरूको घाटु नाच सबैका लागि हेर्न लायक भन्छन् । उनी नाचका विशेषता बताउँदै लेख्छन्- ‘घाटुनीको जीउको उठबस, मोड, हातको खेलाई, औँलाको ताल, कम्मरको घुमाइ र मर्काइ, शिरको पोज र झुकाव, नजरको फिराइ, गोडाको चाल इतयादि-इत्यादिमा एकएक कला, भाव, रस दर्साइएको हुन्छ’(पृ. १४२) । लयदार सङ्गीतमय ध्वनिलाई भावनृत्यले साकार रूप दिएको घाटु नृत्यको समापन रानी अम्बावती सती जाने घटनाका साथ हुन्छ -

सुन सुन बाबैजु
सुन सुन आमैजु
एकोली बीनती
हामी त जान्छ स्वामीको साथ ...(पृ. १४३)।

श्रीपञ्चमीदेखि वैशाख महिनाको चण्डीपूर्णिमासम्म घाटुको प्रदर्शन गर्दै गुरुङ गाउँहरू घाटुका साथ रमाएका हुन्छन् । ‘हाम्रो लोकसंस्कृति’ मा समाविष्ट यो लेख महाकवि देवकोटाको सङ्कलनबाट

महाकविका सुपुत्र प्राध्यापक पद्मप्रसाद देवकोटाका सौजन्यबाट मधुपर्कमा पनि प्रकाशित छ। घाटुका विषयमा यता निकै अनुसन्धान भएका छन्।

लोकगीतमा जल, स्थल, नभचरहरूको स्थान

'लोकगीतमा जल, स्थल, नभचरहरूको स्थान' शीर्षक लेखमा जोशीले नेपाली लोकगीतमा प्रसङ्गवश आएका मानवेतर प्राणीहरूलाई जलचर, स्थलचर र नभचरका रूपमा प्रस्तुत गरेका छन्। माछा र भ्यागुता जस्ता जलचर, सिंह, स्याल, भैंसी, पाडो, गोरु, गाई, बाछी, बाखा जस्ता स्थलचर अनि न्याउली, मुजुर, कुखुरा, भ्याकुरो, बट्टाइ, तित्रा, लाहाँचे, पिउरो, ढुकुर, जुरेली, मैना, सुगा, कालिज, कोकले, धोबिनी चरी, चिबे, डाँफे, च्याखुरा, कुथुर्के, गौँथली, कौवा, चील, गरुड, गोल सिमल जस्ता नभचरहरू लोकगीतमा पटक-पटक दोहोरिएका छन्। विशेष गरी चराहरूको सन्दर्भमा जोशी भन्छन्- 'लोकगीतमा चरीलाई टुक्का मिलाउन उनेको, चरीको उपमा दिन खोजेको, चरीको तुलना गर्न खोजेको, चरीलाई आह्वान गरेको, चरीलाई कहानी सुनाएको, चरीलाई दूत बनाएको, दर्शनशास्त्रको पाठ सिकाएको, चरीलाई हेरी सन्तोष लिएको, चरीको जीवनसँग आफूलाई लीन गरेको इत्यादि-इत्यादि हामी पाउँछौँ' (जोशी, २०१४,पृ.११८-९)। चरीले जोशीको जीवनमा गहिरो प्रभाव पारेको र उनको जीवनदर्शन बनाइदिएको कुरा पछिल्ला वर्षहरूमा उनले दिएका अभिव्यक्तिबाट अझ स्पष्ट हुन्छ।

मेचीदेखि महाकालीसम्मका लोकगीतहरूको सर्वेक्षण

'मेचीदेखि महाकाली' यस सङ्कलनको सबभन्दा लामो (३५ पृष्ठको) लेख हो। यसमा नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका लोकगीतको सर्वेक्षण गरिएको छ। यसमा लेखकले लोकगीतलाई नेपाली जातित्वलाई चिनाउने आधार मान्दै राष्ट्रिय एकताको सूत्रका रूपमा हेरेका छन्। सुरुमा जोशीले नेपाली लोकगीतको वर्गीकरण गरी (पृ. १४५) गीतका साथ बाजा (विशेष गरी मादल) र नृत्य पनि प्रस्तुत हुने कुरा देखाएका छन्। उनी उपत्यकाको झ्याउरेसँगै यो सर्वेक्षण सुरु गर्छन्।

सिलाखु पानीले गर्दा पोतो निस्क्यो म्वाइँ खाने गालैमा
वीरगन्जको चनाभुजा, रापतीको पानी
हाँसीहाँसी पैसा लिने कुलेखानीको नानी ...(पृ.१४७)।

अर्को नमुना

दाइको डेरा नरदेवी पर
वर्षा लाग्यो आउँदैन खबर
तीन आनाको बुट्टे चोलो २ पैसाको सेप्टी
कान्छी म त ल्याउने छैन धन्दा नमान जेठी... (पृ.१४८)।

उनी गाइनेका सारङ्गीका झङ्कारमा अभिव्यक्त हुने ९० सालको भूकम्प, भोटको लडाइँ अनि जुद्धशमशेरको रिडी यात्राबारेका कर्खा र सवाईको पनि स्मरण गर्छन्। भोजपुर, धनकुटा, तेह्रथुमतिरका भाकाहरूलाई उनी यसरी प्रस्तुत गर्छन्-

बाह्रैमा हातको नि पटुकै मेरो बारैमा नारान् सुकाई द्यौ
बाँधन मायाले ठ्याम्म

झन् पर जान्छु नि झन् माया लाग्छ मोहनी नारान् फुकाई द्यौ
बाँधन मायाले ठ्याम्म ...(पृ.१५४) ।

यो गीत यसरी पनि गाइन्छ -

बाह्रैमा हातको नि पटुकी मेरो
कठैवरी दाज्यु हौ धोइ दिने कोही छैन झम्के गुलेली !
बिराना देशमा नि म मरी जाउँला
कठैबरी दाज्यु हौ रोइ दिने कोही छैन झम्के गुलेली ! (पृ.१५५) ।

लोकगीतको सर्भे गर्दै जाँदा उनी दार्जिलिङतिरकाले यसरी गाएको पाउँछन् -

दार्जिलिङ ज्यानको डियार झिलि र मिली खर्साङको बजार
हाऊ मेरा दाजु खर्साङको बजार
हजुरैसित डियार भेटै र भयो सलाम छ हजार
हाऊ मेरा दाजु सलाम छ हजार ... (पृ. १५६) ।

जोशी फैरि पश्चिमतिरै लाग्छन् । उनी धादिङ, नुवाकोट, त्रिशूली हुँदै तनहुँ, लमजुङ, कास्कीतिरका गीतहरूको उदाहरण प्रस्तुत गर्छन् र सोरठीको गीतमा पाउने उपमा प्रयोगको उदाहरण उद्धृत गर्छन्-

बारुलाको कम्मर जस्तो सोरठी रानीको कम्मर
पिपलको पात जस्तो सोरठी रानीको ओठ
काँक्राको बियाँ जस्तो सोरठी रानीको दाँत
परेवाको आँखा जस्तो सोरठी रानीको आँखा....(पृ. १६४) ।

पश्चिमतिर प्रचलित रेलिमाई, मायारानी, हाई गोरी, लाल मोहनी, कान्छी नानी भाकाहरूको नमुना प्रस्तुत गर्दै सल्यान पुगेर त्यतातिर प्रचलित भाकालाई उनी यसरी उतार्छन् -

गाई चऱ्यो राजैको वनमा म भुलैं मालती फुलैमा
उँधो जाने काली गङ्गा पश्चिम जाने भेरी
आमा बाबु कोही छैन यो ज्यू जाँदा खेरी
पापीले लाएको माया मेरा राजै नबिर्सनु भै गयो ! (पृ. १७४) ।

'डोटी राम्रो डँडेलधुरा आछाम राम्रो साँप्या' जस्ता सुदूर पश्चिमका गीतहरूका साथ आफ्नो नमुना सर्भेको अन्त्य गर्दै यसले नेपाली लोकसंस्कृतिको उत्थान कार्यमा प्रत्येक नेपालीको आँखा खुलाउन सक्ने आशा पनि गर्छन् ।

नेवारी र तामाङ लोकगीतका विषयमा

नेवारी लोकगीतका विषयमा चर्चा गर्दै 'नेवारी लोकगीतको रूपरेखा' (पृ. ७२) शीर्षक लेखमा जोशीले नेवारी लोकगीतलाई पनि सामयिक र सामान्य लोकगीतमा वर्गीकरण गरेका छन् । उनले उदाहरणका रूपमा प्रस्तुत नेवार भाषाका गीतहरूको भावानुवाद पनि दिएका छन् । सामयिक लोकगीतअन्तर्गत नै उनले 'जि वया ला लछि मदुनि' को संवाद पनि प्रस्तुत गरेका छन् जसलाई नेपाली समालोचकहरूले महाकवि देवकोटाको 'मुनामदन'को कथाको स्रोत भनेका छन् । सामान्य लोकगीतअन्तर्गत

उनले 'राजमति कुमति जिके वोसा पिरति' बोलको गीत पनि अनुवादसहित प्रस्तुत गरेका छन् (जोशी,२०१४, पृ. ८३-४) ।

'तामाङ लोकगीतको एक झलक' शीर्षक लेखमा लेखक जोशीले तामाङहरूको बसोबास रहेको तिमालमा आयोजित जात्रामा गाइने तामाङ गीतको चर्चा गरेका छन् । उनले भोटे सेलो लयमा गाइने तामाङ भाषाका केही गीत पनि प्रस्तुत गरेका छन् जसमा केही टुक्रा नेपालीमा पनि छन् । जस्तै -

ए न्याला मायाला दिल दी वा
पैतालो मुनि साह्रै छ
तेरो र मेरो जलमाया
छुट्याउनलाई गाह्रै छ । (जोशी २०१४, पृ.१८२) ।

आफ्नै सांस्कृतिक पहिचान लिएर नेपाली राष्ट्रियताको अङ्ग बनेको तामाङ संस्कृतिको महत्त्व पनि लेखक जोशीले यस सन्दर्भमा प्रस्ट गरेका छन् ।

लोकसाहित्य र यसको सङ्कलन

जोशीले आफ्नो ग्रन्थ 'हाम्रो लोकसंस्कृति'को अन्तिम लेख 'लोकसाहित्य'मा लोकसाहित्यको परिभाषा, यसको उत्पत्ति, विशुद्ध नेपाली साहित्यको स्वरूप र यसको आवश्यकता, यसको अन्वेषणबारे पनि चर्चा गरेका छन् । उनी विशुद्ध गाउँघरे लोकगीत र त्यस्ता लोकगीतको अनुकरणमा रचिएका लोकगीतको भिन्नता स्पष्ट गर्छन् र नेपाली लोकगीतका क्षेत्रमा आएको परिवर्तनबारे पनि आफ्ना विचार स्पष्ट गर्छन् (जोशी, २०१४, पृ.१९२-३) । नेपाली लोकगीतलाई परिभाषित गर्दै उनी लेख्छन्- 'नेपाली लोकसाहित्य त्यो साहित्य हो जुन हिमालयका काखमा मेचीदेखि महाकालीसम्म र नेपाली बसेको अन्यत्र ठाउँसम्म पनि नेपाली साहित्यको अदृश्य पृष्ठभूमिमा उम्री, बढी, फक्री देखा परेको छ । परन्तु यो नेपाली लोकसाहित्य मौखिक रूपमा सुरक्षित छ, अलिखित काव्यकुञ्ज भैरहेको छ ।' उनी नेपाली लोकगीतको क्षेत्रमा विकृति आइरहेको देख्छन् र चोखो नेपाली लोकगीतको सङ्कलन गर्नुपर्ने आवश्यकता ठान्छन् । उनी भन्छन्- ...'आज कविहरूको कविता सङ्ग्रहभन्दा विभिन्न जातिका गाउँघरे कवि र कवयित्रीहरूको मौखिक अलिखित लोकगीतहरूको अन्वेषणात्मक सङ्ग्रह र सङ्कलन गर्नु पनि अत्यावश्य भइरहेको छ' (जोशी, उही १९३) ।

सत्यमोहन जोशी नेपाली लोकसाहित्यमा राष्ट्रिय धाराका प्रथम सङ्कलक हुन् । नेपालमा लोकसाहित्यको अन्वेषणको कुरा गर्दै उनी भन्छन्- ' नेपाली लोकगीत क्षेत्रमा मेरो अन्वेषण कार्य क्षेत्रानुसार मलाई त यही लाग्छ- यसमा नेपाली राष्ट्रियताभित्रको अस्तित्व हुनुपर्दछ, नेपाली आत्माको पुकार र स्पन्दन हुनुपर्दछ। अझ नेपाली लोकगीतमा यसैको इतिहास हुनुपर्दछ, संस्कृति र कला हुनुपर्दछ, चोखो नेपाली लय, ताल र सुरकै प्रधानता हुनुपर्दछ, यसको गतिशीलता गाउँघरकै चित्रणमा हुनुपर्दछ, यसको भाषासाहित्यमा गाउँघरे जनताकै मौखिक ठेट शब्दको प्राचुर्य हुनुपर्दछ अनि यसमा नेपालीको मुटुको ढुकढुकीको चाल पनि हुनुपर्दछ' (जोशी २०१४, पृ.१९२) । यस लेखमा उनी नेपाली लोकगीतका विशेषताबारे सैद्धान्तिक चर्चा गर्छन् । यसै क्रममा भाव र भाषाको सामञ्जस्य, कलाको चामत्कारिता, ध्वन्यात्मकता, गतिशीलता, आलङ्कारिक प्रयोग, विभिन्न भाव र रसानुभूति, संयोग र वियोगका मानवीय अभिव्यक्तिबारे पनि चर्चा गरेका छन् ।

लोक-नाच-गीतमा विभिन्न बाजा

'लोक-नाच-गीतमा विभिन्न बाजा' शीर्षक लेखमा जोशीले ज्यादा चलन-चल्तीका उपत्यकामा प्रचलित खिं बाजा र सबैतिर प्रयोग गरिने मादलका बारेमा चर्चा गरेका छन् । खिं बाजा मादल वर्गकै एक प्रकारको ठूलो बाजा हो । यी दुवै बाजाका तालहरूको परिचय दिएर लेखक जोशीले ताल बाजाबारेको आफ्नो गहिरो ज्ञानको झलक दिएका छन् र लोकनाच-गीतका अन्वेषकले यस विषयमा ध्यान दिनुपर्ने तथ्यतिर औँल्याएका छन् ।

गाउँखाने कथा र उखान

लोकसाहित्यका विधाहरूमा गाउँखाने कथा र उखानको विशेष महत्त्व छ । जोशीले 'गाउँखाने कथा, र उखान' शीर्षक लेखमा उनले यी दुई विधाका बारेमा चर्चा गरेका छन् । गाउँखाने कथामा उनी गाउँघरे मानिसको हृदयको उद्‌गारका साथ मिसिएको उनका तिखारिएको बुद्धिको देन पाउँछन् । उनी गाउँखाने कथाका उत्तरका साथै उदाहरण पनि दिन्छन् । जस्तै-

- छोड छोड बूढा (म) अघि जान्छु, भनेको केहो ? (लौरो)
- हिँड्दै छ पाइला मेट्दै छ, भनेको के हो ? (डुङ्गा तरेको)
- नखाऊँ दिनभरिको सिकार, खाऊँ भने कान्छा बाको अनुहार, भनेको के हो ? (बाँदर) ।

उखानको परिभाषा गर्दै जोशी भन्छन्- 'उखान भनेको पदलालित्यले हिसी परेको, लाक्षणिक भावपूर्ण भएको एक लोकोक्ति हो, यसको व्यवहार समाजमा शिक्षित-अशिक्षित, बूढाबूढीदेखि लिएर केटाकेटीसम्ममा एकनासले हुन्छ' (जोशी २०१४, पृ.२८)। उनले साना, ठूला उखानहरू, सान्दर्भिक उखानहरू तथा सामान्य र अनुप्रासयुक्त उखानहरूको चर्चा गरी केही उदाहरण पनि दिएका छन् । जस्तै-

- एक दिनको पाहुना मीठोमीठो खा, दुई दिनको पाहुना जसोतसो खा, तीन दिनको पाहुना जतासुकै जा ।
- घोडालाई कोडा, फिरन्तालाई गोडा, जागिरेलाई तोडा, तरुणीलाई जोडा ।
- मुकुन्दसेनले मुलुक मार्न नजानेको र तँ फुस्राले खीर खान नजानेको ।
- जेठी माग्छे पानी कान्छी माग्छे घाम म एक्लो बूढो कतातिर जाम ।
- अन्धाको देशमा आँखा चिम्लनू, लङ्गडाको देशमा खुट्टा खुम्च्याउनू ।
- राजा खान्छ निसापले, साहू खान्छ हिसाबले । (उही पृ. २६-३७) ।

यसभन्दा अघि उखान र गाउँखाने कथालाई नेपाली लेखकहरूले भाषाको गहना भनी रचनाशास्त्रका आँखाले हेर्ने चलन रहेकोमा जोशीले यस लेखमा यी विधाहरूलाई लोकसंस्कृतिका अङ्गका रूपमा हेरेका हुन् ।

विविध लोककला प्रदर्शनी

'विविध लोककला प्रदर्शनी'मा लेखक जोशीले २००९ सालको (भदौ ७,८,१० र ११) को विविध सांस्कृतिक प्रदर्शनलाई साङ्गीतिक घटनाका रूपमा वर्णन गरेका छन् । लोकसंस्कृतिको अध्ययनका क्रममा यस प्रकारको प्रस्तुतिको वर्णनको विशेष महत्त्व रहन्छ । यस्ता वर्णनमा कुनै पनि पाठकले त्यस

समयको सांङ्गीतिक घटनालाई आफैले हेरेजस्तो अनुभव गर्न सक्छ । जोशीको यस लेखमा त्यस बेलाका साङ्गीतिक घटनाको पूर्ण विवरण जस्तो प्रस्तुत गरेर साङ्गीतिक घटनाको अवलोकनको पद्धतिलाई प्रस्तुत गरेका छन् । यसमा उनले नाच र गीतको प्रस्तुतिको समय, स्थान र प्रस्तोताका नामसहितको विवरण दिएका छन् र अवलोकनकर्ताका तर्फबाट साङ्गीतिक घटनाको आफ्नो सङ्क्षिप्त टिप्पणी पनि प्रस्तुत गरेका छन् । चार दिन चलेको वाद्यवादनको प्रस्तुतिमा कुसले बाजा, दमाई बाजा र मादलका तालका विविधता देखाइएको यो घटना लोकसङ्गीतको सार्वजनिक प्रदर्शनको अपूर्व अवसर थियो । कान्तिपुरको 'शान्ति रक्षा स्वयंसेवक सङ्घ'ले यस चारदिने साङ्गीतिक घटनाको आयोजना गरेको थियो र लोकसंस्कृतिको सार्वजनिक प्रदर्शनका इतिहासमा यो एउटा विशिष्ट अवसर थियो ।

म्याग्लुङको किंवदन्ती

'म्याग्लुङ' पूर्वी नेपालको तेह्रथुम जिल्लाको म्याग्लुङ नामको थुमको नामसँग जोडिएको किंवदन्ती हो । किंवदन्तीहरू तथ्य र कल्पनाको संयोजनबाट बनेका हुन्छन् । परापूर्वकालमा माझकिरातका ढाक्रेहरू मुग्लानतिर हिँड्दा राति एउटा रूखमुनि बास बसेछन् र खानपिनका लागि तीनओटा ढुङ्गा जोडेर चुलो बनाई आगो बाल्न थालेछन् । अचानक एउटा ढुङ्गो हल्लिन थालेछ । एक जनाले आफ्नो खुकुरी झिकेर हल्लिरहेको ढुङ्गामाथि बजारेछ । ढुङ्गाबाट रगत निस्कन थालेछ । सबै डराएर भागभाग गरेछन् । पछि गाउँलेसमेत आएर हेर्दा त्यहाँ एउटा बिरालो 'म्याउ म्याउ' गर्दै घुमिरहेको देखेछन् । त्यस अचम्मको घटनापछि त्यस ठाउँको नाम म्याग्लुङ (ढुङ्गे बिरालो) भएछ । यस कथालाई पुनर्कथन गरेर जोशीले एउटा रमाइलो कथा बनाई पुनर्लेखन गरेका छन् । किरात प्रदेशमा ढुङ्गासँग जोडिएका मात्र पनि यस्ता अनेकौं किवदन्तीहरू पाइन्छन् ।

डोको : एक लोकसांस्कृतिक निबन्ध

सत्यमोहन जोशीको 'डोको' सुन्दर शैलीमा लेखिएको ललित निबन्ध हो । यसको विषयवस्तु लोकजीवनको अभिन्न अङ्गका रूपमा रहेको अत्यावश्यक भौतिक सामग्री डोको रहेको छ । यो बाँसका कप्टेरा चिरेर बनाएको भारी बोक्ने र मालसामान राख्ने साधन हो । यो बनाउन सीप चाहिन्छ । त्यसैले यो लोककलाको सामग्रीका रूपमा नेपाली भौतिक संस्कृतिको बहुउपयोगी उत्पादन पनि हो । यो नेपाली लोकजीवनसँग जोडिएको वस्तु भएकाले नेपाली लोकसंस्कृतिको भौतिक पक्षसँग सम्बद्ध विषय भए पनि लोकजीवनको अमूर्त संस्कृतिक सम्पदासँग यसको गहिरो नाता रहेको कुरालाई यस निबन्धका पङ्क्तिहरूले प्रमाणित गरेका छन् ।

नुवाकोट र गोरखाको सांस्कृतिक पर्यटन

सत्यमोहन जोशीका 'नुवाकोट भ्रमण' र 'गोरखा भ्रमण' यात्रा निबन्ध हुन् । एउटै शैलीमा लेखिएका यी निबन्धहरूमा लेखकले काठमाडौंदेखिको ९ कोस परको नुवाकोटको २६ कोस परको गोरखाको वातावरण, नगर परिवेश, मठ-मन्दिर र मूर्तिहरूको वर्णन गरेका छन् । उनी पर्यटकलाई झैं आफ्ना पाठकलाई पटक-पटक सम्बोधन गरेर देखाउँछन् । उदाहरणका रूपमा नुवाकोट भ्रमणको सुरु यसरी गर्छन्- 'पाल्नुस्, आज तपाईंहरूलाई उपत्यकाबाट ९ कोस टाढा पश्चिम १ नम्बरको मुख्य केन्द्र

स्थान नुवाकोटतिर लैजान लागेको छु । आफू बसिरहेको ठाउँमा मात्र कति उकुसमुकुस गरी बसिरहने ? बाहिरफेर पनि त एक-दुईचोटि डुल्नुपर्दछ' भन्दै उनी निबन्ध सुरु गर्छन् । नुवाकोट दरबार देखाउँदै उनी भन्छन्- 'उहिले-उहिले यस दरबार घरको नौ तला थियो रे ! मेरो विचारमा त यही नौ तला भएकोले यस ठाउँको नाउँ 'नवक्याथ' थियो होला र कालान्तरमा शब्द अपभ्रंश भएर नुवाकोट नाउँ रहन आएको होला । अहिलेको सातलले दरबार पृथ्वीनारायण शाहले बनाउन लगाएको देखिन्छ, ए, शिलापत्रै रहेछ । पढौँ न- 'पृथ्वीनारायण नृपतिना निर्मितं दुर्ग रत्नम् !' जे भए पनि यो नेपाल देशकै धन हो, कला हो, गौरव हो, इतिहास हो !'(जोशी २०१४,पृ. ४९)।

जोशीको अर्को भ्रमण निबन्ध हो- गोरखा भ्रमण । यो पनि त्यस्तै शैलीमा रचिएको छ । उनी सुरु गर्छन्- 'साथीहरू ! आज म तपाईहरूलाई गोरखातिर डुलाउन लैजान आँटेको छु । तयार हुनुस् त - गइहालूँ' (जोशी २०१४, पृ.१२७) । गोरखाको बजार, ढुङ्गे धाराहरू, मूर्ति, मन्दिर र शिवालयहरू, सालिक र शिलालेख देखाउँदै उनी कलाकारहरूको पनि प्रशंसा गर्छन् । गोरखा दरबार देखाउँदै उनी त्यसलाई सिंहदरबारभन्दा पनि राम्रो भन्छन् किनभने 'सिंहदरबारको बनोट बेलायतको बकिङ्घम प्यालेसको नक्कल हो तर गोरखा दरबारको कला शैली पूरै नेपाली छ' (उही पृ.१२८) । उनी दरबारबाट वरिपरिको दृश्य देखाउँछन् र बजार, टुँडिखेल, कालिकाको मन्दिर, गोरखनाथको गुफा, पृथ्वीनारायण शाहको दरबार देखाउँदै हनुमान्थान पुऱ्याउँछन् जहाँ लेखिएको छ - ...'काठमाडौँ दर्बार श्री हनुमान्ढोकादेखि गोर्खा दरबार श्री हनुमान्जीको स्थानसम्म पक्की कोस २६। (उही, पृ. १३५)।

लोकगीतले अनुप्राणित सत्यमोहन जोशीको जीवनदर्शन

सत्यमोहन जोशीले आफ्नो कविहृदयको परिचय १९९७ तिरै भँगेराको चिरीबिरी सुनेपछि आफ्नै मातृभाषामा 'चखुँचा हाःगु म्हे' (भँगेराले गाएको गीत) लेखेका थिए । यो उनको उत्तर किशोरकाल थियो । पछि गोरखा, लमजुङ र तनहुँतिर घुम्दा २००२ सालतिर उनले यस्तो लोकगीत सुनेः

के खायो के लायो होला ?
वनको जुरेली चरीले

नेपाली लोकगीतका यी गेडाहरूले उनलाई जीवनभरि सन्तोषपूर्वक जिउने बाटो देखायो ।

गोपीकृष्ण ढुङ्गानाले 'जुरेली जस्तै सन्तोषी' मा सत्यमोहन जोशीको जीवनदर्शन यसरी उद्धृत गरेका छन्- 'जुरेलीकै जीवनदर्शनमा आधारित भएर जुरेली जस्तै जीवन जिउन चाहन्छु ।...जुरेलीलाई झैँ मलाई पनि न भोलिको चिन्ता छ न त अहिलेकै ।' (ढुङ्गाना, २०६९ पृ.२७६)। अन्नपूर्ण फुर्सदका निम्ति रविन गिरीले २०७० को वैशाख २८ गते लिएको अन्तर्वार्तामा पनि जोशीको जीवनदर्शनबारे सोध्दा उनले जुरेली चरीको जीवनतिरै सङ्केत गरेका थिए । गिरी भन्छन्-'सत्यमोहनका लागि यो गीत परमार्थ सत्य हो ।' लोभ र पापरहितको जुरेली चरीको जीवनलाई आदर्श मान्ने जोशीलाई नेपालीहरूले उनका समयको वाङ्मय शताब्दी पुरुषका रूपमा सम्मानित गरे ।

लोकगीतका सङ्कलक सत्यमोहन जोशी

जोशीले हरिहर खनाललाई दिएको एउटा अन्तर्वार्तामा जीवनलाई 'दैलाको बत्ती' भनेका छन् । विजय सुब्बा र जीवनचन्द्र कोइरालासमेत रहेको त्यो 'गरिमा' साक्षात्कार हरिहर खनालको प्रस्तुतिमा

प्रकाशित छ । सरदार भीमबहादुर पाँडेले खडा गरेको औद्योगिक व्यापारिक समाचार सङ्ग्रह अड्डाको काममा गाउँतिर पुगेका सत्यमोहन जोशी भन्छन्-‘उनले (पाँडेले) हामीलाई जागिरे बनाएर गाउँमा लगे । गाउँघरमा सबै मानिसहरू जहाँतहीँ गीत गाउँथे । मलाई ती गीतले प्रभाव पारे । गाउँघरमा गाइने गीतलाई ती बेला ग्राम्य गीत भनिन्थ्यो । लोकगीतको चलन थिएन । पछि लोकगीतलाई ग्राम्यगीत भन्न थालियो । गाउँघरमा गाइने त्यस्ता गीतलाई मैले सङ्कलन गर्न थालेँ र ती ग्राम्यगीतकै नाममा छापिए’ (जोशी,२०७३,पृ. १०) । जोशीले ‘शारदा’ पत्रिकामा प्रकाशित ती गीतका उनी सङ्कलक मात्र हुन् भनेका छन् । यिनै र पछिका गीतहरूको अध्ययन, अनुसन्धान र सङ्कलन गरी लेखेका लेखहरूको पुस्तक ‘हाम्रो लोकसंस्कृति’का लागि प्राप्त मदन पुरस्कार लिँदा उनले दिएको भाषणमा ‘यो पुस्तकका गीतहरू मैने लेखेको होइन, सङ्कलन मात्र गरेको हुँ, तसर्थ यसको श्रेय गाउँघरमा गायकहरूलाई जान्छ’ भनेका हुन् (जोशी, उही)।

लोकगीतहरू लोकका सम्पत्ति हुन् । यी लोकसमुदायमा एक पुस्ताबाट अर्का पुस्तामा सर्दै आएका हुन् । यसैकारण यिनलाई लोकसाहित्य भनेको हो । यी मौखिक रूपमा सर्दै आएकाले यिनलाई मौखिक साहित्य पनि भनिन्छ । यिनलाई सङ्कलन गरेर लिखित रूप दिनेहरू लेखक होइनन्, सङ्कलक हुन् । कुनै व्यक्तिले सङ्कलन गरेको लोकगीत, लोकगाथा वा लोककथा उसको आफ्नो मात्र बन्दैन, अर्को व्यक्तिले पनि ती सामग्रीको सङ्कलन गर्न सक्छ र प्रकाशन गर्न पनि सक्छ । दुवै सङ्कलनहरूमा केही न केही फरक हुन्छ । समय, ठाउँ र प्रस्तोताअनुसार फरक हुनु नै लोकसाहित्यको विशेषता हो ।

लोकगीतका लेखक हुँदैनन् । यसकारण लोकगीतमा व्यक्तिको सर्वाधिकार हुँदैन । कतै लेखकको नाम भए पनि ती गौण हुन्छन् । एउटा डोटेली धार्मिक गीतको अन्त्यमा ‘भाट चन्दनले कविता बनाइछ कीरति रही जुग जाई’ भनिएको छ । यसमा भाट चन्दनको नाम आएको छ । केही भजनहरू, दोहाहरूमा यस्ता नाम जोडिएका पाइन्छन् । नेवार भाषाका केही गीतहरूमा पनि व्यक्तिका नाम जोडिएका हुन्छन् । जस्तै यसै लेखमा चर्चित मच्छिन्द्रनाथबारेको नेवार भाषाको गीतमा रणबहादुर शाहको नाम जोडिएको छ । भोजपुरी भाषाका महान् सन्त कबीरदासका दोहामा पनि उनको नाम जोडिएको पाइन्छ । तैपनि लोकसाहित्यमा नाम गौण नै हुन्छन् ।

लोकगीतको शैलीमा व्यक्तिले रचेका गीतलाई पनि लोकगीत भन्ने चलन छ, जस्तै धर्मराज थापा, अलि मियाँ, लक्ष्मण लोहनी आदि स्रष्टाका लोकगीतहरू । वर्तमान समयका लोक शैली गाउने गायकहरूले पनि रचनाकारका गीतहरू गाउने गर्छन् । लोकगीतका अन्वेषकहरू भने अज्ञात रचयिताका लोकगीतहरूको नै खोजी गर्छन् र तिनलाई सकेसम्म जस्ताको तस्तै आलेखन गर्छन् । स्रोतज्ञापन गर्दा गायक, वादक वा सामग्री उपलब्ध गराउने विवरण र अन्य सान्दर्भिक कुरा पनि आवश्यकतानुसार दिने गरिन्छ ।

जोशीको भनाइमा उनलाई ‘लमजुङको कर्पुटारमा गाइने ठाडो भाकाका गीत र त्यस वरपर का अरू गीतको सङ्कलन र प्रकाशनले माथि उठाएको हो’ । त्यहाँका देउबहादुर दुरा र पञ्चे सुब्बाको सम्झना गर्दै त्यस ठाडो भाकाको नमुना यसरी सुनाउँछन्-

खोलाको भनूँ दरशन ढुङ्गा भगवान् जस्तो छ
हातैमा औँठी छ, नभन्नु के छ ?
मुखैले भने ठिक्कै पार्ने

ऐ होला तेरो निरमायो जालो
हृदय कस्तो छ ?
बिहान उठी स्नानै गऱ्यो बाहुनी कायाले
बाह्र कोस धायो यति लामो बाटो आयो
हजुरको मायाले ।... (जोशी,२०७३, पृ.१३) ।

यी ७ पङ्क्तिहरू ९६ वर्षका सत्यमोहन जोशीले भनेर लेखाएका ५३ पङ्क्तिबाट जस्ताको तस्तै सारिएका हुन् । यस्ता पुराना भाकाका चरनहरू समयअनुसार परिवर्तित हुँदै आएका छन् । लोकभाकाका यी चरनहरू उनका स्मृतिमा रहिरहनु उनमा परेको लोकगीतको गहिरो प्रभावको द्योतक हो । भुजेलको 'ठाडो भाकाको लोकसांस्कृतिक इतिहास' पुस्तकको भूमिकामा जोशी लेख्छन्-'जुन बेला म पश्चिम ३ नं. लमजुङमै आफ्नो काममा थिएँ त्यस बेला लमजुङका गाउँघरमा आइमाईहरूले आफ्ना पीडा लोकगीतमा यसरी विरही भाका पाखापखेरा नै प्रतिध्वनित गरेर गाउने गरेको आज पनि सम्झेर ल्याउँदा झलझली हुने गर्दछ:-

'गाई पाल्यो रेलिमाई वनको बाघलाई
छोरो पायो रेलिमाई जर्मनको धावालाई ।'
'आजभोलि किन हो किन
मन त मेरो डाँडैको बतास !'
'नकरा वनको न्याउली
तिमीभन्दा म छु नि वैरागी' ।

यस्ता गीत सुनेपछि त्यस बेला जोशी निकै प्रभावित भए । उनलाई लाग्यो- 'लोकगीत भनेको मायापिरतीको मात्र गीत होइन रहेछ, लोकगीतले त अन्तरराष्ट्रिय क्षेत्रमा दोस्रो महायुद्धलाई पनि समेट्न पुग्दो रहेछ । विनाशकारी युद्धले कैयन् नेपाली युवाहरू जर्मनको तोपगोलाको सिकार बन्न पुगे । अनि लमजुङको रोदी घरमा पनि ठिटाठिटीहरूले आफ्ना भावनाहरू यसरी पोखेको सुने -

'लाहुरेको काँधैमा झोला
हान्छ क्या रे जर्मनले बमगोला ।'
'लाहुरेको फेसनै राम्रो
रातो रुमाल, खुकुरी भिरेको ।' (जोशी, भुजेल,२०७५,पृ. ७-८ बाट)।

पहिलो विश्वयुद्ध (सन् १९१४-१८) का समयमा दुई लाख नेपालीले लडेका थिए । बेलायतका तर्फबाट जर्मनसँग लड्दा ३०० भन्दा बढी नेपाली युद्धबन्दी भए । जर्मनीमा सन् १९१५ मा स्थापित 'रोयल पर्सियन फोनेटिक कमिसन'ले यी गोरखाली युद्धबन्दीहरूबाट भाषाका सामग्रीका रूपमा नेपाली भाषाका लोकगीत, लोककथा आदिको स्वराङ्कन १९१७ को मार्चमा गऱ्यो' (चूडाल २०७७, पृ. ३४)। स्वराङ्कन गरिएका लोकभाकामा लोकगीत, सिलोक, सवाई, ख्याली र सोरठीका अंश छन् । यसमा सङ्कलित लोकगीतहरूमा हाजिरमान राईका र त्यस समयमा प्रकाशित लहरी साहित्यका गीतका केही पङ्क्ति दोहोरिएको चर्चा पनि चुडाल (२०७७, पृ. ४३-४८) ले गरेकी छन् । यी गीतहरूले युद्धबन्दीका मनोभावलाई चित्रित गरेका छन् । जस्तै–

हातैमा राइफल कम्मरमा पेटी बन्दिलो भरुवा
कि मरिजाउँला जर्मनको देशमा कि बाँची फिरुँला । (चूडाल २०७७, पृ.११६)

यसरी नेपाली लोकगीत १०० वर्षभन्दा अघिको विश्वयुद्धका समयका देशान्तरमा पुगेको थियो ।

गाउँघरमा डुल्दा गीत गाएँ

छविरमण सिलवालसँगको भेटवार्तामा 'तपाईंले आफैँले गीत पनि गाउनुभयो ?' भनि सोध्दा जोशीले भने,'गाउँघरमा डुल्दा त गाएँ नि । त्यहाँ रहँदा-बस्दा सुनेका भाका अहिले सुन्दा पनि आनन्द लाग्छ । ठाडो भाका ज्यादै मीठो लाग्छ । लोकभाका नबुझेको भए, गाउँगाउँ नडुलेको भए, कसरी लोकसंस्कृतिलाई बुझ्न सकिन्थ्यो र ? 'माया रानीलाई ए लैजाने त आँधीखोले बाटो माया रानीलाई...' यस्ता भाकाहरू अहिले पनि कसैलाई थाहै छैन । यस्ता सुन्दर गीतहरू अहिले पनि निकै गाउन सक्छु म ।' (जोशी, २०७३, पृ. १९)।

छविरमण सिलवालसँगको भेटवार्तामा जोशी भन्छन्- गाउँघरमा गयो, सबैतिर गीत गाइरहने । घाँस काट्दा होस् या पँधेरामा होस् । चौतारीमा वा बारीमा जता पनि दोहोरी गाइरहने । म त शहरको ठिटो । हुँदाहुँदा एउटा गीत मेरो कानमा गुन्जियो ।

के खायो रेलिमाई के लायो होला
मेरो माया रेलिमाई जुरेली चरीले ।

यो गीत नै मेरो प्रेरणाको स्रोत बन्यो । यो गीतले मन छोएपछि मैले यस्ता लोकभाकालाई सङ्कलन गरेँ । रातभर जाग्राम बसेर भए पनि गीत सुनेर मैले पाण्डुलिपि तयार पारेँ र मदन पुरस्कार पनि पाएँ ।'(जोशी, २०७३. पृ.१८) ।

ललितपुरको लोकसाहित्य र संस्कृति

सत्यमोहन जोशीले आफ्नो 'कार्तिक नाचभित्रको लोक नाटक'मा प्रत्येक वर्षको कार्तिक महिनामा ललितपुरको डबलीमा हुने कार्तिक नाचबारे विस्तृत रूपमा चर्चा गरेका छन् । यो नाच ललितपुरका राजा सिद्धिनरसिंहका पालादेखि सुरु भएको मानिन्छ । सुरुमा एक हप्तासम्म विविध किसिमका प्रदर्शन गर्ने गरी थालिएको कार्तिक नाच पछि एक महिनासम्म पनि चल्यो र फेरि घटेर २ दिनमा सीमित भयो । यसलाई व्यवस्थित गरेर २०४७ मा आठदिने कार्यक्रमका रूपमा चलाउँदा यस प्रकारको रहेको थियो, '(१) बाथ लोकनाटक -च्वले खुदां, दां खुदां, झिन्निदां पायछि (२) बाथः लोकनाटक - भिंद्यः पूजा (३) उदाहरणअन्तर्गत कृष्ण र महादेवको युद्ध, शीताङ्गज्वर र विषम ज्वर युद्ध (४) उदाहरणअन्तर्गत देवी नृत्य (भैरव, महालक्ष्मी, कुमारी, ख्याक र कङ्काल नृत्य(५) भगवान् विष्णुको जलशयनी लीला(६) बराह अवतार नृत्य, (७) नृसिँह अवातार नृत्य(८) बौद्ध अवतार नृत्य (जोशी, २०४८, पृ.६) ।

जोशीले कार्तिक नाचका दुई पक्षको चर्चा गरेका छन् । ती हुन् - शास्त्रीय र लोकपक्ष । शास्त्रीय पक्षमा विभिन्न रागरागिनीअनुसारका वाद्यवादनका विभिन्न मुद्रासहितका नृत्यहरू तथा विशेष गरी कृष्णका कथा प्रस्तुत हुन्छन् । लोकपक्षमा बाथ प्याखँ अर्थात् बाठा मानिसहरूको कथामा आधारित प्रहसन प्रस्तुत हुन्छ । यो पछिल्लो पक्ष राजा श्रीनिवास मल्लका पालामा थपिएको भनिन्छ (जोशी,उही) । यसमा प्रमुख पात्र ३ जना हुन्छन्- जेठा, माहिला र कान्छा । यी यस नाचमा रहेका लोकमनोरञ्जन गर्ने नमुना पात्र हुन् ।

जोशीको एउटा अङ्ग्रजी भाषामा लेखिएको 'लिजेन्ड अफ ललितपुर ऐन्ड रिलेटेड टेल्स' शीर्षक ग्रन्थ ललितपुर महानगरपालिकाले सन् २००३ मा प्रकाशित गरेको छ । विशेष गरी अङ्ग्रेजी जान्ने पर्यटकहरूला लागि तयार गरिएको यस कृतिमा किंवदन्ती र सामाजिक महोत्सवहरू, ललितपुरको उत्पत्ति, एक झलकमा ललितपुर, ऐतिहासिक दरबारहरू, सानो सुनौला चरा, कालो बिरालोलाई लखेट्ने सुनौलो मुसो, रातो मच्छिन्द्रनाथको रहस्यपूर्ण भोटो, शृङ्गपर्वको परम्परा र उत्सव, ललितपुरमा नृत्य, नाटक र सङ्गीतको विशिष्ट सम्पदा, सपनाको नदी, अतिप्राकृतिक नागहरू, शिवरात्रि, दसैँ, इन्द्रजात्रा, नेपालसंवत्को कथा, भीमसेन मन्दिरको कथा, जीवित नायक बापचा जस्ता विषय रहेका छन् । ललितपुरका मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाको चर्चा गरिएको फोटोसहितको यो १२५ पृष्ठको कृति नेपाली लोकसंस्कृतिबारेको जोशीको अङ्ग्रेजी भाषाको ग्रन्थ हो ।

ललितपुरका राता मच्छिन्द्रनाथको कथा र जात्रा

नेवार भाषाको एउटा गाथाअनुसार भिक्षा नपाएपछि रिसाएका गोरखनाथले नौ नागलाई लुकाई उनैमाथि आसन जमाएर योगसाधनामा लागे । १२ वर्षसम्म पानी परेन । कर्कोटक नागलाई लिएर राजा नरेन्द्रदेव र बन्धुदत्त आचार्य उनका गुरु मच्छिन्द्रनाथलाई लिन कामरूप पुगे । नम्रतापूर्वक प्रार्थना गर्दै त्यहाँका राजासँग मागेर भमराको रूप धारण गरेका मच्छिन्द्रनाथ अर्थात् लोकनाथलाई कलशमा राखेर ललितपुर ल्याए । आफ्ना गुरु मच्छिन्द्र आएको थाहा पाई आसनबाट उठेर गुरुलाई अभिवादन गर्न गएपछि नौ नागहरू स्वतन्त्र भए । मुसलधार पानी पऱ्यो । बेला हेर्दै सबै धान रोप्न लागे । यसरी करुणामयले लोकको रक्षा गर्नुभयो । साउन लागेपछि सबैले भिक्षा दिन सक्ने भए । यस्तो पुण्य कार्यले गर्दा जनतालाई धेरै लाभ भयो । तिनीहरूको समुन्नति पनि भयो । वैशाख महिना आउनासाथ उनीहरूले आफ्ना आराध्य देवताको पूजा गर्न थाले । यसलाई नेपालसंवत् ९२१ (सन् १८०१) मा रणबहादुरले गाएको लोकनाथको गाथा भनिएको छ (जोशी २००३,पृ. ५८-६२) ।

ललितपुरका राता मच्छिन्द्रनाथलाई रथमा राखी सहर घुमाएर जात्रा मनाइन्छ । राता मच्छिन्द्रनाथको रथयात्रा दुई किसिमले गरिन्छ । प्रत्येक वर्ष गरिने रथयात्रा र बाह्र वर्षमा एक पटक गरिने रथयात्रा । प्रत्येक वर्ष गरिने रथयात्रा वैशाख महिनादेखि सुरु हुन्छ र दुई महिनाजति चल्छ । प्रत्येक वर्ष तानिने रथ पुलचोकमा र १२ वर्षमा एक पटक तानिने रथ बुङमतीमा बनाइन्छ । रथ तयार गर्दा यसका पाङ्ग्रा जोड्ने र खट बनाउने काम निकै होसियारीका साथ गरिन्छ । रथ बनाउन नयाँ सामानको प्रयोग गरिन्छ । रथको अगाडि लामा-लामा दुई काठ हुन्छन् । त्यसमा बलियो डोरी बाँधेर रथ तानिन्छ । मच्छिन्द्रनाथको रथयात्राभरि त्यो रथ नढलोस् भनी ध्यान पुऱ्याइन्छ वा ढल्यो भने अनिष्ट हुन्छ भन्ने जनविश्वास छ । रथलाई दायाँ र बायाँतिरबाट मोटो डोरीले तानिन्छ । जाउलाखेल पुऱ्याएपछि त्यहाँ रथलाई चार दिनसम्म राखिन्छ । पछिल्लो दिन सबभन्दा महत्त्वपूर्ण दिन हो । यसै दिन मच्छिन्द्रनाथको रथको चारैतिर घुमेर थरीथरीका रत्न जडिएको भोटो देखाइन्छ । अघि भोटो जात्रा हेर्न राजा र राजाका परिवार, मन्त्री र कर्मचारी सबै आउने गर्थे । अहिले पनि राष्ट्राध्यक्षसमेतको उपस्थितिमा यो भोटो जात्रा राष्ट्रिय पर्वका रूपमा मनाइन्छ । शैव, बौद्ध तथा प्रकृतिपूजकहरूले मान्ने र पूजा गर्ने श्री मच्छिन्द्रनाथ बहुधार्मिक नेपालका समन्वयवादी देवता हुन् । जनसमुदायबाट लोकनाथ भनी पूजा गरिने सहकालका देवता मच्छिन्द्रनाथ सबैका लोककल्याणकारी आराध्यदेव हुन् ।

सत्यमोहन जोशी : नेपाली सांस्कृतिक नवजागरणका नायक

पछिका दिनहरूमा सत्यमोहन जोशीले लोकसंस्कृतिबारेका विविध कार्यकलापहरूमा सहभागी हुने र मार्गनिर्देशन गर्ने काम गरे । युनेस्कोले सदस्य रास्ट्रहरूलाई अमूर्त सांस्कृतिक सम्पदाको संरक्षणका निम्ति गरेको अनुरोधलाई व्यवहारमा ल्याउने क्रममा उनले संस्कृति मन्त्रालयलाई मार्गनिर्देश गरे, संस्कृतिबारेका राष्ट्रिय र अन्तरराष्ट्रिय गोष्ठीहरूमा नेपाली संस्कृतिका विषयमा बोले र नेपालको सांस्कृतिक नीति बनाउने क्रममा उल्लेखनीय भूमिका निर्वाह गरे । उनी आजीवन संस्कृति र विशेष गरी लोकसंस्कृतिको अधययन, संरक्षण र संवर्धनमा लागिरहे । उनले पूर्वाञ्चल विश्वविद्यालयको दीक्षान्त भाषणमा मानव आत्मालाई भरणपोषण गर्न संस्कृति नभई हुँदैन भन्दै बहुसांस्कृतिक नेपालको विशेषता यसरी बताए- 'नेपालभरि यस्तै संस्कृतिको वजन छ, कतै रामायणकाल झल्कन्छ, कतै राजवंशीको सान छ, कतै थारूको, कतै शेर्पाको । जताततै विविध र गहन संस्कृतिको मुलुक हो हाम्रो, हामी नागरिकले बुझ्न सक्नुपर्छ । अझ शिक्षा दिनेले त संस्कृतिको गहिराइ र विविधता भित्रैदेखि बुझ्नुपर्‍यो' (जोशी, २०६९, पृ.२७) ।

कनकमणि दीक्षित (दीक्षित २०६९,पृ.२१-२४) सत्यमोहन जोशीको बहुमुखी कार्यकलापमा 'रेनासान्स व्यक्तित्व' देख्छन् । निश्चय नै उनी नेपाली लोकसंस्कृतिका क्षेत्रमा नवजागरणका नायक हुन् । उनीबाट तथ्यमा आधारित शोधखोजको सुरुवात भयो । उनी नेपाली पहिचानलाई संरक्षण र संवर्धन गर्न नेपालका सांस्कृतिक विविधतालाई समेटेर लोकगीत, लोकसाहित्य, मूर्तिकला, काष्टकला र मन्दिरहरूको अध्ययनमा लागिरहे । उनले नेपालमा र नेपालबाहिर चीनमा अध्यापन गर्दासमेत लोकसंस्कृति र लोकसाहित्यको अध्ययन र प्रवर्धनलाई निरन्तरता दिइरहे । पुरातत्त्व विभागका निर्देशक, नेपाल प्रज्ञाप्रतिष्ठानका सदस्य र सदस्यसचिव, नेपालभाषा एकेडमीका कुलपतिका रूपमा काम गर्दा र कुनै पदमा नरहँदा पनि उनी नेपाली संस्कृतिका विविध क्षेत्रको संवर्धनमा सक्रिय रहे । शताब्दी पुरुषका रूपमा १०३ वर्षको सक्रिय दीर्घ जीवनमा उनी लोकसंस्कृतिप्रति पूर्णरूपमा समर्पित रहे । उनकै प्रेरणा र प्रभावले नेपाली लोकसाहित्यको अध्ययन-अनुसन्धानमा नवजागरण आयो ।

सन्दर्भ

गिरी, जीवेन्द्र गिरी (२०६९), 'हाम्रो लोकसंस्कृति'ले नेपाली लोकगीतको केन्द्रीयतामा लोकवार्तामा छरेको प्रकाश', शब्द संयोजन, शताङ्क, पृ. ५४७-५६५ ।

चुडाल, अलका आत्रेय (२०७७), गोरखाली युद्धबन्दीका लोकभाका र कथा, काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

जोशी, सत्यमोहन (२०१४), हाम्रो लोकसंस्कृति, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

जोशी, सत्य मोहन (२०३९), नेपाली चाडपर्व, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

जोशी, सत्यमोहन (२०४८), 'कार्तिक-नाचभित्रको लोकनाटक', मधुपर्क २४.१ (पूर्णाङ्क २६४) २०४८ जेठ, पृ. ५-१२ ।

जोशी, सत्यमोहन (२०५३), 'लोकनाच गीतमा एक फन्को', मधुपर्क, २९.८, पूर्णाङ्क ३३८, पृ.९-११ ।

जोशी, सत्यमोहन / Joshi, Satya Mohan -2003_, Legends of Lalitpur and Related Tales, Lalitpur: Lok Sahitya Parishad.

जोशी, सत्यमोहन (२०६९), 'शिक्षा दिनेले संस्कृति बुझ्नुपर्‍यो', "जीवन र सिकाइ वार्ता", वार्ताकार कनकमणि दीक्षित), शिक्षक,५.५५, पृ. २६-२७ ।

जोशी, सत्यमोहन (२०७३), 'सनातनी धर्म संस्कृतिलाई हामीले जोगाउनै पर्छ', (भेटवार्ता : प्रस्तोता : छविकिरण सिलवाल), मधुपर्क ४९.६, पूर्णाङ्क ५६९, कार्तिक २०७३, पृ. १७-१९ ।

जोशी, सत्यमोहन (२०७३), 'जीवन दैलाको बत्ती रहेछ' (गरिमा साक्षात्कार, प्रस्तुति : हरिहर खनाल), गरिमा ३५.२, पूर्णाङ्क ३८१, पृ.७-१६।

ज्ञवाली, भगवानचन्द्र (२०६९), 'नेपाली लोकगीतका अध्ययनमा सत्यमोहन जोशीको योगदान', शब्द संयोजन शताङ्क, पृ. ६१४-२२ ।

ढुङ्गाना, गोपीकृष्ण (२०६९),"जुरेली जस्तै सन्तोषी" शब्द संयोजन, शताङ्क, २०६९ पृ. २७५-२७७।

पन्त, जयराज (२०६९) " सत्यमोहन जोशीको नेपाली चाडपर्व", शब्द संयोजन शताङ्क, पृ. ७७९-७९३।

दीक्षित, कनकमणि (२०६९),"एउटा 'रेनेसान्स' व्यक्तित्व सत्यमोहन जोशी', शिक्षक,५.५५, पृ. २१-२४ ।

भुजेल, लालबहादुर (२०७५) ठाडो भाकाको लोकसांस्कृतिक इतिहास, भक्तपुरः चाँगुनारायण साहित्यिक समाज ।

शर्मा, सम्झना (२०६९) " लिजेन्ड्स अफ ललितपुर ऐन्ड रिलेटेड टेल्स" शब्द संयोजन शताङ्क, पृ. ७७९-७९३ ।

■

सत्यमोहन जोशी :
नेपालमा समाजविज्ञान अन्वेषणका युगनायक

विहारीकृष्ण श्रेष्ठ

नेपालमा समाजविज्ञान अन्वेषणसम्बन्धी प्राज्ञिक क्षमताको बारेमा चर्चा गर्दा बाध्य भएर पुग्नुपर्ने निष्कर्ष के हो भने यहाँ किताबीय ज्ञान भएका प्राज्ञहरूको सङ्ख्या निरन्तर रूपले बढिरहेको भए तापनि त्यो ज्ञानलाई प्रयोग गरेर मुलुकले बेहोरिरहेका विभिन्न सामाजिक तथा आर्थिक समस्याहरूमाथि व्यावहारिक (Empirical) अन्वेषण गरेर समाज र राज्यलाई नीति तथा कार्यक्रमहरू तर्जुमा गर्न सहयोग पुऱ्याउने कुरामा हामी निकै नै पछाडि पर्दै आएका छौँ । हुन त नेपालमा २०१८ सालमा आफ्नै पहिलो विश्वविद्यालय, त्रिभुवन विश्वविद्यालय खुलेको पनि छ दशक भइसकेको छ, तैपनि समाजविज्ञानका क्षेत्रमा मुलुकको सामाजिक-आर्थिक विकाससम्बन्धी नीतिगत निर्णयका निम्ति उपयोगी हुने खँदिलो अनुसन्धान हुन सकेको देखिँदैन । यस्तो कठिन परिस्थितिमा पनि तत्कलीन नेपाल राजकीय प्रज्ञाप्रतिस्थानका सह-सदस्य सत्यमोहन जोशीले २०२६/२७ सालतिर नै त्यति बेलाको कर्णाली अञ्चल जस्तो दुर्गम क्षेत्रमा बहुआयामिक समाजविज्ञानको क्षेत्रगत अनुसन्धानको योजना तर्जुमा गर्नु र त्यसलाई सफलतापूर्वक कार्यान्वयन गर्नु यस क्षेत्रमा सर्वथा नयाँ इतिहासको प्रारम्भ गर्नु हो ।

तर गिरीश गिरीले हालै प्रकाशनमा ल्याएको सत्यमोहन जोशीको जीवनीमा उल्लेख भएजस्तो त्यति बेला प्रज्ञाप्रतिष्ठानभित्रै उहाँको त्यो प्रस्ताव अव्याहारिक मानिएको थियो तर उहाँको यस परिकल्पना सफल बनाइछोड्ने अठोटअनुरूप केकति प्रयास गर्नुभयो सोबारे उक्त पुस्तकमा विस्तृत रूपले वर्णन गरिएको छ । वास्तवमा उहाँको त्यति बेलाको त्यो अठोटको ऐतिहासिक महत्त्व सो अध्ययन पूरा भई पुस्तकहरू प्रकाशनमा आएर २०२८ सालको मदन पुरस्कार जस्तो सम्मानित पुरस्कारसमेत प्राप्त भएकोमा मात्र सीमित छैन । सो अध्ययनले समाजविज्ञानका क्षेत्रमा उजागर गरिएका तथ्यहरूले नेपालको शासकीय संरचनामा जुन योगदान दिएको छ, त्यसले पनि जोशीको सो प्रयासको ऐतिहासिकतालाई प्रमाणित गरिरहेको छ । यो ऐतिहासिकताको अर्को आयाम हो, यस अध्ययनले प्राचीन कालदेखिको जुम्ली सभ्यतामा निहित रहेको समाज सङ्गठन र सुशासनका सिाद्धन्तहरूलाई ठम्याएर तिनीहरूलाई आधुनिक नेपालको राज्य व्यवस्थापनलाई वास्तवमा जनमुखी बनाउनमा अति नै महत्त्वपूर्ण योगदान दिएको छ । अर्को शब्दमा भन्दा, यो अध्ययनले नेपालको वर्तमान सभ्यतालाई आफ्नै अतीत सभ्यतासँग जोड्ने एउटा कडीका रूपमा पनि काम गरेको छ । यस विषयमा तल थप चर्चा गरिनेछ ।

मानवशास्त्रीको खोजी

जोशीको यो प्रस्तावित कर्णाली अध्ययन बहुआयामिक र वैज्ञानिक थियो । सो अध्ययनमा उहाँले पाँचवटा विषय समावेश गर्नुभएको थियो भने ती सबै विषयहरू सोसम्बन्धी तालिमप्राप्त विषयविज्ञहरूबाट नै गराउने उद्देश्य लिनुभएको थियो । ती विषय हुन् : इतिहास, भूगोल, मानवशास्त्र, भाषासाहित्य र सङ्गीतकला । ती विषयमध्ये इतिहासको खोज जोशी स्वयम्ले लिनुभयो भने साहित्य, सङ्गीत र कला विषय त्यति बेला नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा नै कार्यरत विज्ञ प्रदीप रिमालले लिनुभएको थियो । भाषाको निम्ति त्रिभुवन विश्वबिद्यालय प्राध्यापक चूडामणि बन्धुलाई संलग्न गराउनुभएको थियो ।

तर त्यस बेला अरू विषयमा, जस्तो मानवशास्त्रको विषयमा नेपाली विज्ञहरू तयार भइसकेका थिएनन् । त्यति बेला २०२२ सालमा गृह पञ्चायत मन्त्रालयअन्तर्गत पञ्चायत विकास विभागमा काम गर्ने हामी शाखा अधिकृतहरू अमेरिकी छात्रवृत्तिअन्तर्गत अमेरिकाको मिचिगन राज्यमा अवस्थित मिचिगन स्टेट युनिभर्सिटीमा समाजशास्त्रको विषयमा एम्ए डिग्री स्तरको अध्ययन गर्न गएका थियौँ । तर त्यहाँ अध्ययन गर्ने सिलसिलामा हामीले मानवशास्त्रसम्बन्धी कोर्सहरू धेरै लिएको हुनाले हामीलाई मानवशास्त्र विभागमा सरुवा गरियो । अन्ततोगत्वा हामी सबै मानवशास्त्रको विषयमा एम्एको डिग्री बोकेर नेपाल फर्केका थियौँ । तर त्यति बेला नेपालमा एक त मानवशास्त्र भन्ने विषय पनि छ भन्ने कुरा बहुतै कमलाई मात्र थाहा थियो भने अर्कोतिर सरकारी कार्यालय, त्यसमा पनि गृह पञ्चायत मन्त्रालय जस्तो सरकारी कार्यालयले मानवशास्त्र जस्तो विषयमा आफ्ना कर्मचारीलाई अध्ययनमा पठाउँछ भन्ने कुरा कल्पना पनि गर्न सकिँदैनथ्यो । तर एकाएक एक दिन म कार्यालयमा हाजिर हुन जाँदा मन्त्रालयका कर्मचारी प्रशासन महाशाखाका सहसचिवले मलाई तपाईं मानवशास्त्री होइन ? नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट अनुरोध आएको छ, जुम्लामा अध्ययन गर्न जाने हो ? भनेर सोधे । मैले सो अवसरलाई सहर्ष स्विकारेँ र सोही दिन म सत्यमोहन जोशीको सम्पर्कमा पुगेँ । तर त्यति बेला नै मलाई जोशीले गृह मन्त्रालयमा माववशास्त्री काम गर्छ भन्ने कसरी थाहा भो भन्ने कुरा खट्किरहेको थियो । सो प्रश्न मैले धेरै वर्षपछि सोध्दा बल्ल थाहा भो कि उहाँले सो कुरा त्यति बेला नेपालमा पहिलो पटक अमेरिकी सहायता नियोगमा मानवशास्त्रसम्बन्धी काम गरिरहनुभएको डोरबहादुर बिष्टबाट पत्ता लगाउनुभएको रहेछ । संयोग यस्तो परेको थियो कि अमेरिकी सहायता नियोगमा डोरबहादुरको कार्यालयले नै उपरोक्त छात्रवृत्तिमा हामीलाई अमेरिका अध्ययनमा पठाएको थियो ।

अमेरिकी मानवशास्त्रीसँग स्थलगत अध्ययनको दीक्षा २०१८

यो थियो २६ सालको अन्त्यतिरको कुरा । सोभन्दा आठ वर्षपहिले २०१८ सालमा तत्कालीन त्रिभुवन ग्राम विकास विभागमा म नायब सुब्बाको रूपमा कार्यरत रहँदा मैले झन्डै एक वर्षको छुट्टी लिएर त्यति बेला अमेरिकाको क्यालिफोर्निया विश्वविद्यालयका प्राध्यापक डा. जोन हिचकक्को मानवशास्त्रीय अध्ययनमा सहयोगीका रूपमा काम गर्ने अवसर पाएको थिएँ । सो अध्ययनअन्तर्गत मगर समुदायको अध्ययनका निम्ति ३ महिना स्याङ्जा जिल्ला र छ महिना वाग्लुङको सुदूर पश्चिम क्षेत्र भुजीखोलमा सो अन्वेषणअन्तर्गत गाउँ अध्ययनमा भाग लिन मौका पाएको थिएँ र सो अन्वेषणमा प्रयोग भएको विधिले मेरो मनमा गहिरो छाप परेको थियो । सो अध्ययन सकिएपछि पनि म अन्वेषक डा. हिचकक्को सम्पर्कमा रहिरहने मौका पाएको थिएँ । यसले गर्दा कसरी मेरो सहयोगमा सङ्कलित जानकारी

बिस्तारैबिस्तारै मार्गहरूसम्बन्धी मानवशास्त्रीय पुस्तकमा परिणत भएको थियो, त्यो रूपान्तरणलाई प्रत्यक्ष रूपले अनुभव गर्ने मौका पाएको थिएँ ।

जुन बेला डा. हिचकक सो पुस्तक लेख्दै थिए, त्यति बेला म आफैँ पनि अमेरिकामा अध्ययनरत थिएँ । जसैजसै मैले उनको मसौदा पढ्दै गएँ, त्यसले म आफू पनि समाजविज्ञान अन्वेषणको विधिशास्त्र पढ्दै थिएँ । त्यसले गर्दा ती दुई अनुभवहरू जो आपसी तादात्म्य पनि मिलेको थियो । डा. हिचककसँग काम गरिसकेको त्यो अनुभवले मेरो अमेरिकाको अध्ययनमा पनि प्रत्यक्ष्य रूपले अनुकूल प्रभाव पारेको थियो । उदाहरणका रूपमा, सो विश्वविद्यालयको अध्ययनको एउटा अङ्गका रूपमा हामीलाई पनि त्यहाँको गाउँमा नै बसेर स्थलगत अध्ययन गरी त्यसको प्रतिवेदन लेख्नुपर्ने थियो । फलस्वरूप मैले पनि सो मिचिगन राज्यको हावेल (Howell) भन्ने गाउँमा दुई महिना बसी कक्षामा सिकेको विधि प्रयोग गरी आवश्यक तथ्याङ्क सङ्कलन गरी प्रतिवेदन लेखेको थिएँ । सामान्यतया अरू विद्यार्थीको जस्तै मेरो प्रतिवेदनले पनि स्वीकृति प्राप्त गरेको थियो ।

तर यस विषयमा असामान्य विशेष के भएको थियो भने, मैले प्रतिवेदन बुझाएको केही दिनपछि मेरो अन्वेषणको प्राध्यापक डा. इवाओ इशिनो (Iwao Ishino) म बसेको ठाउँमा आइपुगे । त्यति बेला म झन्डै ३० जनाजति बस्ने आफैँ व्यवस्थापन गर्ने सहकारी छात्राबासमा बस्थेँ । उनी आउनुको मतलब रहेछ, मैले गौमा अध्ययन गर्दा लिएको field note हरू मागेर लाने र त्यसको फोटोकपी गरेर उनको विभागमा अनुसन्धान गर्ने अरू मुलुकका विद्यार्थीहरूलाई नमुनाको रूपमा देखाउने । मेरो फिल्ड नोटहरू झन्डै ३०० पृष्ठका थिए होला । उनी भन्थे, मेरा नोटहरूले फिल्डमा कसरी जानकारी सङ्कलन गरी त्यसलाई विश्लेषण गरेर कसरी प्रतिवेदनका रूपमा प्रयोग गर्ने भन्ने कुरा मेरो प्रतिवेदनले राम्रोसँग प्रस्तुत गरेको थियो । वास्तवमा, त्यो नोट लिने तरिका मैले डा. हिचककबाट नै सिकेको थिएँ ।

जुम्लाको अन्वेषण

सत्यमोहन जोशीको नेतृत्वमा जुम्लाको बहुआयामिक अध्ययन २०२६।२७ सालमा सञ्चालन भएको थियो । त्यति बेला म काठमाडौँको नेवार केटो भए तापनि सो जुम्लाको अध्ययनका निम्ति जाँदासम्ममा मैले नेपालको पहाडी गाउँघरको निकै अनुभव हासिल गरिसकेको थिएँ । त्यसैले हाम्रो अध्ययनस्थल हाडसिञ्जा पुग्दा सो गाउँको सामाजिक, आर्थिक वास्तविकतामा प्रकाश पार्ने गरी आफ्नो अध्ययनको खाका तयार गरैँ । झन्डै १०० घरपरिवार भएको सो गाउँ विभिन्न जातहरूको समष्टि थियो । त्यसैले त्यहाँ हाम्रो एक महिनाजतिको मात्र बसाइ हुने भएको हुनाले सो सीमित अवधिभित्र सो समाजको बनावट र त्यसको गतिशीलताका क्षेत्रमा आधारभूत जानकारी परिचालन हुने गरी अध्ययन सञ्चालन भएको थियो । समग्रमा, सो अध्ययन जम्मा २१ घरको स्याम्पलमा आधारित रहेको थियो । त्यसभित्र त्यस गाउँका निवासी दुई किसिमका ठकुरीहरू, शाही र हमाल, कामी, (जसलाई त्यहाँ ओड कामी अथवा ओड मात्रै पनि भनिन्थ्यो) केही घर सार्की र केही घर दमाई समावेश गरिएको थियो ।

हामी त्यति बेला सो गाउँको सबभन्दा सम्पन्न परिवारसित साथ लागेको भए तापनि सुत्न, बस्नलगायतको भौतिक सुविधा अति नै सीमित थियो । तर अध्ययनमा संलग्न अन्वेषकहरूको उत्साहमा कमी नआओस् भनेर टोली नेता जोशी सधैँ नै प्रयत्न र चिन्तनशील रहनुहुन्थ्यो । सम्पूर्ण दृष्टिकोणबाट हेर्दा उहाँले हाम्रो एकै घरको परिवारको अभिभावकको भूमिका निर्वाह गर्नुभएको थियो, जसले गर्दा हामीलाई आ-आफ्नो अन्वेषण कार्यमा दत्तचित्त भई लागिरहने प्रेरणा मिलेको थियो ।

मेरो आफ्नै व्यक्तिगत अनुभवमा त जोशीसित अझ धेरै अनुगृहीत हुनुपर्ने बाध्यता छ । मेरो त्यस बेला लेख्न भनेपछि धेरै झर्को लाग्ने बानी थियो । व्यावसायिक लेखाइका निम्ति विभिन्न स्रोतबाट जुन जानकारीहरू एकत्रित गर्न आवश्यक हुन्छ, त्यो काम अति नै झर्को लाग्थ्यो । फलस्वरूप, कतिपय आवश्यक लेखहरूसमेत लेखिँदैनथ्यो । जुम्लाको फिल्ड अध्ययनपश्चात् पनि मेरो भागको कर्णाली लोकसंस्कृति तेस्रो खण्ड पनि नलेखिने बाटोतिर नै लागिरहेको थियो । तर जोशीको लगन र धैर्यको अगाडि मेरो केही चलेन । कुरा के भने, त्यति बेला काठमाडौँ डिल्लीबजारको चौबाटोनजिकै बस्थेँ र जोशीको घर पाटन र अफिस कमलादी । यसले गर्दा उहाँ अफिस जाँदा पनि र अफिसबाट फर्किंदा पनि मेरो घरमा एकछिन भए पनि पसेर ताकेता लगाउनुहुन्थ्यो । यसबाट उहाँ जस्तो मभन्दा पाको र श्रद्धायोग्य व्यक्तिले दिनदिनै यसरी दुःख पाएको देखेर मेरो घरकै परिवार मसँग बिद्रोहमा उत्रिने अवस्थामा पुगेको थियो । तर पछि गएर जब पुस्तक प्रकाशन भयो, त्यो पुस्तक नै मेरो तात्कालिक पदोन्नतिदेखि भविष्यको व्यावसायिक सफलताको आधारशिला साबित भएको थियो । यसका निम्ति म सत्यमोहन जोशीसमक्ष जति अनुगृहीत भए पनि त्यो अपुग नै रहनेछ ।

मुलुकको शासकीय स्वरूप परिवर्तनमा योगदान

हाडसिञ्जा गाउँको त्यो अध्ययनको सिलसिलामा सदियौँपहिले मल्ल राजाका पालामा निर्माण भई हालसम्मै पनि दुरुस्त रूपले सञ्चालनमा रहेको जचौरी कुलो नामको सिँचाइ व्यवस्था पनि अध्ययन गर्न पाइएको थियो । सो कुलोको सञ्चालन सम्पूर्ण रूपले स्थानीय साधन र स्थानीय व्यवस्थापन क्षमताबाट सञ्चालन हुँदै आएको थियो भने हालसम्म पनि यसरी नै सञ्चालनमा रहिआएको छ । यही कुलोले गर्दा नै हाडसिञ्जामा (जसको उचाइ समुद्र सतहभन्दा ७००० फिट माथि छ) त्यस्तो भौगोलिक परिवेशमा पनि धान खेती सम्भव भएको हो । यसलाई संसारकै सबैभन्दा उच्च धानखेतका रूपमा लिइन्छ । बर्खा याममा मात्र सञ्चालन हुने यो कुलोको सञ्चालन कुम्थीनामक उपभोक्ता (निर्वाचित कार्य समिति)ले गर्ने गरेको छ । विकास आयोजना सञ्चालनको कुनै पनि मापदण्डले हेर्दा पनि यो उच्चतम व्यवस्थापन नमुनाको रूपमा रहिआएको छ ।

त्यो बखत म स्वयं सरकारी कर्मचारी भएको र सरकारको विभिन्न नीतिनिर्माणमा भूमिका खेल्ने अवसर पाउँदा यही जचौरी कुलोको उपमाका आधारमा नेपालमा उपभोक्ता समूहको संस्थागत परिकल्पना गरी मुलुकको विकेन्द्रीकरण नीतिको आधारभूत संस्थाको रूपमा जन्म भएको हो । उपभोक्तासमूहले २०३९ सालको विकेन्द्रीकरण ऐनमा व्यवस्था भई सोही कानुनी मान्यताका आधारमा मुलुकभरि लागू हुन पुगेको हो । त्यसको केही वर्षपछि, यही अवधारणाका आधारमा २०४४ सालमा वन उपभोक्तासमूह र आमासमूहहरूको पनि देशव्यापी रूपले व्यवस्था हुन पुगेको हो । हाल मुलुक राजनीतिक विकृतिका कारण भ्रष्टाचारको दलदलमा फसेको भए तापनि, स्थानीय स्तरमा यी उपभोक्ताहरूकै स्वामित्व भएका संस्थाहरूका कारणले यी क्षेत्रमा जनता यथेष्ट रूपले लाभान्वित हुन पाएका छन् ।

अन्त्यमा, आजभन्दा आधा शताब्दीपहिलेको कठिन परिवेशमा तत्कालीन नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान सह-सदस्यको हैसियतमा सत्यमोहन जोशीले कर्णाली अञ्चल जस्तो अति दुर्गम क्षेत्रमा नेपाली अन्वेषकहरूकै माध्यमबाट समाजविज्ञान अध्ययनको आयोजना गर्नुभई नेपालमा सर्वथा नयाँ इतिहास रच्नुभएको छ भने अर्कोतिर मुलुकको विकासका क्षेत्रमा उपभोक्ताहरूकै स्वामित्व हुने विभिन्न संस्थाहरूको अवधारणा उजागर गरेर मुलुकलाई ठूलो गुन लगाउनुभएको छ । ■

नेपाली लोकसंस्कृतिमा सत्यमोहन जोशीको अनुसन्धान

प्रा.डा. माधव प्रसाद पोखरेल

सत्यमोहन जोशीका शोध कृति

सत्यमोहन जोशीले नेपाली, अङ्ग्रेजी र नेवार भाषामा आफ्ना कृतिहरू लेखेका छन्, तर यस शोधकर्ताले नेवार भाषा नबुझ्ने हुनाले यो पत्रको निष्कर्ष नेपाली र अङ्ग्रेजी भाषामा गरिएका उनका अनुसन्धानात्मक कृतिमा मात्र समेटिएको छ । नेपाली र अङ्ग्रेजी भाषामा लेखिएका उनका शोधग्रन्थ पनि झन्डै पच्चीसओटा भेटिएका छन् (www.madanpuraskar.org)। सातओटाजति विधामा बाँड्न सकिने ती शोधग्रन्थहरू नेपालको लोकपरम्परा र संस्कृतिसँग सम्बद्ध छन्, जस्तै–

१. लोकसाहित्य+संस्कृति

१) नेपाली लोकगीत एक अध्ययन (जोशी, नेपाली लोकगीत एक अध्ययन, २०११)

२) Legends of Lalitpur and related tales (Joshi, 2003)

३) Lalitpur ; A city of traditional dance, drama and music (जोशी, Lalitpur : A city of traditional dance, drama and music, २०७८)

२. लोकसंस्कृति

४) हाम्रो लोकसंस्कृति (जोशी, हाम्रो लोकसंस्कृति, २०१४)

५) कर्णाली लोकसंस्कृति (जोशी, सिंह, श्रेष्ठ, बन्धु,७ रिमाल, २०२८)

६) नेपाली चाडपर्व (जोशी, नेपाली चाडपर्व, २०३९)

७) नेवारहरूको महान् चाड म्हपूजा (जोशी, नेवारहरूको महान् चाड म्हपूजा, २०५५)

८) ललितपुर र कार्तिक नाचको पृष्ठभूमि (जोशी, ललितपुर र कार्तिक नाचको पृष्ठभूमि, २०७८)

३. पुरातत्त्व, इतिहास र कलासंस्कृति

९) नेपाली राष्ट्रिय मुद्रा (जोशी, नेपाली राष्ट्रिय मुद्रा, २०१९)

१०) पुरातत्त्व एक रोचक कथा (जोशी, पुरातत्त्व एक रोचक कथा, २०१९)

११) नेपाली मूर्तिकलाको विकासक्रम (जोशी, नेपाली मूर्तिकलाको विकासक्रम, २०३२)

१२) नेपाली धातुमूर्तिको विकासक्रम (जोशी, नेपाली धातुमूर्तिको विकासक्रम, २०३५)

१३) कलाकार अरनिको (जोशी, कलाकार अरनिको, २०४४)

१४) नेपाली चित्रकला (प्राचीन र मध्यकालीन पृष्ठभूमि)(जोशी, नेपाली चित्रकला, २०६९)

१५) नेपाली कलाको रूपरेखा(जोशी, नेपाली चित्रकला : प्राचीन र मध्यकालीन, २०७३)

४. संस्कृति

१६) सांस्कृतिक सम्पदा संरक्षण एक चुनौती (जोशी, सांस्कृतिक सम्पदा संरक्षण एक चुनौती, २०४३)

१७) केही धार्मिक र सांस्कृतिक सम्पदाहरू (जोशी, केही धार्मिक तथा सांस्कृतिक सम्पदाहरू, २०५९)

१८) सांस्कृतिक नीति : एक अध्ययन (जोशी, सांस्कृतिक नीति : एक अध्ययन, २०६०)

१९) केही धार्मिक तथा सांस्कृतिक सम्पदाहरू (जोशी, केही धार्मिक र सांस्कृतिक सम्पदाहरू, २०५९)

२०) नेपाल र चीनको सांस्कृतिक सम्बन्ध : प्राचीन कालदेखि अरनिकोसम्म (जोशी, नेपाल र चीनको सांस्कृतिक सम्बन्ध : प्राचीन कालदेखि अरनिकोसम्म, २०७८)

५. अनुवाद र समालोचना+साहित्य

१) माओ च तुङका कविता (जोशी, माओ च तुङका कविता, २०३३)

६. राजसंस्था र राजमुकुट

२) श्री ५ महेन्द्र अभिनन्दन ग्रन्थ (जोशी, श्री ५ महेन्द्र अभिनन्दन ग्रन्थ, २०२१)

३) महेन्द्र-स्मृति ग्रन्थ (जोशी, महेन्द्र स्मृति ग्रन्थ, २०२९)

४) राजमुकुट र राज्याभिषेक (जोशी, राजमुकुट र राज्याभिषेक, २०३१)

७. प्रज्ञाप्रतिष्ठान

५) (प्रज्ञाप्रतिष्ठानको) पञ्चवर्षीय योजना : एक मूल्याङ्कन (जोशी, (प्रज्ञाप्रतिष्ठानको) पञ्चवर्षीय योजना, २०२८)

सांस्कृतिक शोध विषयको विधागत विकासक्रम

सत्यमोहन जोशीका प्रकाशित कृतिहरूका आधारमा उनलाई राष्ट्रले 'संस्कृतिविद्' भन्ने उपनाम दिएको सार्थक देखिन्छ। उनको नेपाली भाषामा प्रकाशित पहिलो कृति नै 'नेपाली लोकगीत एक अध्ययन' (जोशी, नेपाली लोकगीत एक अध्ययन, २०११) भन्ने देखिन्छ। यसबाट लोकसाहित्य नै उनले रोजेको पहिलो विधा र त्यसअन्तर्गत पनि लोकगीत नै उनको सबभन्दा प्यारो विधा देखिन्छ। हरेक मान्छेको मातृभाषा नै सबभन्दा प्यारो भाषा भएकाले उनले गुनगुनाएका प्रथम लोकगीत नेवार भाषाकै हुनुपर्छ, त्यसैले नेपाली भाषामा पनि उनका प्रकाशनमा लोकगीतले नै होड जितेको देखिन्छ।

त्यसको झन्डै पचास वर्षपछि उनले अङ्ग्रेजी भाषामा ललितपुरका मिथक र लोककथा (Legends of Lalitpur and related tales (Joshi, 2003) प्रकाशित गरेको देखिन्छ। लोकसाहित्यका प्रकाशनको यस पाइलामा जोशीले लोकगीतबाट लोककथातिर फड्को हालेका छन्। हरेक मान्छेका चरित्रको आत्मा नै उसले बालखमा आमा, बाबु, हजुरबा र हजुरआमा र गुरुजनले सुनाएका मिथक र लोककथाबाट बनेको हुन्छ। जुन बालखले आफ्ना ती गुरुजनबाट लोककथा र मिथक सुन्न पाएन, त्यसले आफ्नो संस्कृति सिक्नै पाउँदैन। संस्कृतिमै जातीयता र राष्ट्रियता कुँदिएको हुन्छ; अनि संस्कृतिचाहिँ लोककथा र लोकपरम्परामा सहभागी भएर मात्र सिकिन्छ। अचेल आमाबाबुहरू आफ्ना सन्तानहरूलाई आफ्ना लोककथा सुनाउन र आफ्ना परम्परागत सांस्कृतिक गतिविधिमा भाग लिने कामलाई अविकसित, अवैज्ञानिक र अन्धविश्वासी ठहराएर सिकाउन मन पराउँदैनन् र अल्छी गर्छन्, त्यसैले आज नेपाली

मझेरीमा नेपालीकै जस्तो अनुहार र बान्कीभित्र विदेशी मन र आत्मा रोपिएका निकम्मा रोबोट बनाउन सकेकामा आमाबाबुहरू आफ्नो सफलता र पुरुषार्थ ठानेको देखिन्छ। हाम्रो शिक्षामा सांस्कृतिक शिक्षाको शून्य अनुपात देखिन्छ।

ललितपुरका लोकनृत्य, लोकनाटक र लोकसङ्गीतको चिनारी गराउने सत्यमोहन जोशीको तेस्रो कृति (जोशी, Lalitpur : A city of traditional dance, drama and music, २०७८) पनि प्रकाशित भएको छ। लोकनाटकमा लोकसंस्कृतिसँग सम्बद्ध समग्र समाजको एकीकृत सहभागिताको खाँचो पर्छ।

सत्यमोहन जोशीको कृति प्रकाशनको क्रममा लोकसाहित्यपछि लोकसंस्कृति देखा पर्छ। 'हाम्रो लोकसंस्कृति' (जोशी, हाम्रो लोकसंस्कृति, २०१४), कर्णाली लोकसंस्कृति (जोशी, सिंह, श्रेष्ठ, बन्धु,७ रिमाल, २०२८), नेपाली चाडपर्व (जोशी, नेपाली चाडपर्व, २०३९), नेवारहरूको महान् चाड म्हपूजा (जोशी, नेवारहरूको महान् चाड म्हपूजा, २०५५), र ललितपुर र कार्तिक नाचको पृष्ठभूमि (जोशी, ललितपुर र कार्तिक नाचको पृष्ठभूमि, २०७८) उनका यस विधाका कृति हुन्। यिनीहरूमध्ये 'कर्णाली लोकसंस्कृति' को अलग्गै महत्त्व छ र यो पत्र त्यसैको सेरोफेरोमा केन्द्रित छ।

प्रकाशनको क्रममा लोकसंस्कृतिपछि पुरातत्त्व, इतिहास र कला आए पनि सत्यमोहन जोशी लोकसंस्कृतिको केन्द्रीयतालाई छोड्न सक्तैनन्। नेपाली राष्ट्रिय मुद्रा (जोशी, नेपाली राष्ट्रिय मुद्रा, २०१९), पुरातत्त्व एक रोचक कथा (जोशी, पुरातत्त्व एक रोचक कथा, २०१९), नेपाली मूर्तिकलाको विकासक्रम (जोशी, नेपाली मूर्तिकलाको विकासक्रम, २०३२), नेपाली धातुमूर्तिको विकासक्रम (जोशी, नेपाली धातुमूर्तिको विकासक्रम, २०३५), कलाकार अरनिको (जोशी, कलाकार अरनिको, २०४४), नेपाली चित्रकला (प्राचीन र मध्यकालीन पृष्ठभूमि) (जोशी, नेपाली चित्रकला, २०६९) र नेपाली कलाको रूपरेखा (जोशी, नेपाली चित्रकला : प्राचीन र मध्यकालीन, २०७३) यस कोटीका कृति हुन्। नेपाली राष्ट्रिय मुद्रासित नेपालको पुरातत्त्व, कला, इतिहास, अर्थशास्त्र, आदि अनेक विषय लुँडिएर आउँछन्। 'पुरातत्त्व एक रोचक कथा' मा पुरातत्त्वको प्राविधिक विषय पनि सजिलो पारेर लेख्न सकिन्छ भन्ने देख्न सकिन्छ। सत्यमोहन जोशीले पुरातत्त्व विज्ञान पढेकै थिएनन्, तर कुनै बेलामा सरकारले उनैलाई पुरातत्त्व विभागको निर्देशक बनाइदिएको थिया`। यो किताब सम्भवतः त्यसै जिम्मेवारीको फल हो। नेपालका विश्वविद्यालयमा पुरातत्त्व विज्ञानको छुट्टै केन्द्रीय विभागै छैन। प्रयागराज शर्माबाहेक पुरातत्त्व विज्ञानमा पिएच्डी गर्ने अर्को नेपालीको नाम मैले सुनेको छैन। अहिलेसम्म नेपालमा भएका पुराताŒिवक आविष्कारमा मूलतः विदेशी पुरातत्त्व वैज्ञानिककै हात छ। जुम्लाको सिञ्जा खोला उपत्यकाको खस राजाहरूको इतिहास इटालीका पुरातत्त्व वैज्ञानिक ज्योसेप्पे टुची (Tucci, Preliminary report on two scientific expeditions in Nepal, 1956; Tucci, Nepal : The discovery of the Malla, 1962)ले फेला पारेका हुन्।

प्रकाशनको त्यसपछिको क्रममा सत्यमोहन जोशीको ध्यान नेपालका धार्मिक र सांस्कृतिक सम्पदा, तिनीहरूको संरक्षण, उत्थान, निर्माण र विकास र त्यसका लाग नेपाललाई चाहिने सांस्कृतिक नीति र नेपाल र छिमेकी देश (चीन) को सांस्कृतिक सम्बन्धमा केन्द्रित भएको पाइन्छ, जस्तै, सांस्कृतिक सम्पदा संरक्षण एक चुनौती (जोशी, सांस्कृतिक सम्पदा संरक्षण एक चुनौती, २०४३), केही धार्मिक र सांस्कृतिक सम्पदाहरू (जोशी, केही धार्मिक तथा सांस्कृतिक सम्पदाहरू, २०५९), सांस्कृतिक नीति : एक अध्ययन (जोशी, सांस्कृतिक नीति : एक अध्ययन, २०६०), केही धार्मिक तथा सांस्कृतिक सम्पदाहरू

(जोशी, केही धार्मिक र सांस्कृतिक सम्पदाहरू, २०५९) अनि नेपाल र चीनको सांस्कृतिक सम्बन्ध : प्राचीन कालदेखि अरनिकोसम्म (जोशी, नेपाल र चीनको सांस्कृतिक सम्बन्ध : प्राचीन कालदेखि अरनिकोसम्म, २०७८) । नेपाल र चीनबीचको सांस्कृतिक सम्बन्धमा सत्यमोहन जोशीले लिएको रुचि र दिएको महत्त्वले गर्दा नै जोशीले माउ च तुङका कविताको अनुवाद र समीक्षा पनि गरेका छन् (जोशी, माओ च तुङका कविता, २०३३) ।

सत्यमोहन जोशी नेपाल प्रज्ञाप्रतिष्ठानको सदस्यसचिव भएकै अवस्थामा नेपाली संस्कृतिको अर्को अभिन्न, महत्त्वपूर्ण र उल्लेखनीय अङ्गका रूपमा रहेको नेपालको राज्याभिषेक, राजा, राजमुकुट र राजसंस्थाबारे पनि उनले तीनओटा ग्रन्थको संयोजन, सम्पादन र प्रकाशनमा प्रमुख भूमिका खेलेको देखिन्छ, जस्तै, श्री ५ महेन्द्र अभिनन्दन ग्रन्थ (जोशी, श्री ५ महेन्द्र अभिनन्दन ग्रन्थ, २०२१), महेन्द्र स्मृति ग्रन्थ (जोशी, महेन्द्र स्मृति ग्रन्थ, २०२९) र राजमुकुट र राज्याभिषेक (जोशी, राजमुकुट र राज्याभिषेक, २०३१)।

(प्रज्ञाप्रतिष्ठानको) पञ्चवर्षीय योजना : एक मूल्याङ्कन (जोशी, (प्रज्ञाप्रतिष्ठानको) पञ्चवर्षीय योजना, २०२८) पनि सत्यमोहन जोशीको त्यसै भूमिकाको पदीय उत्पादन हो ।

सारांशमा, सत्यमोहन जोशीको प्राण र योगदान नै नेपाली संस्कृति र त्यसको सेरोफेरो देखिने हुनाले नै राष्ट्रले उनलाई संस्कृतिविद् भन्ने उपाधि दिएको रहेछ भन्ने उनका अनुसन्धानात्मक कृतिहरूको सामान्य समीक्षा गर्दा चाल पाइन्छ ।

कर्णाली लोकसंस्कृतिको शोधविधि

सत्यमोहन जोशी नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा सदस्यसचिव भएका बेलामा उनले कर्णाली अञ्चलको जुम्ला जिल्लाअन्तर्गत सिञ्जा खोला उपत्यकाको लोकसंस्कृतिको अनुसन्धान सर्वेक्षण गर्ने एउटा परियोजना बनाए । इटालीका पुरातत्त्वविद् ज्योसेप्पे टुचीले सिञ्जा खोला उपत्यकामा खस साम्राज्यको पुरातात्त्विक इतिहास फेला परेको त्यस बेला (२०२७) झन्डै पन्ध्र वर्ष भएको थियो । सिञ्जाको पुरातात्त्विक इतिहास फेला पर्नुभन्दा अघिसम्म नेपालीहरू काठमाडौंको इतिहासलाई नै 'नेपालको इतिहास' भन्न बानी परेका थिए । सत्यमोहन जोशीले त्यही सिञ्जा खोला भेगको लोकताŒवक इतिहासको स्थलगत सर्वेक्षण गरेर त्यहाँको लोकपरम्पराको वस्तुगत एकीकृत जानकारी बटुल्ने उद्देश्यले 'कर्णाली लोकसंस्कृति' भन्ने एउटा परियोजना बनाए । त्यस सामूहिक स्थलगत अनुसन्धानमा उनले पाँचओटा विभिन्न पक्ष ठम्याए, जस्तै–

कर्णाली लोकसंस्कृति

१. सत्यमोहन जोशी (इतिहास)
२. स्थिरजङ्गबहादुर सिंह (भूगोल)
३. विहारीकृष्ण श्रेष्ठ (समाज)
४. चूडामणि बन्धु (भाषा)
५. प्रदीप रिमाल (लोकसाहित्य)

त्यति बेला सिञ्जा खोला उपत्यकामा पुग्ने कुनै यातायातको साधन र मोटर बाटो थिएन, तर ती पाँचै जना अनुसन्धानले सीमित अवधिमा सिञ्जामा गरेको स्थलगत अनुसन्धानका पाँचओटा प्रतिवेदनहरू

पाँचओटा पुस्तकका रूपमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट प्रकाशित भए । ती पाँचैओटा किताबले एकीकृत रूपमा २०२८ सालको मदन पुरस्कार पाए ।

नेपाल प्रज्ञाप्रतिष्ठानको इतिहासमा यस्तो एकीकृत सामूहिक स्थलगत अनुसन्धान फेरि भएको र त्यस्तै सफलता पाएको अर्को इतिहास छैन ।

सन्दर्भ सामग्री

Joshi, S. M. (2003). Legends of Lalitpur and related tales. KathmanduM Ratna Pustak Bhandar.

Tucci, G. (1956). Preliminary report on two scientific expeditions in Nepal. RomeM Instituto Italiano.

Tucci, G. (1962). NepalM The discovery of the Malla. LondonM George Allen & Unwin.

जोशी, स. (२०११).नेपाली लोकगीत एक अध्ययन.ललितपुरः लोकगीत अध्ययन विभाग.

जोशी, स. (२०१४).हाम्रो लोकसंस्कृति.काठमाडौँः रत्न पुस्तक भण्डार.

जोशी, स. (२०१९).नेपाली राष्ट्रिय मुद्रा.ललितपुरः जगदम्बा प्रकाशन.

जोशी, स. (२०१९).पुरातत्त्व एक रोचक कथा.ललितपुरः जगदम्बा प्रकाशन.

जोशी, स. (Ed.). (२०२१).श्री ५ महेन्द्र अभिनन्दन ग्रन्थ.काठमाडौँः नेपाली साहित्य भण्डार.

जोशी, स. (२०२८).(प्रज्ञाप्रतिष्ठानको) पञ्चवर्षीय योजना.काठमाडौँः नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान.

जोशी, स. (Ed.). (२०२९).महेन्द्र स्मृति ग्रन्थ.काठमाडौँः नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान.

जोशी, स. (२०३१).राजमुकुट र राज्याभिषेक.काठमाडौँः श्री ५ को सरकार सूचना संस्कृति विभाग.

जोशी, स. (२०३२).नेपाली मूर्तिकलाको विकासक्रम.काठमाडौँः नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान.

जोशी, स. (२०३३).माओ च तुङका कविता.ललितपुरः जनप्रिय पुस्तक भण्डार.

जोशी, स. (२०३५).नेपाली धातुमूर्तिको विकासक्रम.काठमाडौँः नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान.

जोशी, स. (२०३९).नेपाली चाडपर्व.काठमाडौँः नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान.

जोशी, स. (२०४३).सांस्कृतिक सम्पदा संरक्षण एक चुनौती.काठमाडौँः नेपाल हेरिटेज सोसाइटी.

जोशी, स. (२०४४).कलाकार अरनिको.काठमाडौँः विजय गजानन्द वैद्य.

जोशी, स. (२०५५).नेवारहरूको महान् चाड म्हपूजा.काठमाडाः लोकसाहित्य परिषद्.

जोशी, स. (२०५९).केही धार्मिक तथा सांस्कृतिक सम्पदाहरू.भक्तपुरः श्री ५ को सरकार पाठ्यक्रम विकास केन्द्र.

जोशी, स. (२०५९).केही धार्मिक र सांस्कृतिक सम्पदाहरू.काठमाडौँः श्री ५ को सरकार पाठ्यक्रम विकास केन्द्र.

जोशी, स. (२०६०).सांस्कृतिक नीति : एक अध्ययन.काठमाडौँः लोकसाहित्य परिषद्.

जोशी, स. (२०६९).नेपाली चित्रकला.काठमाडौँः नेपाल कला परिषद्.

जोशी, स. (२०७३).नेपाली चित्रकला : प्राचीन र मध्यकालीन.काठमाडौँः बुक आर्ट नेपाल.

जोशी, स. (२०७८).Lalitpur : A city of traditional dance, drama and music. ललितपुरः वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशी जन्म शताब्दी समारोह समिति.

जोशी, स. (२०७८).नेपाल र चीनको सांस्कृतिक सम्बन्ध : प्राचीन कालदेखि अरनिकोसम्म.ललितपुरः वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशी जन्म शताब्दी महोत्सव समिति.

जोशी, स. (२०७८).ललितपुर र कार्तिक नाचको पृष्ठभूमि.ललितपुरः वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशी जन्म शताब्दी महोत्सव समिति.

जोशी, स., सिंह, स., श्रेष्ठ, ब., बन्धु, च., & रिमाल, प. (२०२८).कर्णाली लोकसंस्कृति (Vol. १). (स. जोशी, Ed.) काठमाडौँः नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान.

नेपालको सम्पदाक्षेत्रमा शताब्दी पुरुष सत्यमोहन जोशीको योगदान समीक्षा

प्रा.डा. प्रेमकुमार खत्री

१. पृष्ठभूमि

एउटा निश्चित समयावधिभित्र एक, दुई, तीन वा बढी कामका लागि गृहकार्य गर्नु, टाल्न नसिकने अनुरोधलाई पनि निर्देशनका रूपमा ग्रहण गर्नु, 'नाइँ म गर्दिनँ' भन्ने आदत बसाल्न नसक्नु वा नचाहनु कहिलेकहीँ हाँकपूर्ण हुन्छ ।

कतैबाट केही लेख्ने निर्देशन पाइएको हो भने ता नाइँ भन्ने अवस्था नै आउन दिनु हुन्न भन्ने यस पङ्क्तिकारको सोच रहिआएको छ । अनि लेख्नुपर्ने विषय ठूलो गरुङ्गो र महत्त्वपूर्ण पनि छ भने ता निश्चित आकारप्रकारमा त्यसलाई ढालेर समापन गर्नु पनि तीक्ष्ण सोच, दृष्टिशक्ति र कलमशक्ति नभई ठीकठीकैको क्षमतायुक्त मानवका लागि ठूलै हाँक हुन जान्छ ।

माथि रहेको यस लेखको शीर्षकले यस्ता केही हाँक उब्जायो तर लेख्ने जमर्को गर्नैपर्ने अवस्था आयो । पहिला ता म्युजिक नेपालसितको नाता म जस्ता संस्कृति विषयका विद्यार्थीका लागि सहज र स्वाभाविक रहेको छ । यस सम्बन्धको इतिहास पनि ठीकैको लामो भएको छ । दोस्रो, अझै महत्त्वपूर्ण ता स्व. सत्यमोहन जोशीको गुण उहाँ बितेपछि नै सही तर तिर्ने समय जुरेको छ । तेस्रो, आदरणीय व्यक्तित्वका लागि लेख्नु पाउनु, उहाँसित व्यतीत भएका विगत लामो समयदेखिका सम्बन्धका केही पाटाका स्मरण गर्न पाउनु पनि असल संयोग भएको छ ।

पहिलो गुण तिर्ने कुरालाई प्रस्ट पारौँ ।

यो एक निजी कुरा हो तर लेखनसित जोडिएको हुनाले यसलाई उल्लेख गर्ने मनसुवा भयो ।

२. केही निजी प्रसङ्ग

करिब पाँच वर्षअघिको कुरा हो । मेरो पुस्तक **नेपाली संस्कृतिको इतिवृत्त** भाग १ (सामाजिक-सांस्कृतिक) यस लेखकको प्रकाशोन्मुख (विगत पाँच वर्षदेखि रत्न पुस्तकको न्यानो पोल्टामा रहेको) समापनउन्मुख थियो । प्रकाशक रत्न पुस्तक भण्डारसित कुरा मिलेकाले प्रकाशककै इच्छामुताबिक अनुक्रमाणिका वा ग्लसरी मात्र पूरा हुन बाँकी थियो । पुस्तकको अनुसूची खण्डमा केही संस्कृतिविद्हरूलाई

नेपाली संस्कृतिको वर्तमान अवस्था र तिनमा देखिएका संरक्षण समस्या, दायित्वबारे तीन प्रश्नका उत्तरका लागि सम्पर्क गरियो । उत्तर पनि आउन थाले । उत्तरदाताहरूको अग्रभागमा समादरणीय सत्यमोहन जोशीलाई स्थान दिन सर्म्पक भेट गर्दा उहाँ तत्कालै राजी हुनुभयो ।

कृतिका दस अध्याय तयार भएपछि वाङ्मय पुरुष, संस्कृतिका महागुरुसितको निकटताका कारण उहाँलाई पहिलो र अन्य केही महिला जनजाति संस्कृति साधक आदि समावेश गरेर विचारमञ्च बनाई संस्कृतिबारे तीन प्रश्न राखियो, ती यस्ता थिए-

१. नेपालको संस्कृतिको अहिलेको अवस्थालाई कसरी हेर्नुभएको छ ?

२. संस्कृतिका क्षेत्रमा तपाईंले गर्नुभएका मुख्य काम, जसको जानकारी अरुका लागि आवश्यक छ, ती के हुन् ?

३. नेपाल सरकारले गरेका संस्कृतिसम्बन्धी कार्यलाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ?

केही हप्तापछि उत्तर तयार भएको खबर आयो ।

आफ्ना अति सुन्दर हस्ताक्षरमा केरमेट नगरी तीन उत्तर भएको कागज लिँदा छक्क परेँ । कागजबाहिर 'सेवामा, डा. प्रेमकुमार खत्री' लेखिएको थियो । मैले सेवामा भन्ने शब्द नराख्न अनुरोध गरेँ ।

'त्यो मैले विचार गरेरै लेखेँ रहन दिनुहोस्' भन्नुभयो ।

सारसङ्क्षेपमा उहाँको भनाइ थियो -

नेपाली संस्कृतिको विशेषता- हिजो होस् वा आज विविधता हो । यसभित्र नै एकताका आधार पनि छन् । अहिले मुलुकको सस्कृति नीति,२०६७, हामीसँग छ । यसको कार्यान्वयन आवश्यक छ ।

राष्ट्रको विकासमा संस्कृतिको स्थान महत्त्वपूर्ण छ । सरकारले यो काम गरिआएको पनि छ । संस्कृति भनेको असल, परिष्कृत व्यवहार र जीवनशैली हो । यसको संरक्षणमा सरकारले सबै खाले टेवा पुऱ्याउनु आवश्यक छ भन्ने उहाँको थेसिस थियो ।

यस उत्तरको पूर्णपाठ प्रकाशोन्मुख कृतिमा परेकाले यसमा त्यसलाई समावेश गरिएन ।

सुन्दर हस्तलिपिमा लेखिएका उत्तर मेरा र पाठकका लागि चित्ताकर्षक र पठनीय रहेका छन् । उहाँले स्वर्गबाटै त्यो अङ्केको पुस्तक प्रकाशित होस् भनिदिए मृत्योपरान्त आशिष् मलाई प्राप्त हुँदो हो भन्ने लाग्छ ।

प्रश्नका उत्तर दिँदै मौखिक रूपमा 'तपाईंसित एउटा थप आग्रह छ' भन्दै उहाँले भन्नुभयो, 'यो पटक तपाई प्रज्ञाप्रतिष्ठानको नेतृत्वमा बस्नुपर्छ ।' यसमा आवश्यक परेको सहयोग गर्न उहाँ तयार हुनुहुन्छ भन्ने पनि आशय थियो यद्यपि यसमा म आफैँ भने उहाँको सदाशयमुताविक इच्छुक र आशावादी नभएकाले यसतर्फ ध्यान नदिने बरु प्रज्ञाका र आफ्ना कृति शृङ्खला र **मधेस दर्पण**को ऐतिहासिक कामलाई पूर्णता दिने अठोट गरेको कुरा उहाँसमक्ष राखेँ ।

उहाँ जस्ता धेरै शुभेच्छुकलाई मैले दिने जबाफमा लगभग यस्तै भाका र लय रहने गरेको छ । जहाँ जानु छैन, त्यताको बाटो सोध्ने वा जीवनमा स्वास्थ्यको भूमिका महत्त्वको भएकाले स्वास्थ्यकै लागि पनि बाहिर नाइँ-नाइँ भन्दै भित्र सुटुक्क होचाअग्ला ढोकाहरू चहार्ने गरिएन । यो प्रज्ञाप्रतिष्ठान नजिक बसेर बिताएका तीन दशकको इतिहासको अनुभव हो । त्यस्ता, भाग्यमानी बस्ने कुर्सीमा बस्न नेपालमा जन्मेर मात्र पुग्दैन, राजनीतिक दलमा पनि पुनर्जन्म लिनुपर्छ, न्वारान र उपनयन हुनुपर्छ भन्ने देखिएको छ ।

यस लेखमा लेखक जुन शैलीमा प्रस्तुत भएको छ वा हुने चेष्टा गरेको छ, त्यो सबै पाठकक लागि रुचिकर नहुन पनि सक्छ । यस आत्मस्वीकृतिको बिन्दुबाट यो लेख अघि बढ्नेछ । यो शैली भनेको अलि ठाडो, झर्रा (निजपरक पनि) भएको छ । यो सर्वथा अपाच्य भने छैन भन्ने लेखकको अर्को बिन्दु हो । यहाँ जति अक्षरहरू छरिनेछन् ती यिनै दुई बिन्दुबीचका अभिव्यक्ति हुन् ।

३. सम्पदाका जीवित धरोहर सत्यमोहन जोशी

यस लेखका केन्द्र विषय- सत्यमोहन जोशी । पूरा नाम *वाङ्मय पुरुषश्री सत्यमोहन जोशी* । उहाँ एउटा विशिष्ट व्यक्ति मात्र नभए एउटा संस्था हुनुहुन्थ्यो । यो सरकारदेखि लिएर उहाँ संलग्न सङ्घ-संस्था, उहाँका योगदान रहेका विद्याविविध र उहाँका सङ्कलनदेखि फुटकर ज्ञान अभिव्यक्ति, साझेदारीलगायतको परिशीलनबाट थाहा पाइने विषय हो । व्यक्ति निजत्वको अभिव्यक्ति र पहिचान हो । तर संस्था सार्वजनिक हुन्छ । उहाँ पनि कतै व्यक्ति र कतै संस्था भएरै आजीवन रहनुभयो । हिँडिरहनुभयो । लेखिरहनुभयो । बोलिरहनुभयो । जीवनको लगभग अन्तिम प्रश्वाससम्म उहाँलाई माता सरस्वतीबाट आजीवन, अक्षुण्ण साधना वरदान रहेको देखियो ।

प्रस्तुत लेखमा (स्व.) सत्यमोहन जोशीको साथसङ्गत, भलाकुसारी, वैचारिक आदान-प्रदान खास गरी आशीर्वाद शैलीका राय-विचार र उहाँका कृतिहरूको अवलोकन मिश्रित विवरण हुनेछ । त्यसैले माथि नै भनियो- यी कतिपय विवरण अपाच्य हुनेछन् । यस लेखमा उहाँलाई संस्कृति र सम्पदाविज्ञभन्दा पनि यी क्षेत्रका *महागुरु* भन्नु उपयुक्त हुनेछ । *शताब्दी वाङ्मय पुरुष* उपाधिले यही विषयको, उहाँको समग्र ज्ञानसागरको प्रतिनिधित्व गरेको छ ।

जोशीज्यूका सान्निध्यमा हुँदा वा सार्वजनिक रूपमा पनि उहाँले आफ्नो संस्कृति विषयसितको लगाव र त्यसले माथि उक्लिन बनाएको (थाहा नपाई) सिँढीबारे उहाँ बताउनुहुन्थ्यो । कसरी उहाँलाई कास्की लमजुङ क्षेत्रका लोकगीत सङ्गीत बटुल्ने अवसर प्राप्त भएको थियो । आफ्नै पद्धति, बिनाउपकरण, उहाँले गीतका बोलहरू वा गीत धुनहरू टिप्दै एउटा प्रतिवेदन तयार गर्नुभयो । त्यसबाट उहाँको लोकसंस्कृति अध्ययन अभिलेखीकरण अभियानको थालनी भयो । जसलाई लगत्तै पछि धर्मराज थापाको महान् कृति लोकसंस्कृतिको घेरामा कास्की लमजुङ (?) बाट श्रीवृद्धि र अलिमियाँ जस्ता साधकबाट गायन पक्षको समेत स्वरूप बाहिरिँदा त्यो क्षेत्र होइन समस्त साधक, पाठक, श्रोताले धन्य हुन पाएका थिए ।

आफ्नो जीवनका आरोहका थालनीमा गरेका कामविविधबारे बेलाबेलाका भाषण, वार्ता आदिबाट स्पस्ट पार्नुभएको छ ।

उहाँले भन्ने गर्नुभएका कामको बयानसूत्र यस्ता थिए-

नेपाली लोकसंस्कृतिको अङ्ग लोकगीतको सङ्कलन गरियो । २०१६ सालमा पुरातत्त्व विभागको प्रमुख भएर काम गरियो । लोकगीत सङ्कलनबाट जीवनमै परिवर्तन आएको महसुस भयो भने पुरातत्त्वमा रहेर पनि कला वास्तुकलाको क्षेत्रमा, सङ्ग्रहालयको विकासका लागि काम गरियो । पहिलो कामका लागि वि.सं. २०१४ मा मदन पुरस्कार पाइयो । यसप्रतिको रुचिमा लोकसंस्कृतिले स्थान पायो । यो जीवनभरि कायम रह्यो । जुम्ला अध्ययन पनि यसकै परिणाम थियो ।

४. राजाको काम र लोकसंस्कृतिमा दृष्टि एकसाथ

उच्च साहित्यिक-सांस्कृतिक प्रतिभाका धनी सत्यमोहन जोशीले राणाकालको जागिरको एक बिसौनीमा गर्नुभएका कामले पछि उहाँलाई संस्कृतिका क्षेत्रमा तानेरै राख्यो । उहाँलाई सुरक्षासहितको दौडाहा हाकिमको दायित्व दिइयो र गण्डकी क्षेत्र उहाँको जिम्मामा थियो ।

सत्यमोहन जोशीको गण्डकी भ्रमणबारेको यो प्रसङ्ग उहाँले बेलाबेलामा आफ्नो अनुभवबारे दिनुभएको प्रवचन र उहाँका जीवनीबाट साभार गरिएको छ ।

यस अभियानमा जोशीका काम त्यस भेकका जनताको आर्थिक सामाजिक अवस्था, आयका स्रोत जागिरको अवस्था आदि राणाकालीन शासनको दौडाहा प्रकृतिको थियो । तर उहाँले लमजुङ भेकका महिला-पुरुष, घाँसे-दाउरेका स्वतःस्फूर्त कविल गायनशक्तिको जायजा लिन पाउनुभयो । यो कुरा उहाँले आधा लेखन र प्रवचनमा पनि पटक-पटक उल्लेख गुर्नभएको छ । गाउँघरका लोकधुन सङ्गीतले जीवन बोल्छन् । यी मर्म र तथ्य बुझेका जोशीले गीत सङ्कलनकै लागि थप समय दिएर कास्की र तनहुँको लोकजीवन र लोकगाथा-गीत-लयका परिवेश र प्रस्तुति शैलीबारे थप ज्ञान अनुभव हासिल गरी त्यस क्षेत्र र पछि प्रकारान्तरले नेपाली लोकसाहित्य, लोकगाथा र जीवन दर्शनबारे अनुभव हासिल गर्नुभयो । जोशीलाई मन परेको एउटा भाका यस्तो थियो, जसलाई दोहोऱ्याई-दोहोऱ्याई भन्न उहाँलाई झर्को लाग्दैनथ्यो । जुन तथ्य उहाँलाई सुनेका-पढेका पाठक श्रोतालाई अवगत छ । यसलाई पुनः एक पटक उल्लेख गरौँ-

नकरा वनको न्याउली

तिमीभन्दा म छु वैरागी । (उद्धृतः नरेन्द्रराज प्रसाई, २०७२ : ८८)

यो विरहभाव त्यस क्षेत्रका महिलाहरूको थियो, जसलाई उनीहरू वनपाखामा व्यक्त गर्थे । जोशीको कानमा यो पऱ्यो र बडो यत्नसाथ उहाँले यसलाई गाउँले महिलाको जीवनको सारका रूपमा बुझेर, ग्रहण गरेर समाजबीच पुऱ्याउने काम गर्नुभयो । यहाँ लोककवि कवयित्रीले वनकी चरीसित पीडा साटासाट गरेको, विरह-संवाद व्यक्त छ । यो सानो टुक्रा हेर्दा जति सानो छ, त्यो वास्तवमा त्यत्तिकै सटीक, यथार्थपरक र जीवन्त छ । यसले लोकजीवनका विविध ऊहापोह, पीडाका अनुभूति, लयका सौन्दर्य, प्रकृतिका काखमा मानव-पशु संवाद, पशुभावलाई बुझ्ने वा बुझेको तरङ्गमा भाव व्यक्त गर्ने सन्देशात्मक काव्य रचना गर्ने गाउँकी बालाको काव्य क्षमता व्यक्त गरेको छ ।

यहाँ पशुको प्रतीक चरी आकाशमा छ वा रूखमा, ती किन्नरी तल घाँसपातमा । दुवैलाई प्रकृतिले साक्षात्कार गराएको छ । यसबाट निस्स्पृह दुवै आ-आफ्नै संसारमा छन् । एउटाको संसार उन्मुक्त छ । क्रूर सिकारीबाहेक ऊसित सायद अर्को पीडा नहोला । तर तलकी बालाकामा पीरका सागर छन् । ती आफूसित जता पनि जाँदा छन् । यहाँको पात्र न्याउली अरू पन्छीभन्दा फरक छ । कविहरू यसलाई विरह स्वरको धनी मान्छन् । गीतकार गायिकालाई यो थाहा छ अतएव उनी भन्छिन्- *हे विरहगायक चरी, तिमी के विरही, म ठूलो विरही* । यो विरह साझेदारी नै काव्य गीत, कथा र नेपाली ग्रामीण महिलाको इतिहास हो । गीतकार सँगिनी भाका वा अन्य नृत्यनाटिकामा देखिनु सुनिनुबाहेक यो गाथा वन-पाखा, ओढार-भीर, कमेरो र रातो माटो खानी, मेलापात र हाटबजारमा मात्र सुनिन्छ । समाज-मानवशास्त्री, मानवाधिकारकर्मीले यसमा हात हालेको धेरै भएको छैन ।

साहित्यानुरागी, अनुसन्धानशिल्पी जोशीले आफूलाई राणा सरकारले दिएको खान्गीको बदला सेवा गर्दै जाँदा कविहृदय नारीको यो प्रतिनिधि स्वर लमजुङका पाखामा सुन्नुभयो वा दोस्रो तेस्रो तहको पात्रले उहाँलाई सुनायो। यसबारे जे कर्म गर्नु थियो, त्यो सांस्कृतिक कर्म उहाँले उस बेला गर्नुभयो। तर यस हीराको अमूल्य टुक्रालाई बोकेरै अरूलाई सुनाएर त्यो एक दिगो प्रेरणाको स्रोत थियो भन्ने व्याख्या गरेरै उहाँको जीवनगाथाले शताब्दीको आयु पूरा गर्नुभयो। त्यस झिल्काबाट अनेका चुलाहरू तयार भए, अनेक थरी खाद्य-पेयको स्वाद नेपालीले लिए। सोच, पद्धति र लेखनशिल्प भएका जोशीलाई न गीत लेख्नु थियो न गाउनु। तर लोकसंस्कृतिको महत्त्व पछिका पुर्खामा हस्तान्तरण गर्नु थियो। त्यो उहाँले जीवनपर्यन्त गरिरहनुभयो। **हाम्रो लोकसंस्कृति** कृति यसै अनुभवको अभिलेख थियो। जसलाई २०१४ को मदन पुरस्कार प्राप्त भएको थियो।

लोकसंस्कृतिपछिको दोस्रो खुड्किलो पुरातत्त्व थियो। लोकसंस्कृति जस्तै पुरातत्त्वको प्रवेशले पनि नेपालमा पहिले नगरिएका र गर्नुपर्ने धेरै काम सम्पन्न गरेर उहाँले नेपाली संस्कृति, मूर्त-अमूर्त सम्पदाका क्षेत्रमा ठूलो योगदान पुऱ्याउनुभएको छ।

पुरातत्त्वमा प्रवेश गर्नासाथै नेपाली कलाको भारतको मुम्बईमा गरिएको ऐतिहासिक प्रदर्शनमा उहाँको ठूलो साहसिलो कदम थियो। मुम्बईमा अध्ययनरत नेपाली विद्यार्थीको आह्वानमा जोशी नेतृत्वको टोलीले एक जहाज सामग्री लगेर प्रदर्शनीमा राख्दा त्यहाँ त्यसको व्यापक अवलोकन, मूल्याङ्कन र प्रशंसा भयो। पछि भारतीय सहयोग मिसनबाट पुरातत्त्व विभागलाई जनशक्ति र पछिको समयमा परामर्श, नेपाली विद्यार्थीलाई तालिम आदि काम थालिए र तिनले निरन्तरता पाएको हो।

५. संस्कृति विभागबाट पुरातत्त्व हुँदै प्रज्ञाप्रतिष्ठानमा

सूक्ष्म दष्टिशक्ति, असल व्यवस्थापकीय क्षमता, विषय कुशलता थोरै मानिसमा हुने गुण हुन। एक व्यक्ति होइन, एउटा झुण्ड बनाएर मात्र यी बहुल कार्य गर्न सकिन्छ। तर जहाँसम्म सत्यमोहन जोशीको प्रसङ्ग छ, उहाँ एक्लै एउटा संस्था हुनुहुन्थ्यो। समयक्रम अनुभववृद्धि, रुचिमा विविधता र क्षमताअनुसारको दायित्व पाउँदै अघि बढ्नुभएका उहाँलाई उच्च सम्मान, देश-विदेशको अनुभव, आत्मविश्वास र सबैभन्दा ठूलो गुण मिलनसारिताले साथ दिइरह्यो।

२००७ सालपछिको समयले ज्ञान, सीप र समयचेत भएका उहाँका पाइलाहरू सधैँ अग्रगामी रहे।

संस्कृति विभागको निर्देशक र पुरातत्त्व विभागको महानिर्देशक भएपछि मूर्त-अमूर्त दुवै क्षेत्रमा उहाँको लक्ष्मणदृष्टि एउटा सिलसिला मिलेको पद्धति भयो जसले त्यसपछिको २०२० को दशकमा अनुसन्धान र लेखनको क्षेत्रमा उधुम मचायो। यसमा भाषासाहित्य (नेपाली र नेवारी दुवै) मिसिँदा उहाँको व्यक्तित्व माथि उठिरह्यो। लोकसंस्कृतिका क्षेत्रमा पहिले पुरातत्त्वको डी.जी. हुँदा गर्न नपाएको अनुसन्धान राजकीय प्रज्ञाप्रतिष्ठानको सदस्यसचिव भएर भाषाविद्, समाजशास्त्री, साहित्यविद्को एक टोलीलाई नै बोकेर जुम्ला ठकुराईको सभ्यताको मुहान सिञ्जा पुगेपछि उहाँ नेतृत्वको त्यस टोलीले गरेको मुख्य काम थियो।

सिञ्जाबाट पाप्त तथ्य जसलाई पहिले प्रतिवेदन र पछि कृतिको स्वरुप दिनुभएको थियो यो प्रज्ञाप्रतिष्ठानसितको अनुबन्धको सर्त हुने गरेको छ। त्यस काममा नियुक्त टोलीले आ-आफ्ना क्षेत्रका जानेमानेका साधक थिए र शिखरमा ता स्वयम् सदस्यसचिव जोशी हुनुहुन्थ्यो। त्यस महाअभियानको

स्वरुपको काम *नभूतो नभविष्यति* स्वरूपको रह्यो । यद्यपि भविष्यबारे ता भन्न सकिन्न, थुप्रै राम्रा काम भएका र हुँदै छन् । तर चारपाँच दशकअघिको कामको मूल्याङ्कन त्यसै परिवेशकै हिसाबले गरिने हो ।

यस कामको मूल्याङ्कन विषय विविधिकरण, ज्ञानको सदुपयोगको परिणति विविध रुचिका पाठक र अनुसन्धाता विज्ञलाई थप सन्दर्भ सामग्रीको उपयोग अनुसन्धानका दृष्टिले हुँदै आएको छ । थप के भन्न सकिन्छ भने समग्रमा यसले एउटा असल प्रयोजनीय पद्धति पनि दियो । अहिले पीएच्डी जस्तो कृति तयार गर्दा पनि एक वर्ष स्थलमा टिक्न धौधौ परेको देखिन्छ । उसबेला तयार भएको यस समग्र अध्ययनले विषयानुसार स्थलगत अध्ययनको महत्त्वलाई उजागर गर्‍यो । काठमाडौँबाट जुम्लाको उपत्यकामा झुल्केका ती साधकहरू नक्षत्रझैँ भएर निस्के । यस समूह ज्ञानको खानिलाई जगदम्बाको मदन पुरस्कारले सुशोभित गर्‍यो ।

मदन पुरस्कारको प्रसङ्ग उप्काउँदा जोशीको **नेपाली राष्ट्रिय मुद्रा**को नाउँ लिनु आवश्यक छ । मुद्रा राष्ट्र र राष्ट्रिय सार्वभौमिकताको प्रतीक ता हो नै राजा त्रिभुवनका पालादेखि निष्कासित कागजी मुद्रा र विविध टङ्कन, मोहर र अन्य अति प्रारम्भिक विधिबाट काटिएका धातुमुद्रा, त्यसअघिका माटाका मुद्राको क्रमिक इतिहास नेपालमा छ । यी सबै परम्परा प्रविधि, इतिहास, कलाको चर्चा त्यस कृतिमा रहेको छ ।

मुद्रा आफैँमा कलाको एक विधा भएकाले त्यसको पनि विशेषता, कलात्मकताका अतिरिक्त मुद्राको प्रतीकात्मक धार्मिक आस्था पक्ष समग्र इतिहासको अनुसन्धान समेटेर तयार गरिएको यो कृति आफैँमा गरिमामय थियो । यो नेपाल राष्ट्रको दुई हजार वर्षभन्दा बढीको सार्वभौम राज्यको इतिहास र पछिका विभिन्न कालखण्डको इतिहास पढ्ने अनुसन्धान गर्ने, अभिलेखसहितको प्रामाणिक पुरातात्त्विक स्रोत थियो । पछि मुद्रा विषयमा लेख्ने, उपाधिमूलक शोध गर्नेहरूलाई पनि यस कृतिले शोधस्रोतको काम गर्‍यो । मुद्रा अमूर्त सम्पदाको पनि अध्ययन स्रोत हो भन्ने यस कृतिले प्रमाणित गर्‍यो । यस कृतिका लागि पनि उहाँलाई मदन पुरस्कार प्राप्त भयो । नेपाली मुद्राको इतिवृत्तको यो कृति अहिले आफैँमा एक इतिहास बनेको छ । नेपालको समग्र इतिहासलेखनमा यस कृतिको स्थान अपरिहार्य र अग्रणी छ र रहनेछ ।

६. पूर्ण शतायु जीवनको उत्तरार्द्धमा जिम्मेवारी निर्वाह

सत्यमोहन जोशीलाई समयले साथ मात्र दिएको होइन, सधैँ पैदल हिँडेर शारीरिक तन्दुरुस्ती एकनास राख्ने उहाँलाई प्रकृतिले बूढो नै हुन दिएन । पछिल्लो समयमा *दाफा बचाउ अभियान*, जात्रा नृत्य आदि पर्वलाई निरन्तरता दिने अभियान र खास गरी सरकारको नीतिअनुरूप अर्मूत सम्पदा संरक्षणमा योगदान विशिष्ट महत्त्वका रहे । यो काम उहाँले राष्ट्र सेवामा गरेको लगानीको एक शिखर बिन्दु थियो । नेपाली कलाबारे एक ग्रन्थ अनेक फुटकर रचना, अनेक जीवनपरक र विविध अन्तर्वार्ताहरूले उहाँलाई अमर बनाए ।

दाफा भजन जस्तो लामो इतिहास बाकेको भजन विधालाई सत्यमोहन जोशीले लोप हुनबाट बचाउने अभियानको नेतृत्व गर्नुभयो । दाफा भजन युनेस्कोले हस्तक्षेप गरेर बचाउनुपर्ने अभिलेखीकरण हुनैपर्ने अमूर्त सम्पदा हो भने कार्तिक नाचलगायतका तीन सहर नेपाल उपत्यका र आसपासका नेवार बस्तीहरूबाट लोपोन्मुख अवस्था झेलिरहेका सम्पदाको संरक्षणमा उहाँको पनि ध्यान गएको हो । नेपाल सरकारको संस्कृति मन्त्रालय, नेपाल युनेस्को, पाटन दरबार सङ्ग्रहालय, हनुमान्ढोका सङ्ग्रहालय,

पुरातत्त्व विभाग, पाटन उपमहानगरपालिका, विविध बहाल, बही वा यस्ता संस्थासमेतका कार्यक्रममा उहाँले दिने प्रवचनमा यस लेखमा समावेश गरिएका विषयको विशद व्याख्या हुन्थ्यो र नै यस लेखमा तिनको सार लिन सम्भव भएको हो, मूर्त र अमूर्त दुवै सम्पदामा नेपालको स्थान विश्वमै अनुपम छ भन्ने जोशीको तर्क हुन्थ्यो ।

नेपालमा भाषा र साहित्यको समृद्धिमा उहाँले सञ्चालन गुर्नभएको नेपालभाषा एकेडेमी स्थान महत्त्वको रह्यो । नेपालका धेरै मातृभाषाहरू नेपाल एकीकरणको चपेटामा परे । नेवारी जेनतेन रह्यो र पछिल्लो समयमा यस भाषाका लेखक साहित्यिक भिक्षुहरू, उपासक उपासिका बहाल विहारका सदस्यगण, समुदाय विश्वविद्यालय र निजी सङ्कलकका तथा पुस्तकालयले बचेखुचेका नेपाल भाषा, लिपि र साहित्यलाई जगबाटै पुनर्निर्माणको अभियान चलाए । प्रेमबहादुर कःसाः कमलप्रकाश मल्ल, धुस्वाँ सायमि, मल्ल के. सुन्दर, अनुवादक ढुण्डबहादुर वज्राचार्य, इन्द्र माली, दुर्गालाल श्रेष्ठ आदि अनेक लेखक विद्वान्ले आ-आफ्ना क्षेत्रबाट प्रयास गर्दा यस भाषाका कविता, कथा, उपन्यास, लोकगाथा, काव्य आदिका माध्यमले नेपालभाषालाई बचाउन मदत पुगेको छ ।

अहिले दर्जनौँ सङ्घसंस्थाले यस भाषाको श्रीवृद्धि गर्न भूमिका खेलेका छन् ।

उहाँ आफैँ एक जीवित संस्कृतिका धरोहर हुनुहुन्थ्यो ।

नेपालले सन् २००३ को अमूर्त सम्पदा अभिसन्धि (युनेस्को) लाई सन् २०१० मा हस्ताक्षर गरेर पक्ष राष्ट्र बन्यो । पक्षराष्ट्रले तत्कालै गरिहाल्नुपर्ने कामहरूमा राष्ट्रिय संस्कृति नीति, उच्चस्तरीय सम्पदा परिषद् (apex body) को गठन अमूर्त सम्पदाको एक राष्ट्रिय खाता (register) जातिका सम्पदाहरूको अभिलेखीकरण वा सूचीकरण (inventory) आदि मुख्य थिए । यी काम नियमित तालिकागत हिसाबले नभए पनि विविध अभ्यासहरू भए । हुँदै पनि छन् । यी मध्ये दोस्रो काम अमूर्त सम्पदा उच्च परिषद् (council) को गठन, पुनर्गठन आदि हुँदै गरे तापनि यसलाई टी.ओ.आर. दिने बैठक बोलाउने यसकै सल्लाहअनुसार अन्य काम अघि बढाउन भने मन्त्रालय पछि नै परेको देखिन्छ । यसले गर्दा हाम्रै छिमेकमा अन्य स-साना राष्ट्रले हामीलाई नै पछार्ने अवस्था छ । राष्ट्रिय खाता खोल्ने काम भए पनि खातामा कुनकुन सम्पदा सूची थप्दै जाने, प्रमाणीकरण गर्दै युनेस्कोमा दर्ता गर्दै जाने भन्ने कुरामा सरकार प्रस्ट हुन जरुरी हुनु र विज्ञहरूको सहयोगबाट खातालाई निरन्तर, सजीव, तथ्यगत र स्पष्ट पार्नु आवश्यक छ ।

७. अन्त्य मत

म्युजिक नेपालले *सत्यमोहन जोशी* विशेषाङ्क प्रकाशित गर्नु उहाँप्रति सच्चा श्रद्धा ता हो नै सम्पदाप्रतिको एक दायित्व पनि हो । त्यो म्युजिक नेपालले पूरा गरेको छ । यो एक आलेखले यहाँ स्थान पाउनु यसका कारण श्रद्धेय सत्यमोहन जोशीलाई सम्झेर केही निजी र केही गैरनिजी तर सम्पदासित गाँसिएका विषयको उठान गर्न पाउनु यस लेखकका लागि पनि सन्तोषको विषय भएको छ ।

नेपाल र नेपाली संस्कृतिले यस कोटीका विद्वान् पाउन लामो, धेरै लामो समय पर्खिनुपर्नेछ । सबै वर्ग सबै उमेर समूह, आस्था, पेसा र हैसियतका आगन्तुकसित घरमा र सार्वजनिक स्थलमा पनि पूरा समय दिएर दिल खोलेर वार्ता गर्ने, अरूको कुरा सुन्ने र प्रामाणिक तथ्यगत कुरा मात्र बोल्ने वा लेख्ने विद्वान्को नेपालमा सर्वथा कमी छ । असीमित ज्ञान र सूचनाका धनी उहाँका कृतिहरूले लामो

समयसम्म नेपाली, नेवारी र अन्य विविध भाषाको पठन, अनुसन्धान संस्कृतिमा उहाँको प्रतिनिधत्व गर्नेछन् ।

धर्म, कला, पुरातत्त्व, काव्य, संस्कृति, सङ्गीतलगायतको क्षेत्रमा छरिएका यी कृतिको महत्त्व भोलिका दिनमा अझ देखिन्छ । पहिले त्रिमूर्ति निकेतन- नइ प्रकाशन र अहिले म्युजिक नेपालले उहाँको प्रतिभाशाली बहुआयामिक व्यक्तित्वमाथि प्रकाश पार्ने अवसर दिएझैँ अन्य उहाँ सम्बद्ध सङ्घसंस्थाहरूले पनि यस्तो स्मरणीय काम गर्नेतर्फ सोच हुनु नेपाली मात्रका लागि हितको विषय हुनेछ ।

असल कर्म नै संस्कृति हो भनी उहाँले एक प्रसङ्गमा लेख्नुभएको कुरा पनि माथि नै परेको नै छ । यस्तै असल कर्मप्रति प्रेरित, उन्मुख भैरहँदा हाम्रो संस्कृति र सम्पदाको अकाल मृत्युवरण गर्ने छैनन् ।

संस्कृति नरहे राष्ट्र रहन्न, एकता खलबलिन्छ, सद्भाव खुकुलिन्छ, यो नै विद्वान् शताब्दी वाङ्मय पुरुषको सन्देश हो ।

यसलाई मनन गरौँ, व्यवहारमा उतारौँ ।

॥अस्तु ॥

सन्दर्भ

प्रसाई, नरेन्द्रराज, २०७२,*शताब्दी पुरुष सत्यहोहन जोशी,* काठमाडौँः त्रिमूर्ति निकेतन ।

प्रसाई, नरेन्द्रराज, २०७६,*शताब्दी पुरुषको सय वर्ष,* काडमाडौँः नइ प्रकाशन ।

विविध भेट, वार्ता र*शताब्दी पुरुषका* प्रवचनहरू ।

इतिहास र संस्कृतिको क्षेत्रमा सत्यमोहन जोशीको योगदान

प्रा.डा. डिल्लीराज शर्मा

मानिसको जन्मलाई सार्थक बनाउनमा उसले समाजका लागि गरेका त्याग एवम् अविस्मरणीय योगदानहरू नै हुन् । यसैबाट समाजले उसलाई जीवनभर मात्र होइन, उसको जीवनपर्यन्त पनि सम्भने गर्दछ । साथै उसका योगदानहरू भावी पुस्ताको लागि मार्गदर्शकको रूपमा रहिरहेका हुन्छन् । नेपाली समाजलाई महत्त्वपूर्ण योगदान दिएर सत्यमोहन जोशीले ठूलो गुन लगाएका छन् । ललितपुरको बखुम्बहाल टोलमा १९७७ सालमा जन्मेका जोशीले आफ्नो लामो जीवनयात्राको क्रममा धेरै कुराहरू हामीलाई छाडेर गएका छन् । जोशीले राष्ट्रको भाषा, साहित्यका साथै इतिहास र संस्कृतिको पाटोलाई धनी मात्र बनाएनन्, सम्पदा र यसको संरक्षणको आवाज पनि बुलन्द गर्दै राष्ट्रिय पहिचानलाई मजबुत बनाएका छन् । जोशीले इतिहास, संस्कृति, भाषा, साहित्य र नाट्य विधामा लगाएका ठूला गुनले उनलाई बहुआयामिक व्यक्तित्वका रूपमा चिन्न सकिन्छ । उनले गरेका थुप्रै विधाको बारेमा यस लेखमा चर्चा गर्न सम्भव नभएकाले इतिहास र संस्कृतिको पाटोमा मात्र केन्द्रित रही त्यसबारे चर्चा गर्न लागिएको छ ।

सत्यमोहन जोशीले रचना र प्रकाशन गरेका पुस्तकहरूको चर्चा गर्दा नेवार भाषा र नेपाली भाषा दुवैलाई उत्तिकै महत्त्व दिएको देखिन्छ । जोशीले लेखेका जेठो अनुसन्धानात्मक पुस्तकको समूहमा 'नेपाली लोकगीत एक अध्ययन' (२०११), 'हाम्रो लोकसंस्कृति' (२०१३), 'नेपाली राष्ट्रिय मुद्रा' (२०१७), 'पुरातत्त्व एक रोचक कथा' (२०१९) पर्दछन् भने दोस्रो समुहमा 'कर्णाली लोकसंस्कृति, इतिहास' (२०२८), 'नेपाली मूर्तिकलाको विकासक्रम' (२०३२), 'नेपाली धातुमूर्तिको विकासक्रम' (२०३५), 'नेपाली चाडपर्व' (२०३९), 'कलाकार अरनिको' (२०४४), 'ललितपुर र कार्तिक नाचको पृष्ठभूमि' (२०७६) आदि रहेका छन् । नेवार भाषामा रहेका संस्कृतिसम्वन्धी पुस्तकमा 'नेपाय बौद्ध कला', 'अरनिकोकृत श्वेत चैत्य', 'अष्टसहस्रिकाप्रज्ञापारमिता म्हसिकेगु लिधंसा' आदि रहेका छन् । उनका यी माथि वर्णित कृतिहरू इतिहास, संस्कृति र कलाको परिवेशसंग सम्बन्धित रहेका छन् जसमा बौद्धिकताको अंश विद्यमान रहेको पाइन्छ ।

नेपाली लोकगीत, लोकसंस्कृति र लोकपरम्पराको अध्ययनमा उनी निकै उत्साहित र प्रभावित थिए भन्ने कुरा सुरुका उनका दुई पुस्तकबाट प्रस्ट हुन्छ । नेपाली वनपाखा र मेलापर्वमा गुन्जिरहने गीतहरूलाई टपक्कै टिपेर 'नेपाली लोकगीत' पुस्तक जन्मन गयो भने लोकसंस्कृतिका अरू आयामहरू

समेटेर लेखिएको पुस्तक 'हाम्रो लोकसंस्कृति' देखा पर्‍यो। जुन बेलामा लोकगीत र लोकसंस्कृतिको अध्ययन भनेको नौलो विषय थियो, त्यस समयमा नेपालका कुनाकुनाबाट गीत र स्थानिय संस्कृतिका क्रियाकलापलाई अध्ययनको दायराभित्र संलग्न गरी पुस्तक तयार गर्नु कम कठिनको काम थिएन। आफ्नो अध्ययनको विषयमा जोशीले नेपालको सांस्कृतिक धरातललाई मापन गर्न स्थानीय प्रचलन, विश्वास र जनधारणालाई आधार बनाएका छन्। यसैले उनले अध्ययन गरेको लोकसंस्कृतिभित्र सिङ्गो समाज देखिन्छ। 'हाम्रो लोकसंस्कृति' नामक पुस्तकले २०१३ सालमा मदन पुरस्कार प्राप्त गरेको थियो।

सत्यमोहन जोशीले लोकगीत र लोकसंस्कृतिको अध्ययनका क्रममा देखा परेका नेपाली संस्कृतिको अभिन्न अङ्गको रूपमा रहेका चाडपर्वलाई पनि छुट्टै स्थान दिएर 'नेपाली चाडपर्व' (२०३९) पनि प्रकाशन गरेका थिए। जम्मा २० वटाजति प्रमुख चाडपर्वहरूलाई यसमा समावेश गरिएका छन्। हाम्रै घरआँगनमा मनाउने चाडहरू र त्यससँग सम्बन्धित कथाहरू पनि यसमा समेटिएकाले जनमानसमा आफ्नो संस्कृतिप्रतिको प्रेमभाव जगाउने काम यसले गरेको छ भन्न सकिन्छ। साथै पुस्तकको परिशिष्ट भागमा नेपालभित्र मनाउँदै आएका चाडपर्व, जात्रा र मेलाको परिचयात्मक सूची पनि प्रस्तुत गरेकाले भविष्यमा यससम्बन्धी खोजी गर्ने जोकोहीलाई पनि बाटो खुल्न गएको छ।

सत्यमोहन जोशीले संस्कृतिका बहुपक्षीय विषयवस्तुहरूलाई खोतल्ने क्रममा मुद्राबारे पनि कलम चलाउन पुगेका छन्। नेपाली मुद्राबारे सङ्कलित तथ्याङ्कलाई सङ्ग्रह गरी २०१७ मा 'नेपाली राष्ट्रिय मुद्रा' नामक पुस्तक प्रकाशन भयो। यति बेलासम्म नेपाली मुद्राबारे केही विदेशी विद्वान्हरूबाट लेखिएका अङ्ग्रेजी भाषाका पुस्तक र लेख मात्र थिए। तर नेपाली पाठकले वास्तविक रूपमा नेपाली मुद्राको उत्पत्ति र यसमा देखिएका परिवर्तन र विशेषताहरूबारे जान्न पाएको थिएन। जोशीले नेपाली भाषामा पुस्तक तयार गरी त्यसमा मुद्राको प्रचलनको इतिहास र विकासका साथै मुद्रामा रहेको मूल्य, नाप, तौलका अतिरिक्त भाषा र लिपिको पनि चर्चा गरेका छन्। वस्तु विनिमयबाट सुरु भएको मुद्राप्रणालीको सन्दर्भमा वर्णन गर्दा पुस्तकमा लिच्छविकाल र त्यसपछिको मल्लकाल र शाहकालका मुद्राबारे सविस्तार वर्णन गरिएको पाइन्छ। तथ्यपरक आधारलाई लिएर पुस्तक लेखिएको हुनाले यसलाई विश्वविद्यालय स्तरको पाठ्य सामग्रीका रूपमा समावेश पनि गरिएको छ।

अनुसन्धानकार्य अविरल रूपमा चल्ने प्रक्रिया हो। जोशीको पुस्तक पछि धेरै नेपाली र विदेशी अनुसन्धाताहरूमा रुचि जाग्न गई नयाँ तथ्यहरू पनि खोजी हुन थालियो। जस्तो यति बेलासम्म नेपालको पहिलो मोहर काठमाडौँका राजा महीन्द्र मल्लको थियो तर पछि खोजीकै क्रममा दोलखाका राजा इन्द्रसिंह देवको मुद्रा पनि प्राप्त भएको हुनाले यो मुद्रा महीन्द्र मल्लभन्दा पनि अगाडिको देखिन आयो। यो प्राप्ति जोशीको पुस्तक प्रकाशनपछिको उपलब्धि थियो तापनि जोशीले सो पुस्तकको दोस्रो संस्करण (२०४२) मा दोलखाबाट पनि एउटा 'दोलखाधिपति इन्द्रमल्ल देवस्य अङ्कित मोहर नेपाल म्युजियममा थियो भन्ने कथन छ तर सो मुद्रा त्यहाँ देख्नमा आएको छैन' भन्ने कुरा पुस्तकको टिपोटमा उल्लेख गरी सो कुराको सङ्केतसम्म गरेका छन्। यसरी जोशीको पुस्तकलाई आधार मानेर यस क्षेत्रमा अरू उपलब्धिहरू पनि समयको क्रममा थपिँदै आएका हुन्। वास्तवमा नेपाली मुद्राबारे अनभिज्ञ रहेको अवस्थामा नेपालमा प्रचलित मुद्राबारे लेखिएको यो पुस्तकले हाम्रो इतिहासको पाटोलाई उजागर गरेको छ। फलस्वरूप यो पुस्तक २०१७ सालको मदन पुरस्कार प्राप्त गर्न सफल पनि भएको थियो।

२०१९ सालमा प्रकाशन भएको 'पुरातत्त्व एक रोचक कथा'मा जोशीले जम्मा दसवटा भिन्नभिन्न

विषयवस्तुमाथि छलफल गरेका छन् । पुस्तकभित्रका विषयमध्यको 'पुरातत्त्व एक रोचक कथा' नामक शीर्षकमा उनले पुरातात्त्विक उपलब्धिको महत्त्वलाई इङ्गित गरेका छन् । पुस्तक तयार गर्नुभन्दा ६७ वर्षअगाडि ए. फुररले लुम्बिनीको अशोकस्तम्भ पत्ता लगाएको कुराको उल्लेख पनि त्यसमा गरिएको छ । यसै गरी यसमा उल्लेख भएका लुम्बिनी, कपिलवस्तु र अरनिकोको सन्दर्भले पनि पुस्तक तात्कालिक समयमा भएका अनुसन्धानकार्यहरूको जानकारी दिन सक्षम रहेको छ अर्थात् सत्यमोहन जोशी आफैँ सांस्कृतिक र पुरातात्त्विक क्रियाकलापका कैयौँ कुराहरूमा उत्तिकै जानकार रहेको पुस्तकमा समावेश गरिएका अरू शीर्षकका विषयवस्तुबाट पनि पुष्टि हुन्छ ।

सत्यमोहन जोशीको आफ्नो जन्मथलो ललितपुर र यसवरिपरि छरिएर रहेका अनेकन् मूर्तिहरूसँग उनको जम्काभेट एक प्रकारको नियमित नै थियो । त्यसैले पनि उनको कलम यतातिर तिखारिँदै आएको देखिन्छ । उनी तात्कालिक नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको सदस्यसचिव रहेको बेलामा २०३२ सालतिर प्रज्ञाप्रतिष्ठानबाट नियमित आयोजना हुने प्रवचनमालाको लागि 'नेपाली मूर्तिकलाको विकासक्रम'का बारेमा उनले अनुसन्धान प्रतिवेदन तयार गरेका थिए । पछि यो प्रतिष्ठानकै तर्फबाट पुस्तकाकारमा प्रकाशन भएको थियो । यसको एक वर्षपछि उनको रोजाइमा 'नेपाली धातु मूर्तिकलाको विकासक्रम' पनि अर्को अनुसन्धानको विषय बन्यो । यो पनि २०३५ सालमा आउँदा पुस्तकाकारमा देखा परेको हो । यसरी जोशीले मूर्ति कलालाई पनि अनुसन्धानको विषयवस्तु बनाई अगाडि बढाउने काम गरेका थिए । नेपाली मूर्तिकलाको चर्चा गर्ने क्रममा जोशीले मूर्तिहरूको सूक्ष्म अध्ययन गरी ऐतिहासिक क्रमलाई जोड्ने प्रयास गरेका छन् । यसका साथै मूर्तिमा अवलम्बन भएको शैली र मूर्तिमा देखा पर्ने ताल, मान, बनावटका विशेषतालाई उनले छनोटको आधार बनाएका छन् । मूर्तिकलाको प्रसङ्गमा जोशीले सबैभन्दा प्राचीन मूर्तिहरू माटोबाट निर्मित थिए भनी उल्लेख पनि गरेका छन् । मूर्तिकलाकै सन्दर्भमा उनले किरात, लिच्छवि, मल्लकाल र शाहकालमा देखा परेका शैली र बनावटको क्रमिक विकासलाई आधार बनाएका छन् । धातु मूर्तिकलाको विकासक्रमको सन्दर्भमा पनि देशभित्र र बाहिर रहेका मूर्तिहरूबारे अध्ययन गरिएको देखिन्छ । यसमा सातौँ शताब्दीदेखि बाह्रौँ शताब्दीसम्मका मूर्तिहरू समावेश गरिएका छन् । काठमाडौँ उपत्यकाभित्रका विहारहरूमा अवस्थित धातुका मूर्तिको साथै भृकुटीले आफूसँग तिब्बतमा लगेकी धातुका बहुमूल्य बौद्ध मूर्तिहरूको चर्चाका साथै रातो मच्छिन्द्रनाथको मूर्तिलाई पनि प्राचीन मूर्तिकै सन्दर्भमा पुस्तकमा उल्लेख गरिएको छ । यसैले उनले दिएको मूर्तिहरूको समयक्रम आज पनि सान्दर्भिक देखिन्छ ।

माथि उल्लिखित दुवै पुस्तकहरूपछि यस क्षेत्रमा धेरै विद्वान्हरूबाट पनि प्रशस्त काम भएको छ । प्राप्त मूर्तिहरूका बनावट र शैलीले तिनिहरूको समय निरूपणमा नयाँ कुराहरू पनि थपिँदै आए । यसैले जोशीले अगाडिका कामलाई निरन्तरता दिने क्रममा समयसमयमा प्राप्त भएका मूर्तिहरूलाई संलग्न गर्दै आफ्नो जीवन छँदै अद्यावधिक गर्ने जमर्को गरे । यसै क्रममा २०७३ मा उनको कलासम्बन्धी नयाँ पुस्तक 'नेपाली कलाको रूपरेखा (प्राचीन र मध्यकालीन)' पुस्तक देखा पर्‍यो । यस पुस्तकमा मूर्तिहरूको नयाँ प्राप्ति र त्यसको थप व्याख्या पनि संलग्न गरिएको देखिन्छ ।

सत्यमोहन जोशी तत्कालीन नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको सहसदस्यका पदमा कार्यरत रहेको समयमा प्रतिष्ठानले अत्यन्त दुर्गम तर नेपाली भाषाको उद्गमस्थल जुम्लाको सिञ्जा क्षेत्रमा केन्द्रित रही पश्चिम नेपालको खसराज्यबारेमा बहुपक्षिय अनुसन्धानकार्य गर्ने निधो गर्‍यो । अनुसन्धानका

विषयहरूमा इतिहास, भूगोल, सामाजिक आर्थिक अवस्था, भाषा र लोकसाहित्य, सङ्गीत र कला थिए । यस प्रकार यो लोकसंस्कृति सर्वेक्षण टोलीमा पाँच जना विद्वान्हरू सम्मिलित थिए जसको नेतृत्व सत्यमोहन जोशीले गरेका थिए । सर्वेक्षण टोलीले जुम्लाको सिन्जा उपत्यकामा जम्मा ५० दिनको अवधिमा गरिएको यस स्थलगत अध्ययनमा धेरै तथ्यहरू सङ्कलन हुन सकेका थिए । यी तथ्यहरू पछि अर्थात् २०२८ मा पुस्तकको आकारमा प्रकाशित भए । सत्यमोहन जोशीले तयार गरेको 'कर्णाली लोकसंस्कृति खण्ड १' इतिहास खण्ड पश्चिम नेपालको खसराज्यबारे जानकारी दिने महत्त्वपूर्ण दस्तावेजका रूपमा रहेको छ । त्यस बखत प्राप्त भएका ऐतिहासिक सामग्री जस्तो शिलापत्र, ताम्रपत्र, कागजपत्रका साथै विभिन्न कलाकृतिको आधारबाट पुस्तक तयार गरेको हुनाले यो बढी प्रमाणिक र अनुसन्धानमुखी रहेको छ। पुस्तकमा खसजातिको उदय र यस क्षेत्रमा शासन गर्ने (पहिले चल्ल र पछि मल्ल) राजाहरूको सविस्तार वर्णन गरिएको छ । यस प्रकार लुप्तप्राय रहेको पश्चिम नेपालको इतिहासलाई जनसमक्ष ल्याई यस क्षेत्रको महत्ता थप्ने काम सत्यमोहन जोशीले गरेका छन् । यसै पुस्तकको आधारबाट पछिका समयमा पनि यस क्षेत्रप्रति विद्वान्हरूको रुचि क्रमशः जाग्न थाल्यो । पुस्तकले पश्चिम नेपालको राजनीतिक इतिहासको पक्षमा मात्र नभई सामाजिक इतिहासका पक्षहरूहरूलाई पनि महत्त्वका साथ समाहित गरेको छ । यस्ता महत्त्वपूर्ण कार्यहरूलाई प्रेरित गर्न यो पुस्तकसहित अरू चार विधाका पुस्तकहरूलाई संयुक्त रूपमा २०२८ सालको मदन पुरस्कारबाट सम्मान पनि गरिएको थियो ।

सत्यमोहन जोशीले २०१६ सालमा धर्मोदय सभाका भिक्षु अमृतानन्दको नेतृत्वमा चीनको भ्रमण गर्ने मौका पाए । त्यस अवसरमा कलाकार अरनिकोले बनाएका श्वेत चैत्य र विहारको अवलोकन गर्ने मौका पाएका हुनाले त्यतातिर उनी आकृष्ट भएका थिए । त्यहाँबाट फर्केपछि उनले २०१९ सालमा प्रकाशित भएको 'पुरातत्त्व एक रोचक कथा' नामक माथि उल्लिखित पुस्तकमा 'नेपाली कलाकार अरनिको र उनका कलाकृति' शीर्षकको लेख प्रकाशन गरेका थिए। नभन्दै २०२० सालमा पेकिङ ब्रोडकास्टिङ इन्टिच्युटमा उनले चिनियाँ विद्यार्थीलाई नेपाली भाषा पढाउने मौका पाए । चार वर्षको अवधिभर त्यहाँ रहँदा चीनमा सांस्कृतिक क्रान्ति फैलिएकोले उनको श्वेत चैत्यसम्बन्धी अध्ययन गर्ने धोको भने पूरा हुन सकेन । २०३७ सालमा चिनियाँ सहयोग प्राप्त परियोजनामा काम गर्न उनी फेरि पेकिङ पुगेका थिए। त्यस अवसरमा भने उनलाई अध्ययनको बाटो खुल्यो। अध्ययनलाई जोशीले पढाएका चिनियाँ विद्यार्थीहरूको पनि सहयोग प्राप्त भएको थियो भन्ने कुरा पनि उनैको भूमिकाबाट थाहा हुन्छ। फलस्वरूप उनको पुस्तक 'कलाकार अरनिको' २०४४ मा आएर प्रकाशित भयो। झन्डै विस्मृतिमा रहेका नेपाली कलाकारका बारेमा नेपाली समाजले बल्ल राम्रोसँग साक्षात्कार हुने मौका पायो । यसमा सत्यमोहन जोशीले प्रशस्त मेहनत गरेका छन् । राजा अभयमल्लको पालामा (१२१६ देखि १२५५ इ.) चीन देशका बादशाह कुब्लै खाँका धर्मगुरु पागस्पाले शाक्यपा विहारमा एउटा चैत्य निर्माण गर्नका लागि नेपालबाट कलाकारहरू मागी पठाउँदा अरनिकोको नेतृत्वमा ८० जना कलाकारहरू १२६० इ.मा चीन पुगेका थिए । अरनिकोले त्यहाँ आफ्नो शिल्प दक्षता प्रदर्शन गरी चिनियाँहरूमाझ प्रसिद्धि कमाएका थिए । तिब्बती तथा चीनी इतिहासमा वर्णन गरिएका कलाकारका बारेमा लेख्दा जोशीले प्राप्त सबै स्रोतको प्रयोग गरेको देखिन्छ। साथै जोशीले अरनिको कलाकारको परिवार र वंशपरम्परालाई खोतल्ने प्रयास गरेका छन् । कलाकार अरनिकोले चीनमा रहँदा आफ्नो ख्याति मात्र बढाएनन् बरु उनले प्रयोग गरेको चैत्य निर्माणको शैलीले चीनमा व्यापक प्रचारप्रसार हुने मौका पाएको

थियो । यसैले नेपालको इतिहासमा झन्डै हराउन लागेका कलाकारबारे सोधखोज गरी प्रकाशन गरिएको यो कृतिले नेपाली कला र कलाकारका बारेमा यथेष्ट जानकारी दिन्छ ।

आफ्नो आँखाअगाािड उपत्यकाभित्र मनाउँदै आएका जात्रापर्व र नाचहरूबारे खोतल्दै जाने क्रममा सत्यमोहन जोशीले ललितपुरको प्रसिद्ध कार्तिक नाचबारे पनि कलम चलाएको देखिन्छ । अनुसन्धानकै क्रममा उनको ‘ललितपुर र कार्तिक नाचको पृष्ठभूमि’ नामक पुस्तक २०७६ सालमा देखा पर्न आयो । पुस्तकमा कार्तिक नाचबारे उल्लेख गर्ने क्रममा उनले नाचको उत्पत्ति, विधिविधानका साथै नाचमा अवलम्बन गरिने विभिन्न क्रियाकलापहरू समावेश गरेका छन् । प्रत्येक वर्ष कार्तिक महिनाभर यो नाच नाच्ने गरिन्छ । ललितपुरका राजा सिद्धिनरसिंह मल्लको पालामा भक्तिपूर्वक नाचिने यो धार्मिक नाचमा विभिन्न कथामा आधारित खेलहरू पनि पछितिर जोडिन आए । यसैले नाचमा विविध कथामा आधारित दृश्यहरूको प्रस्तुतिलाई जोशीले चाखलाग्दो किसिमले उल्लेख गरेका छन् । नाचको विवेचना गर्दा संस्कृतिका सम्पूर्ण पाटाहरूलाई उनले यस पुस्तकमा जोड्ने प्रयास गरेका छन् । यसैले यो पुस्तकले नेपाल अमूर्त सम्पदाको खानि हो भन्ने कुरालाई पनि पुष्टि गरेको छ ।

इतिहास र संस्कृतिकै कुरा गर्ने हो भने उनले लेखेका नेपाली र नेवारी भाषाका लेखहरूले पनि त्यत्तिकै महत्त्व राखेका पाइन्छन् । उनले भाषासाहित्य र संस्कृतिका धेरै क्षेत्रहरूलाई समेटेर सबैलाई राष्ट्रिय संस्कृतिकै दायराभित्र समावेश गर्नुका साथै तिनीहरूको संरक्षणतर्फको आवाज पनि बुलन्द गरेका छन् । साŒिवक विचारका धनी, प्रेरणाका स्रोत र ज्ञानका खानी सत्यमोहन जोशीको बहुआयामिक व्यक्तित्वबाट हामी सबैले धेरै कुरा सिक्न सक्छौँ । २०७४ मा वाङ्मय शताब्दी पुरुष’ उपाधिबाट विभूषित जोशीको नामका सिक्काहरू पनि निस्किएका छन् । उनको तस्बिर अङ्कित हुलाक टिकट पनि २०७७ मा निष्कासन गरेर सरकारी स्तरबाट उनीप्रति सम्मान व्यक्त गरिएको कुरा पनि यस सन्दर्भमा महत्त्वपूर्ण छ । आफ्नो आयुको १०३ वर्षको अवधिभर उनले समाएका कलम र उनले हिँडेका पाइलाहरूले थकाइको अनुभव गरेनन् बरु सबैलाई मार्गदर्शन गरिरहे । अन्तमा वृद्ध शरीर पनि कति दिन रहन सक्थ्यो र ! आफूलाई सक्रिय राख्ने प्रयास गर्दागर्दै २०७९ साल असोज ३० गतेका दिन उनले आफ्नो नश्वर शरीर त्याग गरे । सत्यमोहन जोशी हामीदेखि टाढा रहे पनि उनले गरेका कामहरू भने हामीसँग ताजै रूपमा बाँकी रहेका छन् । यसैले जोशीको कार्य र उनले अवलम्बन गरेका हरेक क्रियाकलापहरूलाई नेपाली समाजले सदा प्रेरणाको रूपमा लिई सम्झिरहनेछ ।

सत्यमोहन जोशी र नेपाल म्युजिक सेन्टर

सन्तोष शर्मा

कुरा २०५३ सालको हो । सञ्चय कोषको जागिरबाट छुट्टी पाएपछि लोकगायक कुमार बस्नेतले म्युजिक नेपालसँग जोडिने इच्छाहरू प्रकट गर्नुभयो । मेरो लोकगीत र लोक-संस्कृतिको संरक्षणमा विशेष रुचि भएकाले यस क्षेत्रका विशिष्ट व्यक्तिको प्रस्ताव मैले स्वीकार नगर्ने कुरै भएन । अन्ततः उहाँ म्युजिक नेपालसँग संलग्न हुनुभयो । उहाँको लोकसङ्गीत-संस्कृतिमा लामो अनुभव थियो । त्यसैले मैले उहाँलाई यसै क्षेत्रको जिम्मेवारी दिने निर्णय गरेँ र हामीले केही समयपछि अर्थात् ०५३ साउन १५ गते कुमार बस्नेतको संयोजकत्वमा रमण घिमिरे र म संलग्न सांस्कृतिक संरक्षण परिषद् नामको एउटा आन्तरिक समिति गठन गऱ्यौँ । उक्त परिषद्को पहिलो बैठक सोही दिन बस्यो र सो बैठकले केही विशिष्ट व्यक्तिहरूलाई उहाँहरूको सहमति लिने गरी सल्लाहकारमा मनोनयन गऱ्यो । ती विशिष्ट व्यक्तिहरूमा श्री सत्यमोहन जोशी, श्री भारतदत्त कोइराला, श्री रत्नशमशेर थापा र श्री रामशरण दर्नाल हुनुहुन्थ्यो । यसरी सत्यमोहन दाइसँग मेरो पहिलो सम्बन्ध जोडिएको हो । जुन सम्बन्ध उहाँको १०३ वर्षमा देहावसान नभएसम्म कायमै रह्यो ।

त्यसपछि म्युजिक नेपालको हरेक सार्वजनिक कार्यक्रममा हामी सत्यमोहन दाइलाई निम्तो गर्दथ्यौँ र उहाँ उपस्थित पनि हुनुहुन्थ्यो । उहाँ बडो सादगीपूर्ण, सरल र सहज व्यक्तित्व हुनुहुन्थ्यो, यो कुरा अलि पछाडिबाट बुझ्न थालेँ । हामीले धेरै पटक उहाँलाई म्युजिक नेपालको स्थापनादिवसको उपलक्ष्यमा आयोजित कार्यक्रम वा कुनै गीतिएलबम सार्वजनिकीकरण कार्यक्रमको सभापति वा प्रमुख अतिथिका रूपमा स्वागत गर्ने सौभाग्य प्राप्त गरेका छौँ । उहाँ म्युजिक नेपालको आयोजना भनेपछि आउनलाई कहिल्यै नाइँनास्ती गर्नुहुन्नथ्यो । हरेक संस्कृति, कला, इतिहास आदि हरेक विधामा गहिरो अध्ययन र ज्ञान भएका कारण उहाँलाई यस्ता कार्यक्रमहरूमा आमन्त्रण गर्दा हामीलाई पनि बिनसित्ति दुःख दिएजस्तो लागेन । उहाँका अभिव्यक्तिहरूले उपस्थित विशिष्ट श्रोता-दर्शकलाई नयाँ कुराको अनुभव र ज्ञान हुन्थ्यो । यसले गर्दा कला-संस्कृतिका क्षेत्रमा अध्ययन, अनुसन्धान गर्नेहरूलाई नयाँ मार्गनिर्देश हुन्थ्यो । समय खेर गएको कहिल्यै अनुभव भएन ।

सत्यमोहन दाइसँगको सम्बन्धको दोस्रो अध्यायचाहिँ २०६३ सालमा सुरु भयो । म्युजिक नेपालले विद्यालय स्तरमा सङ्गीतविषयको औपचारिक शिक्षाको अभावलाई सम्बोधन गर्ने उद्देश्यले २०६० सालमा

नेपाल सरकार शिक्षा मन्त्रालयबाट 'नेपाल सङ्गीतविद्यालय'नामक सङ्गीतविद्यालय सञ्चालन गर्ने अनुमतिप्राप्त गरेको थियो । उक्त समयमा सङ्गीतविषयको पाठ्यक्रम नभएकोले पाठ्यक्रम तयार गर्नुपर्ने भारसहित सङ्गीतविद्यालयको स्वीकृति प्राप्त भएको थियो । यो हाम्रा लागि पाठ्यक्रममा लोकसङ्गीत र पाश्चात्य सङ्गीत समावेश गर्ने ऐतिहासिक अवसर थियो । पूर्वीय शास्त्रीयसँगसँगै यी दुई विधाका सङ्गीतको पनि विद्यालय तहदेखि नै अध्यापन नगराईकन विश्वबजारमा प्रतिस्पर्धा गर्न कठिनाइ हुन्छ भन्ने हाम्रो बुझाइ थियो । यसै सिलसिलामा 'नेपाल सङ्गीतविद्यालय'लाई सञ्चालन गर्नुका साथै लोकसङ्गीत र सोसँग जोडिएका संस्कृतिको अभिलेखीकरण, लोककलाकारहरूबीच संवाद र स्थानीयलाई तथा अन्तर्राष्ट्रिय स्तरमा आदान-प्रदान गर्ने उद्देश्यले २०६३ साल ... महिना ... गते नेपाल म्युजिक सेन्टर शैक्षिक गुठीको स्थापना गरियो । उक्त शैक्षिक गुठीको कार्यकारी समितिको अध्यक्ष पदको जिम्मेवारी ग्रहण गरिदिन हामीले सत्यमोहन दाइलाई आग्रह गऱ्यौँ । यस प्रस्तावलाई उहाँले पनि सहर्ष स्विकारिदिनुभयो र ३० असोज २०७९का दिन यस संसारबाट बिदा नहुन्जेल उक्त पदमा उहाँ रहि नै रहनुभयो । डेढ दशकभन्दा बढीको समयावधिमा उहाँसँग मेरो सम्बन्ध अत्यन्त घनिष्ठ र आत्मीय रह्यो । म उहाँलाई एउटा अभिभावक जस्तो ठान्थेँ र उहाँ पनि मलाई एउटा अनुजलाई जस्तो स्नेह गर्नुहुन्थ्यो । बत्तीसपुतली स्थित नेपाल म्युजिक सेन्टर सञ्चालन गर्न निर्माण गरिएको भवनको शिलान्यास मात्र होइन, ९ महिनामा निर्माण सम्पन्न उक्त भवनको उद्घाटनदेखि उक्त गैरमुनाफामूलक संस्थाको हरेक गतिविधि र कार्यक्रममा सत्यमोहन दाइको निरन्तर संलग्नता, परामर्श र निर्देशन रहन्थ्यो ।

पछिपछि त हामीलाई सत्यमोहन दाइको यस्तो बानी र लत लाग्यो उहाँलाई नसोधी र उहाँले हुन्छ नभनी कुनै कार्यले नै गति लिन सकेन । ज्ञान र अनुभवको त भण्डार नै हुनुहुन्थ्यो उहाँ । त्यसैले उहाँकै प्रेरणा र निर्देशनका कारण हामीले जातीय सङ्गीतको अभिलेखीकरण र सो विषयको अनुसन्धानमा आधारित पुस्तकहरू प्रकाशन गरेका हौँ । डा. गोविन्द आचार्यद्वारा गरिएका अनुसन्धानमा आधारित अवधी, मगर, थारू जातिका सङ्गीतबारेका पुस्तकहरू प्रकाशन भैसकेका छन् भने डा. रामदयाल राकेशद्वारा मैथिली परम्परागत सङ्गीतका विषयमा तयार गरिएको पुस्तक प्रकाशोन्मुख छ ।

सत्यमोहन दाइको निर्देशनमा प्रसिद्ध वाद्यवादक न्हुच्छेमान डङ्गोलले काठमाडौँ उपत्यकाका पाँच स्थानमा सङ्कलन गर्नुभएको धिमेबाजा र पारम्परिक सङ्गीतबारेको पुस्तक प्रकाशन गर्न बाँकी नै छ । सत्यमोहन दाइ सधैँ हामीलाई नेपाली जातीय बाजा र सोबाट बजाइने सङ्गीतहरूको सङ्कलनका साथसाथै तिनका व्याख्या र नोटेसन हुनु आवश्यक छ भन्नुहुन्थ्यो । उहाँकै निर्देशनमा हामीले प्रसिद्ध परम्परित कार्तिक नाचका दृश्यहरू रेकर्ड गरेका छौँ र सो नाचबारेका एक मात्र जानकार व्यक्ति हरिमान श्रेष्ठज्यूसँगको प्राविधिक पक्षबारेको अन्तर्वार्तासमेत रेकर्ड गरेका छौँ ।

नेपाल म्युजिक सेन्टरको सञ्चालक समितिको बैठक ३ महिनाको अन्तरालमा हुने गर्थ्यो । यो क्रम सन् २०१९ को कोभिडको महामारी हुनुअगाडिसम्म नियमित रूपमा हुन्थ्यो । सन् २००६ देखि २०२० सम्मको १४ वर्ष लामो अवधिमा कुनै पनि बैठकमा सत्यमोहन दाइ अनुपस्थित हुनुभएन । २०१४-१५ सम्म त उहाँ बैठकमा भाग लिन पाटनबाट बत्तीसपुतली स्थित कार्यालयसम्म आफैँ आउनुहुन्थ्यो, प्रायः हिँडेर । कार्यक्रममा सहभागी हुन जाँदा कुनै पनि सार्वजनिक सवारीको प्रयोग नगरी पैदलै यात्रा गर्ने सम्भवतः उहाँ एक्लो साधक हुनुहुन्थ्यो भने निर्धारित समयमा पुग्ने पनि उहाँ नै एकल व्यक्तित्व हुनुहुन्थ्यो । पछि सन् २०१७ तिर उहाँलाई ललितपुर महानगरपालिकाले सवारी साधन उपलब्ध

गराएपछि सोही साधनमा आवत-जावत गर्न थाल्नुभयो । सधैँ समयमा पुग्ने । आफ्नो र अरूको समयको आदर गर्नुहुन्थ्यो । सत्यमोहन दाइ अत्यन्त सरल हुनुहुन्थ्यो । उहाँले कसैलाई नराम्रो भनेको वा कटु आलोचना गरेको मैले सुनेको छैन । उहाँ अत्यन्त सन्तोकी पनि हुनुहुन्थ्यो । चाहे त्यो खानेकुरा होस् वा बैठकभत्ता वा अध्यक्षको हैसियतले पाउने पारिश्रमिक-सीमित र सामान्य हुन्थ्यो तर उहाँले कहिले प्रश्न गर्नुभएन । आर्थिक कठिनाइ पर्दा हामीले उहाँलाई कुनै वर्ष अध्यक्ष-भत्ता उपलब्ध गराउन सकेनौँ तर उहाँले त्यसविरुद्ध एक शब्द पनि गुनासो गर्नुभएन ।

अढाइ दशकभन्दा लामो समयको मेरो उहाँसँगको सम्बन्धमा मात्र एक पटक उहाँले मेरो यो काम गरिदिनू भन्नुभएको छ, त्यो पनि 'मिल्छ भने' भन्ने वाक्यांश जोडेर । सोही कारणले हामीले उहाँका शब्दरचना भएको **"क्रान्तिकालहर"**नामको गीतिएलबम प्रकाशन गर्ने सौभाग्य प्राप्त गऱ्यौँ । उक्त गीतिएलबमको रिकर्डिङ उहाँ९ ९ वर्षको उकालीमा हिँडिरहँदा सुरु भएको थियो र उहाँको १००औँ जन्मोत्सवको उपलक्ष्यमा म्युजिक नेपालले उहाँलाई उपहारस्वरूप अर्पण गरेको थियो । यसलाई हामीले आफूले गरेको योगदान होइन कि उहाँ जस्तो विशिष्ट व्यक्तित्वको सिर्जनालाई सङ्गीतबद्ध रूपमा प्रकाशन गर्ने एउटा ऐतिहासिक अवसरका रूपमा लिएका छौँ ।

वास्तवमा सत्यमोहन दाइमा अनेकौँ प्रतिभाहरू थिए । उहाँ बहुप्रतिभाशाली व्यक्तित्व हुनुहुन्थ्यो । तत्कालीन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानमा सदस्य-सचिव हुँदा उहाँले 'फर्केर हेर्दा', 'सपना ब्यूँझन्छ', 'जब घाम लाग्छ' जस्ता नाटक लेख्नुभयो । 'फर्केर हेर्दा'ले त नेपाली रङ्गमञ्चकै कायापलट गरिदियो । पछि उहाँले लेखेका 'बाघ भैरव', 'सुनकेशरी', 'मृत्यु एक प्रश्न' आदि संस्कृतिमाथि आधारित सशक्त नाटकहरू लेख्नु र मञ्चन गराउनुभएको छ । उहाँ संस्कृतिको मर्मज्ञ नै हुनुहुन्थ्यो **हाम्रो लोकसंस्कृति** (२०१३) र **कर्णालीको लोकसंस्कृति** (२०२८)मा त मदन पुरस्कारै प्राप्त गर्नुभयो । यसबाहेक नेपाली मुद्रामा पनि उहाँको गहिरो अध्ययन थियो । त्यसैले उहाँले लेखेको कृति **नेपाली मुद्रा**ले २०१५ सालको मदन पुरस्कार प्राप्त गऱ्यो ।

उहाँ नेपाली लोकसङ्गीतको पनि ज्ञाता हुनुहुन्थ्यो भन्ने त सर्वविदितै छ। यसबाहेक उहाँ पारङ्गत नृत्यकार र अध्येता पनि हुनुहुन्थ्यो । नेपाल सङ्गीतविद्यालयको नृत्य कार्यक्रममाउहाँले प्रस्तुत गर्नुभएको एउटा नृत्यले औधी प्रशंसा पनि पाएको थियो । त्यस वेला 'नेपाल' साप्ताहिकमा पत्रकार रमण घिमिरेले यसबारे संक्षिप्त टिप्पणी गर्नुभएको थियो ।

यति विद्वान्, अनुभवी, अध्येता र विश्लेषक भएर पनि सत्यमोहन दाइमा कुनै किसिमको अहं-अहङ्कार छँदै थिएन । मलाई आफ्नो ४० वर्षको यस क्षेत्रको कार्यकालमा नेपालका अत्यन्त आदरणीय विभिन्न व्यक्तित्वहरूसँग नजिक रहेर सहकार्य गर्ने सौभाग्य प्राप्त भएको छ । तर सत्यमोहन दाइ जस्तो सरल र अहम्शून्य व्यक्ति मैले भेटेको छैन ।

नेपाल सरकारले शताब्दी पुरुषको उपाधि प्रदान गरिसकेपछि पनि सङ्गीतशिक्षा प्रवर्द्धनसम्बन्धी कुनै काम परेमा सिंहदरबारमा जुनै तहको पदाधिकारीलाई भेट्न जान उहाँले कहिल्यै पनि अनकनाउनुभएन । सबैलाई आदर गर्ने खास गरी सरकारी व्यक्तिहरूलाई अत्यन्त आदर गर्नुहुन्थ्यो । सरकारी अधिकारीहरूले यस देशको कला-संस्कृतिको संरक्षण र संवर्द्धन गर्छन् भन्ने विश्वास उहाँमा थियो ।

अन्त्यका २-३ वर्ष उहाँ पटकपटक बिरामी भएर अस्पतालमा भर्ना हुनुभयो । प्रत्येक पटक म र मेरी श्रीमती कञ्चन उहाँलाई भेट्न अस्पताल पुग्थ्यौँ । अन्तिम पटकको अस्पताल भर्नाबाहेक त्यस

अवधिका अस्पताल भेटमा उहाँ सधैँ कामका बारेमा नै सोध्नुहुन्थ्यो, निर्देशन दिनुहुन्थ्यो । उहाँको देहवसानभन्दा ६ महिनाजतिपहिला म उहाँको घरमा गएको थिएँ । उक्त भेटमा कुरा गर्दागर्दै उहाँको स्वास्थ्यका बारे कुरा चल्यो । त्यस बखत उहाँ शरीरमा अलि कमजोरी अनुभूति गरिरहनुभएको थियो । कुरा गर्दागर्दै उहाँले अचानक ‘अब जाने दिन आयो’ भन्नुभयो । मैले ‘दाइले के कुरा गर्नुभएको स्वास्थ्य राम्रै छ’ भनेँ । जबाफमा उहाँले ‘मलाई थाहा हुन्छ नि !’ भन्नुभएको आज पनि झल्झली सम्झन्छु ।

सत्यमोहन दाइ एक योगी, सन्त हुनुहुन्थ्यो । उहाँको निधनमा नेपाल राष्ट्रले एक सपूत गुमाएको छ । साथसाथै, नेपाल म्युजिक सेन्टरलाई अपूरणीय क्षति भएको छ । व्यक्तिगत रूपमा मैले एक अभिभावक, मार्गनिर्देशकलाई गुमाएको छु र राष्ट्रले एक सच्चा कर्मयोगीलाई गुमाएको छ । उहाँको आत्माले चिर-शान्ति प्राप्त गरोस् र आजीवन उहाँले देखाएको बाटोमा म आफूलाई अग्रसर गर्ने प्रेरणा प्राप्त भइरहोस् ।

हार्दिक श्रद्धासुमन !!!

■

नेपालभाषा–साहित्यको क्षेत्रमा सत्यमोहन जोशीको योगदान

डा. कान्छी महर्जन

प्रस्तुत अध्ययनमा वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशी (वि.स.१९७७-२०७९) ले नेपाल भाषासाहित्यको क्षेत्रमा दिएका योगदानको कृतिपरक विश्लेषण गरिएको छ। जोशीको मातृभाषा नेपालभाषा हो। उनले नेपाली भाषा, कला, साहित्यका साथसाथै आफ्नै मातृभाषा (नेपालभाषा)को कला, संस्कृति तथा साहित्य क्षेत्रमा समेत परिमाणात्मक र गुणात्मक योगदान दिएका छन्। सत्यमोहन जोशी एक बहुआयामिक व्यक्तित्व हुन्। उनी सम्पूर्ण नेपालीमाझ देशको संस्कृतिको संरक्षण, संवर्द्धन तथा निर्माणमा उत्सर्ग गर्ने एक सांस्कृतिक धरोहरका रूपमा चिनिन्छन्। एस्.एल्.सी.पश्चात् नै सत्यमोहन जोशीको झुकाव नेपालभाषा र साहित्य-सिर्जनाप्रति झुकेको पाइन्छ। जोशीको नेपालभाषामा रचित पहिलो रचना *चखुंचिया म्ये* (भँगेराको गीत) हो। यसपछि क्रमशः विविध पत्रपत्रिकामा उनमा नेपालभाषाको महाकाव्य, नाटक, कथा, निबन्ध आदि प्रकाशित हुन्छन्। यिनको नेपालभाषामा प्रकाशित कृतिहरूको कृतिपरक अध्ययन गर्दा नेपालभाषा कला, संस्कृति र साहित्यको संवर्द्धन र प्रवर्द्धनमा अविश्रान्त साधक सत्यमोहन जोशीको योगदान विशेष देखिन्छ भन्नु नै यस लेखको मुख्य निष्कर्ष हो। यस अध्ययनबाट उनी नेपालभाषाका भाषारत्न नै हुन् भन्ने प्रमाणित हुन्छ।

विषय परिचय

सत्यमोहन जोशीको अक्षराम्भ नेपालभाषाबाटै भएको देखिन्छ। १९९७ सालमा एस्.एल्.सी.परीक्षामा उत्तीर्ण भएपश्चान् उनमा साहित्यप्रति झुकाव बढेको पाइन्छ। प्रेमशान्ति तुलाधरका अनुसार उनको नेपालभाषाको प्रथम रचित गीत*चखुंचिया म्ये* (भँगेराको गीत) हो। यसमा जोशी एक प्रकृतिप्रेमीका रूपमा देखा पर्दछन्। नेपालभाषा साहित्यका क्षेत्रमा उनको बहुआयामिक व्यक्तित्वको उपस्थिति देख्न सकिन्छ। तीन-तीन पटक मदन पुरस्कार प्राप्त गर्न सफल हस्ती हुन्।

अध्ययनको विधि

प्रस्तुत अध्ययनमा पुस्तकालयीय कार्यबाट तथ्य वा सामग्री सङ्कलन गरिएको छ। यस क्रममा प्राथमिक र द्वितीयक स्रोतको उपयोग गरिएको छ। प्राथमिक स्रोतका सामग्रीका रूपमा सत्यमोहन जोशीद्वारा लिखित नेपालभाषा साहित्य, संस्कृति, धर्म, दर्शनादिसम्बन्धी मूल पुस्तकलगायत उनीद्वारा सम्पादित ग्रन्थ रहेका छन् साथै उनीसँग लिइएको अन्तर्वार्ताबाट सङ्कलित सामग्री पनि प्राथमिक

स्रोतअन्तर्गतका सामग्रीका रूपमा सङ्कलित गरिएको छ। यसै गरी द्वितीयक सामग्रीका रूपमा सत्यमोहन जोशी र उनको नेपालभाषा साहित्यसम्बन्धी विश्लेषण, समीक्षा र समालोचना गरिएका रचनाहरू रहेका छन् । यसरी प्राथमिक र द्वितीयक स्रोतबाट प्राप्त सामग्रीको वर्णन, व्याख्या र विश्लेषण गर्दै नेपालभाषा साहित्यका क्षेत्रमा सत्यमोहन जोशीको साहित्यिक योगदानको चर्चा कृतिपरक आधारमा गरिएको छ । यो गुणात्मक प्रकृतिको अनुसन्धानकार्य हो । यसमा वर्णनात्मक, व्याख्यात्मक र विश्लेषणात्मक अध्ययनपद्धतिको प्रयोग भएको छ ।

सत्यमोहन जोशीको बहुआयामिक व्यक्तित्व

नेवारी समुदायमा प्रचलित लोकपरम्परा, लोकसंस्कृतिलगायत नेपालभाषाको हरेक साहित्यिक विधामा उनको कलम चलेको पाइन्छ। यिनका सत्य वर्णमाला, न्हूगु नेवाः वर्णमाला, जयप्रकाश (महाकाव्य), नेपालया राष्ट्रिय विभूति कलाकार अरनिकोया श्वेत चैत्य (महाकाव्य), निम्ह मचाया मां (बाखं), वैद्यबा (नाटक), न्हय्दँ लिपा (नाटक), सिद्धार्थ गौतम (नाटक), सिद्धिदास (नाटक), बुद्धिमती धोंच्वलेचा, म्हगसय् नापलाःम्ह (नाटक), खँल्हाप्याखंया मुनाखँ, चारुमती (नाटक), विक्रम चरित्र (नाटक, सहसम्पादन), आजुद्यः (नाटक), चखुंचाँ हाःगु म्ये, साहित्यया मूलुखा, सत्यकोष, स्वां व सिन्ह, सच्छिग्वः खँग्वः, खँत्वाः खँभाय्, छुनाखँ, बःचाधंगु नेवा खँग्वः धुकू, प्रज्ञापारमिता धारणी सङ्ग्रह, हेमराज हस्तलिपि कला, हेमराज भिन्तुनादेछा, सुखया किचलय्, शुद्धं च्वयेगु सूत्र, किलं नयेमफुगु पौ,वैत हे हानं वैत हे, शुभराज्याभिषेकया म्ये, म्हपूजा, अन्तरराष्ट्रिय बौद्ध विद्यापीठ, पं. वैद्य आशाकाजी वज्राचार्य, क्याछया लामा व न्योन्हु लुमन्तिमुना, नेपाः या बौद्ध कला, अष्टसाहस्रिका प्रज्ञापारमिता म्हसिकेग लिधंसालगायत विविध विधाअन्तर्गतका कृतिहरू प्रकाशित छन् । यसरी हेर्दा सङ्ख्यात्मक र गुणात्मक हिसाबले हेर्दा पनि जोशीको नेपालभाषा साहित्यसम्बन्धी कृतिहरू उल्लेखनीय देखिन्छन् ।

नेवारी लोकसाहित्य र लोकसंस्कृति

नेपालभाषाको लोकसाहित्य तथा संस्कृतिको खोजपरक अध्ययन गर्दै लिपिबद्ध गर्नुमा उनको विशेष चासो र समर्पण देखिन्छ। जोशीको *म्हपूजा*मा उल्लेख गरेअनुसार "संस्कृतिको सरल अर्थ बोध हुन्छ-असल र परिष्कृत कर्म जसबाट समाज सुसंस्कृत हुने गर्दछ। कुनै पनि जाति जनजातिका धार्मिक परम्परा, पूजा पर्व उत्सव, नाचगान, जात्राहरू पनि संस्कृतिकै परिचायक अंगहरू हुन्। अनि यही संस्कृति नै प्रत्येक जाति जनजातिहरूको जातीय मौलिक पहिचान बनेको हुन्छ"। प्रत्येक जाति जनजातिको मौलिक पहिचान नै लोकसंस्कृति हो। लोकसाहित्य र संस्कृतिसम्बन्धी जोशीकाछुनाखँ (२०१४, उखान संग्रह), खँत्वाः व खँभाय् (२०१८, वाक्यांश र वाक्य पद्धति), म्हपूजा (ने.सं. ११११९) कृति प्रकाशित देखिन्छन्।

म्हपुजा (ने.सं.१११९)

लोकसाहित्य परिषद्‌बाट ने.सं.१११९ मा प्रकाशित *म्हपूजा* नेपाली भाषामा पनि *नेवारहरूको महान् चाड म्हपूजा किन र कसरी* भन्ने पुस्तक प्रकाशित पाइन्छ। यसमा लेखक जोशीले नेवारजाति मात्रको परम्परागत पुर्ख्यौली साझा संस्कृतिका रूपमा जीवन्त भइरहेको म्हपूजाको दर्शन, विधि, थितिरीति सविस्तार चर्चा गरेका छन्। यो नेवारजातिको समुदायमा प्राचीन समयदेखि नै नेपालसंवत् फेरिने नयाँ वर्षको पहिलो दिन म्हपूजा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा आध्यात्मिक साधनासिद्धितिर उन्मुख गराउने एक सांस्कृतिक सामूहिक प्रक्रिया हो। यसमा म्हपूजासम्बन्धी पं.हेमराज शाक्य, फणीन्द्ररत्न

वज्राचार्य, तेजेश्वरबाबु ग्वंग: जस्ता विविध संस्कृतिविद्‌हरूको विचार पनि साभारीकृत रूपमा समावेश देखिन्छ ।

काव्य

नेपालभाषामा उनको फुटकर रचना मुक्तक रचनादेखि बृहत् कायको रचना महाकाव्यसम्म प्रकाशित छन् । जोशीका *शुभराज्यभिषेकया म्ये* (२०१३), *जयप्रकाश* (२०२१, महाकाव्य), *धम्मपद* (२०२१), *चखुंचां हा:गु म्ये* (२०२३, कवितासंग्रह), *कविवर श्री म वी.वि.शाहयागु वैत हे व, हानं वैत हे म्ये* (२०२९), *नेपालया राष्ट्रिय विभूति कलाकार अरनिकोया श्वेतचैत्य* (२०४०, महाकाव्य) आदि प्रकाशित छन् ।

शुभराज्यभिषेकया म्ये (२०१३)

शुभराज्यभिषेकया म्ये (२०१३)स्व. श्री ५ महेन्द्रवीरविक्रम शाहको शुभराज्याभिषेकको प्रचार गर्न लेखिएको देखिन्छ । "यस कृतिको महत्त्व तीन प्रकारले रहेको छ : नेपाल सरकारले नेपालभाषामा लेख्न दिएको, नेवार भाषा भनेर नेपाल सरकारको प्रचार विभागमा उल्लेख गरेको र लोकजीवनमा नयाँ लोकगीत रचना गर्न दिएको" (श्रेष्ठ, २०७६, पृ.९४) । यो सबैभन्दा पहिले तत्कालीन सरकारले प्रकाशित गरेको नेपालभाषाको पुस्तक हो ।

नेपालया राष्ट्रिय विभूति कलाकार अरनिकोया श्वेत चैत्य (२०४०, महाकाव्य)

नेपालया राष्ट्रिय विभूति कलाकार अरनिकोया श्वेत चैत्य (२०४०, महाकाव्य) नेपाली र अङ्ग्रेजी भाषामा समेत प्रकाशित छ । यसमा वास्तुकलाविद् अरनिको नेपाल चीन मित्रताको प्रतीक श्वेतचैत्यको निर्माणका आधार र दार्शनिक पक्षको अध्ययन भएको छ ।"*श्वेत चैत्य* महाकाव्यमा पुरानो परम्परागत शैलीको त्याग गरी लोकशैली समावेश नयाँ शैलीको प्रयोग रहेको छ" (वज्राचार्य, २०५१, पृ.९७) । यसमा श्वेत चैत्य मूर्ति मात्र बनाएको चर्चा नगरी त्यहाँका बिग्रेका पुरानो मूर्ति पनि बनाएको कुरा समावेश छ । जोशीका विचारमा अरनिकोले नेपाल र नेपालीको चिनारीलाई उजिल्याउने काम गरेका छन् ।

जयप्रकाश (महाकाव्य, ने.सं.१०७५)

जयप्रकाश महाकाव्यमा जयप्रकाश मल्लको राष्ट्रिय योगदानको चर्चा छ । यो संस्कृत काव्यशास्त्रअनुसार रचित महाकाव्य हो । कान्तिपुरका अन्तिम मल्ल राजा जयप्रकाश मल्ल हुन् । "महाकाव्यमा राजा जयप्रकाश मल्लको शासनकालमा घटेका घटना बढी महत्त्वका साथ वर्णन भएको देखिन्छ" (कोइराला, २०७६, पृ.१६३) । यसको विषयवस्तु ऐतिहासिक भए पनि प्रस्तुतीकरण, वर्णनकला, काव्यात्मक र आलङ्कारिकताले यो महाकाव्य सर्वोत्कृष्ट साबित भएको छ ।। यस महाकाव्यले नेपालभाषाको श्रेष्ठ सिरपा: ने.सं.१०७५ प्राप्त गरेको थियो । त्यस्तै गरी उनले महेन्द्रवीरविक्रममा समर्पित गीत *कविवर श्री म वी.वि.शाहयागु वैत हे व, हानं वैत हे म्ये* (२०२९), पनि रचना गरेका छन् । यसरी जोशीले राष्ट्रिय, भाषिक आदि क्षेत्रमा समर्पित विशेष व्यक्तित्व र महारथीको जीवन र साहित्यिक योगदानमा केन्द्रित भएर काव्य रचना गरेका देखिन्छन् । समग्रमा उनको काव्यको मूलभूत प्रवृत्ति स्वच्छन्दतावाद देखिन्छ ।

निबन्ध/प्रबन्ध (च्वखँ मुना)

बहुमुखी प्रतिभाका धनी सत्यमोहन जोशीले नेपालभाषाको निबन्ध क्षेत्रमा पनि कलम चलाएका छन् । उनका *सुख दु:खया किचलय्* (२०१०),*नेपा:या बौद्ध कला* (२०१३), *स्वां व समेवजि* (२०४१,

निबन्धसंग्रह), *सत्यमोहन जोशीया च्वखँ मुना* (२०५७, प्रबन्धसङ्ग्रह),*म्ह पूजा* (१११९), बखुंबाहाया छत्वा चा खँ (ने.सं.११३३) लगायतका निबन्धात्मक कृति प्रकाशित देखिन्छन् ।*सुखया किचले रस्वां व समेवजि*मा आत्मपरकका साथै खोजपूर्ण सांस्कृतिक निबन्ध पनि समेटिएका छन् । “उनको निबन्धमा विश्लेषणात्मक प्रस्तुति एवम् सांस्कृतिक महकता रहेको छ” (मुकारुङ र राई, २०७५, पृ.२६९) । जोशीका निबन्धमा नेपालभाषा तथा संस्कृति, रीतिरिबाज भेषभूषा तथा बौद्ध धर्म र दर्शनसम्बन्धी विशिष्ट भाव पोखिएका हुन्छन् । आत्मपरकका साथै वस्तुपरक शैलीमा रचिएका उनका निबन्धमा देशप्रेमको भावसाथै मानवीय प्रेम पनि पाइन्छन् ।

नाटक

सत्यमोहन जोशीले नाटकसम्बन्धी सैद्धान्तिक पुस्तकका साथै त्यसै कसीमा रहेका व्यावहारिक नाटकहरू पनि लेखेका छन् । तत्कालीन नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका कुलपति सूर्यविक्रम ज्ञवालीको आग्रहबाट सत्यमोहन जोशीले नाट्यलेखनको थालनी गरेको निम्न कथनले देखाउँछ-“कुलिपतिया आग्रहकं जिं नाटक च्वयागु खः..” (जोशी, २०७७, पृ.८५)। यिनका नाटकहरूमञ्चित पनि देखिन्छन् । *सिद्धार्थ गौतम बुद्ध* (२००६) एकाङ्कीको प्रकाशनपश्चात् उनको कलम पूर्णाङ्की नाट्यरचना केन्द्रित देखिन्छन् ।

सिद्धार्थ गौतम बुद्ध (२००७), (**नछधाः प्याखं**) (**एकाङ्की**)

सत्यमोहन जोशी बौद्ध धर्म र दर्शनका अनुयायी मात्र नभएर उनी बौद्ध धर्म र दर्शनलाई साहित्यका विविध विधामा समेत प्रस्तुत गर्न निपुण स्रष्टा हुन् । उनको यो नाटक गौतम बुद्धको चरित्रमा केन्द्रित छ । यो नाटक गौतम बुद्धको महामिनिष्क्रमणको घटनामा केन्द्रित भएर लेखिएको छ । यसमा लेखकले बुद्धले दिएका उपदेशलाई मनन गर्नुका साथसाथै दुःखसुखलाई संयमतापूर्वक आत्मसात् गर्नुपर्ने कुरा गरेका जोड दिएका छन् ।

सिद्धिदास (२०२८) (**पूधा प्याखं**) (**पूर्णाङ्की नाटक**)

नेपालभाषा साहित्यमा सिद्धिदास महाजु नेपालभाषाका एक जनमुखी तथा जनपक्षीयका रूपमा परिचित देखिन्छन् । यिनी नेपालभाषाको पद्य विधाको पुनरुत्थानका निम्ति युगान्तकारी पाइला अगाडि सार्ने स्रष्टा हुन् । नेपाली भाषासाहित्यको समेत राम्रो ज्ञान भएका यिनले नेपालभाषामा समस्यापूर्ति लेखेका देखिन्छन् । यस नाटकमा महाकवि सिद्धिदासको पारिवारिक जीवन र साहित्यिक योगदान प्रस्तुत भएको छ ।

न्ह्यूदँ लिपा (२००८)

यस नाटकमा उनले थेरवादी भिक्षुहरूले २००७ सालअगाडि बुद्धधर्मको प्रचारप्रसारका लागि नेपालभाषाबाट धर्मदेशना गरेका कारण तत्कालीन नेपालभाषाविरोधी शासक राणा सरकारले भिक्षुहरूलाई नेपाल निकाला गरेका र उनीहरूले देशबाहिर बसेर नेपालभाषाको प्रचारप्रसार गरेको घटना समेटिएको छ । *न्ह्यूदँ लिपा* नाटकमा उहाँले नेपालका भिक्षहरूलाई तत्कालीन राणा शासकको हुकुमी सरकारले गरेका शासन, बौद्ध धर्मलाई सिद्ध्याउने कुप्रयास, नेपालभाषामाथिको दमन, नेपालभाषाका भाषिक विशेषता आदिको उल्लेख गरेर कसरी बौद्ध धर्मको विजय भयो, भाषाको उत्थान भयो भनेर ऐतिहासिक घटनाहरूलाई मूल विषयवस्तु बनाएर चित्रण गरिएको छ” (श्रेष्ठ, २०७६, पृ.१०१) । यसमा बौद्ध धर्ममाथि गरिएको दमनको यथार्थ चित्रित छ ।

वैद्य बा : (२०२८)

यस नाटकको नाटकीय कथ्य नेपालभाषाबाट पहिलो शब्दकोश बनाउने पन्नाप्रसाद जोशीको भाषिक योगदानलाई केन्द्रित बनाइएको छ । यसमा शब्दकोश निर्माता पन्नाप्रसाद वैद्यको नेपालभाषाप्रतिको भावना र त्यस बेलाका शासकले भाषा विकासमा कुनै चासो नदेखाएको द्वन्द्व समावेश रहेको छ । पाँच भागमा लेखिएको यस नाटकमा आफ्नो भाषा वा पेसामा समर्पित भई वैद्यले परम्परागत पेसा नछाडेको देखाइएको छ ।*वैद्य बा* नाटक नेपालभाषा र यसको साहित्यको उत्थानका लागि त्यागको भावनासमेत भएको एक व्यक्ति दुर्घटनामा मरेको घटना बडो मार्मिक ढङ्गका साथ चित्रित छ ।

चारुमती पूधाः प्याँख (२०६४)

प्रस्तुत नाटकको नाटकीय कथ्य नेपाल र भारतबिच निकै पहिलेदेखि रहेको सांस्कृतिक सम्बन्धमा आधारित देखिन्छ ।

बुद्धिमतिम्ह धाँच्वलेचा (२०६५)

यो पूधाः प्याँख अर्थात् पूणाङ्की नाटक हो । श्रीकला नाट्य समूह, ललितपुरबाट मञ्चित नाटक प्रस्तुत नाटक नेवार समुदायमा प्रचलित लोककथाबाट निर्मित नाटक हो । यो नाटक २०६४ साल वैशाख २ गते आरोहणले राष्ट्रिय नाटक महोत्सव गर्दा त्यहाँ पनि मञ्चन भएको थियो । यो शिक्षामूलक नाटक हो । आफ्ना सन्तानलाई मात्र माया गर्ने र सौतेनी छोरीलाई हेला गर्ने सामाजिक विषयवस्तुमा यो नाटकको कथा उनिएको छ । यस नाटकको मुख्य पात्र पुनथकुमैं (बेखानारांया तःधिकःम्ह कलाःया म्ह्याय्मय्जु अर्थात् बेखानाराकी जेठी बुढीकी छोरी) नै हुन् । एउटा घटनापश्चात् यहाँ सौतेनी आमाको मन फर्केको अवस्था छ । यो नाटक लू (दृश्य) १० सम्म संरचित देखिन्छ ।

म्हगसय् नापलाःम्ह (ने.सं.१०१९) (सपनामा भेट भएको) (पूधाः खँल्हाप्याखं, पूर्णाङ्की नाटक)

यस नाटकको आरम्भ पृष्ठमा नै 'महाकवि नाटककार भासया अमर कृति 'स्वप्नवासदत्ता' या लिधंसाय्' भनिएको छ अर्थात् भासको अमर कृति *स्वप्नवासदत्ता*बाट प्रभाव ग्रहण गरी लेखिएको भनी स्पष्ट खुलासा गरेको छ । यो नाटक लु (दृश्य)-७ सम्म संरचित देखिन्छ । "प्रस्तुत नाटक अत्यन्त ऐतिहासिक थियो र सत्यमोहन दाइ संस्कृत भाषाका सुप्रसिद्ध महाकवि कालिदासले समेत एउटा नामुद यशस्वी भनी सम्मान गरेका व्यक्तिले संस्कृत भाषामा लेखिराखेको *स्वप्नवासवदत्ता* पढेर प्रभावित भई सोही नाटकका आधारलाई केन्द्रित गरेर लेख्नुभएको रहेछ" (शाक्य,२०६९,पृ.६६४) । यस नाटकको निर्देशन प्रचण्ड मल्लले निर्देशन गरेका थिए । "कथाको सार छोटकरीमा, उज्जैन देशका राजकुमारी वासमतीले वत्सदेशका राजा उदयनलाई सपनामा भेटेको रहेछ" (शाक्य, २०६९, पृ.६६६) । नाटकको कथा धेरै पुरानो र त्यति बेलाको तीनओटा देश वत्स, उज्जैन र मगधसँग सम्बन्धित छ ।

नेपालभाषा साहित्य उत्थानका लागि निरन्तर योगदान दिने सत्यमोहन जोशीका नाटक प्रायजसो नेपालभाषाका लागि समर्पित व्यक्तित्वका विषयमा लेखिएका छन् । "नाटक लेखी खुबी देखाउनुभन्दा भाषिक महारथीहरूको जीवनी प्रस्तुत गरेर भाषिक चेतना जागरण गर्नु नै उनको नाटकको मूल विशेषता रहेको छ" (तुलाधर, २०७०, पृ.३३७) । मायाप्रेम, उपदेश, नेवार संस्कृतिलगायत बुद्धधर्मप्रतिको लगाव उनका नाटक पाइने नाट्यगत विशेषता हुन् । "नाटककार जोशीको गौतम बुद्ध (२००७), सिद्धिदास (२०२८), वैद्य बा (२०२८) नाटक यथार्थवादी नाटक हुन् । भाषिक चेतना उजागर गर्नुका साथै नाटकका प्रमुख पात्रहरूको व्यक्तित्व उजागर गर्न नै उक्त नाटक लेखिएको देखिन्छ । त्यसै गरी

लोककथामा आधारित बुद्धिमतिम्हं ध्वंचोलेचा (२०६५) र बाघभैरव .२०६५) लेखेका थिए" (मुकारुङ र राई, २०७५, पृ.२६७)। उनको पछिल्लो नाटक *बुद्धिमतिम्ह धौंच्वलेचा* नेवार समुदायमा प्रचलित पौराणिक तथा लोककथालाई आधार मानेर रचिएको नाटक हो। यसरी नाटकमार्फत् सत्यमोहन जोशीले नेवार जातिको लोकसाहित्य र लोकजीवनलाई उजागर गर्ने चेष्टा गरेका छन्।

आजुद्यः (बाघभैरव) (२०६५)

बाघभैरव ऐतिहासिक घटनामा आधारित लोकथालाई लिएर लेखिएको नाटक हो। यसमा ज्यापु नाटकको घिन्तामनी पात्रको प्रयोग गरेर राणाकालीन नाट्यशैलीको प्रयोग गरिएको छ। बाघभैरवको मिथक काठमाडौँको कीर्तिपुरमा स्थित बाघभैरव मन्दिरसँग सम्बन्धित देखिन्छ। यसमा बाघभैरवको उत्पत्तिको कथा पनि भनेको हुँदा यसबाट दर्शकलाई सांस्कृतिक ज्ञान पनि हुने देखिन्छ।

उनका नाटकहरू परम्परागत शैलीमा सीमित भए पनि भाव, विचार, मुखपात्र चयनमा आधुनिक नाट्यचेतना देख्न सकिन्छ। यिनका प्रायजसो सबै नाटकहरू मञ्चित पनि भएका देखिन्छन्।

नाटकको सैद्धान्तिक पुस्तक

खँल्हाप्याखँ (नाटक) या मुनाखँ (ने.सं.१११९)

लोकसाहित्य परिषद्बाट ने.सं. १११९ मा प्रकाशित यसमा नाटकको सैद्धान्तिक पक्ष अर्थात् Theatrical Workshop अगाडि सारिएको छ। यसमा नाटकको सैद्धान्तिक र प्रयोगात्मक पक्षका साथै निर्देशन, रङ्गमञ्च (स्टेज)को सैद्धान्तिक चर्चा छ। विशेषतः स्कुल, क्याम्पस र विविध सङ्घसंस्थामा नाटकको सैद्धान्तिक ज्ञान दिन, प्रदर्शन गर्न नाटकसम्बन्धी प्राविधिक ज्ञान अत्यावश्यक हुने हुँदा यसको महत्त्व बढी देखिन्छ। उनले भूमिका भनेका छन्-"खँल्हाप्याखंया निगू पक्ष दु १.श्रव्य पक्ष र २. दृश्य पक्ष। थथे धयागु खँल्हाप्याखं धइगु काव्य अथवा उपन्यास थें ब्वनेज्यू, न्यने नँ ज्यू। थथे हे हानं ध्वयात दबुलिइ, खतय् व रंगमंचय् (स्टेजय्) ह्वीकाः क्यने नं ज्यू" (जोशी, ने.सं.१११९, पृ.ङ) अर्थात् नाटकमा श्रव्य र दृश्य गरी दुई पक्ष हुन्छन्। यो काव्य अथवा उपन्यास जस्तै पढ्न पनि मिल्छ र सुन्न पनि सकिन्छ। यस्तै गरी यसलाई मञ्चमा प्रस्तुत गर्न पनि सकिन्छ। यसमा नेपालभाषाको नाटकको विकासक्रमको समेत चर्चा समेटिएको छ।

जीवनी

सत्यमोहन जोशीले नेपालभाषा साहित्य उत्थानमा निरन्तर योगदान दिने महारथीका साथसाथै दत्तचित भएर निरन्तर बौद्ध धर्म र दर्शनको प्रचारप्रसार लाग्ने पण्डितबाट प्रभावित बनेर जीवनी लेखेका देखिन्छन्। जीवनी लेखनबाट ऐतिहासिक महत्त्व राख्ने व्यक्तित्वका तथ्य सुरक्षित र प्रकाशित हुने जोशीको धारणा छ। जीवनीअन्तर्गत जोशीको *कलाकार अरनिको*

(२०४३), *पं.वैद्य आशाकाजी वज्राचार्य* (२०४७) लगायत पुस्तक प्रकाशित छन्।

कलाकार अरनिको (२०४३)

साझा प्रकाशनबाट प्रकाशित यो पुस्तक २०४४ सालमा सर्वोकृष्ट पुस्तक घोषणा भएको देखिन्छ। २०१६,२०२२,२०३७ साल गरी पटक-पटक चीन जाँदा त्यहाँ उनले अरनिकोबारे नयाँ-नयाँ तथ्य पत्ता लगाउने उद्देश्यका साथ अध्ययन-अनुसन्धान गरे। भाषाको समस्या हुँदा सत्यमोहन जोशीले त्यहाँ विद्यार्थीको सहयोग लिएका देखिन्छन्। उनकै शोधखोजको परिणामले गर्दा "चीन महादेशको युआनवंशको इतिहासका नेपालको कलाकार अरनिको जीवनी प्रकाश भएपश्चात् नै श्री ५ सरकारले

हुलाक सेवा विभागले २०२९ साल वैशाख १ गते अरनिको र उनले बनाएको श्वेत चैत्य अङ्कित हुलाक टिकट प्रकाशन गऱ्यो भने अन्तरराष्ट्रिय क्षेत्रमा प्रचार गरियो" (जोशी, २०४८, घ-ङ) ।

पं:वैद्य आशाकाजी वज्राचार्य (२०४७)

बोधि प्रकाशनबाट २०४७ (ने.सं.१११११) मा प्रकाशित जीवनी (जीवनीया छत्वाचा खँ) मा सत्यमोहन जोशी लेख्छन्-"हामी आफैँले बौद्ध, विद्वान्, आचार्य, बुद्धिजीवी, कलाकारहरूको जीवनी लेख्ने क्रम अगाडि बढाउनुपर्छ । यसो गर्दा ऐतिहासिक तथ्य सुरक्षित हुन भएर प्रकाशित हुनु अत्यावाश्यक छ" (जोशी, २०४८, घ-ङ) । यसमा नेपालसंवत् १०२९ (वि.सं.१९६५) कार्तिक शुक्ल द्वितीया सोमबार ललितपुरमा जन्मिएका पण्डित वैद्य आशाकाजी वज्राचार्यको जीवनी देखिन्छ साथै नेपालमा प्रचलित बौद्ध धर्म, दर्शन र संस्कृतिको जीवन्त परम्परालाई अगाडि बढाउने बौद्ध विद्वान्, चर्या गीत र नृत्यका निर्देशक वज्राचार्यको अमूल्य योगदानको चर्चा समावेश छ ।

बालसाहित्य (मचा सफू)

मातृभाषामा शिक्षा लिनुपर्दछ र दिनुपर्छ भन्ने विचार राख्नुका साथसाथै मातृभाषामा मात्र बच्चाले आफ्नो अभिव्यक्ति स्पष्ट र र सरल रूपमा राख्न सक्ने बताउने सत्यमोहन जोशीको कलम बालसाहित्यको क्षेत्रमा पनि चलेको पाइन्छ । यसअन्तर्गत उनको *मचा भूगोल* (२०१४), *साहित्यया मू लुखा* (२०१४), *सत्य वर्णमाला* (२०१९) र *नेवाः वर्णमाला*(ने.सं.११३१) आदि कृति प्रकाशित छन् । उनको कवितासङ्ग्रह *चखुंचां हाःगु म्ये* पनि बालसाहित्यकृति नै हो । । यसै गरी बालबालिकाका लागि साहित्यिक ज्ञानका लागि *साहित्यया मूलुखा* (साहित्यको मूल कुरा) र भौगोलिक जानकारीका लागि *मचा भूगोल* लेखेका छन् । उनले बालसाहित्यमा लोकजीवनको प्रयोग हुने र टाँसिरहने लोकसाहित्यलाई विशेष भूमिका दिएका छन् ।

सत्य वर्णमाला (२०१९)

नेवार हुनुको जातीय पहिचान भनेकै नेपालभाषा, साहित्य र संस्कृति हो । यसको लागि नेपालभाषाको वर्णमाला महत्त्वपूर्ण हुने भन्दै जोशीले यो पुस्तक कौस्तुभ व वया पासापिन्त अर्थात् कौस्तुभ र उनका साथीहरूलाई समर्पण गरेका छन् । यसको मतलब बेलायतमा बस्ते कौस्तुभयातले मांभाषां अर्थात् मातृभाषा बोल्न नजानेका र पछि यही सत्य वर्णमाला पढेर नेपालभाषाका बोलेको सन्दर्भ यसमा जोडिएको छ । यसमा नेपालभाषाको वर्णमालाका साथसाथै राजमतिया म्ये, मचा म्ये, म्हपुजा, ध्वंच्वलेचिया बाखं आदि पनि समावेश गरिएका छन् । यसमा माआखः भनेर स्वर वर्ण र बाआखः भनेर व्यञ्जन वर्ण भनेर पनि चिनाइएको छ ।

व्याकरण कोश/शब्दकोश

आफ्नो मातृभाषामा शिक्षा लिने मानिस महान् र उच्च हुन सक्छन् भन्ने विचार राखेर जोशीले बालवर्णमालाको रचना गरेका देखिन्छन् । उनले नेपालभाषाको शुद्ध लेखनका लागि व्याकरण कोशमा समेत कुशलतापूर्वक निर्माण गरेका छन् । उनले *शुद्धं च्वयुगु शुत्र* (२०१३), *सत्य शब्दकोश :सच्छि खँग्वः* (२०४७), *बःचाधंगु नेवाः खँग्वःधुकू* (ने.सं. ११०७),*सत्य वर्णमाला* (२०१९) लेख्ने र सम्पादन गर्ने कार्य गरेका छन् ।

शुद्धं च्वयुगु शुत्र (२०१३)मा मूलतः हिज्जे शुद्धाशुद्धिको नियम समावेश छ भने *सत्य शब्दकोश : सच्छि खँग्वः* (२०४७) अर्थात् एक सय शब्दमा नेपालभाषा र अङ्ग्रेजी दुवै भाषामा शब्दहरू समेटिएका

छन् । *ब:चाधंगु नेवा: खँग्व:धुकू*(ने.सं. ११०७) उनीदारा सम्पादित पुस्तक हो । भाषिक उत्थानका लागि नेपालभाषासम्बन्धी व्याकरणकोश र शब्दकोश आवश्यक ठानेर उनले कलम चलाएका हुन् ।

कथा (बाखं)

सत्यमोहन जोशीले सबभन्दा बढी मन पराएको विधा कथा विधा हो । निम्ह मचाया मां अर्थात् दुई छोराछोराकी आमा (नेस१०७० प्रेमशान्तिका विचारमा नेपालभाषामा पनि आधुनिक कथाको अभावपूर्ति गर्ने उद्देश्यले अभिप्रेरित भई कथा रचना गर्ने कथाकारहरूमध्ये सत्यमोहन जोशी पनि एक हुन् । आफ्नो समयका कथाकारहरूले जस्तै उनले पनि सरप्राइज प्लटको कथा लेख्ने गरेका छन् । "कथामा कथाको अङ्ग पूर्ण भएर पनि आधुनिक कथाले दिनुपर्ने प्रभावकारिता भने उनको कथाले दिन सकेको देखिँदैन"(तुलाधार, २०७०,पृ.२७८) । यिनका कथाहरू घटनाप्रधान हुनुका साथै सुधारको पनि निर्देश दिइएको पाइन्छ ।

सम्पादन

सत्यमोहन जोशीले साहित्यिक कृति र पत्रिकाको सम्पादन कार्य गरेका छन् । उनीद्वारा सम्पादित कृतिमा *ब:चाधांगु नेवा खँग्व:धुकू* (२०४३),*क्यान्छेया लामाजु कनाबिज्याःगु कुन्सांलामेस्यालुं ङोन्दु* (२०४६), *हेमराज भिन्तुना देछा* (२०४९) आदि रहेका छन् ।

क्यान्छेया लामाजु कनाबिज्याःगु कुन्सांलामेस्यालुं ङोन्दु (२०४६)

यस पुस्तकका लेखक बौद्ध योगी पण्डित बुद्धिराज शाक्यवंश हुन् भने यसको सम्पादन सत्यमोहन जोशीबाट भएको देखिन्छ । बोधि प्रकाशन केन्द्र, ललितपुरबाट ने.सं.१११० (२०४६) प्रकाशित यो एउटा बौद्ध धर्मग्रन्थरत्न हो । यो ङोन्दु बाखं भन्नुहुने क्यान्छया लामाजुबाट कहेको बाखं अर्थात् कथा समावेश देखिन्छन् । यसमा नेपालको लुम्बिनीमा जन्मेका भगवान् सिद्धार्थ गौतम बुद्धको प्रतिपादन गरेका बौद्ध धर्मअन्तर्गत धर्मदेशनां रहेका छन् । उनीबाट सम्पादित अन्य पुस्तकमा *ब:चाधंगु नेवा: खँग्व:धुकू* (२०४३), *क्यान्छयालामा व "ङोन्दु" लुमंति-मुना* (२०४६), *हेमराज भिंतुना* (२०४९) ।*क्यान्छेया लामाजु कनाबिज्याःगु कुन्सांलामेस्यालुं ङोन्दु* (२०४६) मा तिब्बतबाट क्यान्छया लामा नेपाल आउनुभई तिब्बती भाषामा बुद्धधर्मको बारेमा व्याख्या गर्नुभएको र त्यसको नेपालभाषामा अनुवाद र सम्पादन जोशीले गरेका देखिन्छ । उनकै सम्झनामा जोशीले *क्यान्छयालामा व "ङोन्दु" लुमंति-मुना* (२०४६) पनि सम्पादन गरेका देखिन्छन् । क्यान्छा लामाको धर्मदेशा र प्रवचनबाट जोशी निकै प्रभावित बनेका थिए ।

बौद्ध धर्म र दर्शनसम्बन्धी

सत्यमोहन जोशीमा बौद्ध धर्म र दर्शनसम्बन्धी गहिरो रुचि तथा आस्था रहेको छ । उनको बौद्ध धर्म र दर्शनसम्बन्धी *नेपाया बौद्धकला* (२०१३),*अन्तरराष्ट्रिय बौद्ध विद्यापीठ* (ने.सं.११०८), *अष्टसाहस्रिका प्रज्ञापारिमिता* (ने.सं.११२५) आदि प्रकाशित छन् ।

अन्तरराष्ट्रिय बौद्ध विद्यापीठ (ने.सं.११०८)

भक्तिदास श्रेष्ठ (अध्यक्ष, नेपाल बौद्ध तदर्थ समिति) बाट प्रकाशित यसमा "थुकिं नेपा: यागु बौद्ध धर्म दर्शनसम्बन्धी आपालं महत्त्वपूर्ण खँ कनाच्वंगु दु" अर्थात् यसमा नेपालको बौद्ध धर्म दर्शनसम्बन्धी निकै नै महत्त्वपूर्ण कुरा बताइएको छ (जोशी, ने.सं. ११०८) । यसमा बौद्ध धर्मदर्शनसम्बन्धी महत्त्वपूर्ण कुराहरू जस्तै मानवता, अहिंसा, दया, करुणा आदि धर्मदेशना समेटिएका छन् ।

अष्टसाहस्रिका प्रज्ञापारिमिता (ने.सं.११२५)

लोकसाहित्य परिषद्बाट ने.सं. ११२५ (२०६२) प्रकाशित यसमा सहायक लेखकका रूपमा विजयरत्न वज्राचार्य । यसमा ललितपुरको श्री हिरण्यवर्ण महाविहार (क्वाःबाहाः) को सद्धर्म अष्टसाहस्रिका प्रज्ञापारमिताग्रन्थको पूजा विधि, त्यहाँको गुथि, प्रज्ञापारमिता चर्या, प्रज्ञापारतिता दर्शन, त्रिरत्न वन्दना आदिको चर्चा समेटिएका छन् । "प्रज्ञापारमिता धैगु महायानी बौद्ध धर्म जक मखु, थ्वला छगू चधंगु महायानी बौद्ध दर्शन"(जोशी र वज्राचार्य, ने.सं.११२५,पृ.३७) । ललितपुर हिरण्यवर्ण महाविहारले लामो समयदेखि परम्परागत रूप, सुरक्षित, प्रदर्शित र पूजित गरिरहेको सन्दर्भ उल्लेख भएको छ । "महायानी बौद्ध धर्मको सबभन्दा विशेष किताब प्रज्ञापारमिता ग्रन्थ नवग्रन्थ सूत्रमध्ये एक सूत्र हो । प्रज्ञापारमिता शून्यता ज्ञानको मुख्य ग्रन्थ हो"

(वज्राचार्य, २०५१, पृ.३१) । प्रज्ञापारमिता बौद्ध दर्शनमध्येको एक दर्शन हो, जसलाई शून्यवादी दर्शनका रूपमा लिइन्छ ।

२०११ सालदेखि नै नेपालभाषा, साहित्य, संस्कृति, धर्म, कला, पुरातत्त्व, इतिहास, दर्शन आदिसँग सम्बन्धित सिर्जनात्मक तथा खोजमूलक पुस्तक प्रकाशित गरेका सत्यमोहन जोशीले नेपालभाषा साहित्यमा *धर्मोदयया कहनीयता, ती बाखंया लिसः* (२०३७) र *नःलि* कविता समालोचना पनि प्रकाशित गरेका छन् । पौरस्त्य साहित्य समीक्षालाई आधारबिन्दु बनाएर जोशीले नेपालभाषा साहित्यको मूल्याङ्कन र समालोचना गरेका देखिन्छन् ।

निष्कर्ष

नेपालभाषा र साहित्यमा आधुनिक स्रष्टाका रूपमा परिचित भाषारत्न सत्यमोहन जोशी (वि.स.१९७७-२०७९) लोकसंस्कृति, लोकसाहित्य, संस्कृति, दर्शन, पुरातत्त्व, कला, धर्म आदि विषयमा छुट्टै पहिचान बनाउन सफल राष्ट्रिय व्यक्तित्व हुन् । फुटकर कविता हुँदै उनको कलम महाकाव्य, गीत, कथा, नाटक, जीवनी आदि विधामा सशक्त रूपमा चलेको देखिन्छ । नेपालभाषा साहित्यका साथसाथै उनले नेवारी संस्कृति, नेपालभाषासम्बन्धी शब्दकोश र व्याकरणकोश निर्माण, बौद्धधर्म र दर्शनका बारेमा पनि कलम चलाएका छन् । मातृभाषाको भाषिक उन्नयनका लागि विविध बौद्धिक तथा प्राज्ञिक सङ्घसंस्था जस्तै नेपालभाषा एकेडेमी, नेपालभाषा परिषद्, नेवाः देय् दबू, च्वसापासालगायतमा आबद्ध रही अविश्रान्त योगदान गर्ने जोशीले श्रेष्ठ सिरपाः, लाकौला सिरपाः आदि प्राप्त गरेका देखिन्छन् । सत्यमोहन जोशीको संलग्नता, सक्रियता र समर्पणबाट २०५० सालमा नेपालभाषा एकेडमीको स्थापना भएको हो । यसरी विविध सङ्घसंस्थामा आदिमा आबद्ध भई नेपालभाषा, साहित्य, कला, संस्कृतिको कार्यमा लागिपर्ने यिनी मातृभाषाका विशिष्ट तथा साधकर प्रेरणाका प्रतिमूर्ति हुन् । नेपालभाषा र नेपाली भाषासाहित्य, संस्कृतिलगायतका क्षेत्रमा उत्तिकै योगदान दिने बहुप्रतिभाशाली व्यक्तित्वको कदर गर्दै जोशीलाई सर्वप्रथम त्रिमूर्ति निकेतनबाट २०७२ सालमा शताब्दी पुरुषको सम्मान प्रदान गर्ने ऐतिहासिक कार्य भएको हो । मातृभाषाको सेवा गर्नुलाई प्रथम र प्रमुख दायित्व सम्झने जोशी नेपालभाषा, साहित्य, संस्कृति, कला आदिको संरक्षण, संवर्द्धन र प्रचारप्रसारका लागि आजीवन अथक साधकका रूपमा सक्रिय रहे । उमेरको हिसाबले त उनले दीर्घ जीवन प्राप्त गरे नै साथसाथै मातृभाषाको अनन्य सेवकका रूपमा त उनी सदा अमर नै बन्न सफल भए ।

सन्दर्भ सामग्रीसूची

कोइराला, जीवनचन्द्र. (सम्पा.). (२०७६). *कृतिबिम्बमा सत्यमोहन जोशी.* ललितपुर : कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवा गुठी ।

कोइराला, जीवनचन्द्र (सम्पा.).(२०७६). *सेवा नेपाल सत्यमोहन जोशी विशेषाङ्क.* ललितपुर : कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवा गुठी ।

जोशी, सत्यमोहन (मुंह्वा) (ने.सं.११०८). *अन्तरराष्ट्रिय बौद्ध विद्यापीठ.* ललितपुरः भक्तिदास श्रेष्ठ (अध्यक्ष,नेपाल बौद्ध तदथ् समिति)

जोशी, सत्यमोहन (सम्पा.). (ने.सं.१११०). *क्यान्छ्या लामाजु कनाबिज्याःगु कुनसांलामेस्यालुं डोन्दु.* काठमाडौं : बोधि प्रकाशन केन्द्र ।

जोशी, सत्यमोहन. (ने.सं.१११०). *क्यान्छयालामा व डोन्दु लुमंति-मुना.* काठमाडौं : बोधि प्रकाशन केन्द्रयाके ।

जोशी, सत्यमोहन. (न्ह्मब्वः ह्म). (ने.सं.११११). *पं.वैद्य आशाकाजी वज्राचार्य.* काठमाडौं : बोधि प्रकाशन ।

जोशी, सत्यमोहन. (ने.सं.१११९). *म्हपुजा.* ललितपुर : लोकसाहित्य परिषद् ।

जोशी, सत्यमोहन. (ने.सं. १११९). *म्हगसय् नापलाःम्ह.* ललितपुर : लोकसाहित्य परिषद् ।

जोशी, सत्यमोहन. (ने.सं.१११९). *खँल्हाप्याखं (नाटक) या मुनाखँ.* ललितपुर : लोकसाहित्य परिषद् ।

जोशी, सत्यमोहन. (ने.सं. ११२१). *सत्य वर्णमाला.* ललितपुर : लोकसाहित्य परिषद् ।

जोशी, सत्यमोहन (न्हाब्वः म्ह) (ने.सं. ११२५). *अष्टसाहस्रिका प्रज्ञापारमिता.* ललितपुरः लोकसाहित्य परिषद् ।

जोशी, सत्यमोहन. (ने.सं.११२९). *बुद्धिमतिम्ह धोँच्वलेचा:* ललितपुर : लोकेश्वर प्रकाशन ।

जोशी, अणु राज (भाषा अनुवादक).(ने.सं.११४१).*वाङ्मय शताब्दीपुरुष.* ललितपुर : रोटरी क्लब यल ।

तुलाधर, प्रेमशान्ति (२०६९). ‘सत्यमोहन जोशी : एक परिचय’. *शब्द संयोजन.* पूर्णाङ्क-१००. (पृ.५९-७२)

तुलाधर, प्रेमशान्ति (ने.सं.११३२). *सत्यमोहन जोशी सङ्क्षिप्त परिचय.* काठमाडौं : अमृत पृथ्वी गुथि ।

तुलाधर, प्रेमशान्ति (२०७०). नेपालभाषा साहित्यको इतिहास. काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

पोखरेल, रमेश (कार्यकारी सम्पा.).(२०६९). शब्द संयोजन, वर्ष ९ अंक ५पूर्णाक१००ललितपुर : कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवा गुठी ।

मुकारुङ, श्रवण र राई, पदम (सम्पा.). (२०७५). *मातृभाषा साहित्यको इतिहास भाग १.* काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

वज्राचार्य, मदन सेन.(२०५१). *सत्यमोहन जोशीको जीवनी.* काठमाडौं : सत्यमोहन जोशी हनेज्या ग्वासः खलः नेपाः ।

श्रेष्ठ, लक्ष्मी. (२०७६). *सच्छिदँया सत्यमोहन जोशी,* ख्वपः कुतः पिकाक ।

शाक्य, राजेन्द्रमान (२०६९). ‘नाटककार सत्यमोहन जोशी’. *शब्द संयोजन.* पूर्णाङ्क-१००. (पृ.६६२-६६८) ।

■

नाट्यतत्वका आधारमा 'महर्षि याज्ञवल्क्य' नाटकको अध्ययन

डा. शोभा ढुङ्गाना

१. लेख सार

प्रस्तुत लेख 'नाट्यतत्त्वका आधारमा महर्षि याज्ञवल्क्य' शीर्षकमा केन्द्रित रहेर नाटककार सत्यमोहन जोशीको 'महर्षि याज्ञवल्क्य' नाटकको अध्ययन गरिएको छ। एउटा लेखमा कथावस्तु, पात्रविधान रस, विचार तत्त्व र नाट्यशिल्पका आधारमा अध्ययन्न गरिएको छ। लेखको विश्लेषण र मूल्याङ्कनका लागि वर्णनात्मक र विश्लेषणात्मक विधि अपनाइएको छ। 'महर्षि याज्ञवल्क्य' प्रख्यात कथावस्तु भएको नाटक हो । यसको वस्तुस्रोत बृहदारण्यकोपनिषद् हो । याज्ञवल्क्यको विद्यार्थी जीवनदेखि गृहस्थी जीवन हुँदै उनका जीवनका यावत् क्रियाकलापसहित महाप्रस्थान अर्थात् सन्न्यास गमनसम्मका घटनाहरू नै नाटकको आधिकारिक कथावस्तु हो । महर्षि याज्ञवल्क्य नाटकका मुख्य पात्र र नायक हुन् । हुन् । महर्षि याज्ञवल्क्य शान्तरसप्रधान नाटक हो । सहायक रसका रूपमा रौद्र, शृङ्गार, बीभत्स, करुण, वीर, भयानकरस रहेको छ। याज्ञवल्क्य वेदान्तीय दर्शनमा आधारित नाटक हो । बृहदारण्यकोपनिषद्मा उल्लेख गरिएको याज्ञवल्क्यको चरित्र र आत्मचिन्तन एवम् तत्त्वज्ञानसम्बन्धी आध्यात्मिक दर्शनलाई प्रकाश पार्नुका साथै आर्य सभ्यता संस्कृतिको पहिचान गराइएको छ। यसमा केही उखानटुक्का, प्रतीकात्मक बिम्ब तथा अलङ्कारको समेत प्रयोग भएको छ। दृश्य विभाजनमा मात्र सीमित यस नाटकको बाह्य संरचना प्राक्कथन र उपसंहारबाहेक सात दृश्यमा संरचित छ। दृश्यैपिच्छे विभिन्न शीर्षक दिएर नाटकीय कथावस्तुको रचना गरिएको प्रस्तुत नाटकमा नवीन शिल्पको प्रयोग हुनुका साथै प्राकृतिक सुन्दर दृश्य, सज्जाले नाटककार जोशी कुशल नाटककार मात्र नभएर कुशल नाट्यनिर्देशक पनि हुन् भन्ने निष्कर्ष निकालिएको छ।

शब्दकुञ्जी : ब्रह्मतत्त्व, आत्मा, परमात्मा विभाव, अनुभाव

१. विषय परिचय

प्रस्तुत लेख नाट्यतत्त्वका आधारमा 'महर्षि याज्ञवल्क्य' शीर्षकमा केन्द्रित रहेर नाटककार सत्यमोहन जोशीको 'महर्षि याज्ञवल्क्य' नाटकको अध्ययन गरिएको छ। पिता शङ्करराज जोशी र माता राजकुमारी जोशीका जेष्ठ सुपुत्र सत्यमोहन जोशीको जन्म वि.स..१९७७ साल वैशाख ३० गते

ललितपुरको बखुम्बहालमा भएको हो। शताब्दी पुरुषका रूपमा सम्मानित जोशीको १०३ वर्षको उमेरमा वि.सं. २०७९ साल असोज ३० गते आइतबारका दिन देहावसान भयो। उनी 'हाम्रो लोकसंस्कृति' नामक ग्रन्थका लागि २०१३ मा, 'राष्ट्रिय मुद्रा' नामक ग्रन्थका लागि २०१८ र 'कर्णाली लोकसंस्कृति' २०२८ मा गरी तीन पटक मदन पुरस्कारबाट सम्मानित भएका छन्। साहित्य, लोकसाहित्य र संस्कृतिका क्षेत्रमा अनवरत रूपमा साधना गरी कलम चलाएका जोशीका हालसम्म एकहत्तरओटा साहित्यिक कृतिहरू प्रकाशित भइसकेका छन्। उनी संस्कृतविद्का रूपमा परिचित त छँदै छन् लोकसाहित्य र साहित्यका क्षेत्रमा पनि उनको त्यत्तिकै योगदान रहेको छ। काव्य, महाकाव्य, नाटक, नियात्रा आदि विविध विधामा कलम चलाएका जोशीका नेवारी भाषाका नौओटा र नेपाली भाषाका दसओटा नाटकहरू प्रकाशित भएका छन्। उनका नेपाली भाषाका नाटकहरू (१) 'सिपाही र रैती' (पूर्णाङ्की) (२०२७), (२) 'दैलाको बत्ती' (महर्षि याज्ञवल्क्य) (२०२८), (३) 'सपना बिउझन्छ' (पूर्णाङ्की) (२०३४), (४) 'फर्केर हेर्दा' (पूर्णाङ्की) (२०३५), (५) 'जब घाम लाग्छ' (पूर्णाङ्की) (२०३५), (६) 'मृत्यु एक प्रश्न' (पूर्णाङ्की) (२०४२), (७) 'बाघ भैरव' (अनुदित) (२०६४), (८) 'मजिपालाखे' (२०७१), (९) 'सुनकेशरी मैयाँ' (२०७५), (१०) 'चारुमती' (२०७७) हुन्।

नाटककार जोशीको 'सिपाही र रैती' ऐतिहासिक विषयवस्तु भएका नाटक हो। वि.सं. १८१४ मा भारतलाई उपनिवेश बनाएर शासन गरिरहेका अङ्ग्रेजहरूले नेपाललाई सानो र निर्धो ठानेर अकस्मात् एकतर्फी रूपमा युद्धको घोषणा गरेका थिए, तर सेनामा खटिएका नेपाली सिपाही र रैतीहरूले अङ्ग्रेजी सेनाका विरुद्ध वीरताका साथ लडेर विजय हासिल गरेका ऐतिहासिक घटनालाई नाटकीकरण गरिएको छ।

जोशीको 'चारुमती' नाटक चौधौँ किराती राजा थंकुको शासनकाल (इ.पू. २६५ तिर) मा भारतको मगध सम्राट् अशोक रानी र छोरी चारुमतीसहित तीर्थयात्रा गर्न नेपाल आएका ऐतिहासिक घटनामा आधारित नाटक हो। 'सुनकेशरी' कर्णाली प्रदेशमा प्रचलित लोककथामा आधारित सुनकेशरी मैयाँको कथा हो। बाहिरी सौन्दर्यलाई मात्र खोज्ने मनको सुन्दरतालाई देख्न नसक्ने तत्कालीन दरबारिया शासकहरूहरूप्रति व्यङ्ग्य गरेर लेखिएको छ। 'फर्केर हेर्दा' सामाजिक विषयवस्तु भएको नाटक हो। यो पश्चिम नेपालको घट्टेखोला गाउँका गाउँलेहरूको जीवनकथामा आधारित नाटक हो।

'बाघ भैरव' नेवारी भाषाबाट नेपालीमा अनुदित नाटक हो। बाघ भैरव मिथक हो। यो काठमाडौँको कीर्तिपुरस्थित बाघ भैरवको मन्दिरसँग सम्बन्धित छ। 'जब घाम लाग्छ' सामाजिक यथार्थवादी नाटक हो। प्रस्तुत नाटक वि.सं. २०३० मा नयाँ शिक्षा लागू भएपछि त्रि.वि. ले सञ्चालन गरेको राष्ट्रिय विकास सेवा कार्यक्रमअन्तर्गत गाउँमा १० महिनाका लागि विद्यालयको शिक्षक भएर गएका विद्यार्थीहरूले गाउँका विद्यालयमा पढाउनुका साथै विकास निर्माणका काम गर्ने कुरामा समेत लागिपरेको विषयलाई आधार बनाएर नाटकीकरण गरिएको छ।

नाटककार जोशीको 'मृत्यु एक प्रश्न' (वि.सं. २०४२) दार्शनिक चिन्तनमा आधारित नाटक हो। यसको विषयवस्तु कठोपनिषद्को प्रथम वल्ली, श्लोक ४ मा आधारित छ। ४ दृश्यमा संरचित प्रस्तुत नाटकमा मानवजीवनको जन्म र मृत्यु जस्तो गहन विषयमा केन्द्रित भएर आध्यात्मिक चिन्तन प्रस्तुत गरिएको छ। प्रस्तुत लेखमा प्रतिनिधि नाटकका रूपमा 'महर्षि याज्ञवल्क्य' नाटकको अध्ययन गरिएको छ।

२. अध्ययनको विधि

प्रस्तुत लेखका लागि प्राथमिक सामग्रीका रूपमा नाटककार सत्यमोहन जोशीका नाटकहरू र उनको 'महर्षि याज्ञवल्क्य' नाटकलाई प्रमुख आधार बनाइएको छ । द्वितीय सामग्रीका रूपमा विभिन्न नाट्यग्रन्थहरू, सत्यमोहन जोशीका बारेमा लेखिएका पुस्तक तथा लेखहरूलाई आधार बनाइएको छ । लेखको विश्लेषण र मूल्याङ्कनका लागि वर्णनात्मक र विश्लेषणात्मक विधि अपनाइएको छ ।

३. सैद्धान्तिक आधार

प्रस्तुत लेखमा नाट्यतत्त्व कथावस्तु, पात्रविधान, रस, विचार तथा उद्देश्य र नाट्यशिल्पकेन्द्रित रहेर महर्षि नाटकको अध्ययन गरिएको छ ।

३.१. नाटकको वस्तुस्रोत र कथावस्तु

आचार्य धनञ्जयले आफ्नो दशरूपक ग्रन्थमा नाटकको वस्तुस्रोत प्रख्यात, उत्पाद्य र मिश्र गरी तीन प्रकारको हुन्छ भनी निर्देश गरेका छन् । प्रख्यात वस्तु इतिहास वा पुराणबाट लिइएको हुन्छ भने उत्पाद्य वस्तु नाटककारको कल्पनाबाट उत्पन्न हुन्छ । त्यसै गरी कतिपय नाटकमा प्रख्यात र उत्पाद्य वस्तुको मिश्रण पनि पाइन्छ (२०६६,पृ.२४) ।

नाटकीय विषयवस्तु नै कथावस्तु हो । कथानकमा घटनाहरूको विन्यास हुन्छ, तर यसको अर्थ घटनाहरूको थुप्रो मात्र कथावस्तु होइन । यसमा घटनाहरूको कार्यकारण सम्बन्ध रहेको हुन्छ । कथावस्तु आधिकारिक र प्रासङ्गिक गरी दुई प्रकारको हुन्छ । कार्यको विशेष फलप्राप्ति गर्ने उद्देश्यअनुरूप कथावस्तुको कल्पना गरिन्छ, त्यसलाई भने आधिकारिक कथावस्तु भनिन्छ । कथावस्तुको सहायक भएर आएका अन्य कथावस्तुलाई प्रासङ्गिक कथावस्तु भनिन्छ (भरतमुनि तृ. भा. सन् २०१४, ४८-४९)) अरिस्टोटलका अनुसार कथानक आदि, मध्य र अन्त्य मिलेको सरलताका साथ र स्मृतिमा धारण गर्न सकिने न ज्यादै ठूलो न ज्यादै सानो, ठिक्कको हुनुपर्दछ (नागेन्द्र महेन्द्र, सन् १९८१, पृ. ७१) । पछिल्ला कतिपय नाटकहरू आदि, मध्य र अन्त्य नमिलेको सरलताका साथ र स्मृतिमा धारण गर्न नसकिने विशृङ्खल पनि पाइन्छन् ।

३.२. चरित्र चित्रण

भरतमुनिले आफ्नो नाट्यशास्त्रमा उत्तम, मध्यम र अधम गरी पुरुष तथा स्त्री पात्रका प्रकृतिगत / स्वभावगत तीन भेद हुन्छन् भनी निर्देश गरेका छन् । जसले इन्द्रीयलाई नियन्त्रित राख्न सक्छ, चुतर छ, विविध कला र शास्त्रका ज्ञाता, इमानदार विहार गर्नमा चतुर र दीनदुःखीलाई सान्त्वना दिन सक्ने, गम्भीर, धैर्य, त्याग आदि गुणबाट युक्त हुन्छ भने उसलाई उत्तम प्रकृति पुरुष पात्र सम्झनुपर्दछ (भरतमुनि,चौ.भा. ४४८-४९०) । जो स्त्री कोमल स्वभाव भएकी चञ्चलतारहित, मुस्कुराएर बोल्ने, पूज्यजनका साथ उचित तर्क गर्ने लज्जा र विनय आदि गुणले युक्त, रूप, कुल, शील, माधुर्यले भूषित तथा जसमा स्त्रीमा हुनुपर्ने सामान्य गुण एवं गाम्भीर्य, धैर्य तथा तेज विद्यमान हुन्छ उसलाई उत्तम प्रकृतिको स्त्री सम्झनुपर्छ (भरतमुनि, २०६९,चौ.भा.४५००) । स्त्रीजातिमध्ये सबैभन्दा उत्तम स्वभाव गुण र शीलले युक्त स्त्रीलाई उत्तम प्रकृति स्त्री भनिन्छ ।

पूर्वीय आचार्यहरूले नायक धीरललित, धीरप्रशान्त, धीरोदात्त, धीरोद्धत गरी चार प्रकारका हुन्छन् भनेका छन् । (धनञ्जय,१९६६, १४२) । : चिन्तामुक्त, नृत्य-गीत आदि कलामा आसक्त, मधुर प्रकृतिका नायक धीरललित हुन्छ नायकको (पूर्वोक्त) सामान्य गुणले युक्त द्विज आदिलाई धीरशान्त नायक भनिन्छ । महापराक्रमी, अति गम्भीर प्रकृतिका, क्षमाशील, आत्मप्रशंसा नगर्ने, स्थिर स्वभाव भएको, विनम्र अहंकार आदि दुर्गुणलाई दबाएर राख्न सक्ने, प्रतिज्ञा गरिएका कार्य पूर्ण गर्न सक्ने धीरोदात्त नायक हुन्छ । अत्यधिक घमण्ड र ईर्ष्या (मात्सर्य) ले युक्त, माया र कपटले परिपूर्ण, अहङ्कारी, चञ्चल, क्रोधी तथा नायक धीरोद्धत्त हुन्छ । पाश्चात्य समालोचक अब्राम्सले चरित्र अनुकूल, प्रतिकूल, स्थिर (चेप्टो) र गतिशील (गोलो) चरित्र हुन्छ भनेका छन् ।

रस

पूर्वमा रस र पश्चिममा द्वन्द्वलाई नाटकको अनिवार्य तत्त्वमा राखिएको पाइन्छ । जसबाट आस्वादन पाइन्छ त्यसलाई रस भनिन्छ । रसको प्रथम प्रतिपादक भरतमुनि हुन् । भरतमुनिले विभाव, अनुभाव तथा सञ्चारी भावको संयोगबाट रसको उत्पत्ति हुन्छ (प्र. भा., सन् २०१४, २२८०) भनी निर्देश गरेका छन् । सहृदयमा लुकेर रहेको हर्ष, शोक आदि भावहरूलाई आङ्गिक आदि अभिनयद्वारा प्रकट गरी बाहिर ल्याउने कारण नै विभाव हो । नाट्याचार्यहरूले विभाव आलम्बन र उद्दीपन गरी दुई प्रकारका हुन्छन् भनी निर्देश गरेका छन् ।

हृदयमा रहको स्थायीभावलाई जगाउने वस्तु वा व्यक्तिविशेषलाई आलम्बन विभाव भनिन्छ । नाटकका नायक-नायिका आलम्बन विभाव हुन् । हृदयमा रहेको स्थायीभावलाई उत्तेजित गराउने वस्तु वा पदार्थ अर्थात् हेतु वा कारणलाई उद्दीपन विभाव भनिन्छ । यसअन्तर्गत देशकाल आदि समावेश हुन्छ । पूर्वमा आठदेखि एक्काइस रससम्मको चर्चा गरिएको भए पनि शृङ्गार, हास्य, करुण, रौद्र, वीर, भयानक, बीभत्स, अद्भुत, शान्त गरी नौ रस बढी प्रचलित रहेको पाइन्छ । माथि उल्लिखित यी नौ रसका स्थायीभाव क्रमशः रति, हास, शोक, उत्साह, भय, जुगुप्सा, विस्मय, शम हुन् ।

उद्देश्य र नाट्यशिल्प

अरिस्टोटलले आफ्नो काव्यशास्त्रको सुरुमै काव्यका दुइटा प्रयोजनको उल्लेख गरेका छन्, ज्ञानार्जन अर्थात् शिक्षा र आनन्द (नगेन्द्र र महेन्द्र, सन् १९८१,पृ. ३५) । यसबाहेक सामाजिक, सांस्कृतिक, धार्मिक, मनोवैज्ञानिक, ऐतिहासिक, दार्शनिक विविध उद्देश्य रहेका हुन्छन् । नाटककारले नाटक लेख्नुअघि नै नाटकको उदेश्यका बारेमा सोचेर नै कथावस्तु, पात्र र परिवेशको सृजना गरेको हुन्छ ।

नाटककारको रचनाशिल्प नै नाट्यशैली तथा शिल्प हो । नाट्यशिल्पअन्तर्गत दृश्यविधान, भाषिक शिल्प र अभिनय शिल्प पर्दछन् । आधुनिक नाटकका दृश्यविधानअन्तर्गत दृश्य विभाजन, दृश्यनिर्देश, भेषभूषा, ध्वनि तथा सङ्गीतसंयोजन, प्रकाश संयोजन जस्ता तत्त्व पर्दछन् ।

४. कथावस्तुको स्रोत

'महर्षि याज्ञवल्क्य' प्रख्यात कथावस्तु भएको नाटक हो । यसको कथावस्तु बृहदारण्यकोपनिषद् श्रीमद्भागवत महापुराण, योगवाशिष्ठ आदि धार्मिक ग्रन्थहरूमा उल्लेख गरिएको छ । प्रस्तुत 'महर्षि याज्ञवल्क्य' नाटकको कथावस्तु विहेदारण्यकोपनिषद्को द्वितीय, तृतीय र चतुर्थ अध्यायमा उल्लेख गरिएको पाइन्छ । द्वितीय अध्यायमा महर्षि याज्ञवल्क्य र मैत्रेयीबीचको संवाद, आत्माको प्रियता

तृतीय अध्यायमा राजा जनकद्वारा सर्वश्रेष्ठ, ब्रह्मज्ञानी व्यक्तित्वलाई हजार गाई पुरस्कारस्वरूप दिने घोषणा गरी ब्रह्म सभाको आयोजना गरिएको छ । जसमा ब्रह्मज्ञानी विद्वान्-विदुषीहरूका प्रश्नहरूलाई शास्त्रास्त्रद्वारा उचित उत्तर दिएर याज्ञवल्क्य विजय भएको प्रसङ्गको चर्चा गरिएको छ। चतुर्थ अध्यायमा राजा जनक र महर्षि याज्ञवल्क्यबीच आत्माको स्वरूप र आत्मज्ञानको महत्त्वसम्बन्धी चर्चा गरिएको छ। नाटककारले 'महर्षि याज्ञवल्क्य' नाटक लेख्नुअघि यिनले वि.सं. २०२८ मा 'दैलाको बत्ती' नाटक लेखेका थिए । पछि यसैलाई पुनर्संशोधन गरी 'महर्षि याज्ञवल्क्य' नाटक लेखेका हुन् यो नाटक प्रख्यात विषयवस्तु भएको नाटक हो र यसको वस्तु स्रोत बृहदारण्यकोपनिषद् नै हो । प्रख्यात विषयवस्तुलाई नाटककारले आफ्नो कल्पनाद्वारा प्राकृतिक वर्णन, सांस्कृतिक चेतना र देशप्रेमको भावनासमेत मिसाएर नाटकको रचना गरेका हुनाले यो मिश्र कथावस्तु भएको मौलिक नाटक बन्न पुगेको छ ।

४.१ **कथावस्तु**

'महर्षि याज्ञवल्क्य' वेदान्तीय दर्शनमा आधारित नाटक हो। यो प्राक्कथन र उपसंहारबाहेक ७ दृश्यमा संरचित छ। प्राक्कथनमा 'बेढङ्गको अनुहार' शीर्षक राखिएको छ। स्वदेश भ्रमणबाट विदेहराज जनकको सवारी राजप्रासादमा हुन लागेको हुनाले दर्शकहरूको भीड लागेको छ। भीडमा एउटा बेढङ्गको, १७ ठाउँमा शरीर बाङ्गिएको मानिस बसिरहेको देखेर केही दर्शकहरूले छिःछिः र दुरदुर गर्दछन्। राजगुरुले समेत प्रहरीहरूलाई इसारा गर्दै "ए घोक्र्याएर पठाउन यो सत्र ठाउँमा बाङ्गोटिङ्गो भएको मान्छेलाई" (पृ. २) भनेपछि कुरूप मान्छेले मेरा हाड, छाला, मासु बाङ्गोटिङ्गो हुँदैमा मेरो देहभित्रको 'म' अथवा मेरो आत्मा अथवा मेरो चेतन बाङ्गोटिङ्गो र बेढङ्गको छैन (२) भन्दै पूर्ण ब्रह्मस्वरूप भएको नित्य र अविनाशी आत्मालाई चिनेर सम्पूर्ण प्राणीमा अभेद दृष्टिले हेर्न र आफ्नो आत्मालाई चिन्न आग्रह गर्दछन्। यसै बेला राजा जनकको सवारी हुन्छ। त्यही भीडमा याज्ञवल्क्य आएर नमस्कार गरी विनम्र भावमा तपाईं को हुनुहुन्छ ? घर कहाँ भनी प्रश्न गर्दा त्यस कुरूप मान्छेले घररूपी क्षेत्रमा देहरूपी क्षेत्रमा नाश हुन सक्छ तर त्यो घर भएको क्षेत्रज्ञ अथवा देहको मालिक भएको क्षेत्रज्ञ अविनाशी छ सर्वज्ञ छ " (पृ. ४) भन्दै उनले यिनीहरू पहिले आफूले आफूलाई चिन्न किन खोज्दैनन् (पृ. ४) भनेपछि याज्ञवल्क्य ज्यादै प्रभावित हुन्छन्।

प्रस्तुत नाटकको कथावस्तु पूर्वी नेपालको पहाडी भेग कमलाखोचमा आश्रम बनाएर बसेका महर्षि देवरात र उनकी धर्मपत्नी स्वरूपाबीचको संवादबाट आरम्भ भएको छ। महर्षि देवरात नक्षत्रविज्ञान (खगोलशास्त्र) र ज्योतिषविज्ञानका ज्ञाता हुन्। उनले आफ्नो काममा छोराले पनि आफूलाई सघाइदिने भए कस्तो हुन्थ्यो तर उसले अर्कै बाटो रोज्यो भन्ने कुरा यसरी व्यक्त गरेका छन् :

म महाभारतको लेकमा खगोल र भूगोलको वेधशाला बनाई अन्वेषण र अनुसन्धान गर्न खोज्छु ऊचाहिँ आत्मज्ञानको बोधशाला बनाई अध्ययन र अनुभव गर्न खोज्छ (जोशी, २०६९, पृ. ७)।

यस कुराको पुष्टि याज्ञवल्क्यको निम्न भनाइबाट हुन्छ :

आमा मैले पिताजीको काममा अहिलेसम्म कुनै बाधा हालेको छैन। बुद्धिले भ्याएसम्म सघाउ गर्न तयार नै छु। आमा मेरो एक मात्र उत्कट चाहना आफूले आफूलाई हेरेर चिन्न एउटा नयाँ यन्त्र आविष्कार गर्ने (पृ. ८)। भन्दछन्।

देवरात र याज्ञवल्क्यका बीच सोचाइ, विचार तथा चिन्तन गर्ने विषय फरक रहेको देखिन्छ। यसपछि नाटकमा बाबुछोराबीच विविध विषयमा संवाद हुन्छ। त्यसै बेला ज्वाइँ मरेको खबर लिएर दुई जना आइपुग्छन्। छोरी विधवा भएको खबरले सरूपा बेहोस जस्तै हुन्छिन्। देवरातले याज्ञवल्क्यलाई भोलि नै बहिनीकहाँ गएर 'मान्छे मर्छ तर आत्मा कहिल्यै मर्दैन' (पृ. १९ भनी राम्रोसँग सम्झाइबुझाइ गरेर आइज भनी अराउँछन्।

नाटकको दोस्रो दृश्यमा विद्या-वमन शीर्षकबाट नाटकको सुरु गरिएको छ। याज्ञवल्क्य कमला नदीको किनारमा ताडपत्रहरू फिजाएर लेख्न लागेका छन्। पानी लिन आएकी कात्यायनी र याज्ञवल्क्यबिच देखाखेख भएपछि प्रेमाकर्षणको भाव पैदा भएको र उनीहरूबीच केही प्रेमालाप पनि भएको छ। याज्ञवल्क्यको योग्यता र क्षमता देखेर ईर्ष्या गर्ने उनका पाठे भाइ प्रियदत्त र सुचरकले याज्ञवल्क्यले कात्यायनीलाई फकाएर लान लाग्यो भनी सुनाएपछि उनीहरूको उक्साहटमा लागेर वैशम्पायनले याज्ञवल्क्यलाई आफूले दिएको सम्पूर्ण विद्या ओकल्न लगाएका छन्। प्रियदत्त र सुचरकले मुक्काले र महर्षि वैशम्पायनले लौरोले पिठिउँमा हिर्काउँदा वाकवाक गरी याज्ञवल्क्य लडेपछि फेरि पानी लिन आएकी कात्यायनी उनका बाबु र गाउँलेहरूको सहयोगले याज्ञवल्क्यलाई उठाएर आफ्नो घरमा लिएर जान्छन्। याज्ञवल्क्यले सूर्यको उपासना गरी बमन गरेको विद्याको सट्टा शुक्ल यजुर्वेदअन्तर्गतको मध्यान्दिनीय शाखा प्राप्त गर्छन्। पछि कात्यायनीसँग याज्ञवल्क्यको विवाह हुन्छ।

तेस्रो दृश्यमा महावाक्य शीर्षकबाट कथावस्तु अघि बढेको छ। कमला नदीको किनारस्थित पूर्णकुटमा ताडपत्रहरू फिँजाएर याज्ञवल्क्य 'याज्ञवल्क्य स्मृति' लेख्न बसेका छन्। यसै बेला राजा जनकको सवारी हुन्छ। याज्ञवल्क्यले पञ्चामृत छर्किएर राजा जनकलाई स्वागत गर्दछन्। राजाले याज्ञवल्क्यको छोरा मधुसँग पिताजीले कति सिकाइसक्नु भयो भन्दा मधुरले महावाक्य भन्दछन्। राजाले कस्तो महाकाव्यभन्दा मधुरले "आत्मा नै ब्रह्म हो प्रज्ञा नै ब्रह्म हो" (पृ. ४९) भनेपछि मधुदेखि विदेहराज जनक ज्यादै प्रभावित हुन्छन्। यसपछि राजा जनक र याज्ञवल्क्यबीच दार्शनिक चिन्तनसम्बन्धी चर्चा चल्छ। याज्ञवल्क्यले "शरीरदेखि भिन्न आत्माको अस्तित्व अनि त्यही आत्माको अस्तित्वमा परमात्माको एकत्व" (पृ. ५४) जस्ता दार्शनिक चिन्तन प्रस्तुत गर्दछन्। यसबाट राजा जनक ज्यादै प्रभावित हुन्छन्।

दृश्य चारमा ब्रह्म सभा शीर्षकबाट कथावस्तु अघि बढेको छ। राजा जनकले विश्वका विभिन्न देशबाट विद्वान्हरूलाई आमन्त्रण गरी ब्रह्म सभाको आयोजना गरेका छन्। उनले उपस्थितमध्ये सर्वश्रेष्ठ आत्मज्ञानी ब्रह्मनिष्ठ जो हो उसैलाई सिङ र खुरमा सुनका पाताका गहनाहरू लगाइएका एक हजार गाई पुरस्कारस्वरूप प्रदान गरिने घोषणा गरेका छन्। उक्त सभामा सर्वप्रथम गार्गीले महाराज स्त्रीजातिले यी गाईहरू धपाउन पाउने कि नपाउने भन्दा विदेह राजा जनकले ब्रह्मसभामा जाति, वर्ण र लिङ्गभेदको प्रश्न नै किन ? सबैलाई समान अधिकार छ" (पृ. ६६) भन्दछन् तर त्यहाँ उपस्थित भएका कहोलले गार्गीलाई हेय भावले हेरी महाराज स्त्रीजाति त आश्रित जाति (पृ. ६०) भनेपछि गार्गी र कहोलबीच भनाभन हुन्छ, तर गार्गीको दरिलो तर्कले कहोलले उधोमुन्टो लगाउनुपरेको छ। याज्ञवल्क्यले आफूमा भएको ब्रह्मज्ञान र तर्कशक्तिद्वारा शास्त्रास्त्र गरी सबैलाई परास्त गर्छन्। शाकल्य त याज्ञवल्क्यको उत्तर सुनेर अवाक् भई काम्न थाल्छन्। उनलाई उपचारार्थ लगिन्छ। अन्त्यमा राजा जनकले याज्ञवल्क्यलाई सर्वश्रेष्ठ ब्रह्मनिष्ठ, ब्रह्मवेत्ता विद्वान् भनी घोषणा गर्दछन्। त्यसपछि गुरु वैशम्पायन, सुचरक र

प्रियदत्त आएर याज्ञवल्क्यसँग आफूले गरेको भूलप्रति पश्चात्ताप गर्दै क्षमा माग्छन् ।

दृश्य ५ मा दूरदर्शिता शीर्षकबाट कथावस्तु अघि बढेको छ। यस दृश्यमा सर्वप्रथम मधु र मैत्रेयीबीच ॐ को साकार र निराकार रूपका बारेमा छलफल हुन्छ। त्यसपछि मधु, वनिता र मैत्रेयीबीचको संवादमा मुजुरको फूलभित्र रहेको मुजुरको चल्लोको चर्चा गर्दै संसाररूपी मुजुरको बोध गराइएको छ । त्यसै बेला मङ्गल बाजाको आवाज सुनिन्छ । सुनका सिङ र खुर भएकी एउटी गाई लिएर आएका सामश्रवले ब्रह्मसभामा याज्ञवल्क्य विजयी भएको खबर सुनाउँछन् । याज्ञवल्क्यले आफूले जितेर ल्याएका एक हजार गाई आफ्नो निजी सम्पत्ति नभई हिमाली पाखा र फाँट निवासी सबैका साझा हुन् भन्ने धारणा राखेर तीमध्ये एउटा गाई आफूले राखी अरू सबै पूर्व, पश्चिम, उत्तर, दक्षिण फाँटमा छाडिदिने घोषणा गर्छन्

दृश्य ६ मा प्रतिक्रिया शीर्षकबाट कथावस्तु अघि बढेको छ। उत्तरी भागमा नयाँ बनेको केवलानन्द आश्रम छ । शिवरात्रिका दिन हिउँ परिरहेको हुनाले आश्रम भित्र मधु, वनिता, कात्यायनी र मैत्रेयी हिमपातको बारेमा कुरा गरिरहेका छन् । यसै क्रममा हिमाल र हिमाली पाखाको महिमागान गरिएको छ। यसै गरी मैत्रेयीद्वारा स्थूल शरीर र सूक्ष्म शरीरको व्याख्या गरिएको छ। याज्ञवल्क्यले मधुलाई त तिमीले निक्कै गहिरा कुराहरू सिकाइसकिछ्यौ धन्य धन्य तिमी ! भनेपछि कात्यायनी भने ईर्ष्याको भावले मुख निदाउरो पार्दै “के हुन्थ्यो म जस्ती लाटी अभागिनी पापिनीलाई केटाकेटी हुर्काएर, घरधन्दा गरेर जोतिनु त हो मेरो भाग्य” भन्दछिन् । उनी नारी स्वभाव झल्काउँदै सुँक्कसुँक्क रुँदै उठछिन् र त्यहाँबाट जान्छिन् । याज्ञवल्क्य मैत्रेयीलाई कात्यायनीलाई पनि योगवाशिष्ठ सुनाएर परिपक्व बनाऊ (पृ. १०८) भन्दछन् ।

अंशबन्डा शीर्षकबाट सातौँ दृश्यका कथावस्तुको गुम्फन भएको छ। जनकपुरको ज्ञानकूप आश्रममा मैत्रेयी वरिपरि पुस्तकका चाङहरू राखेर लेख्न बसेकी छन् । याज्ञवल्क्यले उनलाई सम्झाउँदै मैत्रेयी अब त म बूढो पनि भइसकेँ । अब म गार्हस्थ्य आश्रमबाट सन्न्यास आश्रममा उठ्न चाहन्छु भन्दछन् । याज्ञवल्क्यको कुरा सुनेर मैत्रेयी गहभरि हाँसु पारी रुन थाल्छिन् र त्यसो भए हजुरले मलाई कात्यायनीलाई अनि मधु र वनितालाई चटक्कै त्याग्ने भन्दछिन् । मैत्रेयीको कुरा सुनेर याज्ञवल्क्यले भएको चल, अचल सम्पत्ति मैत्रेयी र कात्यायनीका बीच भागबन्डा गरिदिन चाहेको कुरा बताउँछन्, तर मैत्रेयीले अमरताको प्राप्ति नहुने धनसम्पत्ति लिएर मैले के गर्नु ? भनेपछि मैत्रेयीको इच्छा बुझेर याज्ञवल्क्यले अमरत्व प्राप्तिको एक मात्र साधन उही आत्मज्ञान भएको बताउँछन् । उनले परमात्मा भन्नु नै आत्मा हो । त्यसैले परमात्माको राज्य त आफूभित्र छ त्यो तिमी आफैँ हौ (पृ. ११२) भन्दछन् । यसै बेला एक जना अधिकृत आएर विदेहराज जनकले याज्ञवल्क्यको सेवामा गुरुपूर्णिमाका उपलक्ष्यमा उपहारहरू टक्र्याइबक्सेका र भोलि बिहान टीका ग्रहण गरिबक्सन र आशीर्वाद पाइबक्सिन महाराजको सवारी यही आश्रममा हुने खबर बताउँछन् ।

महाप्रस्थान भागको अभिनय स्थान पनि ज्ञानकूप आश्रम नै रहेको छ। आश्रम विशेष तवरले लिपपोत गरिएको छ । याज्ञवल्क्य गृहस्थी त्यागेर सन्न्यास आश्रमका लागि वाराणसी प्रस्थान गर्न लागेका छन् । याज्ञवल्क्यले सन्न्यास लिने खबर पाएर उनका भान्जा पिप्लाद ऋषि याज्ञवल्क्यको दर्शन गर्न आइपुग्छन् । पिप्लादले अन्तिम शिक्षादीक्षा पाऊँ भनेपछि याज्ञवल्क्यले आफूले आफूलाई अनुभव गर्नुपर्दछ अनि यहाँ केवलम् बोध मात्रम् भन्ने निचोडको भावनालाई हृदयङ्गम गर्नुपर्दछ (पृ. १३४)

भन्दछन् । त्यसै बेला विदेहराज जनकको सन्देश लिएर आएका सत्यकर्म र विदग्धले “मुनिराज यहाँको अन्तिम दर्शन पाउन र दार्शनिक प्रवचन श्रवण गर्नका निमित्त विदेहराज जनकबाट याचना गरी पठाइबक्सेको छ, जो आज्ञा” (पृ. १३५) भन्दछन् । उनले राजा जनकको सन्देश स्वीकार गर्छन् । त्यसपछि याज्ञवल्क्यले मधु र वनितालाई देशभक्ति र आत्मज्ञानको पाठ पढाएका छन् । याज्ञवल्क्यले सबैसँग बिदा मागेर सन्न्यासका भेषमा गार्हस्थ्य आश्रम परित्याग गरी निस्कन्छन् । पिप्लादद्वारा ठूलो स्वरमा महर्षि याज्ञवल्क्यको जय भन्ने नाराका साथ कथावस्तुको अन्त्य भएको छ ।

याज्ञवल्क्यको विद्यार्थी जीवनदेखि गृहस्थी जीवन हुँदै उनका जीवनका यावत् क्रियाकलापसहित महाप्रस्थान अर्थात् सन्न्यास गमनसम्मका घटनाहरू नै नाटकको आधिकारिक कथावस्तु हो । प्राक्कथन भागमा मिथिलामा राजप्रासादको प्रवेशद्वारमा बेढङ्गको अनुहार भएको पात्रलाई उपस्थित गराएर त्यहाँ राजाको दर्शन गर्न आएका केही दर्शक एवम् राजगुरुसमेतले त्यस मानिसप्रति गरेको दुर्व्यवहार र उसको आत्मज्ञानसम्बन्धी चिन्तन प्रासङ्गिक (प्रकरी) कथावस्तु हो । यस वस्तुवृत्तले आगामी वस्तुवृत्तमा आत्मिक चिन्तनलाई प्रमुखता दिइएको छ भन्ने कुराको सङ्केत गरेको छ ।

मिथिला राज्य, विदेहराज जनक, उनको शासनव्यवस्था, राजदरबार र त्यहाँका कर्मचारीहरू, राजाको ऋषिमुनिहरूसँगको सम्बन्ध र ब्रह्मसभाको आयोजना आदि पताका कथाका रूपमा लिन सकिन्छ । यही ब्रह्मसभाबाट नै महर्षि याज्ञवल्क्यले सर्वश्रेष्ठ ब्रह्मनिष्ठ, ब्रह्मवेत्ता घोषित भएकाले उनको चारित्रिक विकासमा यस वस्तुवृत्तको महत्त्वपूर्ण भूमिका रहेको छ ।

प्रस्तुत नाटकमा दृश्यैपिच्छे विभिन्न शीर्षक दिएर विभिन्न घटनाक्रमद्वारा कथावस्तुलाई अगाडि बढाइएको पाइन्छ, तर घटनाहरूको थुप्रो मात्र यस नाटकको कथावस्तु नभएर एकपछि अर्को गरी कार्यकारण सम्बन्ध गाँसिँदै गएको सुगठित कथावस्तु निर्माण भएको छ । बहुल पात्रविधान दार्शनिक सूक्तिमय संवाद गहन विषयवस्तु भएका कारण सामान्य पाठकहरूका निम्ति यसको कथावस्तु त्यति सहज र बोधगम्य भएको ठहर्दैन । बौद्धिक पाठक तथा दर्शकहरूका लागि भने समग्रमा स्मृतिमा धारण गर्न सकिने नै देखिन्छ । कथावस्तुको आकार न ठूलो न ज्यादै सानो, ठिक्क आकारको रहेको छ ।

५. चरित्र चित्रण

‘महर्षि याज्ञवल्क्य’ बहुल पात्रविधान भएको नाटक हो । महर्षि याज्ञवल्क्य वैशम्पायन र विदेहराज जनक नाटकका प्रमुख पुरुष पात्र हुन् भने मैत्रेयी प्रमुख स्त्री पात्र हुन् । महर्षि देवरात, सुरुपा, कात्यायनी, सुचरक, पृयदत्त, मन्त्री, पुरोहति, राजगुरु, अश्वल, शाकल्य, गार्गी, राज्यमन्त्री, शामश्रवा, आर्तभार्ग, आदि सहायक पात्र हुन् ।

५.१. महर्षि याज्ञवल्क्य

महर्षि याज्ञवल्क्य नाटकका मुख्य पात्र हुन् । उनकै केन्द्रीयतामा नाटकीय कथावस्तु अगाडि बढेको छ । उनी देवरात ऋषि र सुरूपाका सुपुत्र हुन् । याज्ञवल्क्य आध्यात्मवादी विश्वदृष्टि भएका वेदान्त दर्शनका ज्ञाता, उच्च वर्गीय चरित्र हुन् । उपनिषद्कालका सर्वश्रेष्ठ महर्षिका रूपमा सुपरिचित याज्ञवल्क्य बृहदारण्यकोपनिषद्, याज्ञवल्क्यस्मृति, योगवाशिष्ठ आदि ग्रन्थका रचयितासमेत भएकाले यिनी बौद्धिक पात्र हुन् । दशौ इन्द्रियलाई नियन्त्रणमा राखेर सूर्यको उपासना गरी वैशम्पायन गुरुले

ओकल्न लगाएको विद्याको सट्टा शुक्लयजुर्वेद प्राप्त गर्न महान् महापराक्रमी र सफल साधक हुन् । उनी प्राचीन ऋषि परम्पराका सर्वश्रेष्ठ ब्रह्मनिष्ठ एवम् तत्त्वज्ञानी महर्षि हुन् । आर्य धर्म र संस्कारको पालना, संरक्षण र संवर्धन गर्ने याज्ञवल्क्य नाटकमा आत्मज्ञानी चरित्रका रूपमा प्रस्तुत भएका छन् । सर्वश्रेष्ठ, ब्रह्मनिष्ठ र ब्रह्मवेत्ताको उपाधि प्राप्त गर्न सफल विजेता एवम् वीरचरित्र हुन् । आफूले पुरस्कारबाट प्राप्त गाईहरूलाई हिमाली पाखाको चारैतिर छाडिदिने घोषणा गर्ने यिनी लोभ नभएका निःस्वार्थी एवं शान्त प्रकृतिका चरित्र हुन् । आफूले दिएको विद्या ओकल्न लगाएर दुर्व्यवहार गर्ने आफ्ना गुरु वैशम्पायनलाई क्षमा दिने क्षमाशील एवं गुरुभक्त चरित्र हुन् । उनी राष्ट्रवादी चिन्तन भएका देशभक्त चरित्र हुन् । भरतमुनिले उल्लेख गरेका उत्तम पुरुष चरित्रमा हुनुपर्ने सबै गुण यिनमा विद्यमान छ । यिनी नाटकका धीरोदात्त नायक हुन् ।

नाटकको कथावस्तुको आरम्भ भागदेखि अन्त्यसम्म आत्मचिन्तनमा केन्द्रित यिनी स्वभावका आधारमा नाटकका स्थिर, अनुकूल बद्ध र मञ्चीय पात्र हुन् ।

५.२. राजा जनक

विदेहराज जनक नाटकका प्रमुख पुरुष पात्र हुन् । यिनी विदेह देशका राजा हुन् । यिनमा राजामा हुनुपर्ने सबै गुणहरू विद्यमान छन् । यिनी विद्वान्, विदुषीहरूको उच्च कदर गर्ने कुशल राजा हुन् । यिनी जाति, वर्ण र लिङ्गका आधारमा कुनै विभेद नगर्ने, सबैप्रति समान भाव राख्ने असल चरित्र हुन् । ब्रह्मसभाको आयोजना गरी सर्वश्रेष्ठ ब्रह्मवेत्तालाई पुरस्कारको व्यवस्था गरी हजार गाई दान गरेबाट दानवीर चरित्र हुन् । राजा जनक ऋषिमुनिहरूको सम्मान गर्ने र उनीहरूमा प्राप्त ज्ञान लिन चाहने एवम् धार्मिक भावना भएका, सत्यनिष्ठ चरित्र हुन् । यिनी पनि भरतमुनिले भने जस्तै उत्तम प्रकृति पुरुष चरित्र हुन् । यिनी सत् चरित्र भएका आदर्श राजा हुन् । यिनी नाटकको स्थिर, अनुकूल, बद्ध र मञ्चीय पात्र हुन् ।

५.३. वैशम्पायन

वैशम्पायन पनि नाटकका प्रमुख पात्र हुन् । यिनले नाटकमा प्रतिकूल पात्रको भूमिका निर्वाह गरेका छन् । सुचरक र प्रियदत्तको उक्साहटमा लागेर याज्ञवल्क्यलाई कुटपिट गरी आफूले सिकाएको शिक्षा जबरजस्ती ओकल्न लगाई भुइँमा लडाउने कार्य गर्ने यिनी असत् र मूर्ख चरित्र हुन् । त्यस्तै भएर नै यसभन्दा अघि नै उनीमाथि ब्रह्महत्याको आरोपसमेत लागिसकेको थियो । नाटकीय कथावस्तुको सुरुमा प्रतिकूल पात्रका रूपमा प्रस्तुत भएका भए पनि याज्ञवल्क्य सर्वश्रेष्ठ ब्रह्मज्ञानी घोषित भएपछि भने उनीसँग क्षमा मागेर प्रायश्चित्त गरी आफ्नो स्वभाव र आचरणमा परिवर्तन ल्याएका हुनाले यिनी नाटकका गतिशील चरित्र हुन् । यिनी बद्ध र मञ्चीय पात्र हुन् ।

५.५ मैत्रेयी/कात्यायनी

मैत्रेयी र कात्यायनी महर्षि याज्ञवल्क्यका धर्मपत्नीहरू हुन् । मैत्रेयी नाटककी प्रमुख स्त्री चरित्र हुन् । उनी याज्ञवल्क्यले समातेका आत्मज्ञानका बारेमा जान्न चाहने उत्सुक चरित्र हुन् । उनमा आध्यात्मिक ज्ञान छ । याज्ञवल्क्यको हरेक कार्यमा उनले सहयोग गरेकी छन् । उनले सौताबाट

जन्मिएका छोराछोरीलाई आफ्नै सन्तान जस्तै गरी माया दिनुका साथै उनीहरूलाई ॐ अक्षरको सगुण, निर्गुणको साकार र निराकार रूपका बारेमा बताएर आध्यात्मिक ज्ञान प्रदान गरेकी छन् । उनी सौताप्रति पनि रिस, ईर्ष्या नगर्ने सत्‌चरित्र हुन् । सौतालाई बहिनी जस्तै ठानेर योगवाशिष्ठ पढ्न लगाएकी छन् । यिनी भरतमुनिले भनेजस्तै उत्तम प्रकृति स्त्री चरित्र हुन् । यिनी नाटककी स्थिर, अनुकूल, बद्ध र मञ्चीय पात्र हुन् । कात्यायनी याज्ञवल्क्यकी कान्छी धर्मपत्नी हुन् । यिनी दुई सन्तानकी आमा हुन् । घरायसी काममा निपूर्ण यिनी विशुद्ध गृहिणी हुन् । यिनी अतिथि सेवा गर्न रुचाउँछिन् । आध्यात्मिक ज्ञानप्रति यिनको त्यति चासो देखिँदैन । याज्ञवल्क्यले मैत्रेयीको प्रशंसा गरेपछि उनमा सौताप्रति ईर्ष्याभाव उत्पन्न भएको देखिन्छ । यी मध्यम प्रकृतिकी स्त्री चरित्र हुन् । नाटकको बद्ध र मञ्चीय पात्र हुन् ।

५.५. देवरात र सुरूपा

महर्षि देवरात याज्ञवल्क्यका पिता र सुरूपा माता हुन् । यिनीहरू नाटकका सहायक पात्र हुन् । देवरात खगोलशास्त्र र ज्योतिषशास्त्रका विज्ञ हुन् । उनी सूर्यग्रहण र हिउँचुलीहरूको अध्ययनमा तल्लीन छन् । उनलाई माटोप्रति माया छ । हिमाली पाखाका डाँडाकाँडा, भीर, पखेरा तथा फाँट, मैदानप्रति ममता छ । खगोलशास्त्री भए पनि यिनी आत्माको अमरत्वमा पनि विश्वास राख्छन् भन्ने कुरा मान्छे मर्छ तर उसको आत्मा कहिल्यै मर्दैन (पृ. १९) भनी उनको भनाइबाट प्रस्ट हुन्छ ।

सुरूपा देवरातकी धर्मपत्नी हुन् । उनले हरेक कुरामा महर्षि देवरातको सहयोगीका रूपमा भूमिका निर्वाह गरेकी छन् । उनी छोराछोरीप्रति स्नेह राख्ने मायालु नारी, असल गृहणी हुन् ।

६. रसविधान

महर्षि याज्ञवल्क्य शान्तरसप्रधान नाटक हो । यसमा अङ्गीरसका रूपमा शान्तरस र अङ्ग अर्थात् सहायक रसका रूपमा रौद्र, शृङ्गार, बीभत्स, करुण, वीर, भयानकरस रहेको छ ।

दृश्य एकमा महर्षि देवरात र सुरुपाकी छोरीको घरबाट दुई जना सन्देवाहक व्यक्तिहरू आएर चार दिनअघि पुरानै व्यथाले ज्वाइँको मृत्यु भएको र छोरीले चार दिनदेखि मुखमा पानीसमेत नहालेको शोक समाचार सुनाएपछि शोकसन्तप्त अवस्थामा रहेका देवरात, सुरूपा र याज्ञवल्क्यलाई देखेर नाटक हेरिरहेका दर्शक, प्रेक्षकहरूमा समेत शोक स्थायीभाव जागृत भई करुणरस उत्पन्न भएको छ । यहाँ विषय आलम्बन ज्वाइँको मृत्यु हुनु, छोरीले चार दिनसम्म मुखमा पानी नहाल्नु आश्रय आलम्बनका रूपमा देवरात, सुरूपा, याज्ञवल्क्य हुन् । मृत्युको खबरले आँसु मूल फुटाउनु, चर्को स्वरले बोल्नु, हरे शिवशिव भन्दै सुरूपा त्यही घुप्लुक्क पर्नु, आँखा रसाउनु जस्ता क्रियाकलाप हुँदा पात्रका अनुहारमा देखिएको भाव अनुभाव हुन् । सुरूपाले नारायण, नारायण भन्दै के समाचार सुन्नुपरेको यस्तो आज, बिचरी छोरीले के बिराई र उमेरमै विधवा हुन लागी, याज्ञवल्क्यले केही गरी बहिनीको आँसु रोकिएन भनेजस्ता भनाइहरू व्यभिचारी भाव हुन् । विभाव, अनुभाव र सञ्चारीभावको संयोगबाट रसनिष्पत्ति भएको छ ।

नाटकको दृश्य २ मा कमला नदीको तटमा लेख्न बसेका महर्षि याज्ञवल्क्य र पानी लिन आएकी तरुनी कात्यायनीबीच एकअर्कालाई देखेर प्रेमभाव पैदा भएको र उनीहरूबीच प्रेमालापसमेत भएपछि नाटक हेरिरहेका दर्शकहरूमा रति स्थायीभाव जागृत भई सम्भोग शृङ्गाररस उत्पन्न भएको छ । यहाँ

याज्ञवल्क्यको आलम्बन कात्यायनी र कात्यायनीका आलम्बन याज्ञवल्क्य रहेका छन् । कमला नदीको किनारको एकान्त रमणीय वातावरण, विपरीतलिङ्गी जोडीको उपस्थिति, एक जोडी पानीहाँस खेल्दै सामुन्नेको सानो रहमा देखा पर्नु, कात्यायनीले ढुङ्गा टिपेर हाँसलाई हान्नु, पानी हाँस भुर्र उड्नु, याज्ञवल्क्यको दृष्टि ढुङ्गा हानिँदै आएको ठाउँमा पुग्नु जस्ता सुन्दर प्राकृतिक दृश्य उद्दीपन विभाव हुन् । याज्ञवल्क्य र कात्यायनीबीच दोहरी लयमा भएका प्रेमालापसम्बन्धी संवाद व्यभिचारीभाव हुन् । विभाव, अनुभाव र व्यभिचारीभावको संयोगबाट स्थायीभाव रति जागृत भई शृङ्गाररस उत्पन्न भएको छ ।

दृश्य २ मै कात्यायनी र याज्ञवल्क्यको प्रेमाकर्षण र प्रेमालाप चियाएर हेर्दै र सुन्दै बसेका प्रियदत्त र सुचरकले गुरु वैशम्पायनलाई याज्ञवल्क्य कात्यायनीसँग लाग्यो भनी उक्साएपछि क्रोधित बनेका वैशम्पायनले आफूले सिकाएको विद्या जबरजस्ती ओकल्न लगाएका छन् । सुचरक र प्रियदत्त मिलेर पिठिउँमा मुक्काले र वैशम्पायनले लौराले पिठिउँमा बेसरी हिर्काएपछि याज्ञवल्क्य वाकवाक गरी भुइँमा लड्छन् । उनीहरूले याज्ञवल्क्यप्रति गरेको व्यवहार देखेर नाटक हेरिरहेका दर्शकहरूमा स्थायीभाव क्रोध उत्पन्न भई रौद्ररस उत्पन्न भएको छ । यहाँ विषय आलम्बन याज्ञवल्क्य र कात्यायनी आश्रय आलम्बन वैशम्पायन सुचरक र प्रियदत्त रहेका छन् कात्यायनी र याज्ञवल्क्यका बारेमा बढाइचढाइ गरी वैशम्पायनलाई सुनाउनु, उनमा लागेको ब्रह्महत्याको बारेमा याज्ञवल्क्यलाई कुनै वास्ता नभएको भनी उक्साउनु उद्दीपन विभाव हुन् । वैशम्पायनले लौरोले बजार्नु, दारा किट्नु, विद्या फर्काउने कुराले याज्ञवल्क्य चिन्तित बन्नु जिल्ल, पर्नु आदि अनुभाव हुन् । सुचरक र प्रियदत्तलाई तिमीहरूले सय दिन लगाएर गर्ने प्रायश्चित्तको यज्ञलाई आफ्नो पुरुषार्थद्वारा एकै दिनको तपस्याले जित्न सक्छु भन्नु, वैशम्पायनले आफूले देखिएको विद्या ओकल्न लगाउनु, कुकुर भन्नु व्यभिचारीभाव हुन् ।

दृश्य ४ मा राजा जनकले आयोजना गरेको ब्रह्म सभामा उपस्थित विद्वान्हरूद्वारा एकएक गरी सोधिएका दार्शनिक प्रश्नहरूको तर्कपूर्ण ढङ्गले उत्तर दिएपछि शास्त्रास्त्रमा विजयी प्राप्त गरेका याज्ञवल्क्यलाई देखेर दर्शकहरूमा स्थायीभाव उत्साह जागृत भएर वीररस उत्पन्न भएको छ ।

अंशबन्डा शीर्षकको दृश्य ७ मा यदि आफूले कसैलाई माया गरिन्छ भने त्यो आफ्नै प्रयोजन वा स्वार्थका लागि हो । अरूको प्रयोजनका लागि होइन भन्ने कुरा बुझाउन याज्ञवल्क्यले अगुल्टोले तताएको खोरभित्र छातीमा टाँसेर बोकेको बच्चासहितको बादर्नीलाई खोरमा पसाउँछन् । खोरको पींध तातिँदै आएपछि बादर्नी छटपटिएर बेसरी चिच्च्याउँदै आफ्नो बचाउका निम्ति बच्चालाई छातीबाट छुटाउने चेष्टा गर्छे । बच्चा झन् चिच्च्याउँदै छातीमा टाँसिन खोज्छ । बाँदर्नी आफ्नो मायालु बच्चामाथि टेकेर शीतलपना अनुभव गर्न खोज्छे । बच्चा भएभरको सासले कराउँछ, यत्तिकैमा याज्ञवल्क्यले खोरको ढोका खोल्छन् । बाँदर्नी प्राण बचाएर फुत्त बाहिर निस्कन्छे । शिवशिव भन्दै मैत्रेयी बादर्नीको मूर्च्छित बच्चालाई तान्छिन् (पृ. १२५) । अगुल्टोले तातेको फलाममाथि सुतेको बच्चामाथि टेकेर जोगिन खोजेकी बादर्नीलाई देखेर नाटक हेरिरहेका दर्शकहरूका सहृदयमा स्थित भय स्थायीभाव जागृत भई भयानकरस उत्पन्न भएको छ ।

दृश्य १ मा याज्ञवल्क्यले 'आफूलाई, आफूले हेरेर चिन्ने' एउटा नयाँ यन्त्र आविष्कार गर्ने (पृ. ८) भनेका, दृश्य ३ को महावाक्य शीर्षकअन्तर्गत याज्ञवल्क्यले शरीरदेखि भिन्न आत्माको अस्तित्व अनि त्यही आत्माको अस्तित्वमा परमात्माको एकत्व (पृ. ५४) भनेपछि विदेहराज जनक ज्यादै प्रभावित भएर त्यही आत्माको अस्तित्व र परमात्माको एकत्व भन्ने महावाक्य दोहोऱ्याएपछि याज्ञवल्क्यले हो महाराज

आफ्नो आत्माभित्र नै सच्चिदानन्द स्वरूप परमब्रह्म परमात्मा छ, अनि उनै परमब्रह्म परमात्माभित्र आफ्नो आत्मा छ यसैले वेदको महावाक्यले भनेको यो आत्मा नै ब्रह्म हो (पृ. ५४) । भनेका, महाप्रस्थान भागमा महर्षि याज्ञवल्क्यले सन्न्यासाश्रम प्रस्थान गर्न लाग्दा छोराछोरीलाई सन्देश दिने क्रममा तिमीहरूको त यति बेला आफूले आफूलाई चिन्नु, आफूतिर नै फर्कनुपर्दछ। तिमीहरू जब स्वयं आफूहरूले आफूलाई बोध रूपमा पाउन समर्थ हुन्छौ, त्यस बेला तिमीहरूका निमित्त सत्‌चित् आनन्द नै एक मात्र महान् उपलब्धि हुनेछ (पृ. १३६) । समस्त प्राणीहरूका बाह्य शरीर भिन्न देखिए पनि सबै प्राणीमा हुने आत्मा एउटै भएको र त्यही आत्मामा परमात्माको एकत्व हुने हुँदा आत्मा भन्नु परमात्मा भन्नु र ब्रह्म भन्नु एउटै हो तसर्थ सम्पूर्ण प्राणीमा भेद नगरी सबैलाई समभावले हेर्नुपर्छ भन्ने भावनाले गर्दा दर्शकहरूको चित्तवृत्तिमा रहेको शम स्थायीभाव जागृत भई शान्तरस उत्पन्न भएको छ। यसको विषय आलम्बन याज्ञवल्क्य र उनमा भएको आत्मा र परमात्मारूपी ब्रह्म स्वरूपको ज्ञान नै हो । आश्रय आलम्बन राजा जनक र त्यहाँ उपस्थित विद्वान्‌हरू हुन् । देवरात ऋषिको आश्रम, महर्षि याज्ञवल्क्यको पवित्र आश्रम, विदेहराज जनकसँगको भेटघाट र यी दुईबीच भएका आत्मचिन्तनसम्बन्धी संवाद आदि उद्दीपन विभाव हुन । आत्मचिन्तनसम्बन्धी संवाद हुँदा रोमाञ्च, आनन्द, अश्रु, शमभाव आदिबाट हुने सम्बन्धित पात्रहरूको अनुहारमा देखा परेका परिवर्तनहरू अनुभाव र हर्ष, स्मृति, निर्वेद, मति, दया आदि व्यभिचारीभाव हुन् ।

८. विचार तथा उद्देश्य

महर्षि याज्ञवल्क्य वेदान्तीय दर्शनमा आधारित नाटक हो । बृहदारण्यकोपनिषद्‌मा उल्लेख गरिएको याज्ञवल्क्यको चरित्र र आत्मचिन्तन एवम् तत्त्वज्ञानसम्बन्धी आध्यात्मिक दर्शनलाई प्रकाश पार्नुका साथै आर्यसभ्यता संस्कृति र राष्ट्रप्रेमको महिमागान गाएर सम्पूर्ण पाठक तथा दर्शकहरूमा पूर्वीय दर्शन, सभ्यता, संस्कृति र देशभक्ति भावनाको सञ्चार गराउने उद्देश्य रहेको छ। यिनै विषयमा केन्द्रित रहेर नाटकको उद्देश्यबारे अध्ययन गरिएको छ।

८.१. वेदान्तीय दर्शनको प्रयोग

सत्यमोहन जोशी कुशल नाटककार हुन्। यिनले नाटकका विभिन्न पात्रहरूका माध्यमबाट वेदान्तीय दर्शनलाई परिपाक अवस्थामा पुऱ्याउने कार्य गरेका छन्। जीवन र जगत्‌लाई हेर्ने दृष्टिकोण नै दर्शन हो। संसारमा अध्यात्मवादी र भौतिकवादी गरी दुई विश्वदृष्टि रहेको छ। वेदान्तीय दर्शनले अध्यात्मवादी जीवनदृष्टिको मार्गदर्शन गर्दछ। यस नाटकले भौतिकवाद विपरीत अध्यात्मवादी जीवनदर्शन र मान्यतालाई मुख्य विषयवस्तु बनाएको छ। ब्रह्मविद्या प्रतिपादक ब्रह्मसूत्रादी शास्त्रलाई वेदान्त भनिन्छ (घिमिरे, २०६१, पृ. १)। एतरियोपनिषद्‌को प्रज्ञानं ब्रह्म (ब्रह्म ज्ञान स्वरूप हुन्छ,) बृहदारण्यकोपनिषद्‌को अहं ब्रह्मास्मि (म (जीव) नै ब्रह्म हुँ), माण्डुक्योपनिषद्‌को अयमात्म ब्रह्म (आत्मा नै ब्रह्म हो) र छन्दोग्योपनिषद्‌को तत्त्वमसि (तिमी (जीव) नै ब्रह्म हौ) जस्ता चार महावाक्यको व्याख्यामा आधारित दर्शन नै वेदान्त दर्शन हो (पन्त, २०७०, पृ. १)।

बृहदारण्यकोपनिषदको अहं ब्रह्मास्मि अर्थात् म (जीव) नै ब्रह्म हुँ भन्ने वेदान्त दर्शन वा तत्त्वचिन्तनलाई प्रस्तुत नाटकले दर्शनको मूल आधार बनाएको छ। वेदान्त दर्शनको मूल उपनिषद् हो।

अध्यात्म चिन्तनसँग सम्बन्धित बृहदारण्यकोपनिषद्मा प्रतिपादन गरेको दर्शन एवं ब्रह्म चिन्तनसँग यो नाटक सम्बन्धित छ। नाटकमा नित्य, अविनाशी, सर्वज्ञ पूर्ण र परमब्रह्म तत्त्वको दार्शनिक चिन्तन प्रस्तुत गरिएको छ। निर्विशेष निराभाष स्वरूप निर्देश गर्न नसकिने, अनादि अनन्त तर्क गर्न नसकिने ज्ञानको विषय नभएको निर्गुण नै ब्रहमतत्त्व हो (आचार्य,२०४५, पृ. ३१९)। ब्रह्मका निर्गुण निराकार सगुण निराकार र सगुण संस्कार स्वरूप मानिन्छ। ब्रह्मा नाटकको प्राक्कथन भागमै सत्र ठाउँमा बाङ्गिएको शरीर र कुरूप अनुहार भएको पात्रको सृजना गरेर नाटककारले पाँच कर्मेन्द्रिय, पाँच ज्ञानेन्द्रिय, मन, चित्त, बुद्धि र अहङ्कारले मेरो अनुहार सबै ठाउँमा टालेको देखेर म त पूर्ण छु, पूर्ण ब्रह्म हुँ, नित्य छु, अविनाशी हुँ, बाहिरी रूपलाई मात्र देख्ने तपाईंहरूको विचार र दृष्टिकोणलाई धिक्कार छ (जोशी, २०६९, पृं ?) भनेका छन्।

अद्वैत वेदान्त दर्शनले देहरूपि शरीर भिन्न भए पनि आत्मा एउटै हुन्छ। समस्त प्राणीका शरीरमा स्थित यो आत्मा नित्य, अविनाशी, सर्वज्ञ र परमब्रह्म रूप हो भन्ने मान्यता राख्दछ त्यसैले राम्रो, नराम्रो, सुन्दर, कुरूप, धनी, गरिब, ठूलो, सानो भनी भेद गर्नुको सट्टा पूर्ण ब्रह्मस्वरूप परमात्मारूपी आत्मालाई चिनेर समस्त प्राणीहरूलाई समान दृष्टिले हेर्न र व्यवहार गर्न आग्रह गरिएको छ।

मान्छे मर्छ तर आत्मा कहिल्यै मर्दैन (पृ. १९) भन्ने महर्षि देवरातको भनाइले आत्माको अमरत्वलाई बुझाउँछ। आफूले आफूलाई चिन्नु यस कुराको पुष्टि याज्ञवल्क्यको निम्न भनाइले गरेको छ : यो मानव चोला नै प्रारब्धको परिणाम हो। मानिस प्रारब्धकै अधीनमा छ ... निष्काम भावले पुरुषार्थ गर्नुपर्छ तर त्यो पुरुषार्थको लक्ष्य आत्मानुभूति र आत्मकल्याणमा हुनुपर्दछ। आत्मा र आत्मसाक्षात्कारमा हुनुपर्दछ (पृ. ४३)।

वेदान्तीय दर्शनले जन्म, पुनर्जन्म, भाग्य, कर्म, प्रारब्ध, आत्माको नित्यता र अमरत्वप्रति विश्वास गर्दछ। त्यसैले फलको आस नगरी निष्काम भावले कर्म गर। जसको अर्थ भौतिकवादी शरीरलाई परास्त गरी आत्मकल्याणका लागि अग्रसर भई आत्मसाक्षात्कार वा आत्मचिन्तनतर्फ उन्मुख हुन अभिप्रेरित गरेको छ। याज्ञवल्क्य भन्दछन् शरीरदेखि भिन्न आत्माको अस्तित्व, अनि त्यही आत्माको अस्तित्वमा परमात्माको एकत्व (५४) आत्मा नै परमात्मा हो। परमात्मा नै आत्मा हो त्यसैले आत्मा र परमात्मा तथा आत्माका रूपमा समस्त प्राणीमा एकत्वको बोध। ब्रह्म र आत्मा सबै मानिसमा अपरोक्ष र सर्वान्तर भएर रहेको छ भन्ने मत याज्ञवल्क्यको रहेको छ। त्यसैले विदेहराज जनकले आयोजना गरेको विद्वत् सभामा विद्वान्हरूको प्रश्नको उत्तर दिने क्रममा उनी भन्छन् ब्रह्म भन्नोस् अथवा आत्मा त्यो तपाईंमा नै साक्षात् अपरोक्ष भएर तथा सर्वान्तर भएर रहेको छ (पृ. ६७)। उनी फेरि भन्छन् आत्मा त सबैको अभ्यन्तरमा छ, त्यसैले यो सर्वान्तर छ अनि आत्मादेखि भिन्न सब नाशवान् छन् आत्मा अनिर्वचनीय छ (पृ. ६८)। यस आत्मालाई जान्नु नै संसाररूपी बन्धनबाट मुक्त हुनु हो। सबैको अभ्यन्तरमा रहेको आत्मा नित्य, पूर्ण सर्वज्ञ, अविनाशी छ। बाह्य शरीर मर्दछ तर आत्मा कहिल्यै मर्दैन। अमरत्व प्राप्त गर्ने ब्रह्मरूपी यस आत्मालाई जान्नु, चिन्नु भनेको संसाररूपी बन्धनबाट मुक्त भएर परमब्रह्म स्वरूप परमात्मामा साक्षात्कार हुनु हो भन्ने मत याज्ञवल्क्यको रहेको छ। अक्षर के हो ? भन्ने गार्गीको प्रश्नको उत्तर दिँदै उनी भन्दछन् त्यो अक्षर नै परब्रह्म हो र त्यो पृथ्वीदेखि आकाशपर्यन्त सत्यको पनि सत्य भएर रहेको छ (पृ. ७५)। याज्ञवल्क्य सटीक र तर्कयुक्त जबाफले गर्दा नै सर्वश्रेष्ठ ब्रह्मनिष्ठ, ब्रह्मवेत्ताको उपाधि प्राप्त गरी एक हजार गाई पुरस्कारस्वरूप प्राप्त गर्न सफल

भएका छन् । नाटककारले मैत्रेयी र मधुबाट पनि दार्शनिक विचार व्यक्त गर्न लगाएर नाटकमा अझै वेदान्तीय दर्शनलाई परिपाक अवस्थामा पुऱ्याएका छन् । राजा जनक र मधुबीचको संवादमा यो आत्मा नै ब्रह्म हो, प्रज्ञा नै ब्रह्म हो (पृ. ४९) जस्ता मधुले भनेको महावाक्य मधु र मैत्रेयीका ॐको सगुण र निर्गुण अर्थात् साकार र निराकार रूपको चर्चा गर्ने क्रममा मैत्रेयीले भनेका ॐकार जब भित्र र बाहिर गर्छ त्यस बेला त्यो भित्र र बाहिरमा अन्तर्विरोध देखा पर्छ...जब ज्ञान र आचारको रगडाइमा चित्त शुद्ध हुन्छ, सत्चित आनन्दको स्फुरण हुन्छ । सर्वत्र सत्यं शिवम् सुन्दरम्को अनुभव हुन थाल्छ । त्यो अवस्था नै मोक्ष, जीवनमुक्ति अथवा परमात्मा प्राप्तिको अवस्था हो (८५) वास्तवमा आत्मज्ञान भन्नु, ब्रह्मतत्त्व, परमात्मातत्त्व भन्नु सबै एउटै हो । आत्मज्ञानबिना मुक्ति सम्भव छैन । त्यसैले आफूले आफैँलाई चिन्ने र ब्रह्मतत्त्वको साकार, निराकार रूपलाई चिन्तन गर्ने अनि भौतिक शरीरलाई निरास्त गरी आत्मकल्याणमा लागि आत्मबोध तथा आत्मसाक्षात्कार गर्न सक्नुपर्छ भन्ने सन्देश नै नाटकको मूल भाव हो । नाटकमा प्रस्तुत भएका वेदान्तीय दर्शनसम्बन्धी यिनै अभिव्यक्तिहरूले गर्दा यो वेदान्तीय दर्शनमा आधारित नाटक हो भन्ने पुष्टि हुन्छ ।

८.२. सांस्कृतिक चेतना

प्रस्तुत 'याज्ञवल्क्य' नाटकमा आर्य सभ्यता र वैदिक संस्कृतिको पहिचान गराइएको छ । प्राचीन गुरुकुल परम्परा, हिन्दूधर्म र संस्कार मानवजीवनका चार आश्रमको सुन्दर वर्णन, हिमाली, पहाडी र तराई-मधेसको परिवेश र संस्कृति, चाडपर्व, रीतिरिबाज, परम्परा र संस्कारको पहिचान गराइएको छ । गाई पाल्ने, हलो जोत्ने, कोदाली खन्ने, मलका रूपमा कालीमाटीको प्रयोग गर्नेजस्ता प्रसङ्गले नेपालको कृषि व्यवस्था र नेपाली जातिको मौलिक परिचय प्रस्तुत भएको छ ।

८.३. देशभक्ति

नाटककार जोशीलाई नेपालका हिमाल, पहाड, डाँडाकाँडा, लेकबेसी, तराईका फाँटहरू, उपत्यकालगायतका सबै नेपाली भूमिप्रति अगाध स्नेह छ । त्यसैले उनले याज्ञवल्क्य, मैत्रेयी आदि पात्रहरूबाट देशभक्तिको भावना अभिव्यक्त गरेका छन् । प्रस्तुत नाटकमा मैत्रेयीले हिमाली संस्कृतिको महिमागान गाएर देशभक्तिको भावना व्यक्त गरेकी छन् : "हिमाल महात्म अपार छ, हिमत्व, संस्कृति अद्वितीय छ । यसैले आजतक पनि हिमाली पाखा फाँटका ऋषिमुनिहरू त्यो पहिलो संस्कृति नै विश्व व्यापक छ भनेर वैदिक ऋचाहरू गाउँदै छन्" (पृ. ९९) ।

सन्न्यासाश्रमका समयमा याज्ञवल्क्यले छोराछोरीलाई दिएको सन्देशमा "तिमीहरूको त यति बेला पुरुषार्थ गरी हिमाल, पहाड र तराईलाई विश्वका माझ चिनाएर आफ्नो माटोको ऋण चुकाउनुपर्ने" दायित्व रहेको बताउँदै राष्ट्रिय चिन्तनको भावना व्यक्त गरेका छन् ।

१२. नाट्यशैली तथा शिल्प

दृश्य विभाजनमा मात्र सीमित यस नाटकको बाह्य संरचना प्राक्कथन र उपसंहारबाहेक सात दृश्यमा संरचित छ । दृश्यैपिच्छे विभिन्न शीर्षक दिएर नाटकीय कथावस्तुको रचना गरिएको प्रस्तुत नाटकमा नवीन शिल्पको प्रयोग भएको छ । प्राक्कथन भागदेखि सबै दृश्यमा नाटककारद्वारा दृश्य

सज्जाको निर्देश गरिएको छ । जनकपुरमा राजा प्रसादको भव्य प्रवेशद्वार, मकराकृति तोरण, दायाँबायाँ कलशहरू धूपदीप, द्वारपालहरू, कमला नदीको किनार, मुनिको आश्रम राजा जनकको विशेष तवरले सजाइएको सभा भवन, उच्च मण्डपमा राज सिंहासन, त्यसको अगिल्तिर यज्ञमण्डप, दायाँबायाँ आमन्त्रित तत्त्वज्ञानी ऋषिमुनिहरू, पण्डित विद्वान्हरूको उपस्थिति, वरिपरि दर्शकहरू वैदिक ध्वनि गुन्जिरहेको, कमला नदीको खोच, चराचुरुङ्गीको आवाज, मयुर कृष्णसार र चुलबुले सेता हाँस, याज्ञवल्क्यको आश्रममा लटरम्म फुलेका नागबेली लहरा, वैदिक मन्त्रको उच्चारण, शङ्ख, घण्टको सुमधुर आवाज ताडपत्रका चाङहरू, चराहरूको कलरव जस्ता सुन्दर प्राकृतिक, दृश्य, सज्जाले नाटककार जोशी कुशल नाटककार मात्र नभएर कुशल नाट्य निर्देशक पनि हुन् ।

प्रस्तुत नाटक गद्य भाषामा संरचित छ । नाटकमा अत्यधिक तत्सम शब्द, केही तद्भव शब्दको पनि प्रयोग भएको देखिन्छ । आगन्तुक शब्दको भने प्रयोग भएको पाइँदैन । नाटकमा केही उपमा अलङ्कार, प्रतीकात्मक बिम्ब र केही उखान (१६) । टुक्काहरूको प्रयोग भएको पाइन्छ ।

टुक्का (मुहावरा)

ओखरको बोक्राभैँ स्वयंमेव मिल्किँदै (पृ. १३४) । फाइँफुट्टी गर्नेलाई ताइँ झार्नैपर्छ (पृ. २६)

अलङ्कार

माकुरीको जीवन नै मुक्तिको उपमाभैँ लाग्यो (पृ. १६) । याज्ञ तिम्रो कुशाग्र बुद्धि सगरमाथाको चुचुरोभैँ उच्चिँदै गइरहेको देख्छु म (पृ. १६) ।

चटक्क, पुलक्क, फुत्त, चकमन्न, फाइँफुट्टी, टोलाउनु जस्ता अनुकरणात्मक शब्दको पनि प्रयोग भएको पाइन्छ । अद्वैत वेदान्त दर्शनको रहस्य बोकेका सूक्तिमय संवादले गर्दा नाटकको भाषाशैली सामान्य पाठकहरूका लागि बोधगम्य देखिँदैन ।

१३. निष्कर्ष

नेपाली भाषामा दस, नेवारी भाषामा आठ गरी अठारओटा नाटक लेख्न सफल नाटककार सत्यमोहन जोशी कुशल नाटककारर कुशल नाट्य निर्देशक पनि हुन् । उनले ऐतिहासिक, दार्शनिक, दन्त्यकथामूलक मिथकीय, सामाजिक, पौराणिक गरी विभिन्न प्रकारका नाटक लेखेका छन् । उनको 'महर्षि याज्ञवल्क्य' वेदेन्तीय दर्शनमा आधारित भएर लेखिएको उत्कृष्ट नाटक हो । प्राक्कथन र उपसंहारबाहेक सात दृश्यमा संरचित प्रस्तुत नाटक वेदान्त दर्शनमा आधारित प्रख्यात कथावस्तु भएको शान्त रस प्रधान नाटक हो । बृहदारण्यकोपनिषद्मा भएको ब्रह्मज्ञानसम्बन्धी विषयवस्तुलाई सम्पूर्ण पाठक दर्शकमाझ पुऱ्याउने उद्देश्यअनुरूप यसमा नाटककारले कल्पनाद्वारा देशभक्ति र सांस्कृतिक चेतना भरेर मौलिक नाटक रचना गर्न सफल भएका छन् ।

महर्षि याज्ञवल्क्यको चरित्र र वेदान्तीय दर्शनसँग विदेहराज जनकलाई जोडेर ब्रह्म सभाको आयोजना गर्नु, विश्वकै विद्वान्हरूलाई आमन्त्रित गरी सुन जडिएका एक हजार गाईको पुरस्कार स्थापित गरी शास्त्रास्त्रद्वारा विजयी हुनेलाई उक्त पुरस्कार प्रदान गर्ने घोषणा गर्नु, महर्षि याज्ञवल्क्यले सबै विद्वान्, विदुषीहरूका प्रश्नको उचित दिएर स्थापित पुरस्कार हासिल गरी राजा जनकद्वारा सर्वश्रेष्ठ ब्रह्मनिष्ठ ब्रह्मवेत्ताको उपाधि प्राप्त गर्नु अत्यन्त गौरव र महत्त्व विषय बनेको छ ।

दार्शनिक चिन्तनले भरिएका सूक्तिमय संवादको नाटकको भाषा सामान्य पाठक दर्शकहरूका लागि नभएर उच्च बौद्धिक पाठक दर्शकहरूका लागि उपयुक्त देखिन्छ । कमला नदीको खोच, चराचुरुङ्गीको आवाज, मयुर कृष्णसार र चुलबुले सेता हाँस, याज्ञवल्क्यको आश्रममा लटरम्म फुलेका नागबेली लहरा, वैदिक मन्त्रको उच्चारण, शङ्ख, घण्टको सुमधुर आवाज ताडपत्रका चाङहरू, चराहरूको कलरव जस्ता सुन्दर प्राकृतिक, दृश्य, सज्जाले नाटककार जोशी कुशल नाटककार मात्र नभएर कुशल नाट्य निर्देशक पनि हुन् ।

सन्दर्भ सामग्री

आचार्य, भानुभक्त (२०४४). *भानुभक्तका रामायण.* काठमाडौं : काठमाडौं सूचना विभाग ।

जोशी, सत्यमोहन (२०३३). *फर्केर हेर्दा.* ललितपुर : सत्यमोहन जोशी ।

धनञ्जय (२०६६), दशरूपकम्, सम्पा. मुसलगाँवकर, केशवराज (सम्पा.), चौ. संस्क. वाराणसी : चौखम्बा प्रकाशन ।

नगेन्द्र र महेन्द्र (अनु. सन् १९८९), अरस्तु का काव्यशास्त्र, इलाहाबाद : भारती भण्डार ।

भरतमुनि (हि. अनु. सन् २०१४). शास्त्री, बाबुलाल शुक्ल. *भरतमुनिको नाट्यशास्त्र.* (प्र.भा.), वाराणसी : चौखम्बा संस्कृत संस्थान ।

.... (२०६९) (सम्पा. शास्त्री, बाबुलाल शुक्ल . २०६९). *भरतमुनिको नाट्यशास्त्र.* (चौ.भा.). वाराणसी : चौखम्बा संस्कृत संस्थान ।

.... (२०४२). *मृत्यु एक प्रश्न.* ललितपुर : सत्य साहित्य सदन ।

.... (२०६४). 'बाघ भैरव'. *प्रतिनिधि नेपाली नाटक.* सम्पा. कृष्ण शाह यात्री. ४(२), काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि., पृ. ४४९ ।

.... (२०६९). *महर्षि याज्ञवल्क्य.* (द्वि.सं.). काठमाडौं : तलेजु प्रकाशन ।

.... (२०७५). *सुनकेशरी.* काठमाडौं : मण्डला थिएटर प्रा.लि. ।

.... (२०७७). *चारुमती.* वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशी जन्मशताब्दी महोत्सव समिति. ललितपुर : महानगरपालिका ।

घिमिरे, उमेशप्रसाद (२०७१). *वेदान्त सिद्धान्त.* रामेछाप : नितु घिमिरे ।

पन्त, जयराज (२०७०). 'भानुभक्तको रामायणमा वेदान्त दर्शन'. *रजस्थल,* १७, पृ. ५७ ।

■

बहुआयामिक व्यक्तित्व :
वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशी

डा. गोविन्द आचार्य

१. विषय परिचय

वि.स १९७७ वैशाख ३० गते बखुम्बहाल ललितपुरमा पिता शङ्करराज जोशी र माता राजकुमारीको जेष्ठ सुपुत्रका रूपमा निम्नमध्यम परिवारमा सत्यमोहन जोशीको जन्म भएको थियो । पाटनमा प्रारम्भिक शिक्षा लिएका जोशीले हाईस्कुल शिक्षा दरबार हाईस्कुलबाट र त्रिचन्द्र कलेजमा अङ्ग्रेजी विषयमा बी.ए. सम्मको पढाइ गरेको बुझिन्छ । पिताको कुनै व्यवसाय नभएको हुँदा जोशीको अगाडि बी.ए. अध्ययन गर्दागर्दै जागिरमा प्रवेश गर्नुपर्ने अवस्था आएको छ र वि.सं. २००१ तिर औद्योगिक व्यापारिक समाचार सङ्ग्रह अड्डामा (औद्योगिक सर्भे) राजपत्र अनङ्कित तहको जागिरमा प्रवेश गरेको देखिन्छ । यही जागिरकै सिलसिलामा भर्खर विवाह गरेकी पत्नी राधादेवी तथा परिवारलाई छाडेर उपत्यकाबाहिर जानुपर्‍यो । पाँच-छ वर्षजति अलमलिनुपरेको यस जागिरले उनलाई तनहुँ, कास्की, स्याङ्जाको ग्रामीण परिवेश बुझ्ने अवसर जुरायो ।

काठमाडौँ उपत्यका कहिल्यै नछोडेको २३-२४ वर्षको नेवार ठिटोका लागि यातायात, सञ्चार, बिजुली आदि कुनै पनि सुविधा नभएको त्यति बेलाको तनहुँ, कास्की, स्याङ्जा र वरपरका अन्य जिल्लाको वातावरण जटिल लाग्नु स्वाभाविक थियो । तर जागिरको कारण त्यहाँको सामाजिक-भौगोलिक परिवेशमा भिज्नुपर्ने बाध्यता पनि थियो । यही अवस्थाले जोशीलाई ती क्षेत्रमा प्रचलित चुट्का, घाटु, बालन, ठाडो भाका, तेर्सो भाका कौरा, रोइला आदि गीत-नाच र ग्रामीण सांस्कृतिक परिवेशसँग परिचित गरायो । मेलाजात्रा र रोदीमा सुनेका गीतहरू कापीमा टिप्दै जाने क्रममा जागिर खान गएको मान्छे अनायास लोकसंस्कृतिभित्र पसेको अवस्था बन्यो । यिनै गीतहरू २००३ मा 'शारदा', 'प्रगति' मा छापिए । वि.सं. २०१३ सालमा मदन पुरस्कार गुठीको स्थापना भएको थियो । साहित्य, दर्शन, समाजशास्त्र र विज्ञान विषयमा मदन पुरस्कार दिने गुठीले सूचना गरेपछि जोशीले सङ्कलन गरेका तिनै गीतहरू सङ्गृहीत **हाम्रो लोकसंस्कृति** नामको पुस्तकको पाण्डुलिपि बुझाउँदा वि.सं. २०१४ मा पहिलो मदन पुरस्कार प्राप्त भयो । यसपछि हाम्रा वाङ्मय शताब्दी पुरुष, संस्कृतिविद् सत्यमोहन जोशीको जीवनले बेग्लै र उतुङ्ग पर्वत उक्लने मोड लियो । यसपछि जोशीका मन-मष्तिष्क र हात निरन्तर नेपाली

भाषा, संस्कृति, कला, इतिहास, पुरातत्त्व, साहित्य तथा समाजका अन्य क्षेत्रको शोधखोज तथा संरक्षण र प्रवर्द्धनका कार्यमा सक्रिय हुँदै गए । यता राज्य र समाजले पनि महत्त्वपूर्ण जिम्मेवारी र पुरस्कार-सम्मानले अभिनन्दन गर्दै गयो । आज हजारौँ स्रष्टा-अनुसन्धाता सत्यमोहन जोशीका तिनै कृतिहरूले खनेका गोरेटामा लामबद्ध छन् । यस आलेखमा, हामी सबैका अग्रज एवं गौरवका प्रतिमूर्ति सत्यमोहन जोशीको बहुआयामिक योगदानको विषयलाई सङ्क्षिप्त रूपमा स्मरण गर्न चाहेको छु । यस लेखबाट वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीको बहुआयामिक व्यक्तित्व प्रस्तुत हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

१.१. **भाषा**

जोशीको दृष्टि आरम्भतिर नै भाषिक अध्ययन र संरक्षण गर्ने कार्यमा परेको छ । यस सन्दर्भमा जोशीको ध्यान नेपाल भाषा र नेपाली भाषा दुवैतर्फ परेको छ । यस क्रममा जोशीले नेपाल भाषाका व्याकरण कोश **शुद्धं च्वयगु शुत्र** (२०१३), **सत्य शब्दकोश** (२०३५), **सच्छि खँग्वः** (२०४७) र वर्णमाला तर्फ **सत्य वर्णमाला** (२०१९) कृतिहरू लेखेको पाइन्छ । सत्य वर्णमालामा नेपाल भाषाका स्वरवर्ण र व्यञ्जनवर्णहरू दिइएको छ । आर्थिक वर्ष २०२६-२०२७ मा संस्कृति उपविभाग नं. २, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले कर्णाली अञ्चलमा ऐतिहासिक, भौगोलिक, सामाजिक-आर्थिक, भाषा र लोकसाहित्य-कलासम्बन्धी अध्ययनको योजना बनायो । उपविभागको प्रमुखको हैसियतले जोशीले यस अध्ययनको नेतृत्व गरेको पाइन्छ । अध्ययन टोलीले सिञ्जाखोला उपत्यकालाई मुख्य केन्द्र मानेर कर्णालीका मानिसहरूले बोल्ने भाषाको अध्ययन गरिएको थियो । जोशीको **नेपाली सजिलो वर्णमाला** पुस्तकका माध्यमबाट नेपाली भाषाको अध्ययनमा समेत योगदान भएको छ । जोशीले करिब छ वर्षजति चीनमा बसेर नेपाली भाषा र संस्कृति अध्यापन गराउनुले भाषा-सेवाप्रतिको रुझान स्पष्ट हुन्छ ।

भाषाको सेवाका सन्दर्भमा **नेपाली राष्ट्रिय मुद्रा** (२०१७) को पनि महत्त्वपूर्ण योगदान छ । यसमा नेपाली मुद्रामा प्रयोग भएको भाषा र लिपिको अध्ययनमा दिइएका गुप्तलिपि, कुटल लिपि, रञ्जना लिपिहरूको स्वर-व्यञ्जनसम्बन्धी जानकारी उल्लेखनीय हुन आउँछन् ।

१.२. **संस्कृति**

नेपाली संस्कृति संरक्षणमा जोशीको अमूल्य योगदान रहेको छ । तनहुँ, कास्की र स्याङ्जामा प्रचलित लोकगीतहरूको सङ्कलन कार्यबाट आरम्भ भएको संस्कृतिप्रतिको जोशीको रुचि लोकसाहित्यका अनेक विधा हुँदै चाडपर्व, मेलाजात्रा, धर्म, कला, पुरातत्त्व र आज पनि विकट मानिने कर्णाली क्षेत्रको लोकसंस्कृतिको अध्ययन-अनुसन्धानसम्म विस्तार भएको छ । अमूर्त संस्कृति संरक्षणमा जोशीको विशेष चासो छ । यहाँ संस्कृति संरक्षण क्षेत्रमा भएका महत्त्वपूर्ण कार्यहरूलाई लोकसाहित्य, चाडपर्व र कला उपशीर्षकहरू राखेर सङ्क्षिप्त चर्चा गरिएको छ ।

१.२.१. **लोकसाहित्य**

जोशीलाई नेपाली वाङ्मयको उन्नयन गर्ने मार्गमा प्रेरित गर्ने पहिलो विधा लोकसाहित्य हो । 'लोकसंस्कृति' पत्रिकाका लागि अनिल पौडेलसँग गरिएको संवादअनुसार (२०६४ : ६४-६७) जोशी वि.सं

२००१ मा औद्योगिक व्यापारिक समाचार सङ्ग्रह अड्डामा जागिरे भएपछि पहिलो पटक उपत्यका छोडेर तनहुँ, कास्की र स्याङ्जा पुगेको र त्यहाँ रहँदा त्यस क्षेत्रमा प्रचलित चुट्का, घाटु, बालन, ठाडो भाका, तेर्सो भाका आदि लोकगीतहरूका विषयमा जानकारी पाएको बुझिन्छ। त्यहाँ प्राप्त तिनै गीति सामग्रीहरूलाई सङ्कलन गरी तयार पारिएको **हाम्रो लोकसंस्कृति** शीर्षकको कृतिले पहिलो पटक वि.सं. २०१४ सालमा मदन पुरस्कार प्राप्त गरेको छ । अतः यिनै गीति-सामग्रीहरू नै जोशीको जीवनमा नयाँ मार्ग निर्देश गर्ने प्रेरणाका स्रोत थिए ।

जोशीले लोकसाहित्यमा विशेष गरी लोकगीत, लोकनाटक प्रकीर्ण साहित्यका रूपमा प्रचलित उखान र गाउँखाने कथासम्ममा आफ्नो दृष्टि पुऱ्याएको पाइन्छ। यस सन्दर्भमा **हाम्रो लोकसंस्कृति** (२०१४), **छुनाखँ** (२०१४ : उखानसङ्ग्रह), **नेपाली लोकगीत एक अध्ययन** (२०१२), **खँत्वाँः खँभाय्** (उखान-टुक्का : २०१८) आदि कृतिहरू ज्यादै महत्त्वपूर्ण छन्। **नेपाली लोकगीत एक अध्ययन** (२०१२) लोकगीतको अध्ययनका दृष्टिले महत्त्वपूर्ण कृति हो । **हाम्रो लोकसंस्कृति** (२०१४) लोकसाहित्य र कलाका धेरै विधाहरूका विषयमा जानकारी पाइने कृति हो । यसमा हाम्रो लोकनृत्य र लोकनाच, केही सामयिक नेपाली लोकगीत, गाउँखाने कथा र उखान, नुवाकोट भ्रमण, कला प्रदर्शनी, नेवारी लोकगीतको रूपरेखा, लोकगीतमा विभिन्न बाजा, दोहरीगीत, लोकगीतमा जल, स्थल र नभचरहरूको स्थान, लोकनाच गीतमा एक फन्को, तामाङ लोकगीतको एक झलक, लोकसाहित्य आदि शीर्षकहरू राखेर शीर्षकअनुसारको जानकारी दिइएको छ। यसमा नेवार समुदायमा प्रचलित फागु पर्वको होरीमा गाइने निर्गुण भजन, रोपाइँ गीत, घोडेजात्रामा गाइने गीतका उदाहरणसहित जानकारी दिइएको छ। तनहुँ, कास्की, स्याङ्जा, गोरखातिर प्रचलित घाटु, बालन, चुट्का जस्ता गीतहरूको पनि जानकारी पाइन्छ। साथै लोकगीतहरूका विषयवस्तुका आधारमा विरहका गीत, प्रेमका गीत भनेर बेग्लाबेग्लै उदाहरणसहित रसभावतर्फ पनि दृष्टि दिइएको छ। अत : **हाम्रो लोकसंस्कृति** लोकसाहित्य, कला र लोकजीवनका अन्य सांस्कृतिक प्रचलनहरूका मिश्रित विषयहरूमा जानकारी दिने कृति हो भन्ने देखिन्छ। जोशीका **ललितपुर र कार्तिक नाचको पृष्ठभूमि** (२०७६) र **ललितपुर नगरका परम्परागत नाच, नाटक र सङ्गीत** (२०२० इ.) पनि **कर्णाली लोकसंस्कृति खण्ड : एक** इतिहास अध्ययनका दृष्टिले गरिएको कार्य भए पनि लोकसाहित्य उन्नयनका दृष्टिले महत्त्वपूर्ण कृति हुन् । यसमा मेदिनी वर्मा, सुभान साही जस्ता ऐतिहासिक व्यक्तिहरूसँग सम्बन्धित विषयमा जानकारी दिने लोकगीत र लोककथनहरूको सङ्कलन गरिएबाट लोकसाहित्यका क्षेत्रमा समेत योगदान पुगेको छ। यसमा एक ठाउँमा 'सोभान साहीको विलाप' नामले प्रसिद्ध लोकगीत सङ्कलन गरी प्रकाशित गरिएको छ। यस गीतमा सोभान साहीले गोरखाली फौजको पन्जाबाट राज्य बचाउन गरेका जुक्तिहरू उल्लेख भएका छन् (जोशी, २०२८ : १०५) ।

१.२.२. **चाडपर्व र मेलाजात्रा**

लोकसंस्कृतिको अध्ययन गर्ने सन्दर्भमा सत्यमोहन जोशीको ध्यान चाडपर्व तथा मेलाजात्रातर्फ विशेष आकृष्ट भएको देखिन्छ। यस सन्दर्भमा **नेपाली चाडपर्व** (२०३९) महत्त्वपूर्ण कृति हो। यस पुस्तकमा इन्द्रजात्रा, दसैं, तिहार, बुढानीलकण्ठ नारायणस्थान मेला, बालाचतुर्दशी मेला, माघे सङ्क्रान्ति र साउने सङ्क्रान्ति, श्रीपञ्चमी महोत्सव, महाशिवरात्रि पर्वोत्सव, फागुको महोत्सव, घोडेजात्रा,

रामनवमी र कृष्णजन्माष्टमी, नववर्ष र बिस्केटजात्रा, आमाको मुख हेर्ने : बाबुको मुख हेर्ने, रातो मच्छिन्द्रनाथ रथजात्रा र भोटो जात्रा, बुद्धजयन्ती, घण्टासुरको जगात, नागपूजा, श्रावण पूर्णिमा र गाईजात्रा, तीज र ऋषिपञ्चमी, गणेशचौथी र चौथीका चन्द्रमा व्रतपर्व एवं उत्सव-जात्राको विषयमा जानकारी दिइएको छ ।

यस कृतिमा जोशीले इन्द्रजात्रालाई बढी महत्त्व दिएर लेखेको पाइन्छ । अन्य चाडपर्वहरूका विषयमा सङ्क्षिप्त जानकारी दिइएको छ । केही चाडपर्वहरूलाई एउटै शीर्षकमा राखेर चर्चा गरिएको छ । माघे सङ्क्रान्ति र साउने सङ्क्रान्ति, रामनवमी र कृष्णजन्माष्टमी यसका उदाहरण हुन् । यस पुस्तकमा दिइएका घोडेजात्रा, बिस्केटजात्रा, रातो मच्छिन्द्रनाथको भोटो जात्रा जस्ता चाडहरू उपत्यकाभित्र मनाइने चलन छ । भूमिकामा नेपालका विभिन्न स्थानहरूमा मनाइने अन्य धेरै चाडपर्व र मेलाजात्राहरू समेट्न नसकिएको भन्ने लेखकको आत्मस्वीकृति छ । यस कृतिको परिशिष्टमा विभिन्न जाति, धर्म तथा स्थान विशेषसँग सम्बन्धित चाडपर्व एवं मेलाजात्राहरूको नामावली दिइएको छ । यसमा मोरङका धिमाल जातिले मनाउने असारे पूजा, मुस्लिम समुदायको इद, धनकुटाका राईहरूको कात्तिके चाड, काठमाडौंको खटजात्रा, काभ्रे पलान्चोकको खड्गजात्रा आदि चाडपर्वहरू र मेलाजात्राहरूको जानकारी दिइएको छ । नेपाली चाडपर्व पुस्तक वि.सं. २०७८ मा साझा प्रकाशनबाट पनि प्रकाशित भएको पाइन्छ ।

हाम्रा चाडपर्व र मेलाजात्राहरूको महत्त्वको विषयमा जोशीको स्पष्ट धारणा छ । यिनीहरूबाट आफ्नो प्राचीन इतिहास र संस्कृतिप्रति प्रेमको सिर्जना हुन्छ । यसबाट राष्ट्रिय एकताको जग बलियो भई राष्ट्र निर्माणमा सबैको योगदान पुग्न जान्छ । **नेवारहरूको महान् चाड म्ह पूजा** जोशीको चाडपर्व विषयमा लेखिएको अर्को महत्त्वपूर्ण कृति हो । यसले नेवार जातिमा प्रचलित म्ह पूजा संस्कृतिका विषयमा विस्तृत जानकारी दिएको छ ।

१.२.३ कला

सत्यमोहन जोशीलाई कलाप्रति गहिरो अनुराग राख्ने व्यक्तिका रूपमा पाउँछौँ । त्यो कलाप्रेमका कारण नेपाली कला र कलाकारहरूका विषयमा धेरै सिर्जनात्मक कार्यहरू सम्पन्न भएका छन् । यस सन्दर्भमा जोशीले **नेपाली प्रस्तर मूर्तिको विकासक्रम**, **नेपाली धातु मूर्तिको विकासक्रम** र **नेपाली मूर्ति कलाको विकासक्रम** जस्ता अनुसन्धानमूलक कृतिहरू तयार भएको पाइन्छ । जोशीले (२०३५ : १२७-१३३) लोकले प्रकृतिका अनेक रूपलाई देवताका रूपमा उभ्याउँछ र तिनैको रूप निर्माण गर्दै जाँदा मूर्तिकला, चित्रकला जस्ता कला विकास भएको देखाउँछन् । अभिनय कलाप्रति विशेष अनुराग राख्ने जोशीले नेपाल भाषा र नेपाली भाषामा दर्जन बढी नाटकहरू लेखेको र 'सुनकेसरी' जस्ता नाटकहरूको अन्तरराष्ट्रिय महोत्सवहरूमा प्रदर्शन गराएको बुझिन्छ ।

नेपाली परम्परागत सङ्गीतकलाप्रति सत्यमोहन जोशीको अनुराग, संरक्षणको चाहना र विषयगत क्षमता बुझ्न LALITPUR CITY OF TRANDITIONAL DANCE, DRAMA AND MUSIC (2020 A.D.) अध्ययन गर्न जरुरी छ । यस पुस्तकमा ललितपुरको हर्न फेस्टिभल, नाच, नाटक, सङ्गीत र रातो मच्छिन्द्रनाथको जात्राको प्रदर्शनको विषयमा जानकारी दिइएको छ । यसमा 'बाठा' लोकनाटकको आख्यान र अभिनयबारे जानकारी दिइएको छ । वाद्यवादन र अभिनयलाई चित्रमा समेत प्रस्तुत गर्नाले

जोशीको चित्रकलाप्रतिको प्रेम र चित्रलाई दिइएको महत्त्व स्पष्ट हुन्छ । यसमा नेकु, ध, नगारा, मगखिं, नयखिं, नोचाखिं, भ्काँक्रीबाजा, धिमे, ढोलक, खैंजरी, मृदङ्ग, डमोखिं बाजाहरूको निर्माण र बजाउने विषयमा जानकारी दिइएको छ । 'नेकु' भनेको भैंसीको सिङबाट बनाइएको फुकेर बजाइने बाजा हो । यसमा गीत र स्वरलिपिसमेत समावेश गर्नाले गीत संरक्षणमा महत्त्वपूर्ण योगदान पुगेको छ ।

हाम्रो लोकसंस्कृति (२०१४) नृत्यकलाको अध्ययनको दृष्टिले पनि महत्त्वपूर्ण छ । यसमा लोकजीवनमा प्रचलित बाजाहरूको विषयमा पनि जानकारी दिइएको छ । विशेष गरी नेवारी बाजाहरू र तिनलाई बजाउने तरिकाका विषयमा दिइएको जानकारीले वाद्यसङ्गीत कलाको उन्नयनमा योगदान गरेको छ । त्यसै गरी नेपाली लोकनृत्यका विषयमा गरिएको सिंहावलोकनले नेपाली परम्परागत नृत्यकलाबारे जानकारी दिएको छ ।

१.३. साहित्य

सत्यमोहन जोशीलाई पछिल्लो पुस्ताले संस्कृतिविद्का रूपमा बढ्ता चिनेको पाइन्छ । सांस्कृतिक कृतिका तुलनामा साहित्यिक कर्म र कृतिहरू ओझेलमा परेका छन् । जोशी आरम्भमा कविका रूपमा परिचित थिए । **हाम्रो लोकसंस्कृति** (२०१४) को भूमिकामा वि.सं. २००३ सालभन्दा अघि जोशी कवि तथा कथाकारका रूपमा चिनिएको र २००३ माघको 'शारदा' पत्रिकामा लोकगीतहरू प्रकाशित भएपछि जोशीलाई समाजले संस्कृतिको क्षेत्रमा कार्य गर्ने व्यक्तिका रूपमा पनि बुझ्न थालेको उल्लेख भएको छ । जोशी त्यसपछिका दिनमा पनि साहित्यका विशेष गरी कविता-काव्य, नाटक, निबन्ध र जीवनी विधासम्बन्धी कृतिहरूका रचनामा संलग्न रहेको पाइन्छ ।

जोशीका साहित्यिक कृतिहरू नेपालभाषा र नेपाली भाषाका विशिष्ट निधि हुन् । जीवनको उत्तरार्धसम्म पनि जोशी नेपालभाषा र नेपाली भाषामा विविध विधाका साहित्य सिर्जनामा संलग्न रहेको देखिन्छ । नेपालभाषाका साहित्यिक कृतिहरूमा **जय प्रकाश** (२०२१, महाकाव्य), **धम्मपद** (२०२१), **चखुंचा हाः गु म्य** (२०२३, कवितासङ्ग्रह), **अरनिकोया श्वेत चैत्य** (२०४०, महाकाव्य) आदि नेपालभाषाका काव्यकृति हुन् । **अरनिकोया श्वेत चैत्य** (२०४०) नेपाली र अङ्ग्रेजी भाषामा पनि प्रकाशित भएको पाइन्छ । नेपालभाषाका निबन्ध विधातर्फ **सुखया किचलय्** (२००९), **सत्यमोहन जोशीया च्वखँ मुना** (२०५०) र **स्वाँ व सिन्ह** महत्त्वपूर्ण कृति हुन् ।

नेपालभाषाका नाटक विधाको उद्घाटन **सिद्धार्थ गौतम बुद्ध** (२००६) एकाङ्कीबाट भएको देखिन्छ । त्यसपछि **न्हय्दँ लिपा** (२००८), **सिद्धिदास** (२०११), **वैद्य बाः** (२०२८), **चारुमती पूधाः प्याँख** (२०६४), **बुद्धिमतिम्ह् धोंच्वलेचा** (२०६५), **म्हगसय् नापलाः म्ह** (ने.स.१११९) छन् । जीवनीतर्फ क**लाकार अरनिको** (२०४३) र **पंः वैद्य आशाकाजी वज्राचार्य** (२०४७) महत्त्वपूर्ण छन् । जोशीले नेपालभाषामा 'निम्ह मचाया मां' जस्ता कथा र केही पुस्तकहरूको सम्पादन पनि गरेको पाइन्छ । भाषा, साहित्य र संस्कृतिको उन्नयनमा जीवनको सम्पूर्ण समय व्यतीत गर्ने सत्यमोहन जोशीको सक्रियतामा वि.सं. २०५० सालमा नेपालभाषा, साहित्य र संस्कृतिको उन्नयनका लागि नेपाल भाषा एकेडेमी स्थापना भयो र जोशी नै यस संस्थाको चान्सलर रहेको देखिन्छ ।

नेपालभाषामा जस्तै नेपाली भाषा-साहित्यको उन्न्यनमा पनि सत्यमोहन जोशीको महत्त्वपूर्ण योगदान रहेको छ । विधागत अवस्था हेर्दा जोशीका कृतिहरू नाटक, कविता, कथा, निबन्ध र अनुवाद

साहित्यसम्म बिस्तार भएको पाइन्छ । नेपाली नाटकमा **दैलाको बत्ती, सिपाही र रैती, फर्केर हेर्दा, जब घाम लाग्छ, मृत्यु एक प्रश्न, सुनकेशरी** र **मजिपालाखे** महत्त्वपूर्ण देखिन्छन् । कवितातर्फ **क्रान्तिका लहरहरू** (कवितासङ्ग्रह) र **माओ च तुङका कविताहरू एक अध्ययन** (अनुवाद) महत्त्वपूर्ण कृति हुन् । जोशीले **लामा** र **पाचुके** जस्ता नवीन शैलीका कृतिहरू पनि लेखेको पाइन्छ । यिनका खण्डहरू वि.सं. २००६, २००७ र २००८ मा भारती पत्रिकामा प्रकाशित भएको पाइन्छ । **अरनिको, श्वेत चैत्य** नेपालभाषाको महाकाव्य नेपाली भाषामा पनि प्रकाशित छ ।

न्युजील्यान्डमा पहिलो नेपाली (२०४९) यात्रा निबन्धका दृष्टिले प्रकाशित प्रसिद्ध कृति हो । यस कृतिमा न्युजील्यान्ड जाने पहिलो हुनुको कीर्तिमान, भूमध्यरेखा पार गर्दाको प्रमाणपत्र, न्युजील्यान्डका आदिवासी 'माउरीहरू', क्राइस्टचर्चमा नेपाली बैठककोठा जस्ता शीर्षकहरूमा यात्राका घटनाहरू समेटेर प्रस्तुत गरिएको छ । यस कृतिमा जोशीले वि.सं. २००९ सालको जेठ महिना तदनुसार सन् १९५३ जुनमा आफूले न्युजील्यान्ड भ्रमण गरेको विषयसँग सम्बन्धित रोचक जानकारी दिएका छन् ।

१.४. इतिहास–पुरातत्त्व

नेपालको इतिहास र पुरातत्त्व अध्ययनको क्षेत्रमा पनि सत्यमोहन जोशीको महत्त्वपूर्ण योगदान छ । वि.सं. २०१५ सालमा जोशी पुरातत्त्व विभागको पहिलो निर्देशक पदमा नियुक्त भएको पाइन्छ । यस दृष्टिले हेर्दा जोशीकै कार्यकालबाट नै सरकारी तहबाट नेपालको इतिहास-पुरातत्त्वसम्बन्धी कार्य सुरु भयो भन्न सकिन्छ । विशेष गरी कर्णाली क्षेत्रको बहुआयामिक अध्ययनमा नेतृत्वकारी भूमिका खेल्ने जोशीको इतिहास-पुरातत्त्व अध्ययनको मूल विषय बनेको छ । यसले जोशीको इतिहास-पुरातत्त्वप्रतिको रुचि, यस क्षेत्रमा कार्य गर्नुपर्ने आवश्यकता बोध र कार्यप्रतिको तदारुकता प्रस्तुत गर्दछ । **कर्णाली लोकसंस्कृति** अध्ययन कार्य आ.व. २०२६।२०२७ मा सम्पन्न भएको सन्दर्भलाई हेर्दा वि.सं. २०१७ सालमा नै **नेपाली, राष्ट्रिय मुद्रा** पुस्तकका लेखनमा देखिएको जोशीको योगदानले इतिहास-पुरातत्त्व अध्ययनप्रति जोशीको लगाव धेरै अघिदेखि नै रहेको देखिन्छ । यस कुरालाई **नेपाली राष्ट्रिय मुद्रा** पुस्तकको पहिलो संस्करणको भूमिकामा 'यस पुस्तकले पुरातात्त्विक क्षेत्रमा विशेषतः नेपाली मुद्राशास्त्रको ज्ञानमा भइरहेको अभावलाई पूर्ति गरी नेपाली इतिहासको पानामा नौलो प्रकाश थप्न मदत गर्नेछ' भन्ने जोशीको भनाइले स्पष्ट गर्दछ (जोशी, २०४२) । **कर्णाली लोकसंस्कृति**का अतिरिक्त इतिहास-पुरातत्त्वका क्षेत्रमा जोशीका **पुरातत्त्व एक रोचक कथा**, **नेपाली धातु मूर्तिको विकासक्रम**, **नेपाली प्रस्तर मूर्तिको विकासक्रम**, **कलाकार अरनिको** र **ललितपुर र कार्तिक नाचको पृष्ठभूमि** आदि पुस्तकहरू पनि त्यत्तिकै महत्त्वपूर्ण रहेका छन् ।

नेपाली राष्ट्रिय मुद्रा पुस्तकमा मुद्राको उत्पत्ति, नेपाली मुद्राको क्रमिक विकास, मुद्रा बनाउने प्रणाली नेपाली मुद्राको क्रमिक विकास, नेपाली मुद्राका मूल्य, नाप, तौल-सम्मिश्रण, नेपाली मुद्रामा लिपि र भाषा, नेपाली मुद्राको ऐतिहासिक क्रम जस्ता शीर्षकमा गहिरो अनुसन्धान गरिएको छ । यस क्रममा लिच्छविकालीन मुद्रा, मल्लकालीन मुद्रा र शाहकालीन मुद्राहरूको विषयमा जानकारी दिइएको छ । मल्लकालीन मुद्राअन्तर्गत काठमाडौँ, भक्तपुर र ललितपुरका राजाहरूका राज्यकालमा टकमरी भएका मुद्राहरूबारे बेग्लाबेग्लै जानकारी दिइएको छ । यसको परिशिष्टमा मुद्राका चित्र र नेपाली मुद्रामा प्रयोग भएका लिपिहरूको जानकारी दिइएको छ । नेपाली मुद्राको अध्ययनमा नेपालको इतिहास तथा पुरातत्त्वमा

महत्त्व राख्ने अनेकौं शिलालेख, ताम्रपत्र, सुवर्णपत्र, प्राचीन मुद्रा, ग्रन्थहरू र अन्य अभिलेखहरूको विशद अध्ययन गरेको पाइन्छ ।

इतिहास-पुरातत्त्वको अध्ययनका दृष्टिले **कर्णाली लोकसंस्कृति खण्ड : एक** (२०२८) ज्यादै महत्त्वपूर्ण छ । आ.व. २०२६।२०२७ मा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, संस्कृति उपविभाग नं. २ को योजनाअनुसार कर्णाली अञ्चलमा लोकसंस्कृति सर्वेक्षण गर्नका लागि जोशीको नेतृत्वमा टोली गठन भएको थियो । यसमा प्रतिष्ठानको संस्कृति उपविभाग नं. २ का लोकसाहित्य सहायक प्रदीप रिमाललाई लोकसाहित्य, पञ्चायत तालिम प्रशिक्षण केन्द्रका मानवशास्त्रका विशेषज्ञ विहारीकृष्ण श्रेष्ठलाई जनजीवन, राष्ट्रिय योजना आयोगका भूगोलशास्त्रका विशेषज्ञ स्थिर जङ्गबहादुर सिंहलाई भौगोलिक, त्रिभुवन विश्वविद्यालयका प्राध्यापक भाषाशास्त्रका विशेषज्ञ चूडामणि बन्धुलाई भाषा र सत्यमोहन जोशीलाई इतिहास अध्ययनको जिम्मेवारी दिइएको थियो । वि.सं. २०२७ साल वैशाख २९ गतेका दिन संस्कृति सर्वेक्षण टोली जुम्ला पुगेर कार्यारम्भ गरेको बुझिन्छ (जोशी, २०२८ : भूमिका खण्ड) ।

यस अध्ययनमा सिञ्जाखोला उपत्यकामा पृथ्वी मल्लको कीर्तिस्तम्भ, क्राचल्ल, अशोक चल्ल तथा खसानसम्बन्धी इतिहास अध्ययन गरिएको छ । यस क्रममा टुची र योगी नरहरिनाथ आदिले उठाएका ऐतिहासिक विषयहरूको तुलनात्मक अध्ययन पनि गरिएको छ । यसमा जितारी मल्ल, रिपु मल्ल, आदित्य मल्ल, पुण्य मल्लसम्बन्धी ऐतिहासिक अध्ययन एवं सूचनाहरूको विश्लेषण गरिएको छ । चौथो अध्यायमा मेदिनी वर्म, बलिराज, सिद्ध चन्दननाथदेखि कल्याल महलको निर्माण काल र पृथ्वीनारायण शाहको उदयसम्मका ऐतिहासिक घटनाहरूका विषयमा जानकारी उपलब्ध हुन्छ । यसको अन्त्यमा गढ कुमाउँको इतिहास, डोटीको इतिहास, पृथ्वी मल्लको कीर्तिस्तम्भ र वंशावलीहरूका आधारमा उपलब्ध वंशक्रम, अभिलेख, शिलास्तम्भ, भग्नावशेष र स्मारकहरूमा प्राप्त ऐतिहासिक-पुरातात्त्विक सामग्री र सूचनाहरू दिइएको छ । यस अध्ययनले नेपालको भाषा, संस्कृति र राजनीतिक इतिहासमा महत्त्व राख्ने कर्णाली क्षेत्रका सूचनाहरूको सङ्कलन र तुलनात्मक विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरेको छ ।

ललितपुर र कार्तिक नाचको पृष्ठभूमि (२०७६) पुस्तकमा राजा सिद्धिनरसिंह मल्लको इतिहासबारे सङ्क्षिप्त जानकारी दिइएको छ । यसमा नेपालमण्डलमा शासन गर्ने गोपालवंश, महिषपालवंश, किरातवंश, लिच्छविवंश र मल्लवंशीय राजाहरूको राज्यकालसम्बन्धी ऐतिहासिक विषयबारे चर्चा गरिएको छ । यसमा यक्ष मल्लको शासनकालसम्म काठमाडौं उपत्यकामा एउटा राज्य रहेको र त्यसको केन्द्र भक्तपुर रहेको ऐतिहासिक अवस्था देखाउँदै वि.सं. १५३८ को आसपास यक्ष मल्लको मृत्युपश्चात् उपत्यका टुक्रिएको र कान्तिपुर, भक्तपुर र ललितपुर स्वतन्त्र राज्य खण्ड हुन पुगेको देखाइएको छ । यहाँ वि.सं. १४३८ तिर जयसिंहले ललितपुर नगर बसाली ललितपुरलाई स्वतन्त्र राज्यका रूपमा स्थापना गरे । यिनीपछि यिनैका सन्तानहरू कीर्तिसिंह, सुभसिंह, विष्णुसिंह, नरसिंह, पुरन्दरसिंह आदि राजा भएको देखाइएको छ । पछि कान्तिपुरका राजा शिवसिंहले आक्रमण गरी ललितपुरमा आफ्ना सन्तानहरूलाई राजा बनाएको उल्लेख छ । यसै क्रममा नै सिद्धिनरसिंह मल्ल स्वतन्त्र ललितपुरको राजा हुन पुगेको र सिद्धिनरसिंह मल्लले नै कृष्ण मन्दिर निर्माण गराई मन्दिरको नजिकमा बनाइएको डबलीमा कार्तिक महिनाभरि कृष्णकै लीलामा आधारित कार्तिक नाच नचाउने प्रचलन सुरु गरेको ऐतिहासिक विषय उल्लेख भएको छ (जोशी, २०७६: १-७) । प्रस्तुत कार्यहरूले जोशीलाई पुरातत्त्व-इतिहासकार व्यक्तिका रूपमा परिचित गराउँछन् ।

जोशीको सिर्जनात्मक जीवन अध्ययन गर्दा केही विशिष्ट क्षमता र विशेषता रहेको अनुभव हुन्छ । अङ्ग्रेजी विषयमा बी.ए. सम्मको अध्ययन गरेको व्यक्ति भाषा, संस्कृति, इतिहास, पुरातत्त्व, साहित्य जस्ता क्षेत्रहरूमा समान रूपले अगाडि बढेको विषय अद्भुत क्षमता र प्रतिभाको परिचायक हो । जोशी लगनशीलता, मिहिनेत, धैर्य र गम्भीर किसिमको स्वाध्ययन जस्ता प्रवृत्तिले बहुआयामिक व्यक्तिका रूपमा सफल बनेको पाउँछौँ । ३८ वर्षको उमेरमा पुरातत्त्व विभागको प्रथम निर्देशक, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा परिषद् सदस्यदेखि सदस्य सचिवसम्म र राष्ट्रिय योजना परिषद्मा महत्त्वपूर्ण जिम्मेवारीमा रहेर उल्लेखनीय कार्य सम्पादन गर्न सफल जोशी जीवनको अन्तिम समयसम्म नेपाल प्रज्ञाप्रतिष्ठान (आजीवन सदस्य), नेपालभाषा एकेडेमी (चान्सलर), नेपाल आर्ट काउन्सिल (अध्यक्ष), नेपाल म्युजिक सेन्टर (अध्यक्ष) र नेपाल अभौतिक सम्पदा संरक्षण परिषद् (उपाध्यक्ष) आदि संस्थाहरूलाई अभिभावकत्व प्रदान गरी सफल सामाजिक व्यक्तित्वका रूपमा अमर भएको पाउँछौँ ।

१.५. निष्कर्ष

सत्यमोहन जोशीले (वि.सं १९७७ वैशाख ३०-२०७९ असोज ३०) भाषा, साहित्य, संस्कृति, इतिहास-पुरातत्त्व जस्ता विषय क्षेत्रहरूमा ज्यादै महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । निम्नमध्यम परिवारमा जन्मेका जोशी त्रिचन्द्र कलेजमा बी.ए. तहमा अध्ययन गर्दा गर्दै औद्योगिक व्यापारिक समाचार सङ्ग्रह अड्डामा जागिरमा प्रवेश गर्नुपर्ने परिस्थिति आउँछ र यसै क्रममा वि.सं. २००१ तिर तनहुँ, कास्की, स्याङ्जाका कार्यक्षेत्रमा पुग्नुपर्दछ । जोशीलाई पहिलो पटक काठमाडौँ छाडेर गण्डकी क्षेत्रको ग्रामीण लोकजीवनमा पुग्दा त्यहाँको सांस्कृतिक परिवेशले आकर्षित गरेको देखिन्छ । गण्डकी क्षेत्रका चुट्का, घाटु, बालन, कौरा आदि गीति सामग्रीहरू टिपेर सङ्कलन गर्दै जाने क्रममा जोशी अनायास लोकसंस्कृतिभित्र प्रवेश गरेको बुझिन्छ । वि.सं २०१४ मा **हाम्रो लोकसंस्कृति** कृतिले मदन पुरस्कार प्राप्त गरेपछि जोशीको जीवनले अर्कै मोड लियो र उनी आजीवन संस्कृति, साहित्य, इतिहास, पुरातत्त्वसम्बन्धी विषयका अनेक विधाहरूमा कार्य गर्दै गएको र ती कार्यहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा कीर्ति फैलिँदै गएको पाइन्छ । यस लेखमा कृतिगत योगदानको आधारमा वाङ्मय शताब्दी पुरुष तथा संस्कृतिविद् सत्यमोहन जोशीको बहुआयामिक व्यक्तित्वका विषयमा चर्चा गरिएको छ ।

समग्र वाङ्मय उन्नयनमा भाषा उन्नयन प्राथमिक विषय हुन आउँछ । जोशीले आफ्नो जीवनकालमा नेपालभाषा र नेपाली भाषाको उन्नयनका लागि उल्लेख्य कार्यहरू गरेको पाइन्छ । यस सन्दर्भमा नेपाल भाषाका व्याकरण कोश, शब्दकोश र वर्णमालाहरूको लेखन-प्रकाशन महत्त्वपूर्ण हुन आउँछन् । नेपाली भाषाको उन्नयनका सन्दर्भमा **नेपाली सजिलो वर्णमाला** लेखन-प्रकाशन र **नेपाली राष्ट्रिय मुद्रा** (२०१७) को अध्ययन गर्दा गरिएको गुप्त, कुटिल, रञ्जना लिपिहरूको अध्ययनले भाषिक क्षेत्रको उन्नयनमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

भाषाको क्षेत्रमा जस्तै संस्कृतिको अध्ययन, अनुसन्धान र संरक्षणमा पनि सत्यमोहन जोशीको उल्लेखनीय योगदान रहेको छ । यस सन्दर्भमा विशेष गरी लोकसाहित्य, चाडपर्व-मेलाजात्रा र नेपाली कलाको क्षेत्र विषयमा अध्ययन-विश्लेषण गरेको पाइन्छ। **नेपाली लोकगीत एक अध्ययन**, **हाम्रो लोकसंस्कृति**, **छुनाखँ** (उखानसङ्ग्रह), गाउँखाने कथा, महत्त्वपूर्ण कृति हुन् । **हाम्रो लोकसंस्कृति**भित्र दोहरी गीत, नेवारी लोकगीत, तामाङका लोकगीत तथा गण्डकीका चुट्का, बालन,घाटु आदि गीति

सामग्रीहरू उदाहरण सहित चर्चा गरिएको छ। **कार्तिक नाच** नेवार समुदायमा प्रचलित महत्त्वपूर्ण लोकनाटक हो। यसमा जोशीले कार्तिक नाचभित्रको नाटक, गीत र सङ्गीतको त्रिपक्षीय विषयमा गम्भीर रूपमा ध्यान दिएको देखिन्छ।

लोकको अमूत संस्कृतिप्रति विशेष महत्त्व दिने जोशी लोकजीवनमा प्रचलित चाडपर्व र मेलाजात्राप्रति आकृष्ट भएको देखिन्छ। **नेपाली चाडपर्व** (२०३९) यसको ज्वलन्त उदाहरण हो। यसमा नेवार समुदायमा प्रचलित इन्द्रजात्रादेखि दसैं, तिहार, माघे सङ्क्रान्ति आदि चाड एवं व्रतपर्वहरू र घोडेजात्रा, बिस्केट जात्रा जस्ता मेलाजात्राहरूको प्रचलन र तिनका पृष्ठभूमिका विषयमा जानकारी दिइएको छ। यसमा देशको मेची-महाकालीमा बसोबास गर्ने विभिन्न जातजातिहरू र क्षेत्रमा प्रचलित चाडपर्व र मेलाजात्राहरूको नामावली दिइएको छ। **नेवारहरूको म्ह पूजा** चाडपर्वको विषयमा लेखिएको पुस्तक हो। यसले म्ह पूजाको परम्परा, पृष्ठभूमि र महत्त्वबारे जानकारी दिएको छ।

कलामर्मज्ञ तथा कलाप्रेमी जोशीले नेपाली कलाको संरक्षण र उन्नयनमा पनि आफ्नो दृष्टि दिएको देखिन्छ। **नेपाली प्रस्तर मूर्तिको विकास**, **नेपाली मूर्ति कलाको विकासक्रम**, **धातु मूर्तिको विकासक्रम** आदि कृति मूर्तिकलाको क्षेत्रमा महत्त्वपूर्ण छन्। अभिनय कला र सङ्गीत कलाप्रति पनि जोशीको ध्यान आकृष्ट भएको छ। नेपाल र नेवारी भाषामा लेखेर अभिनित नाटकहरू, नृत्य, वाद्ययन्त्र र तिनलाई बजाउने विधिको जानकारीले अभिनय र सङ्गीत कलाको श्रीवृद्धिमा योगदान पुगेको छ। ललितपुर सहरका परम्परागत नाच, नाटक र सङ्गीत' (२०२० इ.)मा गीत र तिनको स्वरलिपि दिनुले सत्यमोहन जोशीको गीतमा सङ्गीतको महत्त्व र यसको संरक्षण कसरी गर्न सकिन्छ भन्ने धारणा स्पष्ट हुन्छ।

पछिल्लो पुस्ताले सत्यमोहन जोशीलाई संस्कृतिविद्को रूपमा परिचय पायो, तर जोशीको साहित्यिक योगदान पनि ज्यादै महत्त्वपूर्ण छ। वि.सं. २००३ सालभन्दा अगाडि उनी कविका रूपमा चिनिएको बुझिन्छ। जोशीका साहित्यिक कृतिहरूलाई भाषाका दृष्टिले नेपालभाषा र नेपाली भाषाका कृति तथा विधाका दृष्टिले कविता, नाटक, निबन्ध, जीवनी भनेर वर्गीकृत गर्न सकिन्छ। नेपालभाषामा **चखुंचां हाः गु म्य** कवितासङ्ग्रहदेखि **जय प्रकाश** र **अरनिकोया श्वेत चैत्य** जस्ता महाकाव्यहरू, **सिद्धिदास**, **वैद्य बाः**, **चारुमती पूधा प्याँख** जस्ता नाटकहरू तथा **सुखया किचलय्** जस्ता निबन्धसङ्ग्रह र **कलाकार अरनिको** जस्ता जीवनी रचना गरेको पाइन्छ। नेपाली भाषामा **दैलाको बत्ती, सिपाही र रैती, फर्केर हेर्दा** जस्ता नाटक, **क्रान्तिका लहरहरू** (कवितासङ्ग्रह), मा**ओ च तुङका कविताहरू एक अध्ययन** अनुवाद साहित्यका उन्नत निधिहरू सिर्जना गरिएका छन्। यी सबै कृतिहरूले जोशीलाई साहित्यको क्षेत्रमा पनि विशिष्ट प्रतिभाको रूपमा स्थापित गरेका छन्।

जोशी वि.सं. २०१५ सालमा पुरातत्त्व विभागको पहिलो निर्देशक पदमा नियुक्त भएको पाइन्छ। यसपछि मात्रै सरकारी तहबाट पुरातत्त्व विषयमा काम अगाडि बढेका छन्। यस समयकै सेरोफेरोमा जोशीले नेपाली मुद्राबारे अध्ययन गरी **नेपाली राष्ट्रिय मुद्रा** (२०१७) पुस्तकको कार्य गरेको पाइन्छ। नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा सहसदस्यका रूपमा प्रवेश गरेपश्चात् संस्कृति उपविभागको आयोजना तथा सत्यमोहन जोशीको नेतृत्वमा **कर्णाली लोकसंस्कृति** परियोजना सम्पन्न भएको छ। यसमा जोशीले इतिहास अध्ययनको जिम्मेवारी लिएको देखिन्छ। जोशीले नेपाली इतिहास र पुरातत्त्वमा महत्त्व राख्ने **पुरातत्त्व एक रोचक कथा**, **नेपाली धातु मूर्तिको विकासक्रम**, **नेपाली प्रस्तर मूर्तिको**

विकास, **कलाकार अरनिको** जस्ता अनुसन्धानमूलक कृतिहरू प्रकाशन गरेको पाइन्छ ।

नेपाली राष्ट्रिय मुद्रामा लिच्छविकालदेखि शाहकालसम्म प्रचलित मुद्राहरू, तिनमा प्रयुक्त भाषा र लिपिका विषयमा गहन विश्लेषण गरिएको छ । त्यसै गरी **कर्णाली लोकसंस्कृति**मा (इतिहास खण्ड) नेपालको इतिहासमा महत्त्व राख्ने सिञ्जाको कीर्तिस्तम्भ, वंशावली, अभिलेख तथा भग्नावशेषहरूको अध्ययनबाट प्राप्त निष्कर्ष प्रस्तुत गरिएको छ । **ललितपुर र कार्तिक नाचको पृष्ठभूमि** (२०७६) पुस्तकमा स्वतन्त्र पाटन राज्यको स्थापना तथा कृष्ण मन्दिरका निर्माता एवं कार्तिक नाचका आरम्भकर्ता सिद्धिनरसिंह मल्लको इतिहासबारे जानकारी दिइएको छ ।

सत्यमोहन जोशीको सिर्जनात्मक जीवन अध्ययन गर्दा उनमा अद्‌भुत क्षमता, उत्कृष्ट प्रतिभा, लगनशीलता, र अथक मिहिनेती व्यक्तित्व रहेको स्पष्ट हुन्छ । भाषा, साहित्य, संस्कृति, इतिहास र पुरातत्त्व जस्ता गम्भीर विषयहरूमा समान रूपले योगदान गर्न सक्नु बुहआयमिक प्रतिभाको परिचायक हो । जोशीले भाषा, साहित्य, संस्कृति, कला, इतिहास-पुरातत्त्व आदि विषयसँग सम्बन्धित संस्थाहरूका माध्यमबाट आजीवन अनुजहरूलाई अभिभावकत्व प्रदान गरी सफल सामाजिक अगुवाको रूपमा पनि आफ्नो परिचय दिएका छन् ।

सन्दर्भग्रन्थ सूची

जोशी, सत्यमोहन (२०१४), **हाम्रो लोकसंस्कृति**, काठमाडौँ : रत्न पुस्तक भण्डार

जोशी, सत्यमोहन (२०२८), **कर्णाली लोकसंस्कृति खण्ड-१** (इतिहास), काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

जोशी, सत्यमोहन (२०३५), 'केही नेपाली लोक देउताहरूको भूमिका' नेपाली लोकसंस्कृति सङ्गोष्ठी-२०३२, ललितपुर : नेपाल राजकीय प्रज्ञा-राजकीय प्रज्ञा-प्रतिष्ठान, पृ. १२७-१३३ ।

जोशी, सत्यमोहन (२०३९), **नेपाली चाडपर्व**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

जोशी, सत्यमोहन(२०४२), **नेपाली राष्ट्रिय मुद्रा**, ललितपुर : साझा प्रकाशन ।

जोशी, सत्यमोहन (२०४९), **न्युजील्यान्डमा पहिलो नेपाली**, ललितपुर : लोकेश्वर प्रकाशन ।

जोशी, सत्यमोहन (२०७६), **ललितपुर र कार्तिक नाचको पृष्ठभूमि**, ललितपुर : वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशी जन्म शताब्दी महोत्सव समिति

पौडेल, अनिल (२०६४), 'हाम्रा केही जाति डाइनोसर हुने अवस्थामा छन्' (अन्तर्वार्ता), लोकसंस्कृति, वर्ष २, अङ्क २, पूर्णाङ्क ३, काठमाडौं : नेपाल म्युजिक सेन्टर, पृ. ६४-६७ ।

Joshi, Satya Mohan (2020 A.D) LALITPUR CITY OF TRANDITIONAL DANCE, DRAMA AND MUSIC, Lalitpur : Satya Mohan Joshi's centenarian Celebration Committee.

■

नेपाल, चीन र भारतलाई जोड्ने सत्यमोहन जोशीको ऐतिहासिक अनुसन्धान : 'कर्णाली लोकसंस्कृति' खण्ड–१

डा. अपर्णा पोखरेल

यो लेख सत्यमोहन जोशीको 'कर्णाली लोकसंस्कृति' (जोशी) नामक कृतिमा आधारित भएर लेखिएको छ । 'कर्णाली लोकसंस्कृति' नामको कृति पाँच खण्डमा विभक्त छ । वि.सं. २०२६ सालमा सत्यमोहन जोशीको संयोजकत्वमा विशेष गरी पाँच जना बेग्लाबेग्लै विद्वान् (सत्यमोहन जोशी, स्थिरजङ्गबहादुर सिंह, विहारीकृष्ण श्रेष्ठ, चूडामणि बन्धु र प्रदीप रिमाल) हरूद्वारा कर्णालीको सिञ्जामा गई त्यहाँको इतिहास, भूगोल, समाज, भाषा र साहित्यको अध्ययन र अनुसन्धान गरी तयार गरिएको हो । यस कृतिका पाँचओटै खण्डहरूले एकमुष्ट रूपमा २०२८ सालको मदन पुरस्कार प्राप्त गरेको तथ्य छ । जोशीकै सोच र नेतृत्वमा 'कर्णाली लोकसंस्कृति' नामक कृति तयार गरिएको हो । जोशीले ती खण्डमध्ये इतिहास खण्ड लेखेका हुन् ।

नेपालको सिमाना कुनै समयमा पूर्वमा टिस्टादेखि पश्चिममा लगभग काँगडासम्म थियो भन्ने इतिहास हामीले पढेका र सुनेका छौँ । हाम्रो देश नेपाल एउटा स्वतन्त्र राष्ट्र हो । सत्यमोहन जोशीको 'कर्णाली लोकसंस्कृति' (इतिहास खण्ड) नामक कृतिमा व्यक्त भएअनुसार सुगौलीको सन्धिभन्दा अगाडि मात्र होइन, एघारौँ शताब्दीको अन्त्यतिर पनि कुमाउँ र गढवाल पनि नेपालकै भूभाग थियो । नेपालको सिञ्जामा राजधानी भएका राजा नागराज वा नागदेवको पालादेखि नै नेपालको सिमाना पश्चिममा कुमाउँ अनि गढवालसम्म नै रहेछ । उत्तर पश्चिमी भेकमा गूगे प्रदेश वा मानसरोवरमा पनि सिञ्जामा राज्य गर्ने तिनै राजा नागराज र उनकै वंशजले राज्य गर्दथे भन्ने भन्ने कुराको जानकारी सम्भवतः टुची (Tucci, NepalM The Discovery of the Malla)को पुरातात्त्विक अनुसन्धानका आधारमा जोशीले उल्लेख गरेको पाइन्छ ।

भारतमा अङ्ग्रेजले शासन चलाएका बेलामा सुगौली सन्धि भएपछि महाकालीपारि नेपालको सिमाना महाकाली नदी तोकिएको कुरा सत्यमोहन जोशीको त्यसै कृति 'कर्णाली लोकसंस्कृति' बाट पुष्टि हुन्छ । जुन भूमिसम्बन्धी विवाद आजभन्दा दुई सय वर्षभन्दा पहिले नै समाप्त भएको थियो, त्यो विवाद

आज फेरि किन उठाइयो थाहा छैन । भारतले नेपालको भूमिमा कहिलेसम्म आँखा गाढ्ने हो, त्यो पनि थाहा छैन । राजनीतिक दलका नेताहरूले आफू सत्तामा आउन वा आफू चर्चित हुन उठाएको विषय मात्र हो कि भन्ने बुझिन्छ ।

जोशी लेख्छन् :

'दुल्लुकोट भन्ज्याङको चौतारोनेर ठडिएको सिञ्जापति पृथ्वीमल्लको कीर्तिस्तम्भ वा शिलाभिलेखका आधारमा नेपालको इतिहासका बारेमा जानकारी पाइन्छ । यस कीर्तिस्तम्भको अघिल्लो भागमा आदित्यवंशको क्रम छ अर्थात् पृथ्वीमल्लका पिता पुर्खाको, अनि पृष्ठ भागमा चाहिँ सिञ्जा राजधानीका संस्थापक अर्थात् पृथ्वीमल्लकै पूर्वज नागराजका वंशजहरूको क्रम छ ।'(२४)

यस कीर्तिस्तम्भमा त्यस बेलाको एउटा सिङ्गै इतिहास छ । त्यस बेला नागराज र उनका वंशजहरूले खारीप्रदेश वा मानसरोवर क्षेत्रमा राज्य गरेको कुरो लेखिएको छ ।

नेपालले कुनै समयमा ठूलो भूभागमा राज्य गरेका अनेक प्रमाणहरू फेला परेका छन् । नेपालको सभ्यता पहिलोपल्ट कर्णाली प्रदेशको सिञ्जामा थियो र पछि दुल्लु हुँदै चारैतिर फैलिएको थियो । जोशीकै उल्लेखअनुसार :

प्रा. राम राहुल (Rahul) का भनाइमा 'बाह्रौं शताब्दीमा नागदेव अथवा नागराज नाम गरेका गढवालका खस राजाले जुम्ला अधीनस्थ पारे । कर्णालीको पूर्वी शाखा भएको भेरी नदी तथा उत्तरमा पश्चिमी तिब्बतको मार्युमलादेखि उत्तर -पश्चिममा माथिल्लो सतलज उपत्यकासम्म फैलिएका हिमालका प्रारम्भिक मध्यकालीन राज्यहरूमध्येमा त्यस बेला जुम्ला एउटा सबभन्दा ठूलो केन्द्रबिन्दु नै भएको थियो । यी नै राजा नागराजको एउटा अभिलेख गढवालको उत्तरकाशीमा रहेको पित्तले मूर्तिमा पाइएको छ । उपल्लो गढवालबाट उत्तरतिर बढ्दै यी राजाले त्यस बेलाका लद्दाखका राजवंशको समानान्तर शासनमा रहेको गूगेको सामन्त राज्यलाई अधीनस्थ पारे । यी राजाले पुराङ, जुम्ला र डोटीका शासकहरूलाई पनि एकएक गरेर जिते । यी राजाको मृत्युपछि, यिनको विशाल राज्य दुई भागमा विभक्त हुन गयो । पश्चिम नेपालको दुल्लु नजिकैको सेंजा अथवा सिञ्जा दक्षिण भागको राजधानी बन्यो, अनि पश्चिम तिब्बतमा रहेको ताकलाखार अथवा ताक्लाकोटचाहिँ उत्तरी भागको राजधानी ।'(३१)

टुची (Tucci, NepalM The Discovery of the Malla)का भनाइमा 'जहाँ अन्यत्रझैं नै मान्छेकै उपस्थितिले प्राचीन अवशेषहरूमा जीवन प्रदान गऱ्यो, योचाहिँ त्यस्तै एउटा खास ठाउँ हो, जहाँका प्राचीन अवशेषहरू र अतीतका प्रमाणले वर्तमानलाई जीवनदान गर्दछन् । इतिहास नै नभएका जस्ता देखिएका यी गाउँहरू पुनः परम्पराकै एक अभिन्न अङ्ग बन्दछन् ; अनि हाम्रा खोजीकार्यले नै तिनीहरूको स्मृतिलाई ब्यूँझाइदिन्छ । अहिले तिनीहरूमा पुनः जीवन आइरहेको छ, किनभने मान्छेको जीवन नै मरेकाहरूमा र उनीहरूलाई उठाउने काममा आधारित हुन्छ । हाम्रो आँखाको सामुन्ने एउटा राज्य नै फेरि जन्म्यो, जुन राज्यका केही राजाहरूको नाम तिब्बती वंशावलीहरूमा पनि सुरक्षित भएको छ, तैपनि तीन शताब्दीसम्म अर्थात् एघारौं शताब्दीदेखि चौधौं शताब्दीसम्म ती राजाहरूले इटालीभन्दा ठूलो प्रादेशिक भूखण्डमा शासन गरेका थिए ।' टुची (नेपाल, पृ. ५९-६०) को तर्कअनुसार कर्णाली अञ्चलबाट उँभो लागेका खसहरूले खारीप्रदेशमा प्रभुत्व जमाएको देखिन्छ ।' (पृ. ३४-३५)

यहाँ बुझ्नुपर्ने कुरा के छ भने, राम राहुलले नागराजलाई गढवालका राजा भनेका छन् भने नेपालको दुल्लुमा अवस्थित शिलालेखमा उल्लेख भएअनुसार नागराजको वंशावली तिब्बतको वंशावलीमा

पनि उल्लेख छ । पूर्णप्रकाश नेपाल 'यात्री' ले पनि नागराज गढवाल र नेपाल दुवैतिर राज्य गर्ने राजा र गढवाल-कुमाउँबाटै नेपाल आएको प्रमाण दिएका छन् ।

बाबुराम आचार्य (आचार्य) को प्रमाण जोशी यसरी जोड्छन् :

बाबुराम आचार्यका अनुसार नवौं शताब्दीका आधाआधीतिर तिब्बतको राज्यको पतन भई अनेक राजनीतिक टुक्रामा बाँडिएपछि मानसरोवरदेखि पश्चिमपट्टि ङरीका मैदानमा एक नयाँ राज्य खडा भयो । पछि ल्हासाको संस्कृति र सभ्यताको केन्द्र त्यही ठाउँमा आइपुग्यो । अनि एघारौं शताब्दीको आधाआधीतिर ङरीका राजभिक्षु ये-शे-डोले भारतका विक्रमशिला महाविहारका बडाभिक्षु अतिशालाई निम्तो गर्दा, बडाभिक्षु अतिशा सिन्धुली, काठमाडौं, पाल्पा हुँदै सम्भवतः जुम्लाको बाटो गरी ताकलाखार उत्रेर ङरीमा पुगेका थिए । (३८-३९)

कर्कप्याट्रिक (Kirkpatrick)को सूचना जोशी यसरी प्रस्तुत गर्छन् :

...अठारौं शताब्दीको अन्त्यतिर (सन् १७९३ मा) नेपाल पस्ने इस्ट इन्डिया कम्पनी सरकारका दूत कर्कप्याट्रिकले नेपाल र तिब्बतमा वाणिज्य बेपारको ढोका खोली ती दुई देशमा प्रभुत्व जमाउने आफ्नो परियोजनामा नेपाल र तिब्बतका पश्चिमी भेकलाई यसरी महत्त्व दिएर लेखेको विवरण पनि पाइन्छ - 'तिब्बतका उत्तरी-पश्चिमी भागहरूमा निकासी गरिने मालसामानहरू जुम्लाको बाटो गरी पठाउनुपर्ने हुन्छ अथवा जुम्लाकै राजधानी छिनासिमको बाटो गरी । यो छिनासिम काठमाडौंको उत्तरी पश्चिमी भागमा स्थित छ र काठमाडौंबाट छिनासिम पुग्न झन्डै एक महिना लाग्छ । तर यो छिनासिम ताकलाखार प्रदेशमा नेपालको सीमान्त अखडा हो । ताकलाखार तिब्बतको एक प्रमुख सहर हो । छिनासिमबाट यहाँ पुग्न बाह्र दिन लाग्दछ, तर जुम्ला जिल्लाको सिमानाबाट यो ठाउँ नजिक पर्दछ । छिनासिममा अलमोडाको बाटो गरेर पनि जान सकिन्छ ।' (३९)

कर्कप्याट्रिकको नेपाल हडप्ने र तिब्बतसम्म आफ्नो दबदबा कायम गर्ने योजनालाई बाबुराम आचार्यको यस भनाइले पनि पुष्टि गर्छ ।

इतिहास शिरोमणि बाबुराम आचार्य(२८) को भनाइअनुसार भारतस्थित अङ्ग्रेज सरकारले नेपालसँग एकतर्फी युद्ध घोषणा गरी नेपालमाथि पाँचतिरबाट आक्रमण गर्नुको एक मुख्य कारण नेपालको बाटो गरी तिब्बतसँग अङ्ग्रेजी बेपार चलाई पछिबाट त्यसलाई हडप पार्नु हो । उनले उल्लेख गरेको बेहोरा यस प्रकार छ -"देशमा शान्ति स्थापना हुन नसकेकोले इ.सं. १८१४ मा भारतको अङ्ग्रेज सरकारले नेपालमा आक्रमण गरिदिंदा डेढ वर्षसम्म युद्ध रह्यो । युद्धका अनेक कारणमध्ये महाकाली नदीका किनाराबाट तिब्बतका ताकलाखार बजारमा उत्रने र टिस्टा नदीका किनाराबाट छुम्बीघाटामा उत्रने बाटो खोली तिब्बतसँग अङ्ग्रेजी बेपार चलाउने योजना पनि एक कारण थियो । यसकारणले महाकालीदेखि पश्चिमका कुमाउँ आदि तीन जिल्ला र टिस्टाका बायाँ किनारको सुखिम रियासतसमेत अङ्ग्रेजले लिए ।' (३८)

माथिको अनुच्छेदबाट के कुरो बुझिन्छ भने भारतबाट तिब्बत जानुपऱ्यो भने नेपालको बाटो प्रयोग नगरी धर नै छैन । कुनै समयमा नेपालले पश्चिममा सतलजसम्म आफ्नो राज्य विस्तार गरेको थियो । भारतमा इस्ट इन्डिया कम्पनीले सरकार चलाएको बेला थियो ।

जोशीका भनाइमा नेपाल र तिब्बतका बीचमा संवत् १८४६, १८४९ र १९११ मा पटक-पटक गरी ३ पटक युद्धहरू भएका थिए । सयौं वर्षदेखि नटुङ्गिएको नेपाल तिब्बत सीमा विवाद २०१८ सालमा

राजा महेन्द्रले चीनको भ्रमण गरेका बेलामा सिमाना विषयक सन्धि गरेर टुङ्गिएको हो । जसअनुसार काली नदी र टिङ्कर नदीको पानीढलो तथा कर्णाली (मापचू) नदीका सहायक नदीहरू तथा टिङ्कर नदीको पानीढलो सम्मिलित भएको स्थानबाट प्रारम्भ भई पूर्वीय हद अर्थात् खार नदी तथा चाबुक नदीको पानीढलो र खार नदी तथा ल्होनाक नदीको पानीढलो सम्मिलित हुने स्थानबाट गुञ्री लिपुधुरा (न्हूमाचिसा) हिमालको शृङ्खला भई लिपुधुरा भन्ज्याङ जान्छ.... ।(४२)

तर पछि अनेक कमजोरीले गर्दा तथा त्यस भेकको महत्त्वको लापरबाहीले गर्दा त्यो विशाल भूभाग नेपाल अधिराज्यबाट छुट्न गयो । पछि नेपालको सीमा लिपुघाटीमा सीमित भई खोजरनाथदेखि मुनिको कर्णाली नदीको किनारको सियर गाउँनेर सीमित रहयो । यो साँध सन् १९३० (वि.स. १९८७ तिर)मा ब्रिटिस-भारतद्वारा प्रकाशित नेपालको नक्सामा देखाइएको छ । त्यसमा यसरी पनि टिप्पणी दिइएको पाइन्छ-'यस नक्सामा अङ्कित नेपाल-तिब्बतको सिमाना नेपाली स्थानीय अधिकृतहरूले ठाउँमा नै देखाएका हुन् ।(४०)

जोशीले लेखेअनुसार दुल्लुमा रहेको पृथ्वीमल्लको शिलालेखको पृष्ठ भागमा अङ्कित विवरणअनुसार 'मानसरोवर अञ्चलको गूगेबाट तल झरी सिञ्जामा स्थिति बसाल्ने नागराजको वंशमा नागराजपछि चाप, चापपछि चापिल्ल, चापिल्लपछि क्राशिचल्ल, क्राधिचल्ल अनि क्राचल्ल क्रमैले राजा भए ।... नागराजपछिको पाँचौं पिँढीमा देखा पर्ने राजा क्राचल्लको विशेष महत्त्वपूर्ण स्थान छ । किनभने यिनै राजाका पालादेखि सालमिति अङ्कित प्रामाणिक इतिहास हाम्रो सामुन्ने देखा पर्दछ ।

राहुल साङ्कृत्यायनद्वारा लिखित 'गढवाल' (साङ्कृत्यायन, हिमालय-परिचय भाग १ गढवाल)र 'कुमाउँ'(साङ्कृत्यायन, कुमाउँ)नामक पुस्तकहरूमा यी राजा क्राचल्लको एउटा अभिलेख छ । यो अभिलेखमा शक संवत् ११४५ (वि.सं. १२८०, इस्वी सन् १२२३) अङ्कित छ र यो कुमाउँको बालेश्वर मन्दिरमा प्राप्त भएको अभिलेख हो । यस महत्त्वपूर्ण अभिलेखका बारेमा सूर्यविक्रम ज्ञवाली (नेपाल उपत्यकाको मल्लकालीन इतिहास, पृष्ठ ४५-५०) ले लेखेका छन् -

कुमाउँको बालेश्वर मन्दिरमा भएको ताम्रपत्रमा एउटा अभिलेख अङ्कित छ । त्यो अभिलेखमा परमभट्टारक महाराजधिराज श्रीमान् क्राचल्लदेव नरपतिले आफू राजा भएको सोह्रौं वर्षमा कीर्तिपुर वा कार्तिकेय पुर (कुमाउँ) का राजाहरूलाई नष्ट गरी वहाँ आफ्नो अधिकार स्थापित गरेको कुरा लेखिएको छ । त्यसमा उनले आफूलाई 'परम सौगात' पनि भनेका छन् । (४३) राहुल साङ्कृत्यायनले आफ्ना 'गढवाल' र 'कुमाउँ' नामक दुवै कृतिहरूमा उल्लेख गरेअनुसार अशोकचल्लको गोपेश्वरको अभिलेखमा यस्तो कुरो लेखिएको सूचना जोशी दिन्छन्, "शक संवत् गताब्द १११३ सौर मानत गत दिनाङ्क गणपति १२ शुक्रबार नवमी' का दिन दानव भूतलका राजा भएका गौडवंशी, बोधिसत्त्वावतार, परम भट्टारक महाराजाधिराज श्रीमान् खसमण्डल अशोकचल्लले केदारभूमि (आजका टेहरी र गढवाल) जिते भन्ने कुरा उल्लेख गरेका छन् ।(पृ ४७)

जोशीका सूचनाअनुसार पृथ्वीमल्लको कीर्तिस्तम्भमा उल्लेख भएअनुसार नागराजका वंशज राजा अशोकचल्लको कीर्ति टाढाटाढासम्म फैलिएको थियो । राजा अशोकचल्लका पालाका दुइटा अभिलेखहरू बोधगयामा पाइएका छन् (इपिग्राफिका इन्डिका १२ भागको पृ २९) । अशोकचल्लले काश्मीरका केही पण्डितहरूलाई पठाएर बोधगया (बाराहाट) मा बुद्धको मूर्तिसहित विहार बनाउन लगाए (Tucci, Preliminary report on two scientific expeditions in Nepal 55, 65)। (४६)

नागराजपछिका छैटौँ पुस्ताका राजा अशोकचल्लको नाम अङ्कित बोधगयाको त्यस अभिलेखमा व्यक्त भएअनुसार :

...सवा लाख पर्वत खसदेशका महाराजाधिराज अशोकचल्ल भन्ने उल्लेख भएबाट कर्णाली अञ्चलमा सिञ्जा राजधानी भएको पर्वतीय 'खसदेश' रहेछ भन्ने कुरो प्रमाणित हुन्छ । यस अभिलेखको मितिलाई वि.स. १३३५ (१२७८ इ.) मानिएको छ । अशोकचल्लका पिता क्राचल्ल नाम अङ्कित भएको कुमाउँको बालेश्वर मन्दिरको अभिलेखको मिति वि.स. १२८० छ ।" यसबाट के कुरो बुझिन्छ भने क्राचल्ल राजा सिञ्जाखोला उपत्यका सिञ्जा लामाथाडाकै सिञ्जापति राजा थिए, हुन सक्छ पछि उनी दिग्विजय गर्दै दक्षिण पश्चिमतिर लागे र पछि दुल्लु भेकमा पनि सहर बसालेर उनले हिउँदे राजधानी बनाए ।(पृ. ४६ र ४९)

त्यसपछि गढ-कुमाउँमा ११९० देखि १४०० इ. बीचको बहुराजकता कालमा कर्णाली अञ्चलका सिञ्जापति राजा क्राचल्ल र अशोकचल्लहरूले कत्यूरीवंशलाई अधीनस्थ गरी गढ-कुमाउँमा अधिकार जमाए ।....यी राजाहरूले गढ- कुमाउँलाई आधा शताब्दीसम्म आफ्नो अधीनस्थ पारे ।" (१०९-११०) त्यसपछि गढ-कुमाउँमा चन्द्रवंशी राजाहरू (१४०० देखि १७९० इस्वी) को उदय भयो । गढ-कुमाउँका राजा मोहनचन्दले एकातिर मुसलमानहरूले र अर्कातिर अङ्ग्रेजहरूले गरिरहने आक्रमणबाट बच्न नेपालका तत्कालीन श्री ५ महाराजाधिराज रणबहादुर शाह र उनका मुखत्यार बहादुर शाहका नाममा एउटा पत्र लेखे । त्यो सत्य प्रतिज्ञापत्र गोरखा कुमाउँको सन्धि (इतिहास-प्रकाशमा सन्धिपत्र सङ्ग्रह, पृ. १३-१४) रूपमा छ । त्यसमा 'गोरखाधीशको मित्र कूर्माचलाधीश (कुमाउँ) को मित्र हो, गोरखाधीशको शत्रु कूर्माचलाधीशको शत्रु हो, कुमाउँ र गोरखा (नेपाल) मा हितचिन्तना रहनुपर्दछ' भन्ने दरिलो किसिमका मितेरी सूत्रहरू लेखिएको छ । यो पत्र शाके १७०९ (अर्थात् वि.सं. १८४४, १७८८इ.) मा लेखिएको हो । जोशीका भनाइमा 'सायद त्यस बेला मोहनचन्दले जुम्ला, डोटी र अन्य भेकका राजाहरूसँग पनि यस्तै मितेरीका पत्रहरू व्यवहार गरेको हुनुपर्छ । (१११-११२)

तत्कालीन राजा रणबहादुर शाहको पालामा कर्णाली अञ्चल नेपाल राज्यमा विलीन भएको थियो । राजा पृथ्वीनारायण शाहले मकवानपुरको बाटो गरी नेपाल उपत्यका आक्रमण गर्न आएका बङ्गाल-विहारमा राज्य गर्ने मुसलमानहरूलाई र सिन्धुली पौवा गढी भई नेपाल उपत्यकामा पस्न खोज्ने अङ्ग्रेजहरूलाई पनि परास्त गराए । (११२)

त्यसै क्रममा नेपाल एकीकरण गरेपछि विजययात्रा गर्दै (१७९० इ. मा) महाकाली (शारदा) नदीपारि पुगेका नेपालका वीर सेनानी अमरसिंह थापा, चौतरिया बहादुर शाह, काजी जगतजीत पाण्डे, शूरवीर थापा, दशरथ खत्री र तिनका नेतृत्वमा पछि लागेर हिँडेका सैन्यले १७९० इस्वीको सुरुमा नै चैत महिनामा कुमाउँको केन्द्र भनिने अलमोडामा चन्द्र सूर्य अङ्कित नेपालको रातो विजयी झन्डा फरफराए।"नेपाली सेनाहरूले त्यतिले मात्र चित्त नबुझाई १८०४ ई. मा गढवालमा चन्द्रसूर्य अङ्कित नेपालको झन्डा फरफराए" । अनि अङ्ग्रेजले गरेको देहरादून आक्रमण (१८१४ इ.)मा पनि नेपलको विजय भयो । अङ्ग्रेजका तर्फबाट उनीहरूका धुरन्धर मानिने योद्धा मारिए पछि अन्त्यमा केही नलागेर अङ्ग्रेजले नेपालसँग सुगौली सन्धिको प्रस्ताव अघि सा¥यो ।

गढवाल र कुमाउँ नेपाल अधिराज्यको अधीनस्थ भएपछि ती ठाउँहरूमा (श्रीनगरमा) टकसार खडा गरी नेपाल -नरेशका नाउँमा मुद्राहरू प्रचलनमा ल्याइएको कुरो पनि विदित हुन्छ ।...कार्लो

भाल्देत्तारोको खोजीअनुसार (इस्वी सन् १७९१) रणबहादुर शाहको पालामा श्रीनगर टकसार निष्क्रिय भयो,तर ईस्वी सन् १८०० पछि अर्थात् गीर्वाणयुद्धविक्रम शाहको पालामा उक्त टकसार पुनः चालु भयो र त्यसले एकातिर नेपाल नरेशको नाम र अर्कोतिर शाह आलम द्वितीय (दिल्लीका बादशाह) को नाम अङ्कित गरी चाँदीका मुद्राहरू निकाल्यो, फेरि इस्वी सन् १८०६ मा एकातिर गीर्वाणयुद्धविक्रम र अर्कोतिर अकबर शाह (अथवा शाह अकबर) को नाम अङ्कित गरी नयाँ तीमासाका मुद्राहरू पनि निकाल्यो । फेरि दुवैतिर गीर्वाणयुद्धको नामाङ्कित चाँदीको मुद्रा पनि निकाल्यो । फेरि त्यही टकसारले नेपाल-नरेश गीर्वाणयुद्धकै नाम मात्र भएका तामाका मुद्राहरू पनि प्रचलनमा ल्यायो । यी उक्त मुद्राहरूमा अरबी लिपि छ, कुनैमा चाहिँ नागरी अङ्क ।

जोशीका भनाइमा हामिल्टन (Hamilton) ले पनि 'नेपालको बयान' मा गढवाल र कुमाउँको सन्दर्भमा नेपालको टकसारको विशेषता देखाई यसरी लेखेका छन् - " नेपालबाहेक अरु कुनै पनि पहाडी राजाको टकसार थिएन । नेपाली राजाहरूले भने आफ्नै नाममा देवनागरी लिपिमा सधैँ मुद्राहरूको टकमारी गराए ।" (११५)

लिपुलेक विवाद दुई देशका बीचको हो । जति बेला सीमा छुट्टियो त्यस बेला भारतमा इस्ट इन्डिया कम्पनीले शासन चलाएको थियो । आज पुनः उठाइएको त्यस विवादले दुई देशका बीचमा मात्र होइन, अनेक विषयमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्रभाव पारेको छ । नेपाललाई शान्तिक्षेत्र घोषित गर्ने प्रस्ताव राजा वीरेन्द्रको निर्णयमा वा पहलमा थुप्रै राष्ट्रहरूले हस्ताक्षर गरे पनि छिमेकी राष्ट्र भारतले हस्ताक्षर गर्न कन्जुस्याइँ गरेको कुरो सर्वविदित नै छ । त्यसको अर्थ के हो भने, नेपाल शान्तिक्षेत्र भएको भारतलाई मन पर्दैन भन्ने हो । नेपालमा माओवादी द्वन्द्वको समयमा देशमा शान्तिका कुरा कागजमै मात्र सीमित रह्यो । केही समयसम्मका लागि त नेपालीमा मानवता नै हराएर गएजस्तो भयो । कुनै पनि झगडाले कसैलाई पनि मानसिक रूपमा फाइदा हुँदैन । कुनै विषयलाई चर्चामा ल्याएर राजनीति गर्ने र त्यस झगडाबाट स्वार्थ सिद्ध गर्ने र राजनीतिक मुद्दा बनाउनेहरूका लागि त झगडा दसैँ हो । यो सबैले मनन गर्नु पर्ने कुरा (विषय) हो । हामी कसैका स्वार्थमा मर्छौं र हाम्रो बलिदानले नेतालाई मात्र फाइदा गर्छ भन्ने कुरा गरिब देश र त्यस देशका सोझा जनताले बुझ्न सक्तैनन् । मर्ने र पिल्सिने भनेका सोझासाझा नै हुन् । मोज लुट्ने भनेका राजनीतिक दल र त्यसका नेताले अनि टाठाबाठाले मात्र हुन् । झगडाले दुवै देशका जनतामा आर्थिक मात्र नभई मानसिक समस्या उत्पन्न गराउँछ ।

नेपालको लिम्पियाधुरा र लिपुलेकको सीमा विवाद भनेको भौगोलिक विवाद हो । यस झगडाले राजनीतिक रूप लिएको छ । नेपाल र भारतका बीच सीमा सन्धि भनेको सुगौली सन्धि हो । त्यो सन्धि भनेको नेपाल र अङ्ग्रेज सरकारका बीचको सन्धि हो । जुन समयमा त्यो सन्धि भयो, त्यस बेला भारतलाई बेलायतले उपनिवेश बनाएको थियो । हिजो भारतलाई अङ्ग्रेजले गरेको काम मन परेको थिएन । त्यस बेला धेरै भारतीयहरूले नेपालका विरुद्ध अङ्ग्रेजले गरेको त्यो कार्यको विरोध पनि गरेका थिए होलान् । भारतीयहरू अङ्ग्रेजले आफूमाथि गरेको शासनको र थिचोमिचोको विरोध गर्दै स्वतन्त्रको लागि लडेका थिए । त्यस बेलामा त अङ्ग्रेजले जबरजस्ती नेपाललाई दबाब दिएर गरेको नेपालको अनेकतिरको भूमि हडप्ने सन्धि त्यस वेलाका भारतीय जनताहरूलाई पनि चित्त बुझेको थिएन होला । भारतीय जनताहरूले गरेका स्वतन्त्रता सङ्ग्रामका कारण बेलायतले भारतलाई उपनिवेशबाट मुक्त गर्‍यो । अन्त्यमा बेलायतले जाँदाजाँदै भारतलाई टुक्राटुक्रा पारेर गयो । भारत पाकिस्तान भएर अनि

फेरि बङ्गलादेश भएर टुक्रिँदा थुप्रै भारतीयहरूको आत्मीयता, मन अनि मस्तिष्क पनि टुक्रिएको थियो होला । देश टुक्रिँदाको पीडा भारतले प्रत्यक्ष रूपमा भोगेको छ, तर आज भारतले किन दार्चुला जिल्लाको व्यास गाउँपालिकामा पर्ने पानीको सानो खोल्सोलाई देखाएर यही हो महाकाली नदी भन्छ त्यो थाहा छैन । भारतले लोभी मानसिकताका कारण अहिले सीमा विवाद झिकेको हो त ? त्यो भारतको स्वार्थबाहेक के होला त ? यो विवाद जसले झिकेको भए पनि यसले दुवै देशमा बस्ने सोझा निमुखा जनतालाई मानसिक रूपमा असर गर्नेछ । आज उठाइएको सीमा विवाद अन्तरराष्ट्रिय कानुन सम्मत छ कि छैन होला ?

References

Hamilton, Francis. An account of the kingdom of Nepal and of the territories annexed to this dominion by the house of Gorkha. Edinburgh, 1819.

Kirkpatrick. An account of the kingdom of Nepaul : The substance of observations made during the missions to that country in the year 1793. New Delhi : Manjushri Publishing House, 1969.

Rahul, Ram. The Himalaya Borderland. Vikas Publications, 1970 AD.

Tucci, Giuseppe. Nepal : The Discovery of the Malla, Trans. Lovett Edwards. 1960.

.... Preliminary report on two scientific expeditions in Nepal. Rome, 1956.

आचार्य, बाबुराम.चीन र तिब्बतसँग नेपालको सम्बन्ध. चाउएनलाइ स्वागत समिति, २०१३.

जोशी, सत्यमोहन.कर्णाली लोकसंस्कृति. काठमाडौँः नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०२८.

साङ्कृत्यायन, राहुल.कुमाउँ. वाराणसी : ज्ञानमण्डल, २०१५.

.... हिमालय-परिचय भाग १ गढवाल. इलाहाबादः इलाहाबाद लाँ जर्नल प्रेस, १९५९ AD.

सत्यमोहन जोशी : नाम एक, योगदान अनेक

रमेशराज पौडेल

प्रारम्भिक जीवन

पिता शङ्करराज जोशी र माता राजकुमारीका सुपुत्रका रूपमा १९७७ साल वैशाख ३० गते ललितपुरको बखुम्बहाल भन्ने ठाउँमा सत्यमोहन जोशीको जन्म भएको हो। ललितपुरको कृष्णमन्दिरबाट दुई/चार मिनेट हिँडेर पूर्वतिरको गल्ली छिरेपछि उहाँको घरमा पुगिन्छ। उहाँको प्रारम्भिक शिक्षा विक्रमसंवत् १९९७ मा दरबार हाईस्कुलबाट सुरु भयो भने उहाँले त्रिचन्द्र कलेजबाट उच्चशिक्षा हासिल गर्नुभयो। नेपालबाहेक विदेशबाट पनि उहाँले शिक्षा हासिल गरेको पाइएको छ। दीर्घ जीवनसँगै संस्कृतिको अनवरत अनुशीलनको सम्मानस्वरूप सत्यमोहन जोशीलाई उहाँको जीवनको उत्तरार्धमा वाङ्मय शताब्दी पुरुषले सम्बोधनसमेत गर्न थालियो।

सांस्कृतिक योगदान

सत्यमोहन जोशीको दीर्घ जीवन संस्कृतिको अनुशीलन र संवर्धनमै बितेको सर्वविदितै छ। अझ विस्तृत रूपमा भन्नुपर्दा उहाँको सांस्कृतिक योगदानलाई बहुआयामिक दृष्टिकोणबाट वर्णन गर्न सकिन्छ। यस आलेखमा सत्यमोहन जोशीको सांस्कृतिक योगदानलाई देहायबमोजिम सङ्क्षिप्त रूपमा उल्लेख गरिएको छ।

क. अमूल्य कृतिहरू : नेपाली संस्कृतिका अतिरिक्त उहाँका नेपाली साहित्यतर्फ दस नाटक, दुई काव्य र पाँच कथासङ्ग्रहका साथै नेवारी भाषामा समेत कृति प्रकाशन भएका छन्। उहाँका २०१३ सालमा 'हाम्रो लोकसंस्कृति' २०१६ सालमा, 'नेपाली राष्ट्रिय मुद्रा' नामक ग्रन्थ २०१७ सालमा र 'कर्णाली लोकसंस्कृति' नामक ग्रन्थ प्रकाशन भएका थिए। यसबाहेक 'कलाकार अरनिको' उहाँको अर्को अमूल्य ग्रन्थ हो।

ख. संस्कृति संवर्धनमा नेतृत्वदायी भूमिका : किशोरावस्थादेखि नै उहाँको जीवन संस्कृतिको संरक्षण एवं संवर्धनमै बित्यो। उहाँकै पहलमा लोकसंस्कृतिको संरक्षणका लागि जमलमा रहेको राष्ट्रिय नाचघर खोलिएको थियो। उहाँ पिछडिएको कर्णालीको अध्ययन गर्ने पहिलो राष्ट्रिय व्यक्तित्व हुनुहुन्थ्यो। उहाँले प्रज्ञाप्रतिष्ठानको प्राज्ञलगायतका विभिन्न निकायमा विज्ञ एवं सल्लाहकारका रूपमा समेत रही नेपाली राष्ट्रिय संस्कृतिको संरक्षणका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्नुभयो।

ग. कला संस्कृतिको क्षेत्रमा साधना : कला संस्कृतिका क्षेत्रमा वाङ्मय शताब्दी पुरुष एउटा साधक नै हुनुहुन्थ्यो । जीवनमा सायदै उहाँको दैनिकी कला संस्कृतिको संरक्षणभन्दा बाहिर रह्यो । यसको ज्वलन्त उदाहरण उहाँसँगको भेटघाटमा कला संस्कृतिबाहेकका अन्य विषयमा निकै कम चर्चा हुन्थ्यो ।

घ. भाषागत दक्षता : नेवार कुलमा जन्मिएका वाङ्मय शताब्दी पुरुषको घरमा बोलिने भाषा नेवारी हुनु स्वाभाविकै हो । शिक्षा आर्जन एवं कला-संस्कृतिको संरक्षण एवं संवर्धनका क्रममा उहाँले नेवारी भाषाका अतिरिक्त संस्कृत, नेपाली, अङ्ग्रेजीलगायतका भाषामा समेत आफ्नो योग्यतालाई विस्तार गर्नुभयो । विभिन्न भाषामा सिर्जना गरिएका उहाँका कृतिहरूले यसको पुष्टि गर्दछन् ।

प्रशासनिक योगदान

संस्कृतिसँगै सत्यमोहन जोशीको जीवन नेपालको प्रशासनिक क्षेत्रका विभिन्न विधासँग जोडिएको पाइन्छ । प्राप्त जानकारीअनुसार उहाँको प्रशासनिक योगदानलाई यस आलेखमा देहायबमोजिम सङ्क्षिप्त रूपमा उल्लेख गरिएको छ ।

क. नेपालको औद्योगिक तथ्याङ्क सङ्कलनमा सहभागिता : सत्यमोहन जोशीले पहिलो पटक २००१ मा इन्डस्ट्रियल सर्भे अफिसरका रूपमा औद्योगिक गणनामा नेतृत्व गर्नुभयो । नेपालमा उद्योगधन्दाको विद्यमान अवस्था केकस्तो छ भन्ने विषयमा सोधपुछ गरी विवरण सङ्कलन गर्ने काममा उहाँ खटिनुभएको थियो । संस्कृतिप्रतिको अगाध रुचिका कारण औद्योगिक तथ्याङ्क सङ्कलनका क्रममा समेत उहाँले आफू पुगेका ठाउँको भाषा, रीतिरिबाजका विषयमा जानकारी हासिल गर्न छुटाउनुभएन ।

ख. पुरातत्त्व विभागको नेतृत्व : सत्यमोहन जोशीले २०१५ सालमा तत्कालीन संस्कृति तथा पुरातत्त्व विभागको नेतृत्व गर्नुभएको थियो । पुरातत्त्व विभागका अनुसार पुरातत्त्व विभाग तेस्रो निर्देशकका रूपमा उहाँ रहनुभएको देखिन्छ । संस्कृति क्षेत्रमा अतुलनीय योगदान पुऱ्याएबापत उहाँलाई वास्तवमा यो जिम्मेवारी दिइएको थियो । विभागमा रहँदा उहाँकै नेतृत्वमा भक्तपुर कला सङ्ग्रहालयको स्थापना भएको थियो भने लाजिम्पाटस्थित विष्णुविक्रान्तको मूर्ति राष्ट्रिय सङ्ग्रहालय छाउनीमा सुरक्षित गरिएको थियो ।

ग. पत्रकारिता : सत्यमोहन जोशी राणाकालमै 'गोरखापत्र'का पत्रकारका रूपमा २००१ देखि २००६ सालसम्म लमजुङ र तनहुँका गाउँहरू पुग्नुभएको थियो । यसबाट एक पत्रकारका रूपमा समेत उहाँलाई चिन्न सकिन्छ ।

अन्य योगदान

संस्कृतिको निरन्तर संरक्षण एवं संवर्धन र प्रशासनिक योगदानका अतिरिक्त सत्यमोहन जोशीको दीर्घ जीवनले हामी सबैका लागि काम लाग्ने प्रकृतिका थुप्रै योगदान रहेका छन् । केही महत्त्वपूर्ण देहायका योगदानहरूको सङ्क्षिप्त चर्चा यस आलेखमा गरिएको छ ।

क. सरल जीवनयापन : वाङ्मय शताब्दी पुरुष सरल जीवनयापनका हिमायती नै हुनुहन्थ्यो । प्रायजसो दौरा, सुरुवाल र कोटमा उहाँलाई देख्न सकिन्थ्यो । उहाँको अर्को विशेषता भनेको सामान्य कपडाको सिलाएको टोपी लगाउने हो । पहिरनसँगै उहाँ मीतभोजनमा विश्वास गर्नुहुन्थ्यो । सबैसँग

सरल रूपमा प्रस्तुत हुने उहाँको शैली अर्को विशेषता हो। यसरी सरल जीवनयापनको प्रतिमूर्तिका रूपमा उहाँबाट सिक्ने विषयहरू धेरै छन्।

ख. मृत्युपर्यन्त सक्रियता : नेपालमा करिब साठी वर्षपछि निवृत्त र निष्क्रिय जीवन बिताउने परम्परा नै बनेको छ। थोरै व्यक्तिहरूले मात्र retire the retirement अर्थात् निवृत्तिलाई निवृत्त गर भन्ने कथनलाई चरितार्थ बनाएका छन्। यो कथनलाई चरितार्थ गर्ने महापुरुषका रूपमा वाङ्मय शताब्दी पुरुषलाई लिन सकिन्छ। अर्को शब्दमा वाङ्मय शताब्दी पुरुषले आफ्नो जीवनलाई मृत्युपर्यन्त नै निवृत्त हुन दिनुभएन। जिज्ञासुहरूका लागि भेटघाट, संस्कृतिका विषयमा चर्चा, लेखनलगायतका गतिशील क्रियाकलापमा उहाँले मृत्युपर्यन्त विश्राम लिनुभएन। शास्त्रमा भनिएको पनि छ, 'अजराऽमरवत्प्राज्ञो विद्यामर्थञ्च चिन्तयेत्' अर्थात् प्राज्ञ व्यक्तित्वले आफूलाई अजर र अमर सम्झेर विद्यारूपी धनका बारेमा मात्रै चिन्तन गर्दछ।

ग. दीर्घ जीवन एवं आरोग्यताको प्रदर्शनी : 'जीवेमः शरदः शतम्' भन्ने वैदिक वचन चरितार्थ गर्ने व्यक्तित्वका रूपमा वाङ्मय शताब्दी पुरुषलाई लिन सकिन्छ। सय वर्षको परमायु व्यतीत गर्ने अन्य व्यक्तित्वको तुलनामा सय वर्षको जीवनलाई शारीरिक र मानसिक रूपमा प्रदर्शन गर्न बाँच्न चाहने सबैका लागि मननीय र प्रेरणादायी विषय हो। शतवार्षिक जन्मोत्सवपछिका दिनहरूमा समेत उहाँको आरोग्यताको प्रदर्शनी उहाँसँग सम्पर्कमा रहनेहरूका मानसपटलमा अझै ताजा छन्। खानपानमा ध्यान दिनु, सकारात्मक सोच राख्नु र धेरै महत्त्वाकाङ्क्षी नहुनुलाई उहाँ आफ्नो दीर्घ जीवनको रहस्य मान्नुहुन्थ्यो। साथै संस्कार र संस्कृतिले जीवनमा रस भरिदिन्छ भन्ने उहाँको अभिव्यक्त मान्यता रहेको थियो।

घ. मृतशरीर अध्ययनका लागि प्रदान : वाङ्मय शताब्दी पुरुषमा महापुरुषमा हुनुपर्ने सबैजसो गुणहरू विद्यमान थिए। यसको उदाहरण उहाँले मृत्युअघि नै आफ्नो शरीर चिकित्सा विज्ञानका विद्यार्थीको अध्ययन-अनुसन्धानका लागि भनेर दान गर्नुभएको थियो। त्यसैअनुरूप उहाँको जन्मपत्रिकाको दाहसंस्कार गरी मृतशरीरलाई मृत्युपश्चात् पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सुरक्षित रूपमा राखिएको छ।

मान–सम्मान

आफ्नो योगदानका खातिर वाङ्मय शताब्दी पुरुषले जीवित अवस्थामा नै राज्य एवं समुदायका तर्फबाट धेरै मानसम्मान पाउनुभयो। बहुप्रतिभाका कारण वाङ्मय शताब्दी पुरुषले राज्यका राजनीतिक, शैक्षिक, साहित्यिक, आर्थिकलगायतका क्षेत्रबाट मानसम्मान एवं पुरस्कार प्राप्त गर्नुभएको छ। उहाँ नेपालको इतिहासमै तीन पटक मदन पुरस्कार पाउने व्यक्तित्व हुनुहुन्छ। उहाँले पहिलो पटक २०१३ सालमा 'हाम्रो लोकसंस्कृति' ग्रन्थमा मदन पुरस्कार प्राप्त गर्नुभएको थियो भने दोस्रो पुरस्कार २०२८ सालमा 'कर्णालीको लोकसंस्कृति' नामक ग्रन्थका लागि प्राप्त गर्नुभएको थियो। उहाँको एक सय वर्षको जन्मोत्सवमा नेपाल राष्ट्र बैङ्कले उहाँको तस्बिर अङ्कित चाँदीको सिक्का जारी गरेको थियो। यसै गरी जोशीलाई सुप्रबल गोर्खा दक्षिणबाहु, उज्ज्वल कीर्तिमान राष्ट्रदीप तथा विख्यात त्रिशक्तिपट्टबाट सम्मान गरिएको थियो। मान-सम्मानकै क्रममा उहाँलाई काठमाडौं विश्वविद्यालयले विद्यावारिधिको मानार्थ प्रमाणपत्रसमेत प्रदान गरेको छ। ललितपुर महानगरपालिकाले रथारोहण गऱ्यो। मृत्युपश्चात् पनि

राज्यका तर्फबाट उहाँलाई राजकीय सम्मान प्रदान गरी अन्त्येष्टि गरियो । साथै उहाँको शरीर छुटेको दुःखद घडीमा राज्यका तर्फबाट राष्ट्रिय शोकघोषणा गर्दै एक दिन शोक बिदासमेत गरियो ।

उपसंहार

'काव्यशास्त्रविनोदेन कालो गच्छति धीमताम्' अर्थात् शास्त्रादिको अनुशीलनमा रमाएर विद्वान्हरूको समय व्यतीत हुन्छ भन्ने उक्ति वाङ्मय शताब्दी पुरुषको जीवनमा चरितार्थ भएको देखिन्छ । वास्तवमै उहाँको जीवन नेपालको संस्कृतिका विभिन्न पक्षको अनुशीलनमै बित्यो । उहाँले कर्णालीको संस्कृतिमार्फत दूरदराजको भूगोललाई चिनाउनुभयो भने नेपालका लोकबाजामार्फत संस्कृतिको आयामलाई थप फराकिलो बनाउनुभयो । यसै गरी सङ्ग्रहालयको स्थापना गरेर नेपाली संस्कृतिका विविध पक्षको पुस्तान्तरण गर्ने कार्यमा अतुलनीय योगदान गर्नुभयो । यसरी उहाँको समग्र जीवन नेपालको कला, साहित्य, संस्कृति र सङ्ग्रहालयको पर्यायका रूपमा बित्यो । समग्रमा उहाँको दीर्घ जीवन भावी पुस्ताका लागि प्रेरणा प्रदान गर्ने एउटा जीवन्त इतिहास बनेको छ ।

■

हाम्रा केही जाति डायनोसर हुने अवस्थामा छन् ।

– सत्यमोहन जोशी

प्रश्न १ : तपाईंको जन्म कहाँ र कहिले भएको हो ?

– मेरो जन्म पाटन जिल्लाको बखुम्बहाल भन्ने ठाउँमा वि.सं. १९७७ साल वैशाख ३० गते भएको हो ।

प्रश्न २ : बुबाआमाको नाम ?

– बुबाको नाम शङ्करराज र आमाको नाम राजकुमारी जोशी हो ।

प्रश्न ३ : तपाईं कुन भाइ छोरा ?

– रोलक्रममा जेठो । एउटा भाइ थियो, पछि बित्यो ।

प्रश्न ४ : शिक्षादीक्षा कहाँबाट गर्नुभयो ?

– प्रारम्भिक शिक्षा पाटनबाटै प्राप्त गरैं । हाईस्कुल पढ्न दरबार स्कुल गएँ । त्रिचन्द्र कलेजमा बी. ए. पढैं । पूरा गर्नै नपाई जागिरे भएँ ।

प्रश्न ५ : परिवारको आर्थिक अवस्था कस्तो थियो ?

– म निम्नमध्यमवर्गीय परिवारको मान्छे हुँ । बुबाको कुनै व्यवसाय थिएन ।

प्रश्न ६ : पहिले जागिर कहाँ केमा खानुभयो ?

– एउटा 'औद्योगिक व्यापारिक समाचार सङ्ग्रह अड्डा' भन्ने अफिस थियो । त्यसलाई औद्योगिक सर्भे पनि भनिन्थ्यो, त्यसैमा ५-६ वर्ष अलमलिएँ । पछि जनसङ्ख्या विभागमा गाभियो, जसलाई आज केन्द्रीय तथ्याङ्क विभाग भनिन्छ, त्यहाँ ४-५ वर्ष अलमलिएँ । २००९ सालको जनगणना हामीले नै गरेका हौं ।

प्रश्न ७ : अनि पढेको अङ्ग्रेजी, जागिर खाएको यस्ता अफिसमा, कसरी संस्कृतिविद् भएर चिनिनुभयो ?

– हो, यसको रमाइलो पृष्ठभूमि छ । कुरा २००१ सालको हो, जतिखेर म जागिरे भएर उपत्यकाबाहिर गएँ । भर्खर विवाह गरेको, राजधानीभित्र पढेलेखेको, थानकोटको डाँडो काटेर बाहिर नगएको २३-२४ वर्षको नेवारी ठिटाले जागिर खान जानुपऱ्यो तनहुँ, कास्की र स्याङ्जा जिल्लामा । काठमाडौँबाट हिँडेका आठौँ दिनमा पोखरा पुगेँ । तनहुँका गाउँमा बस्दा केही दिन रमाइलै लाग्यो । नयाँ गाउँ देखियो, नयाँ मान्छे भेटियो । नयाँ कुरा सिकियो तर दिनहुँ तिनै मान्छे देख्दा, सिक्ने कुरा केही नहुँदा बिस्तारै दिक्दार लाग्दै गयो । गाउँमा रेडियोसम्म थिएन । दिउँसो त जसोतसो समय बित्थ्यो, साँझ परेपछि के गर्नु, न बिजुली छ, न पढ्ने कुरा छ । अनि त घर-गाउँले जे गर्छन्, म पनि त्यसै गर्न थालेँ । जता जाऊँ सर भन्छन्, त्यसै जाइदिन थालेँ । ओहो ! उनीहरू त दिनभरिको थकाइ मेट्न साँझ परेपछि नाचगान गर्दा रहेछन् । दोहोरी गाउँदा रहेछन् । गीतबाटै प्रश्नोत्तर हुँदो रहेछ । पँधेरो जाँदा गीत गाएका छन्, घाँसदाउरा जाँदा गीत गाएका छन्, चौतारामा बस्दा गीत गाएका छन्, जाँतो पिँध्दा, ढिकी कुट्दा गीत गाएका छन्, रोपाइँ गर्दा गीत गाएका छन्, दाउनी गर्दा गीत गाएका छन्, फेरि गीतको लय फरक छ, भाका फरक छ, चुट्का नाचेका कछन्, घाटु, बालन, ठाडो भाका, तेर्सो भाका, केके हो केके ! म त हेर्दाहेर्दै, सुन्दासुन्दै उनीहरूभित्र चुर्लुम्मै डुबेछु । किन घर चाहियो, किन राजधानी चाहियो, किन विदेशीले कल्पना गरेको अङ्ग्रेजी साहित्य चाहियो त्यस्तो प्राकृतिक घटामा पुग्दा ! यसरी लोकसंस्कृतिभित्र चुर्लुम्म डुब्न थालेपछि उनीहरूको शब्द कापीमा टिप्न थालेँ–

– *के खायो के लायो होला, वनका जुनेली चरीले*
– *वर र पीपल रोपेको ठाउँमा कल्ले हाल्ला चौतारी*
  दुखी जीउको मन बुझाइदिने को होला औतारी
– *आजभोलि किन हो किन मन त मेरो डाँडाको बतास*
– *एऽऽ दाइँ गर भाइहो, लङ्का पुग्यो बास–दाइँ गर बरदो ।*

तर त्यति बेला लोकगीत भन्ने चलन थिएन । काठमाडौँतिर झ्याउरे भन्ने गरिन्थ्यो । झ्याउरे भनेको त्यसै पनि अपहेलित लय ।

प्रश्न ८ : अनि कापीमा टिपेको गीतलाई के गर्नुभयो ?

– जे गर्नु छ त्यही टिपोटले त गऱ्यो । यसरी सुन्दा, हेर्दा, टिप्दा म त लोकसंस्कृतिभित्र पसिहालेछु । त्यसलाई काठमाडौँ लिएर आएँ । **शारदा** भन्ने एउटा पत्रिका मात्र थियो, त्यसैमा छाप्न भनेर दिएको, ००३ सालको अङ्कमा छापियो । ए, कत्रो बजार लियो गीतले । रस लिईलिई पढे मान्छेले । लौ, यस्तो पनि हुँदो रहेछ भन्ने भयो । सत्यमोहन जोशीले कसरी यस्ता गीत भेट्यो, मान्छे सोध्न थाले । त्यही अङ्कमा सम्पादकीय टिप्पणी छापियो–गाउँमा यस्तो अमूल्य सम्पत्ति हुँदो रहेछ, हाम्रो ज्यूँदो साहित्य भनेको यहीस् हो तर सङ्कलकले ती गीतहरू कहाँ, कुन परिवेशमा गाइन्छन् भनेर टिप्पणीसमेत लेखिदिएको भए पाठकलाई बुझ्न सजिलो हुन्थ्यो । **शारदा**का अन्तरङ्ग सम्पादक थिए गोपालप्रसाद रिमाल । उनले मलाई भेटेर पनि यही सुझाव दिए । त्यसपछि **प्रगति** भन्ने साहित्यिक पत्रिका आयो । त्यसले पनि यी गीतहरू छाप्यो । रेडियो नेपाल त गीतै गाइदेऊ भन्न आयो । लय हालेर गाइदिएँ ।

प्रश्न ९ : ती गीतहरू छापिएनन् ?

– छापिए पनि । छापिए मात्र होइन, तिनले मलाई २०१४ सालमा 'मदन पुरस्कार' नै दिए । २०१३ सालमा 'मदन पुरस्कार' गुठी जन्मियो । यसले एकैचोटि साहित्य, दर्शन, समाजशास्त्र र विज्ञान विषयमा पुरस्कार दिने घोषणा गऱ्यो । गोरखापत्रमा लेखकहरूलाई पाण्डुलिपि आह्वान गरेर सूचना छापियो । म न लेखक, न साहित्यकार । पृष्ठभूमिसहित गीतको सङ्कलन लेखेर 'हाम्रो लोकसंस्कृति' नाम राखेर बुझाएको, अर्को वर्ष पुरस्कार पाएँ ।

प्रश्न १० : जागिर नि ?

– जागिर त चल्दै थियो तर 'मदन पुरस्कार' पाएपछि जीवनले अर्कै गति लियो ।

प्रश्न ११ : कस्तो गति ?

– राजपत्र अनङ्कित कर्मचारी थिएँ । गाउँघर डुलेर भात खान्थेँ । पुरस्कार पाएर देशभरि चिनिएँ । २०१६ सालमा नेपाली काङ्ग्रेसको निर्वाचित सरकार बनयो । त्यसले त मलाई संस्कृति विभागको डाइरेक्टर नै बनाइदियो ।

प्रश्न १२ : नेताहरूसँग भनसुन गर्नुभयो कि ?

– केको गर्नु, म कसैलाई चिन्दिनथेँ । मेरो भनिदिने मान्छे पनि कोही थिएनन् । एकैचोटि रेडियोबाट नाम आउँदा छक्क परेँ । अर्कै सत्यमोहन जोशी होला भनेर चुपचाप बसेको, साथीभाइले 'तैँ होस्, तैँ होस्' भने । विश्वास नलागेर शिक्षा मन्त्रालय गएँ । मन्त्री थिए परशुनारायण चौधरी । गृहमन्त्री योगप्रसाद उपाध्यायलाई आफ्नो कार्यभार जिम्मा दिएर उनी विदेश गएका रहेछन् । योगप्रसादलाई सोध्न गएको, डाइरेक्टर भएको तिमी नै हौ, जाऊ राम्ररी चलाऊ भने । यस्तो संस्था चलाउने अनुभव नभएको, संस्कृतिका कुरा थाहा नभएको हुनाले निर्देशन पाउँ भनेँ । उनले त उल्टै त्यत्रो पुरस्कार पाएको, पुस्तक लेखेको मान्छे भएकाले संस्कृतिविद्को प्रमाणपत्र त्यसैलाई ठानी सरकारले नियुक्ति गरेको कुरा पो गरे । अनि म फटाफट आएर काम गर्न थालेँ । यति अध्ययन गरेँ, यति मेहनत गरेँ, यति दौडधूप गरेँ कि वर्ष दिनमै सरकारले गर्व गर्ने विषय बन्यो । तर २०१७ साल फागुन २० गते दूधबाट झिँगा फ्याँकेझैँ फ्याँकिदिए ।

प्रश्न १३ : किन ?

– २०१७ साल पुस १ गते व्यवस्था परिवर्तन भयो । शिक्षामन्त्री भए विश्वबन्धु थापा । उनका भतिजा रमेशजङ्ग थापालाई त्यो पद चाहिएको रहेछ । त्यसैले ।

प्रश्न १४ : अनि के गर्नुभयो ?

– के गर्नु, घरका न घाटको भएँ । पहिलेको सानो जागिर पनि गयो । पछिको ठूलो जागिर पनि गयो । सडकछाप भएर बस्नुभन्दा किताब लेख्नुपऱ्यो भनेर 'नेपाली राष्ट्रिय मुद्रा' भनने अनुसन्धानमूलक कृति लेखेँ । डाइरेक्टर हुँदाको अनुभव काम लाग्यो । फेरि २०१८ सालमा अर्को 'मदन पुरस्कार' पाएँ ।

केही समयपछि चीनमा नेपाली भाषासंस्कृति पढाउन जाने मौका पाएँ । ६ वर्ष बसेर नेवारी भाषामा 'कलाकार अरनिकोया श्वेत चैत्य' भन्ने महाकाव्य लेखेँ । २०२६ सालमा नेपाल आउँदा नेपाल प्रज्ञाप्रतिष्ठानको कुलपति केदारमान व्यथित हुनुहुँदो रहेछ । मलाई पनि सहसदस्यमा मनोनीत गरे । प्राज्ञ भएपछि विशेषज्ञहरूको समूह लिएर कर्णाली अञ्चलको सिञ्जा क्षेत्रमा गएँ । त्यो क्षेत्र नेपाली भाषाको व्युपत्ति थलो भएकाले विशद अध्ययन गरेँ । काठमाडौँ फर्केपछि पाँचै जनाले कर्णाली लोकसंस्कृतिका पाँचवटा किताब निकाल्यौँ । पाँचै जनाले 'मदन पुरस्कार' पायौँ ।

प्रश्न १५ : तपाईंले त 'मदन पुरस्कार'मा ह्याट्रिक गर्नुभएछ ?

– हो, त्यस्तै भयो । तर यो सब तनहुँ, कास्कीको 'के खायो, के लायो, वनको जुरेली चरीले' गर्दा भएको हो । राजधानीभित्रै रमाएर सोखिन जीवन बिताएको भए अहिले कुनै ठाउँको निवृत्त कर्मचारी भएर झिँगा मार्दै हुन्थेँ होला ।

प्रश्न १६ : सांस्कृतिक क्षेत्रमा गर्नुपर्ने कामका बारेमा केही सल्लाह-सुझाव दिनुहुन्छ कि ?

– सल्लाह-सुझाव त नभनौँ तर मेरो अनुरोध के छ भने संस्कृति दुई खालको हुन्छ : एउटा मूर्त संस्कृति, अर्को अमूर्त संस्कृति । मूर्त भनेको देखिने हो, अमूर्त भनेको नदेखिने हो । साँच्चै नयाँ नेपाल बनाउने हो भने हामीले मूर्तसँगै अमूर्त संस्कृतिमा पनि ध्यान दिनुपर्छ । आजैदेखि त्यसको संरक्षण र संवर्धनमा लाग्नुपर्छ । नत्र भोलि कुनै एउटा जाति लोप भयो भने हामीले त्यसको भाषा कहाँबाट ल्याउनु ? त्यसको जीवनशैली, रहनसहन, नृत्यपद्धति, लोककथा, उखानटुक्का कहाँबाट ल्याउनु ? जमाना मङ्गलग्रहमा पुगिसक्यो, हाम्रो देशका केही जातिहरू भने डाइनोसर हुने अवस्थामा छन् ।

प्रस्तुति : **अनिल पौडेल**

(साभार : **लोकसंस्कृति,** वर्ष २, अङ्क २, पूर्णाङ्क ३)

■

वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीबारे तुलसी दिवससँग वार्ता

सत्यमोहन जोशीको प्रारम्भिक यात्राको पृष्ठभूमि कस्तो थियो ?

– लोकसंस्कृतिलाई प्राज्ञिक रूपले त्यति स्वीकृति प्राप्त छैन तापनि आफ्नो विभिन्न जातजातिको, स्थानीयताको प्रतिनिधित्व गर्ने हुनाले लोकसाहित्य र संस्कृतिकोपनि त्यतिकै महत्त्व छ । त्यो महत्त्वलाई ध्यानमा राखेर सत्यमोहन जोशीले जागिरको सिलसिलामा काठमाडौँभित्र होस् वा बाहिर जाँदा लोकगीत, उखानटुक्का, लोककथाहरू आदि सङ्कलन गरेको र प्रचारप्रसार गरेको कुरामा महत्त्वपूर्ण भूमिका खेल्नुभएको कुरा स्वीकार्य छ । कार्यक्षेत्रको सन्दर्भमा मध्यपश्चिम जाँदा त्यहाँका गुरुङ, मगर आदि विभिन्न जातजातिका व्यक्तिहरूका सम्पर्कमा आउँदा थालनीम केही लोकगीतहरू सङ्कलन गरेर त्यसलाई लेखनको रूपमा छापेर प्रचारप्रसार गरेको देखिन्छ । अनि पछि लोकगीत मात्र नभएर लोकसङ्गीत, उखानटुक्का, गाउँखाने कथा, लोकभाषाको पनि खोज-अनुसन्धान गर्ने परम्परा अघि बढाउनुभयो र प्रज्ञाप्रतिष्ठानमा आइसकेपछि २०२७-२८ सालतिर संयुक्त टोली बनाएर कर्णाली अञ्चलमा गएर त्यहाँको संस्कृति, साहित्य, भाषा, इतिहास आदिको अध्ययन-अनुसन्धान गर्ने नेतृत्व लिनुभएको कुरा प्रस्ट छ ।

उमेर १०२ वर्षसम्म अविश्रान्त क्रियाशील जीवन बाँच्नुभएको सत्यमोहन जोशीको नेपाली वाङ्मय, संस्कृति र नेपाली पहिचानको खोजीलाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ?

– उहाँ नेपाली लोकसंस्कृति, वाङ्मयको खोज-अनुसनधान मात्र नगरेर इतिहासका क्षेत्रमा पनि सिर्जनशील लेखनमा क्रियाशील हुनुहुन्थ्यो । उहाँले कविता मात्र होइन, खण्डकाव्य पनि लेखेर प्रकाशन गर्नुभएको कुरा जगजाहेरै छ । सत्यमोहन जोशीको व्यक्तित्व लोकसंस्कृति र लोकसाहित्यका क्षेत्रमा मात्र सीमित नभएर सिर्जनशील क्षेत्र, इतिहास आदिमा पनि केन्द्रित छ । उहाँ न्युजील्यान्डको सांस्कृतिक भ्रमण गर्ने पहिलो नेपाली व्यक्तित्व हुनुहुन्थ्यो । उहाँ चीनमा नेपाली विषय पढाउन जाँदा चीनसँग ऐतिहासिक-सांस्कृतिक सम्बन्ध कायम गर्ने काममा दत्तचित्त भएर लाग्नुभयो र देशदेखि बाहिर सांस्कृतिक भ्रमणमा गएर यात्रासाहित्यलाई पनि आफ्नो लेखनबाट अगाडि बढाउने कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभयो ।

सत्यमोहन जोशीसँग यहाँले सहकार्य गर्नुभएको कुनै मीठा सन्दर्भहरू छन् कि ?

– म उमेरले उहाँभन्दा धेरै सानो हुँ । तथापि हामी लोकसंस्कृति अथवा लोकवार्ता, लोकनृत्य, लोकसङ्गीत आदिको चर्चा-परिचर्चा गर्ने गर्थ्यौं । उहाँले यो क्षेत्रगत खोज-अनुसन्धान र नेवारी लोकगीतहरूको पनि खोजी गरेर प्रकाशन गर्नुभयो । त्यसलाई आफ्नै पृष्ठभूमिका आधारमा केही विश्लेषण र व्याख्या गर्ने काम पनि गर्नुभयो । त्यतिखेर लोकवार्ता प्राज्ञिक विषयका रूपमा नेपालमा भित्रिनसकेको हुनाले हाम्रो आफ्नै अभिरुचि र वाङ्मयप्रतिको ज्ञानलाई ल्याउनका निमित्त महत्त्वपूर्ण भूमिका रहेको छ । हामी नेपाल प्रज्ञाप्रतिष्ठानमा सँगै थियौं । सत्यमोहन जोशी, म तुलसी दिवस र विजय मल्ल पुनः दोहोरिएका थियौं । मैले लोकसंस्कृति, लोकवार्ता, लोकसाहित्य हेर्ने गर्दथैं भने उहाँले इतिहाससँगसँगै सांस्कृतिक क्षेत्रमा बढी भूमिका निर्वाह गर्नुभयो । उहाँले कर्णाली अञ्चलमा टोलीसहित गएर त्यहाँको भाषासंस्कृति, इतिहासको खोज-अनुसन्धान गर्नुभयो भने मैले पूर्वतिर गएर मेची र कोसीमा बसोबास गर्ने धिमालहरूको अध्ययन-अनुसन्धान कार्य अगाडि बढाएको थिएँ । यसरी हामीले भाषाशास्त्री, समाजशास्त्री, मानवशास्त्री र लोकवार्ताविद् आदि समावेश गरेर अध्ययन गर्ने परम्परालाई अगाडि बढाएका थियौं ।

समाज वा सरकारबाट सत्यमोहन जोशीको योगदानको सही मूल्याङ्कन भयो वा भएन ? यसबारे के भन्नुहुन्छ ?

– सरकारले मूल्याङ्कन गर्नु-नगर्नुसँग सम्बन्धित छ भन्ने पक्षमा म छैन । काम गरेको छ भने इतिहासमा त्यो व्यक्तिको महत्त्व निश्चित रूपमा रहन्छ । त्यसलाई मेटाउन कसैले सक्दैन । उहाँको योगदानले स्वीकृति नपाएको होइन । दुई पटकसम्म प्रज्ञाप्रतिष्ठानको सदस्य हुनुभयो । सदस्यसचिव पनि हुनुभयो । रथयात्रा आदि थुप्रै सम्मान प्राप्त गर्नुभयो । यस अर्थमा जीवनकालमा उहाँले आफूले गरेको कामको एक वा अर्को प्रकारले मूल्याङ्कन भएको भाग्यमानी व्यक्ति हुनुभयो ।

नेपाली भाषा, संस्कृति, पुरातत्त्व, इतिहासको उन्नयनमा केकस्ता कार्यहरू गर्नुपर्ला ?

– नेपाली इतिहास, संस्कृति, मूल्य र मान्यता लिखित रूपमा मात्र नभएर अलिखित रूपमा पनि हस्तान्तरित हुने, प्रसारणमा जीवित बनाइराख्ने प्रवृत्तिहरू अझै पनि सक्रिय र क्रियाशील छन् । गाउँघरमा मात्र होइन, सहरबजारमा पनि हाम्रो लोकवार्ता, संस्कृति, साहित्यको जीवित सङ्ग्रहालयका रूपमा यो देशलाई लिन सकिन्छ । यथार्थमा यो देशको सम्पूर्ण संस्कृतिलाई स्वीकृति दिएर जीवन्त भएर बाँच्ने वातावरण निर्माण गर्ने, यिनको सांस्कृतिक अस्तित्व र अस्मितालाई स्वीकार गरेर जीवन्त रूपमा अघि बढ्ने र बढाउने प्रक्रिया र क्रमलाई निरन्तरता दिन आवश्यक छ । सरकारले नीति बनाएर होस् वा विभिन्न जातजातिको सांस्कृतिक अस्मितालाई ग्रहण गरेर अगाडि बढ्नु आवश्यक छ । त्यसका निमित्त पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म, उत्तर हिमालदेखि दक्षिण तराईसम्म चिरकालदेखि बसोबास गरिआएका विभिन्न भाषा बोल्ने, विभिन्न भेषभूषा भएका, विभिन्न आस्था, विश्वास, नाचगान भएका जातजातिको सामूहिक रूपमा नेपाली संस्कृतिको विकास गर्नु अनिवार्य आवश्यक छ । त्यस अर्थमा ती कुनाकाप्चामा बस्ने अथवा सहरबजारमा पनि जीवनयापन गरिरहेका त्यस्ता सांस्कृतिक संवाहक जातिको योजनाबद्ध रूपले अध्ययन गर्ने परम्परा विकसित गरेर राष्ट्रिय नेपाली संस्कृतिको विकास गर्नु अनिवार्य आवश्यक छ । यसका निमित्त लोकवार्ता र संस्कृति समाजले पनि विभिन्न

जातजातिको सम्पूर्ण जीवनपद्धति, रीतिरिबाज, रहनसहन, चाडपर्व, नाचगान सबैलाई समावेश गरेर अझ एउटा विशेषज्ञ टोली बनाई अध्ययन-अनुसन्धान गर्ने, तिनको साना-साना डकुमेन्ट्री बनाएर राख्ने र अङ्ग्रेजीमा पुस्तकहरू अनुवाद गर्नेजस्ता कार्यहरू आवश्यक छन् । तिनलाई तल्लो स्तरदेखि विश्वविद्यालयसम्म पाठ्यक्रममा राखेर पढ्ने र पढाउने काम गर्नुपर्छ । मौखिक रूपमा जीवित रहेका सांस्कृतिक सम्पन्नतालाई सङ्कलन गरेर सबैलाई समावेश गरेर सरकारी वा गैरसरकारी, व्यक्तिगत वा संस्थागत रूपमा राष्ट्रिय संस्कृतिलाई विकसित गर्न आवश्यक छ । अनि मात्र नेपालको विकासले पूर्णता प्राप्त गर्छ भन्ने कुरामा म प्रस्ट छु ।

सत्यमोहन जोशी जस्ता प्रतिभाहरूको उचित कदर र संरक्षणमा समाज वा सरकारको केकस्तो भूमिका हुनुपर्ला ?

– विशेषतः खोज-अनुसन्धान र अध्ययनलाई निरन्तरता दिने काम अनि सबैको संस्कृतिलाई समावेश गरेर नेपाली संस्कृति विकसित गर्ने परम्परा विकसित हुनु आवश्यक छ सरकारी तहमा पनि र गैरसरकारी तहामा पनि । अध्ययन-अनुसन्धानका आधारमा नेपालमा १४० भन्दा बढी भाषाभाषी छन् र तिनका जातिगत अध्ययन हुनु आवश्यक छ । यहाँ शासन गर्ने शासकको मात्र इतिहास लेखियो । सर्वसाधारण जनतालाई इतिहास लेखिएकै छैन । तिनको इतिहास ताम्रपत्रमा लेखिएर आएन, शिलापत्रमा आएन तर आउनुपर्छ । तिनलाई पनि स्वीकृति दिनुपर्छ । तिनले पनि हामी पनि समावेश भयौँ भन्ने अनुभव मनोवैज्ञानिक रूपले गर्न सक्नुपर्छ । तिनले नेपाली हुनुमा गौरव अनुभव गर्ने स्थिति र अवस्था र वातावरणको निर्माण सम्बन्धित सङ्घसंस्था सरकार, गैरसरकारी संस्थाहरूले गर्नु र अध्ययन-अनुसन्धान गर्ने परम्परालाई योजनाबद्ध ढङ्गले विकसित रूपमा अगाडि बढाउँदै लानुपर्छ ।

कुनै लोप भइसकेको संस्कृतिलाई पुनर्जीवित गर्ने सन्दर्भमा उहाँको केकस्तो योगदान रहेको देखिन्छ ?

– संस्कृति स्थिर वस्तु होइन । संस्कृति पनि परिवर्तनशील हुँदै जान्छ । समयअनुसार हाम्रो पनि भाषा, भेषभूषा, विश्वास, आस्थाहरूमा परिवर्तन हुँदै आउँछन् । यसलाई स्वाभाविक रूपमा ग्रहण गर्नुपर्छ । नेपालभित्र सहरमा र गाउँघरमा बसोबास गर्ने विभिन्न जातजातिलाई खेतको आली र गरा जस्तो नभएर समान जमिनमा उभ्याउने उदार सांस्कृतिक सचेतना आवश्यक छ र त्यो आवश्यकतालाई सङ्केत गर्ने काम सत्यमोहन जोशीले गर्नुभयो ।

सत्यमोहन जोशीले महाकाव्य र थुप्रै नाटकहरू लेख्नुभयो । उहाँका सिर्जनामा लोकवार्ता र महत्ताका कुनै रङहरू छन् कि ?

– नेपाल प्रज्ञाप्रतिष्ठानमा जब नाटक महोत्सव गर्ने परम्परा विकसित भयो । सत्यमोहन जोशीले नाटक लेखेर नाटक गर्ने-गराउने उत्सुकता लिनुभयो । भित्रबाट मात्र नभएर बाहिरबाट पनि नाटकहरू आउन थाले । राष्ट्रव्यापी रूपमा नाटक प्रतियोगिताहरू पनि हुन थाल्यो । उहाँले ऐतिहासिकता र लोकतत्त्वलाई बढी प्राथमिकता दिएर नाटकहरू लेख्नुभयो ।

नेपाल सरकार संस्कृति मन्त्रालयअन्तर्गत उहाँ राष्ट्रिय संस्कृति नीति २०६७ को सदस्य हुनुहुँदो रहेछ । यसमा रहेर उहाँले केकस्ता नीतिहरू निर्माण गर्नुभयो ? केही जानकारी छ कि ?

– नेपाल सरकारको त्यो समितिमा म पनि थिएँ । मैले पनि अगाडिदेखि नै सांस्कृतिक नीतिहरू, योजनाहरू केन्द्रमा मात्र नभएर स्थानीय तहमा बन्नुपर्ने आवाज उठाइरहेको थिएँ । राष्ट्रि विकासको सन्दर्भलाई भौतिक रूपले मात्र नहेरीकन सांस्कृतिक, मानसिक र आन्तरिक दृष्टिले हेर्ने अन्तर्दृष्टि विकसित गर्नु अत्यावश्यक छ भन्ने सोच र सचेतनालाई निरन्तरता दिन हामीले विशेष प्रयत्न नगरेको होइन । तर त्यो नीति बन्यो । स्वीकृत पनि भयो । तर लागू हुँदा ती कुराहरूलाई ध्यानमा राखेर अहिलेसम्म आवश्यक योजनाहरू बन्न सकेको छैन । सांस्कृतिक नीतिनिर्माण गर्नुमा हामीले हाम्रो निश्चय पनि महत्त्वपूर्ण भूमिका खेलेका पनि हौँ । तर त्यो नीतिअनुसार योजनाबद्ध रूपले त्यस क्षेत्रमा कार्यक्रम अगाडि बढेन ।

नेपाली संस्कृति, इतिहास, पुरातत्त्व जस्ता क्षेत्रको सर्वेक्षण र संवर्धनमा अब्बल स्थान हासिल गर्नुभएका जोशीले गर्नुपर्ने तर छुटेको कुनै पक्ष छन् कि ?

– एउटा व्यक्तिका आधारमा मात्र सधैँभरि सबै क्षेत्रमा लागू भइरहन सक्ने नीति योजना बन्न सक्दैन । योजना नीति पनि आवश्यक मूल्यमान्यताको परिवर्तनसँगसँगै देशीय आवश्यकतानुसार अगाडि बढ्छ र योजनाहरू पनि रूढिग्रस्त होइन, गतिशील सांस्कृतिक मूल्य र मान्यतालाई महत्त्व दिएर अगाडि बढ्नुपर्छ । मूलभूत रूपमा बाह्य र आन्तरिक उन्नतिका निमित्त सन्तुलन कायम हुनुपर्छ । देशको हितलाई ध्यानमा राखेर काम गर्न सक्ने इमानदारी काममा संलग्न व्यक्तिहरूमा हुनुपर्छ र कुर्सीमा बस्ने व्यक्तिले पनि त्यसरी नै सोच्नुपर्छ भन्ने पक्षमा म छु । उहाँले जे काम गर्नुभयो, त्यो सामान्य होइन । तर एउटा व्यक्ति जहिले पनि सबै क्षेत्रगत विशेषता र विशेषज्ञताले पूर्ण हुन्छ भन्ने कुरामा मेरो विश्वास छैन । सत्यमोहन जोशीले इतिहास, पुरातत्त्व, लोकसाहित्य र संस्कृतिका क्षेत्रमा आफूले गर्नुपर्ने काम गर्नुभयो । खोज-अनुसन्धानको पर्याप्तताको सीमारेखा छैन । सुरु गर्नु र अगाडि बढ्नु महत्त्वपूर्ण कुरा हो । यसमा सत्यमोहन जोशीको महत्त्वपूर्ण भूमिका रहेको छ ।

प्रस्तुति : **गीता कार्की**

■

वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशी
(वि.सं. १९७७–२०७९)